

# झुठा वाचाहरू

## नेपाली आप्रवासी श्रमिकहरुको शोषण र जबर्जस्ती श्रम

एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल १५० भन्दा बढी मुलुक तथा भूभागहरूमा रहेका मानव अधिकारसम्बन्धी अभियान सञ्चालन गर्ने ३० लाख भन्दा बढी मानिसहरूको एउटा विश्वव्यापी अभियान हो।

हाम्रो अन्तर्दृष्टि मानव अधिकारको विश्वव्यापी घोषणापत्र र मानव अधिकारसम्बन्धी अन्य अन्तरराष्ट्रिय मापदण्डहरूमा उल्लेखित सबै अधिकारहरू हरेक व्यक्तिले उपभोग गर्न पाएको विश्वको निर्माण हो। हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक चासो वा धर्मबाट स्वतन्त्र छौं र हाम्रो सञ्चालन हाम्रो सदस्यता र जनताबाट प्राप्त चन्दाबाट हुने गर्दछ।

हामी मानव अधिकार उल्लङ्घन रोक्न अनुसन्धान, अभियान, पैरवी र परिचालनको काम गर्दछौं। हाम्रो काम धेरै हदसम्म हाम्रो सदस्यताबाट प्राप्त (आर्थिक) योगदान र आर्थिक सहयोगबाट सञ्चालित हुने गरेको छ।

**एम्नेस्टी इन्टरनेसनल**

पहिलो पटक सन् २०११ मा प्रकाशित:
एम्नेस्टी इन्टरनेसनल प्रकाशन
अन्तरराष्ट्रिय सचिवालय
पीटर बेनेनसन हाउस
1 Easton Street
London WC1X 0DW
United Kingdom

© सर्वाधिकार एम्नेस्टी इन्टरनेसनल २०११

Index: ASA 31/007/2011
मूल भाषा : अङ्ग्रेजी
नेपाली अनुवाद : मनोज कार्की
प्रकाशक : एम्नेस्टी इन्टरनेसनल
अन्तरराष्ट्रिय सचिवालय, संयुक्त अधिराज्य।

सर्वाधिकार सुरक्षित। यस प्रकाशनको कुनै पनि अंशको प्रकाशकहरूको पूर्वस्वीकृति विना कुनै पनि रुपमा वा विद्युतीय, मेकानिकल, फोटोकपी, रेर्कडिङ्ग वा अन्य कुनै पनि माध्यममा पुनःउत्पादन, पुनःप्राप्त गर्ने प्रणालीमा भण्डारण गर्ने वा प्रसार गर्न पाइनेछैन।

आवरण फोटो : काठमाडौंस्थित परराष्ट्र मन्त्रालयमा राहदानी बनाउन आवेदन दिन लामबद्ध (जसमध्ये धेरैजना सम्भावित आप्रवासी श्रमिकहरू हुनसक्ने) महिला तथा पुरुषहरू।
© चन्द्रशेखर कार्की

**amnesty.org**

# विषयसूची


**१. सारसंक्षेप र प्रमुख सिफारिसहरु** **५**

**२. आप्रवासको तयारी** **११**

**३. कार्यपद्धति** **१३**

**४. जबरजस्ती श्रमका लागि हुने बेचबिखन रोक्न सरकारको दायित्व** **१५**

**५. आप्रवासको तयारी** **१९**

५.१ वैदेशिक रोजगारीको लागि देश बाहिर जानुको लाभ १९

५.२ दलालहरूको भूमिका २२

**६. आप्रवास प्रक्रिया** **२६**

६.१ वैदेशिक रोजगार कम्पनीहरूसँगको सम्पर्क २६

६.२ ऋणग्रस्तता ३३

६.३ वैदेशिक रोजगार कम्पनीहरुको दायित्व ३७

६.४ स्वदेशी विमानस्थलको प्रयोग ४५

६.५ महिला आप्रवासका हकमा विभेदकारी प्रावधानहरु ४६

**७. विदेशमा श्रम** **५२**

७.१ वैदेशिक रोजगार कम्पनीका गलत अभ्यासहरू ५२

७.२ कारारनामाका सर्तहरुबारे जालसाँझ ५२

७.३. जबरजस्ती श्रम ६०

७.४ हिंडडुलको स्वतन्त्रतामाथि व्यवधानहरू : पहिचानसम्बन्धी कागजपत्र कब्जा गर्ने ६३

७.५ घरेलु श्रमिकहरू ६६

७.६ यौन शोषणका लागि बेचविखन ७२

**८. हर्जाना र क्षतिपूर्ति सुरक्षित गर्ने प्रयास** **७५**

८.१ विदेशमा रहँदा समस्या समाधान गर्न सफल नहुनु ७५

८.२ नेपालमा क्षतिपूर्ति लिने प्रयास ७८

**९ प्रभावकारी नियमनका चुनौतीहरू** **९५**

९.१ वैदेशिक रोजगार कम्पनी र दलालहरूलाई नियमन गर्ने सरकारको दायित्व ९५

९.२ भ्रष्टचार ९८

९.३ स्रोतहरु १०१

**१०. निष्कर्ष तथा सिफारिसहरू** **१०२**

अनुसूची १ : आप्रवासी कामदार (फर्केकाहरू)को अर्ध-संरचित अन्तर्वार्ताका प्रश्नावली १०६

अनुसूची २ : नेपालका नक्साहरू १०७

# १. सारसंक्षेप र प्रमुख सिफारिसहरू

"नेपाल र अन्य देशबाट आएका आप्रवासी श्रमिकहरू कुवेतमा गाइगोरु जस्तै हुन् । वास्तवमा भन्नुपर्दा त्यहाँ आप्रवासी श्रमिकहरू भन्दा गाइगोरु बढी मूल्यवान् छन् । हामी मरूँ वा मारिऔं कसैले मतलब गर्दैन । हाम्रो जीवनको कुनै मूल्य छैन ।"

*एनआर,* इलाम जिल्लाका एक आप्रवासी श्रमिक[१]

कैलाली जिल्लाका ३० बर्षीय *बीआर*ले आफू म्यानपावर कम्पनीबाट ठगिएको एम्नेस्टी इन्टरनेसनललाई बताए । मलेसियामा पर्यटक भिसामा पठाइएका उनले घर फर्कनु अघि त्यहाँ तीन महिना मात्र काम गर्न पाए र त्यो पनि आफूलाई वाचा गरिएको भन्दा कम तलबमा । उनले लिएको एक लाख ५० हजारभन्दा बढीको ऋणका कारण उनकी श्रीमतीले आत्महत्या गरिन् ।[२]

गरिबी र वेरोजगारीबाट मुक्ति पाउन *बीआर* जस्ता धरै नेपालीहरू आफू र आफ्नो परिवारको समुन्नत जीवन सुनिश्चित गर्ने आशाका साथ वैदेशिक रोजगारका लागि देशबाट बाहिरिने  गर्छन् । नेपाली आप्रवासी श्रमिकहरूको आधिकारिक सङ्ख्या सन् २००० मा ५५,०२५ बाट सन् २००९-१०[३] मा २,९४,०९४ पुग्यो र वास्तविक सङ्ख्या यसको दोब्बर रहेको बताइन्छ । प्रमुख गन्तव्य मुलुकहरू खाडी मुलुकहरू र मलेसिया[४] हुन् जहाँ निर्माण, उत्पादन क्षेत्र र घरेलु काम जस्ता न्यून सीप भएका क्षेत्रका काममा जाने गरिन्छ ।

नेपाली आप्रवासी श्रमिकहरूले नेपालको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् र रेमिटेन्सको योगदान सन् २०१०-११ मा देशको कुल ग्राहस्थ उत्पादनको झन्डै २० प्रतिशत रहेको

---

१ *एनआर*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, इलाम, नेपाल, १५ जुलाई २०११

२ *बीआर*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, कैलाली, नेपाल, ५ डिसेम्बर २०१०

३ १८ मे २०११ मा वैदेशिक रोजगार विभागले उपलब्ध गराएको सूचना । नेपालको आर्थिक वर्ष मध्य जुलाई २००९ देखि मध्य जुलाई २०१० सम्म रहेको छ । यो सङ्ख्यामा भारततर्फको आप्रवासन समावेश छैन । दुई देशबीचको खुला सीमानाका कारण नेपाल सरकारसँग भारततर्फ हुने आप्रवासको कुनै तथ्याङ्क छैन ।

४ आधिकारिक सङ्ख्यामा भारत समावेश छैन । दुई देशबीचको खुला सीमानाका कारण नेपाल सरकारसँग भारततर्फ हुने आप्रवासको कुनै तथ्याङ्क छैन । यसका अतिरिक्त, भारतमा काम गरेका मौसमी श्रमिकहरू, वैदेशिक रोजगार कम्पनी र दलालहरूसँगको अन्तर्वार्ताहरूले खुला सीमानाका कारण भारतमा रोजगार अवसरका लागि जाने नेपाली श्रमिकहरू दलाल वा वैदेशिक रोजगार कम्पनीमार्फत जाँदैनन् ।

थियो ।[५] यसैबाट आप्रवासी श्रमिकका परिवारहरूको दैनिक आवश्यकता पूर्ति र उनीहरूको छोराछोरीको भविष्यको जोहो पनि हुने गरेको छ ।

बहुसङ्ख्यक नेपाली आप्रवासी श्रमिकहरूका लागि नेपालमा रहेको वैदेशिक रोजगार कम्पनी र दलालहरूले कामको व्यवस्था गरिदिने गरेका छन् । यसले ती कम्पनीहरूका लागि ठूलो कमाइ हुने गरेको छ । सन् २००८-२००९ मा आप्रवासी श्रमिकहरूले प्रति दिन अनुमानित ७,१०,००० अमेरिकी डलर वैदेशिक रोजगार कम्पनीहरूलाई भुक्तानी गरेको बताइन्छ ।[६] सरकारको कमजोर अनुगमनमा रहेका यी वैदेशिक रोजगार कम्पनीहरूका जारी क्रियाकलापहरूले आफ्नो गन्तव्य मुलुक पुग्नु अगावै धेरै आप्रवासीहरूका लागि सुरक्षित आप्रवासको सम्भावनालाई अवमूल्यन गर्ने काम गरेको छ ।

सेप्टेम्बर २०१० देखि मे २०११ का बीच एम्नेस्टी इन्टरनेसनलले वैदेशिक रोजगारबाट फर्केका वा जाने तयारीमा रहेका १४९ जना आप्रवासी श्रमिकहरू[७] को अन्तर्वार्ता लिनुका साथै सातवटा वैदेशिक रोजगार कम्पनीका प्रमुख र धेरै जना सरकारी पदाधिकारीहरूसँग भेट गरेको थियो ।[८] एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले केही वैदेशिक रोजगार कम्पनीहरू नेपाली आप्रवासीहरूलाई शोषण र जबरजस्ती श्रमका लागि बेचबिखन गर्ने कार्यमा संलग्न रहेको सङ्केत गरेको छ । यो नेपालले सन् २००२ मा अनुमोदन गरेको जबरजस्ती वा बाध्यकारी श्रमसम्बन्धी आइएलओ महासन्धि नं. २९, सन् १९३० (जबरजस्ती श्रमसम्बन्धी महासन्धि) र वैदेशिक रोजगार ऐन २०६४ का केही प्रमुख प्रावधानहरू दुवैको उल्लङ्घन हो । अभिलिखित गरिएका घटनाहरूमा आप्रवासीहरूलाई एक दिन पनि बिदा नदिईकन दैनिक धेरै घण्टासम्म जबरजस्ती काममा लगाउने, वाचा गरिएको भन्दा कम तलब दिने, थुनेर राखिने, राहदानी कब्जा गर्ने र रोजगारदाताका मागहरू पूरा नगरेको अवस्थामा कुटपिट गरिएको वा खाना खान नदिएको लगायत रहेका छन् ।

### बेचबिखन र जबरजस्ती श्रममा वैदेशिक रोजगार कम्पनीहरूको भूमिका

केही वैदेशिक रोजगार कम्पनी र दलालहरूले आप्रवासी श्रमिकहरूलाई उनीहरूको करारनामा पत्रका मूलभूत पक्षहरूका बारेमा छल गरेका छन् । एम्नेस्टी इन्टरनेसनलसँग कुरा गर्ने लगभग सबैजसो आप्रवासी श्रमिकहरूले आफ्नो रोजगारका सर्तहरूको कम्तिमा पनि एउटा महत्वपूर्ण पक्ष : तलबदर,

---

५ यो नेपालको अर्थ मन्त्रालयको आर्थिक बर्ष २०६७/६८ का लागि प्रारम्भिक बार्षिक अनुमानको आठ महिनाको तथ्याङ्कमा आधारित छ, जसले कुल रु. १३४६.८१ अर्ब ग्राहस्थ उत्पादनमध्ये रु. २५९.५३ रेमिटेन्स् रहेको उल्लेख गर्दछ । http://www.mof.gov.np/publication/budget/2011/pdf/main_english.pdf, मा उपलब्ध । २१ जुलाई २०११ मा हेरिएको ।

६ जगन्नाथ अधिकारी र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११, पृष्ठ ३२

७ अन्तर्वार्ता लिइएका व्यक्तिहरू नमुना छनौट विधिबाट छनौट गरिएका थिएनन्; एम्नेस्टी इन्टरनेसनलले सन् २००९ यता स्वदेश फर्केका र आप्रवासी प्रक्रियामा समस्याहरूको सामना गर्नु परेका आप्रवासी श्रमिकहरूको अन्तर्वार्ता लिने प्रयास गऱ्यो; ती व्यक्तिहरूको छनौट गर्न स्थानीय गैर सरकारी संस्थाहरू र एउटा ट्रेड युनियनले एम्नेस्टी इन्टरनेसनललाई सहयोग गरेको थियो । ती अन्तर्वार्ताहरूले यस प्रतिवेदनका लागि गरिएको बृहत् अनुसन्धानका लागि परिपूरकका रूपमा गुणात्मक तथ्याङ्क उपलब्ध गरायो ।

८ वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, वैदेशिक रोजगार न्यायधीकरण, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, परराष्ट्र मन्त्रालय, अध्यागमन विभाग, महान्यायधिवक्ताको कार्यालय र जिल्ला सरकारी वकिलको कार्यालय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका सरकारी पदाधिकारीहरू ।

कामको प्रकृति, काम गर्नुपर्ने समय, ओभरटाइम वा विदाको दिनका बारेमा आफूलाई ढाँटिएको बताए ।[९]

नेपाली आप्रवासी श्रमिकहरूको नियुक्ति र स्थानान्तरणमा त्यस प्रकारको छल उनीहरूलाई शोषण गर्ने उद्देश्यले गरिएको हुनाले त्यस्तो काम मानव बेचबिखन अन्तर्गत पर्न आउँछ ।[१०] धेरै अवस्थाहरूमा आप्रवासी श्रमिकहरू गन्तव्य मुलुकमा नआइपुग्दासम्म आफू ठगिएको कुरा थाहा पाउँदैनन् किनभने सामान्यतया उनीहरूको सम्झौता विदेशी भाषामा हुने गर्छ र कम्पनी वा दलालले त्यसको अन्तर्वस्तु व्याख्या गरिदिन खासै प्रयास गर्दैनन् । आफूलाई वाचा गरिएको र सम्झौतापत्रमा लेखिएको बीचको फरक नेपालमै रहँदा श्रमिकहरूको जानकारीमा आए पनि त्यसलाई चुनौती दिन निकै ढिला भइसकेको हुन्छ किनभने उनीहरूले आफ्नो करारनामा, राहदानी, भिसा र हवाई टिकट प्रायः प्रस्थान गर्नु केही दिन वा घण्टा अघि मात्र अझ खास गरेर एयरपोर्टमा पुगेपछि मात्र प्राप्त गर्छन् । यो अवस्थामा कामलाई नै अस्वीकार गर्न आप्रवासी श्रमिकहरू सक्दैनन् किनभने उनीहरूले धेरै ऋण लिइसकेका हुन्छन् ।

यो किन भने सम्भावित आप्रवासीहरूले भर्ना शुल्क अग्रिम भुक्तानी गर्नु पर्ने हुन्छ र बहुसङ्ख्यकले त्यसका लागि ऋणदाता (व्यक्ति) हरूबाट औसत करिव ३५ प्रतिशत ब्याजदरमा ठूलो ऋण लिएर मात्र त्यस्तो अग्रिम भुक्तानी गर्न सक्छन् ।[११] यो सरकारले निर्धारण गरेको अत्यधिक स्वीकार्य १४ प्रतिशतको ब्याज दर भन्दा १५० प्रतिशत बढी हो । यद्यपि पर्याप्त धितो बिना बैंकहरूले सामान्यतया आप्रवासी श्रमिकहरूलाई ऋण उपलब्ध नगराउने भएकाले धेरै सम्भावित आप्रवासीहरूसँग स्थानीय साहुले राख्ने चर्को सर्त स्वीकार्नु बाहेक अर्को विकल्प हुँदैन ।

प्रस्थान गर्नु पूर्व आप्रवासी श्रमिकहरूले वैदेशिक रोजगार कम्पनीहरूलाई औसतमा रु. एक लाख (१,४०० अमेरिकी डलर)[१२] दिएको एम्नेस्टी इन्टरनेसनलले पायो । यो रकम नेपालीहरूको सन् २०१० को बार्षिक आय (जुन ४९० अमेरिकी डलर थियो) भन्दा तीन गुना थियो ।[१३] अन्तर्वार्ता लिइएका तीन चौथाईले वैदेशिक रोजगार कम्पनीहरूलाई नेपाली कानुनले तोकेको अत्यधिक रकम भन्दा बढी तिरेका थिए ।[१४]

---

९ अन्तर्वार्ता लिइएकालाई यो प्रश्न सोध्दा उत्तर दिने १२० जना मध्ये १११ जनाले आफूलाई कामको सर्तको कम्तिमा पनि एउटा महत्वपूर्ण पक्षबारे वैदेशिक रोजगार कम्पनी वा दलालले ढाँटेको बताए ।

१० व्यक्तिहरू विशेषगरी महिला र बालबालिकाको बेचबिखन रोक्ने, अन्त्य गर्ने र कारवाही चलाउनेसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उपलेख, २०००, 2237 UNTS 319 (२५ डिसेम्बर २००३ देखि लागू भएको) को धारा ३ (क) ले बेचबिखनलाई "शोषणको उद्देश्यले धम्की वा बलको प्रयोग वा जोरजर्बस्तीका अन्य माध्यम, अपहरण, जालसाजी, ठगी, अधिकारको दुरूपयोग वा जोखिमताको अवस्था, वा रकमको भुक्तानी दिएर वा प्राप्त गरेर अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने व्यक्तिको सहमति हासिल गर्ने माध्यमहरूबाट व्यक्तिहरूको भर्ती, ओसारप्रसार, स्थानान्तरण, आश्रय दिने वा ग्रहण गर्ने कार्य" भनी परिभाषित गरेको छ । नेपालले त्यस उपलेखमा अझसम्म हस्ताक्षर नगरेको भए तापनि बेचबिखनको अवधारणालाई अझ बढी व्यापक रूपमा व्याख्या गर्न धारा ३ (क) को परिभाषालाई व्यापक रूपमा उद्धृत गरिने गरिएको छ ।

११ अन्तर्वार्ता दिने ३५ जनाले १५ देखि ६० प्रतिशत वार्षिक ब्याजमा ऋण लिएका थिए ।

१२ यो प्रतिवेदनमा अमेरिकी डलरको विनिमिय दर अप्रिल देखि जुलाई २०११ को औसत दरमा दिइएको छ ।

१३ यो प्रति व्यक्ति कुल राष्ट्रिय आयलाई विश्व बैंको एटसल माध्यमबाट अमेरिकी डलरमा लगि त्यसलाई मध्यबर्षीय जनसङ्ख्याले भाग गरिएको हो । हेर्नुहोस्, विश्व बैंक, "Gross national income per capita 2010, Atlas method and PPP", जुन http://siteresources.worldbank.org/DATASTATISTICS/Resources/GNIPC.pdf, मा उपलब्ध छ । हेरिएको मिति ८ मार्च २०११ ।

१४ अन्तर्वार्ता लिइएका मध्ये यो प्रश्नको उत्तर दिने ५७ मध्ये ४२ जनाले कानुनद्वारा स्वीकृत भन्दा बढी शुल्क तिरेका थिए ।

दलाल वा वैदेशिक रोजगार कम्पनीबाट विदेशमा पाइने कामका बारेमा बताइएको सुरुकै झुठो जानकारीका कारण आप्रवासीहरूले ठूलो ऋण लिने गर्छन् र त्यसले उनीहरूलाई आफू पहिला सहमत भएको भन्दा फरक अवस्थामा काम गर्न बाध्य बनाउँछ । यदि आप्रवासीहरूले फरक काममा बढी घण्टा वा कम तलबमा काम गर्न अस्वीकार गरेमा उनीहरू ठूलो ऋणमा डुब्नेछन्, उनीहरूसँग काम पनि हुने छैन, ऋण चुक्ता गर्ने वा आफ्नो घरपरिवार चलाउने अन्य कुनै माध्यम पनि हुने छैन ।

श्रमिकले लिएको ऋण नै उनीहरूलाई जस्तो सुकै अवस्थालाई स्वीकार्न पर्याप्त कारण हुने भए तापनि गन्तव्य मुलुकमा उनीहरूका रोजगारदाता वा स्थानीय एजेन्टले सामान्यतया आप्रवासीहरूको राहदानी खोसेर राख्ने गर्दछन् । यस प्रश्नको जवाफ दिने ६० मध्ये ५८ जनाका हकमा यसो भएको थियो । परिचय/पहिचानसम्बन्धी कागजपत्र खोसेपछि रोजगारदाता वा एजेन्टहरूलाई आप्रवासी श्रमिकहरूमाथि जबरजस्ती गर्न र नियन्त्रणमा राख्न सहज हुन्छ किनभने थुनामा पर्ने वा देश फिर्ता भइने जोखिम नउठाईकन आप्रवासी श्रमिकहरूले अर्को काम खोज्न सक्दैनन् ।

केही अवस्थाहरूमा आप्रवासी श्रमिकहरूविरुद्ध शारीरिक तथा शाब्दिक दुर्व्यवहार र हिंसाको धम्कीको पनि प्रयोग गरियो । एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएकाहरूमध्ये वेश्यावृत्तिका लागि बेचबिखनमा परेका सबै महिला आप्रवासीहरू र घरेलु श्रमिकको रूपमा काम गरेका १७ मध्ये ११ नेपाली महिलाहरूले त्यस्तो घटनाको सामना गर्नु परेको थियो ।

यो कुरा स्पष्ट हो कि, आवश्यक कागजपत्रबाट वञ्चित गर्ने, श्रमिकहरूको हिँडडुलमा पाबन्दी लगाउने र आप्रवासीहरूका विरुद्ध शारीरिक हिंसाको प्रयोगगर्ने लगायत आप्रवासी श्रमिकहरूको शोषण र जबरजस्ती श्रम रोक्न आवश्यक कदम चाल्ने जिम्मेवारी गन्तव्य मुलुकका सरकारहरूको दायित्व हो । तथापि एम्नेस्टी इन्टरनेसनलको विचारमा नेपाल सरकारले शोषण र जबरजस्ती श्रमका लागि भइरहेको नेपाली आप्रवासी श्रमिकहरूको बेचबिखनका घटनाहरू कम गर्न र रोक्न आफ्नो क्षेत्राधिकार भित्र उपयुक्त कदम चालेको छैन । फलस्वरूप जबरजस्ती श्रमसम्बन्धी महासन्धिको पनि पूर्ण परिपालन गरिएको छैन ।[१५]

## वैदेशिक रोजगार कम्पनीहरूको हकमा घरेलु कानुन लागु गराउन नेपाल सरकारको असफलता

वैदेशिक रोजगार ऐन (ऐन) को २०६४ मा तर्जुमा गरेर नेपाल सरकारले वैदेशिक रोजगारका लागि विदेशिने नेपाली श्रमिकहरूको अधिकार संरक्षण गर्न श्रमिक नियुक्ति प्रक्रियाको अनुगमन तथा नियमन गर्नु पर्ने आवश्यकतालाई स्वीकारेको छ । तथापि वैदेशिक रोजगार कम्पनीहरू ऐनको प्रावधानहरू अनुरूप सञ्चालित भएको सुनिश्चित गर्न काम नगरेको एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले सङ्केत गर्दछ ।

ऐनमा स्पष्ट रूपमा वैदेशिक रोजगार कम्पनीहरूले आप्रवासी श्रमिकहरूलाई वैदेशिक रोजगारीमा जानु पूर्व नै (दफा २५) उनीहरूको करारनामा पत्रको लिखित प्रति नेपाली भाषामा उपलब्ध गराउनु पर्ने र सरकारको तोकेको सेवा शुल्क र प्रवर्द्धनात्मक दस्तुरको अत्यधिक सीमा भन्दा बढी शुल्क आप्रवासीहरूसँग लिन नहुने व्यवस्था (दफा ५३) गरिएको छ । तर माथि उल्लेख गरिएका प्रमाणले यी दफाहरूको नियमित रूपमा पालना गराउन सरकार असफल भएको देखाउँछ ।

यसैगरी ऐनले वैदेशिक रोजगार कम्पनीहरूले करारनामा विरुद्ध केही गरे वा गराएमा वा कागजपत्रहरू

---

१५ जबर्जस्ती श्रमसम्बन्धी महासन्धिको धारा २ ले जबर्जस्ती वा बाध्यकारी श्रमलाई "कुनै व्यक्तिबाट लिइएको सबै काम वा सेवा जुन कुनै दण्डको डर देखाएर लिइएको र जसका लागि त्यस व्यक्तिले आफूलाई स्वैच्छिक रूपमा उपलब्ध गराएको छैन" भनी परिभाषित गरेको छ ।

लुकाउने वा बदल्ने गरेमा उनीहरूका विरुद्ध सजाय हुने कुरा पनि उल्लेख गरेको छ । (दफा ४७ र ५५) । यद्यपि दर्ताका सम्बन्धमा बैंक ग्यारेन्टी वा धरौटी नराखेको कसुरमा बाहेक कुनै पनि वैदेशिक रोजगार कम्पनीलाई उक्त ऐन अन्तर्गत सजाय भएको छैन । फलस्वरूप गलत वा फरक करारनामा पत्र दिने र कानुनले स्वीकृत गरेको भन्दा बढी शुल्क उठाउने कम्पनीहरूले यस्तो कार्य दण्डहीनताका साथ गर्दै आएका छन् । यस सम्बन्धमा आप्रवासी श्रमिकहरूलाई शोषण र जबरजस्ती श्रमका लागि हुने बेचबिखनबाट संरक्षण गर्न नेपाल सरकारले पर्याप्त कदम चालेको छैन ।

नेपालमा सरकारले उजुरी र क्षतिपूर्तिको संयन्त्र स्थापना गरे तापनि एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानले त्यसको सेवा कसरी लिने भन्ने बारेमा आप्रवासीहरू प्रायः अनभिज्ञ रहेको देखाएको छ । उदाहरणका लागि आफूले कल्याणकारी कोष (सरकारद्वारा सञ्चालित सहयोग कोष) का लागि केही रकम भुक्तानी गरेको वा त्यो कोष विदेशमा समस्याहरूको सामना गर्ने आप्रवासी श्रमिकहरूका लागि स्थापना गरिएको हो भन्ने कुरा बहुसङ्ख्यकलाई थाहा थिएन ।[१६]

अन्तर्वार्ता दिने धेरैले औद्योगिक चोटपटक वा मृत्युका घटनासहित विवाद समाधान गर्ने वा क्षतिपूर्ति प्राप्त गर्ने प्रयास गर्दा सबै सम्बन्धित निकायहरूबाट सहयोग नपाएको पनि गुनासो व्यक्त गरे । ती निकायहरूमा दलाल, वैदेशिक रोजगार कम्पनी, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड (कल्याणकारी कोषको व्यवस्थापन गर्ने सरकारी निकाय) र गन्तव्य मुलुकका नेपाली कुटनैतिक नियोगका सरकारी पदाधिकारीहरू रहेका छन् ।

## महिला आप्रवास

नेपाली आप्रवासी श्रमिकहरूमध्ये महिलाहरूको आधिकारिक सङ्ख्या केवल तीन प्रतिशत छ । यद्यपि वास्तविक रूपमा भने विदेशमा रहेका नेपाली आप्रवासी श्रमिकहरूमध्ये महिलाहरूको अनुमानित सङ्ख्या ३० प्रतिशतसम्म रहेको बताइन्छ ।[१७] यो भिन्नता धेरै हदसम्म नेपाल सरकारले खाडी मुलुकहरूमा घरेलु कामका लागि महिलाहरूलाई लगाएको प्रतिबन्ध वा सर्तहरूका कारण आएको हो । सर्तमा महिला आप्रवासीहरूले आप्रवासमा जानुपूर्व परिवारको एक जना सदस्यको लिखित स्वीकृति लिनुपर्ने विभेदकारी व्यवस्था पनि रहेको छ ।

मे २०११ मा वैदेशिक रोजगार विभागले एम्नेस्टी इन्टरनेसनललाई बताएअनुसार वि.सं २०६४ मा ऐन लागु भए पश्चात् विदेशमा घरेलु कामका लागि जान महिलाहरूमाथि कुनै पनि आधिकारिक सरकारी प्रतिबन्ध लगाइएको छैन ।[१८] यद्यपि सेप्टेम्बर २०१० मा प्रकाशित एक लेखमा संयुक्त अरब इमिरेट्सको नेपाली दूतावासका एक अधिकारीलाई यसरी उद्धृत गरिएको थियो "हाल नेपाली घरेलु महिला श्रमिकहरूको नियुक्ति खाडी क्षेत्रभर प्रतिबन्धित छ र यो निरन्तर रहने छ ।"[१९]

---

१६ अन्तर्वार्ता लिइएका मध्ये यो प्रश्नको उत्तर दिने ४३ मध्ये दुई जनालाई कल्याणकारी कोषको उद्देश्य र आफूले त्यसका लागि केही रकम बुझाएको थाहा थियो ।

१७ नेपाल विकास अध्ययन संस्था (निड्स) सँगको भेटघाट, काठमाडौं, नेपाल, ३ अक्टोबर २०१० ।

१८ वैदेशिक रोजगार विभागसँग काठमाडौंमा एम्नेस्टी इन्टरनेसनलको भेटघाट, २३ मे २०११ ।

१९ सचिता कपुर "Ban on hiring Nepali maids to stay", *Emirates 24/7*, ३० सेप्टेम्बर २०१० http://www.emirates247.com/news/emirates/ban-on-hiring-nepali-maids-to-stay-2010-09-30-1.297543, मा उपलब्ध, १ अगस्ट २०११ मा हेरेको । हेर्नुहोस्: रमेश म्याथ्यु "Nepal bans recruitment of maids to Gulf", *Gulf Times*, २८ सेप्टेम्बर २००८ http://www.gulf-times.com/site/topics/article.asp?cu_no=2&item_no=244558&version=1&template_id=36&parent_id=16, मा उपलब्ध, १ अगस्ट २०११ मा हेरिएको ।

यस्तो व्यवस्थाले महिलाहरूलाई वैदेशिक रोजगारीमा जाने नियमित प्रक्रियाहरू अवलम्बन गर्न झन कठिन बनाइदिएको छ र स्वाभाविक रूपमा धेरैजना अनियमित मार्गबाट कामका लागि विदेशिने गर्छन् । फलस्वरूप महिला आप्रवासी श्रमिकहरू जबरजस्ती श्रमको बढी जोखिममा पर्ने गर्दछन् ।

नेपाल सरकारका लागि एम्नेस्टी इन्टरनेसनलको केही प्रमुख सिफारिसहरू देहाय बमोजिम रहेका छन् :

- वैदेशिक रोजगार ऐन पूर्ण रूपमा लागु भएको सुनिश्चित गर्ने, विशेष गरी झुठा वा बदलिएको करारनामापत्र, सेवा शुल्कको सीमा, अग्रीममै नेपाली भाषामै लिखित करारनामा पत्रको व्यवस्था र उजुरी तथा क्षतिपूर्ति संयन्त्रहरूबारे सूचना र सञ्चालनका सम्बन्धमा ध्यान दिने । ऐनको पालना नगर्ने वैदेशिक रोजगार कम्पनीहरूविरुद्ध उपयुक्त सजाय हुनुपर्छ ;

- महिला आप्रवासीहरू विरुद्ध हुने विभेदकारी अभ्यासहरू जस्तै लिङ्गमा आधारित प्रतिबन्ध लगाउने र आप्रवासका लागि सरकारको अनुमति प्राप्त गर्नु अघि परिवारको सदस्यबाट लिखित अनुमति लिनुपर्ने व्यवस्थाको अन्त्य ;

- आप्रवासी श्रमिकहरूमाथि चर्को ब्याजदर नलगाइएको सुनिश्चित गर्न ऋणको नियमनसम्बन्धी कानुनहरू लागु गर्ने ;

- यदि श्रमिकहरूलाई क्षतिपूर्ति दिने जस्ता विद्यमान उद्देश्यहरू प्रभावकारी रूपमा पूरा भएपछि पनि कल्याणकारी कोषमा रकम बाँकी रहेमा त्यसको समीक्षा गरी आप्रवासमा जान चाहने नेपाली श्रमिकहरूलाई न्यून ब्याजदरमा ऋण उपलब्ध गराउने वा विदेशबाट फर्केकाहरूलाई साना उद्यम सञ्चालन गर्न परामर्श र सहयोग उपलब्ध गराउन सकिने सम्भावनालाई हेर्ने ;[२०]

- जबरजस्ती श्रमसम्बन्धी महासन्धिको धारा २५ अन्तर्गतको दायित्व अनुरूप गैरकानुनी रूपमा गराइएको जबरजस्ती वा बाध्यकारी श्रममाथिको प्रतिबन्धलाई पर्याप्त सजायसहित स्पष्ट रूपमा परिभाषित गरिएको र कडा रूपमा लागु गरिएको सुनिश्चित गर्ने ;

- व्यक्तिहरू विशेषगरी महिला र बालबालिको बेचबिखनको निवारण, उन्मूलन र सजाय गर्नेसम्बन्धी उपलेखको अनुमोदन एवं पूर्ण रूपमा कार्यान्वयन र राष्ट्रिय कानुनको मानव बेचबिखनको परिभाषामा श्रम शोषणका लागि मानव बेचबिखन समेत समेट्ने ।

२० अप्रिल २०११ मा बङ्गलादेश सरकारले प्रवासी कल्याणकारी बैंकको स्थापना गऱ्यो जसले सम्भावित आप्रवासीहरूलाई आफ्नो आप्रवासको खर्च उठाउन (जस्तै : नियुक्ति शुल्क) ९ प्रतिशत बार्षिक ब्याजमा ऋण उपलब्ध गराउँछ । सरकारले सुरुमा त्यसमा बङ्लादेशी टाका एक अर्ब (१३० करोड अमेरिकी डलर) योगदान गऱ्यो र थप रकम नेपालको कल्याणकारी कोषजस्तै ज्याला आर्जन गर्नेहरुले जम्मा गरेको कोषबाट पनि आउने गर्छ । थप जानकारीका लागि हे. : http://www.bdnews24.com/details.php?id=193550&cid=2

**शब्दावली**

**मानव बेचबिखन :** "शोषणको उद्देश्यले धम्की वा बलको प्रयोग वा जोरजबर्जस्तीका अन्य माध्यम, अपहरण, जालसाजी, ठगी, अधिकारको दुरूपयोग वा जोखिमताको अवस्था, वा रकमको भुक्तानी दिएर वा प्राप्त गरेर अर्को व्यक्तिमाथि नियन्त्रण राख्ने व्यक्तिको सहमति हासिल गर्ने माध्यमहरूबाट व्यक्तिहरूको भर्ती, ओसारप्रसार, स्थानान्तरण, आश्रय दिने वा ग्रहण गर्ने कार्य" भनी परिभाषित गरेको छ । शोषणमा कम्तिमा पनि अन्यको वेश्यावृत्तिको शोषण वा अन्य प्रकारको यौन शोषण, जबरजस्ती श्रम वा सेवाहरू, दासत्व वा दासत्व सरहका अभ्यासहरू, गुलामी वा अङ्गहरू निकाल्ने कार्य समावेश हुनेछ । सूचिकृत कुनै पनि माध्यम प्रयोग भएको अवस्थामा सहमति असान्दर्भिक छ । १८ वर्षमुनिको कोहीको हकमा कामको प्रयोजन शोषण रहेसम्म बल, डरधाक आदिको प्रयोग भएको आवश्यक हुने छैन (धारा ३, बेचबिखनसम्बन्धी उपलेख)[२१]

**जबरजस्ती वा बाध्यकारी श्रम :** "कुनै पनि दण्डको डरमा कुनै व्यक्तिबाट असुल गरिएको सबै काम वा सेवा र जसका लागि त्यस व्यक्तिले आफूलाई स्वैच्छिक रूपमा उपलब्ध गराएको छैन" यसबाट बाध्यकारी सैन्य सेवा, सामान्य नागरिक दायित्व र युद्ध वा विपत्तिको अवस्थामा आवश्यक आपतकालीन काम, र फौजदारी दोष प्रमाणित भएपछिको काम बाहेक (धारा २, बलजफ्त श्रमसम्बन्धी महासन्धि) ।[२२]

# २. परिचय

फेब्रुवरी १९९६ मा नेपाल सरकार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी)[२३] बीच सुरु भएको आन्तरिक द्वन्द्व नोभेम्बर २००६ मा सम्पन्न बृहत् शान्ति सम्झौताका साथ अन्त्य भयो । सन् २००९ सम्म दशक लामो द्वन्द्वबाट ज्यान गुमाउनेको आधिकारिक सङ्ख्या १६,२७८ रहेको थियो ।[२४] आजसम्म पनि करिब ५० हजार मानिस विस्थापित[२५] छन् र जबरजस्ती वेपत्तासम्बन्धी १,३०० भन्दा बढी घटनाहरू अझै पनि समाधान हुन बाँकी रहेको छ ।[२६]

---

२१ हेर्नुहोस् मानव अधिकारका लागि संरासङ्घीय उच्चायुक्त कार्यालय, *Recommended Principles and Guidelines on Human Rights and Human Trafficking: commentary* (संयुक्त राष्ट्रसंघ : न्यूयोर्क र जेनेभा, २०१०),पृष्ठ ३३-३६ ।

२२ हेर्नुहोस् आइएलओ, महानिर्देशको प्रतिवेदन, *Stopping Forced Labour: Global Report under the Follow-up to the ILO Declaration on Fundamental Principles and Rights at Work*, 89th Session 2001, Report I(B), पृ ८-९ ।

२३ नेकपा (माओवादी) नेकपा (एकता केन्द्र-मसाल) सँग औपचारिक रूपमा जनवरी २००९ मा एकाबद्ध भई एकीकृत नेकपा (माओवादी) बन्न पुग्यो ।

२४ "Nepal Raises Conflict Death Toll", (नेपालमा द्वन्द्वबाट मृत्युहुनेहरूको सङ्ख्या वृद्धि) बीबीसी न्युज, २२ सेप्टेम्बर २००९, हेर्नुहोस् : http://news.bbc.co.uk/1/hi/8268651.stm, हेरिएको ८ मार्च २०११

२५ आन्तरिक विस्थापन अनुगमन केन्द्र, "Nepal: Failed implementation of IDP policy leaves many unassisted", हे. http://www.internal-displacement.org/countries/nepal, हेरिएको ४ अगस्ट २०११

२६ उदाहरणका लागि हे: एम्नेस्टी इन्टरनेसनल सम्माननीय प्रधानमन्त्री झलनाथ खनालसमक्ष खुला पत्र, नेपाल, २४ मे २०११; (AI Index: ASA 31/003/2011); *Nepal: Submission to the UN Universal Periodic Review: Tenth session of the UPR Working Group of the Human Rights Council, January 2011*, 5 July 2010, (AI Index: ASA 31/001/2010); *Nepal: Nepal descending towards full-spectrum impunity for human rights abuses committed during the conflict:* संयुक्त

शान्ति सम्झौताका बावजुद राजनीतिक तथा आर्थिक अस्थिरताले निरन्तरता पाएको छ । उदाहरणका लागि जुन २०१० मा प्रधानमन्त्री माधवकुमार नेपालको राजिनामा पछि फेब्रुअरी २०११ सम्म नयाँ प्रधानमन्त्रीका रूपमा झलनाथ खनाल निर्वाचित नभएसम्म देशको बागडोर कामचलाउ सरकारको हातमा रहिरह्यो तर त्यसको सात महिना पछि उहाँको पनि राजिनामा आयो र बाबुराम भट्टराई नयाँ प्रधानमन्त्रीका रूपमा नियुक्त हुनुभयो ।[२७] देशको पूर्वाधारका लागि व्यापक लगानीको ज्यादै खाँचो रहेको अवस्थामा सरकारले २०१०-२०११ को हिउँदमा दैनिक १२ घण्टासम्म विद्युत आपूर्तिमा कटौती गरेको अवस्था थियो ।[२८]

द्वन्द्व र निरन्तरको आर्थिक समस्याहरूका कारण ठूलो सङ्ख्यामा नेपाली श्रमिकहरू रोजगारका लागि विदेश जान थाले र तोकिएको आधिकारिक बाटो हुँदै देश बाहिर जानेको सङ्ख्या सन् २००० मा ५५,०२५ रहेकोमा सन् २००९-१० मा २९४,०९४ पुगेको थियो । अनधिकृत बाटो हुँदै बाहिर जानेलाई पनि समेट्दा कुल सङ्ख्या यसको दोब्बर रहेको बताइन्छ । सन् २०१०-२०११ म देशको कुल ग्राहस्थ उत्पादनको झन्डै २० प्रतिशत विदेशमा रहेका नेपाली श्रमिकहरूले पठाएको रेमिटेन्स रहेको अनुमान गरिन्छ ।[२९] यी रेमिटेन्स नेपालको अर्थतन्त्रका लागि अत्यावश्यक छ र धेरै नेपाली परिवारका लागि दैनिक आवश्यकताहरू पूरा गर्न वा आफ्नो भविष्यको जोहो गर्न (जस्तैः छोराछोरीको शिक्षामा खर्च गर्न, खेतीका लागि जमिन खरिद गर्न, घर निर्माण गर्न वा सानो व्यवसायमा लगानी गर्न) जीवनबुटीको काम गरेको छ ।

विगतको पाँच बर्षमा आप्रवास हुने क्रममा नेपाली आप्रवासी श्रमिकहरू कसरी गम्भीर शोषण र मानव अधिकार ज्यादतिको सामना गर्नु परेको छ र वैदेशिक रोजगादार कम्पनी एवं दलालहरू यसमा कसरी सम्बन्धित छन् भन्ने कुरामा प्रकाश पार्दै धेरै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवेदनहरूमा अभिलिखित भएका छन् ।[३०] सन् २०१०-११ मा एम्नेस्टी इन्टरनेसनल यस विषयमा अनुसन्धान गरी यस्तो कार्य

---

खुला पत्र, १० डिसेम्बर २०१०, (AI Index: ASA 31/003/2010); *Nepal: Major accused of torturing girl to death must be arrested*, ८ डिसेम्बर २००९, (AI Index: PRE01/007/2009); र रेडक्रसको अन्तरराष्ट्रिय समिति (आइसीआरसी), "Nepal: Shedding light on fate of missing persons", News Release 10/222, ६ डिसेम्बर २०१०, हे. http://www.icrc.org/eng/resources/documents/news-release/2010/nepal-news-2010-12-06.htm, हेरिएको १० मार्च २०११

२७ "बाबुराम भट्टराई नेपालको प्रधानमन्त्री निर्वाचित", बीबीसी न्युज, २८ अगस्ट २०११, हे. http://www.bbc.co.uk/news/world-south-asia-14700892, हेरिएको २९ अगस्ट २०११

२८ जोआन्ना जोली, "नेपालमा दैनिक १२ घण्टा लोडसेडिङ", बीबीसी न्यूज, १९ जनवरी २०११, हे. http://www.bbc.co.uk/news/world-south-asia-12229752, हेरिएको १० मार्च २०११

२९ हेर्नुहोस् http://www.mof.gov.np/publication/budget/2011/pdf/main_english.pdf, हेरिएको २१ जुलाई २०११ ।

३० हेर्नुहोस् विशेष गरी जगन्नाथ अधिकारी र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११; एम्नेस्टी इन्टरनेसनल, *Trapped: The exploitation of migrant workers in Malaysia*, २४ मार्च २०१० (AI Index: ASA 28/002/2010); Anti-Slavery International and International Trade Union Confederation (ITUC), "New campaign to combat forced labour of Nepali migrant workers in the Gulf", २१ जनवरी २०११, हेर्नुहोस् http://antislavery.org/english/press_and_news/news_and_press_releases_2009/200111_new_campaign_to_combat_forced_labour_of_nepali_migrant_workers_in_the_gulf.aspx, हेरिएको ११ सेप्टेम्बर २०११; CEDAW Monitoring Committee Nepal, *Shadow Report on the Fourth and Fifth Periodic Report of Government of Nepal on CEDAW*, December 2009; ITUC, *Hidden faces of the Gulf miracle: Behind the gleaming cities of Doha (Qatar) and Dubai*

भविष्यमा हुनबाट रोक्न नेपाल सरकारले के गर्नुपर्छ भन्ने कुराहरू बाहिर ल्याएको छ ।

एसिया प्रशान्त क्षेत्रमा आप्रवासी श्रमिकसम्बन्धी एम्नेस्टी इन्टरनेसनलको विगतका प्रतिवेदनहरू गन्तव्य मुलुकहरूका नेपालीलगायतका आप्रवासी श्रमिकहरूका विषयमा केन्द्रित रहेका थिए । ती अनुसन्धानहरूले पनि यदि शोषण र मानव अधिकार ज्यादतिहरूलाई प्रभावकारी ढङ्गले सम्बोधन गर्ने हो भने श्रमिकहरू पठाउने र प्राप्त गर्ने दुवै मुलुकहरूले प्रभावकारी कदमहरू चाल्नु पर्ने टडकारो आवश्यकता औंल्याएको थियो ।[३१]

आप्रवासी श्रमिकहरूको सुरक्षाका लागि श्रमिक पठाउने र प्राप्त गर्ने दुवै देशहरूका सरकार र गैरराज्य पक्षहरू (जस्तैः वैदेशिक रोजगादाता कम्पनी र दलालहरू) जिम्मेवार रहेको कुरा एम्नेस्टी इन्टरनेसनल स्वीकार गर्दछ । यद्यपि यस प्रतिवेदनको मुख्य केन्द्रविन्दु नेपाल अर्थात् श्रमिक पठाउने मुलुकले आफ्ना श्रमिकहरूलाई मानव र श्रम अधिकारका ज्यादतिहरूबाट संरक्षण गर्न के गर्न सक्छ भन्ने बारेमा रहेको छ ।

आप्रवास प्रक्रियाका विभिन्न चरणहरूमा हुने घटनाक्रम र ज्यादतिहरूलाई निम्न भागहरूमा अभिलेख गर्नुका साथै विद्यमान संरक्षण संयन्त्र र क्षतिपूर्तिका आयामहरूको समीक्षा गरिएको छ । त्यस पश्चात् प्रतिवेदनले कामका लागि देश बाहिर जाने आफ्ना नागरिकहरूको अधिकार संरक्षण गर्ने आफ्नो दायित्व पूरा गर्न नेपाल सरकारले चाल्नु पर्ने प्रमुख कार्यहरूका सम्बन्धमा सिफारिसहरू प्रस्तुत गर्दछ ।

## ३. कार्यपद्धति

सेप्टेम्बर २०१० र मे २०११ बीच एम्नेस्टी इन्टरनेसनलले ७६ जना नेपाली आप्रवासी श्रमिकहरू एवं सम्भावित आप्रवासीहरू र विदेशमा रहँदा मृत्यु भएका पाँच आप्रवासी श्रमिकका परिवारहरूको अन्तर्वार्ता लिएको थियो । यस अतिरिक्त तीन वटा 'समूहगत अन्तर्वार्ता' लिइयो : एउटा विदेशबाट फर्केका ६ जनासँग, दोस्रो विदेशबाट फर्केका ४६ जनासँग र अर्को विदेशमै रहेका ११ जना आप्रवासी श्रमिकहरूको प्रतिनिधित्व गर्ने परिवारहरूसँग । यसरी कुल १४९ आप्रवासी श्रमिकहरूको अनुभवहरूका सम्बन्धमा विस्तृत अन्तर्वार्ता लिने काम गरियो ।

अन्तर्वार्ताहरू विदेशबाट फर्केका नेपाली श्रमिकहरूको क्रमरहित नमुना (र्‍यान्डम स्याम्पल) विधिसँग प्रयोग नगरिएको यहाँ उल्लेख गर्न जरुरी हुन्छ । एम्नेस्टी इन्टरनेसनलले त्यस्ता आप्रवासी श्रमिकहरूको अन्तर्वार्ता योजना गर्‍यो जो सन् २००९ पछि नेपाल फर्केका थिए र आप्रवास प्रक्रियामा समस्याहरूको सामना गरेका थिए ।

---

*(UAE), stories of migrant workers with few rights and inhuman living conditions*, May 2011, हेर्नुहोस् http://www.ituc-csi.org/IMG/pdf/VS_QatarEN_final.pdf, हेरिएको २६ अगस्ट २०११ 26 August 2011; Kav La'Oved, *Comprehensive Review of the Caregiving Field in Israel*, 2010; नेपाल विकास अध्ययन संस्था (निड्स), *A Study on Migrant Recruitment Practice in Nepal* (अप्रकाशित), आइएलओ/यूनिफेम/इयू, नोभेम्बर २००८; निड्स, नेपाल आप्रवासन बर्ष पुस्तक सन् २००९, सेप्टेम्बर २०१०, *Nepali Women and Foreign Labour Migration*, and UNIFEM and NIDS, जुन २००६ र US State Department, "Recruitment fees and debts for migrant workers: Precursor to servitude" and "Labor Trafficking through Legal Recruitment", *Trafficking in Persons Report*, जुन २००६, पृष्ठ ८ देखि १०, हे. http://www.state.gov/documents/organization/66086.pdf, हेरिएको ६ सेप्टेम्बर २०११ ।

३१ उदाहरणका लागि हेर्नुहोस् : एम्नेस्टी इन्टरनेसनल, *Disposable Labour: Rights of migrant workers in South Korea*, २१ अक्टोबर २००९ (AI Index: ASA 25/001/2009); *Migrants Workers are also Human Beings*, अगस्ट २००६ (AI Index: ASA 25/007/2006); र *Trapped: The exploitation of migrant workers in Malaysia*, २४ मार्च २०१० (AI Index: ASA 28/002/2010).

अन्तर्वार्ताहरूलाई स्थानीय गैर सरकारी संस्था र एउटा ट्रेड युनियनले सहजीकरण गरेको थियो ।[३२] ती विदेशबाट फर्केका नेपालीहरू सुदूर-पश्चिमाञ्चल, पश्चिमाञ्चल, मध्यमाञ्चल र पूर्वाञ्चल विकास क्षेत्रका मूल बासिन्दाहरू थिए (हेर्नुहोस् अनुसूची २ मा नक्सा) र यसमा धेरै आप्रवासी श्रमिकहरू आउने[३३] नेपालको सबैभन्दा गरीब क्षेत्रहरू मध्येको एक तराईबाट पनि थिए ।[३४] एकल रूपमा अन्तर्वार्ता दिनेहरूमध्ये ५६ पुरुष र २५ महिला थिए ।



**तस्वीर १ : सुनसरी जिल्लाको एउटा दलित बस्ती जहाँ अन्तर्वार्ता गरिएको थियो (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

अन्तर्वार्ता दिनेहरू विभिन्न सामाजिक तथा आर्थिक पृष्ठभूमिका थिए जसमा कुनै औपचारिक शिक्षा हासिल नगरेका निरक्षरदेखि विश्वविद्यालयतहको अध्ययन गर्नेहरूसम्म थिए । जातजाति र जातीयताको पनि बृहत् प्रतिनिधित्व रहेको थियो । अन्तर्वार्ता लिइएका आप्रवासी श्रमिकहरूले आफ्नो सामाजिक तथा आर्थिक हैसियत जे जस्तो भए तापनि प्रायले आफूलाई गरिब भएको बताए । अध्ययनहरूले महिला र दलित एवं पहाडे जनजातिजस्ता केही निश्चित जातजाति र जातीयताका व्यक्तिहरू गरिबी र बेरोजगारीले प्रभावित भएको देखाउँछ ।[३५] यी नै समूहहरू नेपाल र भारतबीचको खुला सीमाना हुँदै विदेशिने ठूलो हिस्सा बन्ने गरेको हुनसक्छ किनभने धेरै गरीबहरू श्रम इजाजतको आवश्यकता नपर्ने

---

३२ नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट), पौरखी, प्रवासी नेपाली समन्वय समिति (पीएनसीसी), शक्ति समूह र महिला पुनःस्थापना केन्द्र (ओरेक) ।

३३ एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानमा तराई र भित्री मधेशमा समेटिएका जिल्लाहरूमा सुदूर पश्चिम, मध्य र पूर्वाञ्चलन विकास क्षेत्रहरूमा पर्ने बाजुरा, चितवन, धनुषा, झापा, कैलाली, मोरङ र सुनसरी रहेका छन् ।

३४ जगन्नाथ अधिकारी र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओम, सन् २०११, पृष्ठ १४ देखि १५ ।

३५ हेर्नुहोस् विश्व बैंक र डिएफआइडी, *Unequal Citizens: Gender, caste and ethnic exclusion in Nepal*, जनवरी २००६; हर्क गुरुङ, "Social Exclusion and Maoist Insurgency", आदिवासी जनजातिसम्बन्धी इएलओ महासन्धि १६९सम्बन्धी राष्ट्रिय संवाद सम्मेलनमा प्रस्तुत कार्यपत्र, काठमाडौं, १९-२० जनवरी २००५ । हे. http://ilo-mirror.library.cornell.edu/public/english/standards/norm/egalite/itpp/activity/nepal/maoist.pdf; र Sharon Stash and Emily Hannum, "Who Goes to School? Educational stratification by gender, caste, and ethnicity in Nepal, *Comparative Education Review*, 45:3, अगस्ट २००१

भारतमा मौसमी काम पाउने गर्दछन् ।[३६] यद्यपि, वैदेशिक रोजगार कम्पनी र दलालहरू सामन्यतया यस प्रक्रियामा संलग्न नहुने भएकाले यस प्रतिवेदनले मौसमी कामका लागि भारततर्फ जाने श्रमिकहरूलाई समेटेको छैन ।

अन्तर्वार्ताका प्रश्नहरू[३७] वैदेशिक रोजगारको छनौट प्रक्रिया, प्रस्थान गर्नु अघि र गन्तव्य मुलुकमा आप्रवासीहरूले सामना गर्ने समस्याहरू र हजार्ना वा क्षतिपूर्ति प्राप्त गर्न उनीहरूले सामना गर्ने चुनौतीहरूमाथि केन्द्रित रहेका छन् । आप्रवासी श्रमिक र उनीहरूको परिवारको पहिचान संरक्षण गर्न उनीहरूको नाम परिवर्तन गरिएको छ ।

प्रतिवेदनभर नै सम्बन्धित प्रश्नहरूको उत्तरका लागि एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएका विभिन्न सङ्ख्याका व्यक्तिहरुको भनाइलाई उद्धृत गरिएको छ । यसको कारण (१) नियुक्ति र आप्रवास व्यवस्थामा रहेका समस्याहरू अनुसन्धानका क्रममा क्रमशः पहिचान हुँदै गए त्यसैले अर्धसंरचित अन्तर्वार्ता प्रश्नहरूमा प्रारम्भिक अन्तर्वार्तामा सबै प्रश्नहरू उठेनन्; (२) समूहगत अन्तर्वार्तामा समूहका सबै सदस्यले त्यस्तो अवस्थाको सामना गर्नु परेको भनेर पूर्ण विश्वासका साथ भन्न सक्ने गरी पर्याप्त जानकारी प्राप्त भएन; र (३) प्रश्नहरू सोध्दा पनि केही उत्तरदाताहरूले जवाफहरु दिन सकेनन् किनभने उनीहरू सम्भावित आप्रवासी थिए, सशंकित थिए वा प्रश्नहरू उनीहरूको अवस्था सुहाउँदो थिएन ।

यस अनुसन्धानका क्रममा वैदेशिक रोजगार कम्पनीहरूका एसोसिएसन, नियुक्त गर्ने एजेन्सी (वैदेशिक रोजगार कम्पनी), मध्यस्थकर्ता, स्थानीय गैर सरकारी संस्था, ट्रेड युनियन, संयुक्त राष्ट्रसङ्घीय निकायहरू र राष्ट्रिय मानव अधिकार आयोगसँग अन्तर्वार्ताहरू लिइएका थिए । यसका अतिरिक्त वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, वैदेशिक रोजगार न्यायाधिकरण, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, परराष्ट्र मन्त्रालय, अध्यागमन विभाग, न्यायाधिवक्ताको कार्यालय, जिल्ला सरकारी वकिल र अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग पनि बैठकहरू भए ।

# ४. जबरजस्ती श्रमका लागि हुने बेचबिखन रोक्ने सरकारको दायित्व

रोजगारीका लागि विदेश जाने नेपाली श्रमिकहरू जबरजस्ती श्रम लगायत बेचबिखन जस्तो जोखिममा नपरून् भन्ने सुनिश्चित गर्न नियुक्ति प्रक्रियाको अनुगमन गर्ने नेपाल सरकारको दायित्व हो र यो अन्तर्राष्ट्रिय र घरेलु कानुनअनुसार पनि नेपालको दायित्व हो । नेपाल जबरजस्ती वा बाध्यकारी श्रमसम्बन्धी आइएलओ महासन्धि २९ (जबरजस्ती श्रमसम्बन्धी महासन्धि) को पक्षराष्ट्र हो र त्यसले जबरजस्ती श्रमका विरुद्ध नेपालले चाल्नुपर्ने केही निश्चित कदमहरू उल्लेख गरेको छ, जसमा धारा २५ देहाय अनुसार रहेको छ :

> *"जबरजस्ती वा बाध्यकारी श्रममा लगाउने कार्य दण्डनीय अपराध ठहरिनेछ र त्यसरी कानुनले तोक्ने दण्ड वास्ताविक रूपमा पर्याप्त रहेको सुनिश्चित गर्नु यस महासन्धिलाई अनुमोदन गर्ने*

---

३६ हेर्नुहोस् विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) नेपाल र नेपाल विकास अनुसन्धान संस्था (एनडीआरआइ), *Passage to India: Migration as a Coping Strategy in Times of Crisis in Nepal*, डब्लुएफपी) र एनडीआरआइ, डिसेम्बर २००८, हेर्नुहोस् http://home.wfp.org/stellent/groups/public/documents/ena/wfp194034.pdf, हेरिएको ८ जुन २०११ ।

३७ अन्तर्वार्ताका सबै प्रश्नहरूका लागि अनुसूची १ हेर्नुहोस् ।

*कुनै पनि राष्ट्रको जिम्मेवारी हुनेछ।"*[३८]

आइएलओका अनुसार जबरजस्ती श्रमसम्बन्धी महासन्धिको धारा २ मा यसको परिभाषा (हेर्नुहोस् शब्दावली) मा "दुई आधारभूत पक्षहरू रहेका छन् : काम वा सेवाको असुली दण्डको डरमा गरिएको र त्यो काम वा सेवा स्वैच्छिक रूपमा नगरिएको।"[३९] साथै जबरजस्ती श्रममा दण्डको धम्की रहेको हुन्छ भने यो दण्ड भनेको दण्डात्मक सजाय हुन जरुरी छैन तर अधिकार तथा सुविधाहरू गुमाउने अर्थ लाग्न सक्छ। यसले विभिन्न रूपहरू पनि लिनसक्छ :

> *"यसको सबैभन्दा उग्र रूपमा शारीरिक हिंसा वा नियन्त्रण वा पीडित वा नातेदारहरूमाथि केन्द्रित मृत्युको धम्की पनि हुनसक्छ। मध्यम प्रकारका धम्की पनि हुनसक्छन्, कहिलेकाँही मनौवैज्ञानिक प्रकृतिका। अवस्थाहरूमा (...) रोजगारको अवस्था अवैधानिक रहेको अवस्थामा पीडितहरूलाई प्रहरी वा अध्यागमनसम्बन्धी निकायलाई खबर गरिदिने धम्की समावेश हुनसक्छ (...)। अन्य दण्डहरू वित्तीय प्रकृतिको हुनसक्छन् जसमा ऋणसँग सम्बन्धित आर्थिक दण्ड, तलबबाट बञ्चित गराउने वा करारनामामा उल्लेख गरिएको वा राष्ट्रिय कानुनले स्वीकृत गरेको भन्दा बढी ओभरटाइम गर्न अस्वीकार गरेको खण्डमा तलब नै नदिई कामबाट निष्कासन गरिने जस्ता धम्की समावेश हुनसक्छन्। रोजगारदाताहरूले कहिलेकाहीँ श्रमिकहरूलाई उनीहरू परिचयसम्बन्धी कागजपत्र बुझाउन लगाउँछन् र जबरजस्ती श्रम गराउन ती कागजपत्र कब्जा गरिदिने धम्कीको प्रयोग गर्न सक्छन्।"*[४०]

नेपालले सन् १९९१ मा अनुमोदन गरेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय अभिसन्धि (आइसीसीपीआर) को धारा ८ मा देहायको व्यवस्था गरिएको छ :

> *"१. कसैलाई पनि दासत्वमा राखिने छैन; सबै प्रकारका दासत्व र दास व्यापार प्रतिबन्धित हुनेछन्।*
> *२. कसैलाई पनि दासतामा राखिने छैन।*
> *३. (क) कसैलाई पनि जबरजस्ती वा बाध्यकारी श्रममा लगाउन पाइने छैन (...)"*[४१]

आइसीसीपीआरको कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी पाएको विशेषज्ञ निकाय मानव अधिकार

---

३८ यसका अतिरिक्त, जबर्जस्ती श्रमसम्बन्धी महासन्धिको विशेष गरी धारा ४, २३ र २४ मा "त्यस प्रकारका सबै जबर्जस्ती श्रमलाई फौजदारी प्रतिबन्धहरूको सिर्जना र लागु गरेर "पूर्ण रूपमा नियन्त्रण" गर्ने दायित्व पनि उल्लेख गरिएको छ।"

३९ आइएलओ, *A global alliance against forced labour*, २००५, पृष्ठ ५, हेर्नुहोस् http://www.ilo.org/public/english/standards/relm/ilc/ilc93/pdf/rep-i-b.pdf, हेरिएको सेप्टेम्बर ९, २०११।

४० आइएलओ, *A global alliance against forced labour*, २००५, पृष्ठ ६, हेर्नुहोस् http://www.ilo.org/public/english/standards/relm/ilc/ilc93/pdf/rep-i-b.pdf, हेरिएको ९ सेप्टेम्बर २०११।

४१ सन् २००७ मा नेपालले वेश्यावृत्तिका लागि हुने महिला तथा बालबालिकाको बेचबिखन, निवारण तथा नियन्त्रण गर्ने सम्बन्धी दक्षिण एसियाली क्षेत्रीय सङ्गठन महासन्धि (सार्क महासन्धि) को पनि अनुमोदन गर्‍यो। यद्यपि यस महासन्धिमा बेचबिखनको सीमित परिभाषा समावेश गरिएको छ, जसको धारा १.३ मा "...पैसा वा अन्य कुराका लागि बेचबिखनमा परेको व्यक्तिको सहमति रहे वा नरहेको अवस्थामा देश भित्र वा बाहिर हुने वेश्यावृत्तिका लागि गरिएको महिला र बालबालिकाको बेचबिखन" लाई मात्र अपराध ठहर गरेको छ। हे. "ऋणको बन्धक" माथि प्रतिबन्ध लगाउने दासत्व, दास व्यापार र दासत्वसँग समान निकाय तथा अभ्यासहरूको उन्मूलनसम्बन्धी परिपूरक महासन्धि, 266 UNTS 3 (३० अप्रिल १९५७ मा लागू भएको) र नेपाल ७ जनवरी १९६३ मा सम्मिलन भएको।

समितिले पनि आइसीसीपीआरको धारा ८ अन्तर्गत राज्यहरूको दायित्वका सम्बन्धमा राज्यहरूले जबरजस्ती श्रमको अवस्थामा समेत मानव बेचबिखनलाई सम्बोधन गर्न कदमहरू चाल्नुपर्ने सङ्केत गरेको छ।[४२]

मानव बेचबिखनका सम्बन्धमा नेपालले धेरै अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूलाई अनुमोदन गरेको छ र त्यसअन्तर्गत महिला र बालबालिकाको बेचबिखन रोक्न तथा नियन्त्रण गर्न यो जिम्मेवार छ। उदाहरणका लागि, महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलनसम्बन्धी महासन्धि, १९७९ को धारा ६ मा देहाय कुरा उल्लेख छ :

> *"पक्ष राष्ट्रहरूले महिलाहरूका सबै प्रकारका बेचबिखन र वेश्यावृत्तिको शोषण रोक्न कानुनको माध्यमसहित सबै उपयुक्त कदमहरू चाल्नेछन्।"*

दासत्वका वर्तमान स्वरूपहरू र त्यसका कारण तथा परिणामहरूसम्बन्धी विशेष प्रतिवेदकले भन्नु भएको छ, "घरेलु श्रमिकको नियुक्ति गर्ने एजेन्टहरूले कामको अवस्थाका बारेमा आफ्ना ग्राहकहरूलाई जानाजान झुठो कुरा बताउने वा नियन्त्रणको अवैधानिक अभ्यास (जस्तै पासपोर्ट बन्धक राख्ने कार्य) मा संलग्न हुने गर्छन् र त्यो कार्यबाट आफूले नियुक्त गर्न सघाउ पुऱ्याउने व्यक्तिको शोषण हुनसक्छ भन्ने कुरा थाहा पाउँदा पाउँदै त्यसो गरेको भए उनीहरू बेचबिखनको दोषी हुनेछन्।"[४३] घरेलु श्रमिकहरूको श्रम शोषणका लागि हुने बेचबिखनमा वैदेशिक रोजगार कम्पनीहरूको भूमिकामा यो तथ्य सही छ र सामान्तया सबै आप्रवासी श्रमिकहरूका हकमा यो लागु हुन्छ।"

यी अन्तर्राष्ट्रिय दायित्वहरू नेपालको घरेलु कानुनमा पनि प्रतिबिम्बित भएको पाइन्छ ; नेपालको अन्तरिम संविधान, २०६३ ले धारा २९ मा स्पष्ट रूपमा मानव बेचबिखन, दासत्व र जबरजस्ती श्रममाथि प्रतिबन्ध लगाएको छ :

> *"शोषण विरुद्धको हक : (१) प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ।*
> *(२) प्रथा, परम्परा र प्रचलनको नाममा वा कुनै पनि किसिमले कसैलाई पनि शोषण गर्न पाइने छैन।*
> *(३) मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन।*
> *(४) कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन पाइने छैन।"*

यद्यपि जबरजस्ती श्रममाथिको यो विस्तृत प्रतिबन्धको व्यवस्थालाई नेपालको श्रम वा फौजदारी कानुनहरूमा पूर्ण रूपमा समाहित गरिएको छैन। जबरजस्ती श्रमलाई कानुनले प्रतिबन्धित वा दण्डित नगरिएको अवस्था छ र यो बँधुवा मजदुर र बालबालिकाजस्ता निश्चित समूहहरूमाथि केन्द्रित रहेको छ।[४४]

त्यसैगरी नेपालको मानव बेचबिखन र ओसारपसार (नियन्त्रण) ऐन २०६४ ले बेचबिखनको केही

---

४२ उदाहरणका लागि हेर्नुहोस् Concluding Observations on: Thailand, UN Doc. CCPR/CO/84/THA (८ जुलाई २००५), अनुच्छेद २०; Bosnia and Herzegovina, UN Doc. CCPR/C/BIH/CO/1 (२२ नोभेम्बर २००६) अनुच्छेद १६

४३ दासत्वका वर्तमान स्वरूपहरू र त्यसका कारण र परिणामहरूसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन, UN Doc. A/HRC/15/20, १८ जुन २०१०, अनुच्छेद ६०

४४ बँधुवा श्रममाथि प्रतिबन्ध लगाउने कमैया श्रम (प्रतिबन्ध) ऐन सन् २००२ कमैया बँधुवा मजदुरमा सीमित छ र बाल श्रम (प्रतिबन्ध र नियमन) ऐन, सन् २००० को दफा ४ मा "कसैले पनि कुनै बालक/बालिकालाई उसलाई खुसी पारेर, रिझाएर वा अपव्याख्या गरेर वा लोभ वा डर वा धम्की वा बलपूर्वक वा उसको इच्छा विपरीत अन्य कुनै माध्यमले उसलाई श्रमिकको रूपमा काम लगाउने छैन।"

निश्चित प्रकारहरूलाई मात्र सम्बोधन गरेको छ :

> *"यदि कसैले देहायका कार्य गरेमा त्यो मानव बेचबिखन गरेको ठहरिनेछ :*
> *(क) कुनै पनि प्रयोजनका लागि कुनै व्यक्तिलाई बिक्री वा खरिद गर्ने,*
> *(ख) कसैलाई आर्थिक लाभ सहित वा लाभ बिना जबरजस्ती वेश्यावृत्तिमा लगाउने,*
> *(ग) कानुनले निर्धारण गरेको अवस्थामा बाहेक हुने मानव अङ्ग निकाल्ने कार्य,*
> *(घ) वेश्यावृत्तिमा संलग्न हुने ।" (दफा ४.१)*

यो अन्तर्राष्ट्रिय कानुनअन्तर्गत उपलब्ध परिभाषाको तुलनामा केही सङ्कुचित छ, जस्तै बेचबिखन सम्बन्धी उपलेखको धारा ३ (क) ले "शोषण" को परिभाषामा न्यूनतममा पनि "अर्काको वेश्यावृत्ति वा अन्य प्रकारका यौन शोषण, जबरजस्ती श्रम वा सेवा, दासत्व वा दासत्व सरहका अभ्यासहरू" समावेश हुन्छन् ।[४५] यसका अतिरिक्त नेपालको राष्ट्रिय मानव अधिकार आयोगले सन् २००२ मा बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदकको स्थापना गर्दा यसको क्षेत्राधिकार महिला र बालबालिकाको बेखबिखनमा सीमित गरिएको थियो ।

त्यसरी केही निश्चित प्रकारका बेचबिखनलाई सम्बोधन गर्दा नेपाल सरकारले आप्रवासी श्रमिकहरू- महिला, पुरुष, केटा र केटी सबैलाई प्रभावित गर्ने श्रम शोषणका लागि हुने बेचबिखनको झन व्यापक समस्यालाई सम्बोधन गरेको छैन ।

यसैगरी, मुलुकी ऐनमा "कुनै पनि व्यक्तिले अर्को व्यक्तिलाई कमारा, कमारी, दास वा बँधुवा मजदुर बनाउने छैन,[४६] भनी उल्लेख गरिएको छ तर त्यसमा अवैधानिक जबरजस्ती श्रम र त्यसको दण्डहरूको स्पष्ट परिभाषा समावेश छैन ।

---

४५ प्रतिवेदनमा माथि उल्लेख गरे जस्तै, नेपाल बेचबिखनसम्बन्धी संरासङ्घीय उपलेखको पक्ष राष्ट्र होइन तर उपलेखमा रहेको परिभाषालाई बढी लागु भएको परिभाषाका रूपमा व्यापक रूपमा उद्धृत गरिन्छ ।

४६ मुलुकी ऐन, २०१९, अध्याय ११, संख्या ३, पृ ३८१, हेर्नुहोस्. http://www.lawcommission.gov.np, हेरिएको ४ अगस्ट २०११ ।

# ५. आप्रवासको तयारी

मेरो परिवार निकै गरिब छ र त्यसैले कक्षा ६ भन्दा बढी मलाई पढाउन सकेन । मैले विदेशमा गएर काम गर्ने निधो गरेँ किनभने मेरो एउटा साथीले नेपालको कुनै पनि ठाउँमा भन्दा विदेशमा हामीले बढी पैसा कमाउन सक्ने कुरामा विश्वास दिलायो । फेरि हाम्रो गाउँका महिलाहरू पनि कतार गएका थिए र उनीहरूबाट त्यहाँ काम निकै राम्रो भएको र हामीले धेरै पैसा कमाउन पनि सक्ने कुरा थाहा पायौं ।"

*जीए,* काभ्रेकी घरेलु श्रमिक[४७]

## ५.१ वैदेशिक रोजगारका लागि देश बाहिर जानुको लाभ

सन् २००९-२०१० मा झन्डै तीन लाख नेपालीहरू आधिकारिक रूपमा वैदेशिक रोजगारका लागि देश बाहिर गए जसमध्ये बहुसङ्ख्यक मलेसिया, साउदी अरेयिबा, कतार र संयुक्त अरब इमिरेट्स गएका थिए (तालिका २ र ३ हेर्नुहोस्) ।[४८] पुरुषहरूले सामान्यतया निर्माण, उत्पादन, रेस्टुराँ, बगैंचा क्षेत्रमा वा चालक र सफाई कर्मचारीको रूपमा काम पाउने गर्छन् ।[४९] यूनिफेम[५०] र नेपाल विकास अध्ययन संस्था (निड्स) ले गरेको एक अध्ययनमा ६६ प्रतिशत नेपाली महिला श्रमिकहरू घरेलु काममा संलग्न रहेको र बाँकी कारखाना, रेस्टुराँ, कार्यालय, र मजदुर र केयरगिभरका रूपमा काम गर्ने गरेको पाइएको थियो ।[५१]

---

४७ जिएसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काभ्रेपलाञ्चोक, नेपाल, २८ सेप्टेम्बर २०१०

४८ यो तथ्याङ्कमा भारत समावेश छैन किनभने दुई देशबीच खुला सीमाका कारण आधिकारिक तथ्याङ्क राखिने गरिएको छैन ।

४९ जगन्नाथ अधिकारी र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, र आइओएम, २०११, पृष्ठ १० र १६-१७

५० हाल यूएन वुमन

५१ यूनिफेम र निड्स, *Nepali Women and Foreign Labour Migration*, यूनिफेम र निड्स, जुन २००६, पृष्ठ १३८

| नेपालको आर्थिक वर्ष [५२] | पुरुष | महिला | कुल |
|---|---|---|---|
| २००७-०८ | २४४,३६६ | ४,६८५ | २४९,०५१ |
| २००८-०९ | २११,३७१ | ८,५९४ | २१९,९६५ |
| २००९-१० | २८४,०३८ | १०,०५६ | २९४,०९४ |

**तालिका २: आप्रवासी श्रमिकहरूको संख्या, २००७-१० (स्रोत: वैदेशिक रोजगार विभाग)**

| देश | पुरुष | महिला | कुल |
|---|---|---|---|
| मलेसिया | ११३,७३३ | २४९ | ११३,९८२ |
| साउदी अरेबिया | ६३,२१७ | १८३ | ६३,४०० |
| कतार | ५५,६५६ | २८४ | ५५,९४० |
| संयुक्त अरब इमिरेट्स | ३१,५०६ | १,६८२ | ३३,१८८ |

**तालिका ३: वैदेशिक रोजगारका लागि प्रमुख चार गन्तव्य मुलुकहरू, २००९-१० (स्रोत: वैदेशिक रोजगार विभाग)**

व्यापक वेरोजगारी, गरिबी, आय आर्जन अवसरहरूको अभाव, सामाजिक असमानता र द्वन्द्व पछिको अनिश्चितताले पक्कै पनि विदेश जाने नेपाली आप्रवासीहरूको सङ्ख्यामा ठूलो वृद्धि भएको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार नेपाल विश्वका ४८ वटा न्यून विकसित देशहरूमध्ये एक हो ।[५३] यस देशको सन् २०१० को ग्राहस्थ राष्ट्रिय आय प्रति व्यक्ति ४९० अमेरिकी डलर रहेको थियो र यस आधारमा नेपाल अन्तिम ९ राष्ट्रमा पर्न आउँछ ।[५४] नेपालको कुल ३ करोड जनसङ्ख्याको[५५] करिब ४२ प्रतिशत गरिबीको रेखामुनि[५६] रहेका छन् र पछिल्लो पटक प्राप्त तथ्याङ्कले सन् २००८ मा वेरोजगारीको दर ४६ प्रतिशत रहेको देखाउँछ ।[५७]

---

५२ नेपालको आर्थिक वर्ष मध्य जुलाईदेखि अर्को बर्षको मध्य जुलाईसम्म चल्छ ।

५३ संयुक्त राष्ट्रसङ्घले अल्पविकसित मुलुकलाई अन्तरराष्ट्रिय समुदायको सबैभन्दा गरिब र कमजोर पक्षको प्रतिनिधित्व गर्ने रूपमा परिभाषित गर्दछ । उनीहरूको अर्थतन्त्र कमजोर हुन्छ र आर्थिक रूपमा वृद्धि गर्ने क्षमताको अभाव हुन्छ र प्राय त्यसलाई संरचनागत व्यवधानहरूले झन जटिल बनाउने काम गरेको हुन्छ । हे. : UN-OHRLLS, “Least Developed Countries: Country profiles”, http://www.unohrlls.org/en/ldc/related/62, हेरिएको ७ मार्च २०११

५४ विश्व बैंकको पछिल्लो (सन् २००९) तथ्याङ्कअनुसार नेपालको जनसङ्ख्या २९,३३०,५०५ रहेको छ । हे. विश्व बैंक, “Data: Nepal”, http://data.worldbank.org/country/nepal मा उपलब्ध । हेरिएको २५ जुलाई २०११ ।

५५ कम विकसित मुलुकहरू, भूपरिवेष्ठित विकासोन्मुख मुलुकहरू र साना टापु मुलुकहरूका लागि संरासङ्घीय उच्च प्रतिनिधिको कार्यालय (UN-OHRLLS), “Nepal”, http://www.un.org/special-rep/ohrlls/ldc/LDCs-List/profiles/nepal.htm?id=524, मा उपलब्ध । हेरिएको २८ जुन २०११ ।

५६ विश्व बैंक, प्रति व्यक्ति कुल राष्ट्रिय आय, सन् २०१०, Atlas method and PPP”, हे. : http://siteresources.worldbank.org/DATASTATISTICS/Resources/GNIPC.pdf, Developed Countries: Country profiles (विकसित मुलुकहरू : राष्ट्रिय विवरण)”, http://www.unohrlls.org/en/ldc/related/62, हेरिएको ८ मार्च २०११

५७ सीआइए, कन्ट्री कमप्यारिसन : वेरोजगारी दर, *The World Factbook*, https://www.cia.gov/library/publications/the-world-factbook/rankorder/2129rank.html, मा उपलब्ध । हेरिएको ७ मार्च २०११ ।

छ वर्ष (१६ अप्रिल २००३ देखि १५ डिसेम्बर २००९) को आप्रवासको प्रवृत्तिलाई हेरेको सन् २०१० मा प्रकाशित एक अध्ययनले कामका लागि विदेश जाने व्यक्तिहरूको सबैभन्दा ठूलो अंश तराईबाट रहेको देखाएको थियो जसमा चार प्रमुख जिल्लाहरूमा धनुषा, झापा, सिरहा र मोरङ रहेका छन् ।[५८]



**तस्वीर ४: केसी र उनका परिवार, धनुषा (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

अन्तर्वार्ता लिइएका कुल ६५ जनामध्ये ५९ जनाले गरिबी वा रोजगारका अवसरहरूको अभावलाई विदेश जानुपर्ने मुख्य कारण भएको औंल्याएका थिए । कैलाली जिल्लाका एक जना आप्रवासी श्रमिकले यस्तो विचार राखे, "हाम्रो कमजोर आर्थिक अवस्थाका कारण म वैदेशिक रोजगारमा गएको हुँ । मेरो परिवारका लागि र मेरा छोराछोरीको शिक्षाका लागि मैले पैसा कमाउन आवश्यक थियो ।"[५९] यसैगरी, सोही जिल्लाका २७ बर्षीय *केके*ले भने,

> *"म पैसा कमाउन विदेश गएँ किनभने नेपालमा रोजगारका कुनै अवसरहरू नै छैनन् । तलब पनि न्यून छ - महिनाको २ हजार मात्र कमाउन सकिन्छ र यो परिवार चलाउन पर्याप्त छैन । म फेरि पनि विदेश जाने थिएँ तर सक्दिन किनभने मसँग त्यसका लागि पैसा छैन ।"*[६०]

सेप्टेम्बर २०१० मा यू.ए.इ.को दुबईबाट फर्केका चितवनका ४३ बर्षीय *डिके* वैदेशिक रोजगारमा जानु

५८ जगन्नाथ अधिकारी र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११, पृष्ठ १४ ।

५९ कैलाली, नेपालमा टीपीसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, ६ डिसेम्बर २०१०

६० कैलाली, नेपालमा *केके*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, ५ डिसेम्बर २०१०

पछाडिको कारणलाई यसरी राख्छन् :

> *"म विवाहित र एक छोराको बावु हुँ । "म विदेश किन गएँ भने म पैसा जम्मा गरेर मेरो परिवारका लागि एउटा घर बनाउन र मेरो सन्तानको शिक्षाका लागि खर्च गर्न चाहन्थेँ । तेह्र बर्ष अघि म साउदी अरेबिया गएँ र त्यहाँ दुई बर्ष बिताएँ । त्यसपछि ६ बर्ष अघि म मलेसिया गएँ तर पर्याप्त पैसा कमाउन सकिन त्यसैले मैले विदेशमा नै अर्को काम खोज्नु पर्ने भयो । दुई बर्ष अघि इराक र यस बर्ष आफगानिस्तान जाने मेरा दुईवटा प्रयासहरूले मलाई दुबईसम्म मात्र ल्याइपुऱ्याएयो र त्यहाँ दलालहरूले मलाई बिना कुनै काम अलपत्र पारे । मैले पढेको छैन त्यसैले मैले नेपालमा खेती भन्दा अन्य कुनै काम पाउने सम्भावना छैन । खेती मात्र गरेर मलाई घर चलाउन अपुग हुन्छ । हाम्रो परिवार आर्थिक रूपमा कमजोर भएको हुनाले जोखिम नै उठाएर भए पनि विदेशमा रोजगार खोज्नु सिवाय मसँग अन्य कुनै विकल्प थिएन ।"*[६१]

जिविका चलाउन सङ्घर्षरत वा रोजगारमा पहुँच नभएका वा आफ्नो परिवारको जीवनमा सुधार ल्याउन कुनै माध्यममा पहुँच नभएकाहरूका लागि विदेशमा राम्रो तलब पाइने कामको प्रस्ताव निकै आकर्षक हुन्छ ।

## ५.२ दलालहरूको भूमिका

भारततर्फ आप्रवासित हुनेहरू बाहेक वैदेशिक रोजगारमा जानेहरूमध्ये बहुसङ्ख्यकले वैदेशिक रोजगार कम्पनी (वैदेशिक रोजगार एजेन्सी) र दलाल (एजेन्ट) हरू मार्फत रोजगारी पाउने गर्दछन् ।

वैदेशिक रोजगार कम्पनीहरू धेरै राजधानी काठमाडौंमा अवस्थित भएको हुँदा धेरै आप्रवासी श्रमिकहरूको पहिलो सम्पर्क विन्दु भनेको दलाल हो जो प्राय स्थानीय नै हुने गर्दछ र सम्भावित आप्रवासी र रोजगारदाता कम्पनीबीच मध्यस्थकर्ताको काम गर्दछ र प्रक्रियाको सहजीकरणमा आवश्यक व्यवस्थाहरू मिलाउने गर्दछ (जस्तै : ट्राभल डकुमेन्ट प्राप्त गर्ने, आवेदन फारम भर्ने वा काठमाडौंसम्को यात्राको व्यवस्था गर्ने जुन धेरै सम्भावित आप्रवासी श्रमिकहरूका लागि निकै लामो र खर्चिलो यात्रा हुने गर्दछ ।)

राजधानीसम्मको यात्रा आर्थिक रूपमा लाभदायक नहुनाका साथै धेरै आप्रवासी श्रमिकहरू सोझै रोजगार क्म्पनीसँग रोजगार खोज्न जान हिच्किचाउने गर्दछन् । उनीहरू दलालहरूमाथि बढी विश्वास गर्छन् किनभने दलालहरू आफू बसोबास गर्ने गाउँघर नजिकैका हुने गर्छन् ।

वैदेशिक रोजगारबाट फर्केका एक जनाले वैदेशिक रोजगार व्यावसायीकहाँ जान नचाहनुको कारण यसरी राखे, "म ठगिन चाहन्नथेँ । कम्पनीहरूले तलब, काम गर्नुपर्ने घण्टा, कामको प्रकार आदिका बारेमा झुठो कुरा बताउने गर्छन् ।"[६२] आप्रवासी श्रमिकहरूको विचारमा आफ्नै समुदाय वरिपरिको भएको हुनाले दलालहरू काठमाडौंका वैदेशिक रोजगार क्म्पनीहरूभन्दा बढी भरपर्दा हुन्छन् जुन प्राय सही हुने गरेको छैन ।[६३]

---

६१ काठमाडौं, नेपालमा *डिकेसँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, ३० सेप्टेम्बर २०१०

६२ धनुषा, नेपालमा *आइएससँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २२ सेप्टेम्बर २०१०

६३ एम्नेस्टी इन्टरनेसनलसँग श्रम मन्त्रालयमा तत्कालीन सहसचिव र वैदेशिक रोजगार विभागका हालका महानिर्देशक पूर्णचन्द्र भट्टराईसँग काठमाडौं, नेपालमा ३० नोभेम्बर २०१० मा; वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृत पुष्करराज नेपालसँग काठमाडौं, नेपालमा २७ सेप्टेम्बर २०११ मा र वैदेशिक रोजगार न्यायाधीकरणका रजिष्ट्रार नारायण पौडेलसँग

एक जना आप्रवासी श्रमिकले एम्नेस्टी इन्टरनेसनललाई वैदेशिक रोजगार कम्पनीको सट्टा दलालमार्फत वैदेशिक रोजगार रोज्नुको कारण यस्तो बताए, "किनभने दलाल मेरै गाउँको थियो, मेरो परिवार जस्तै ।"[६४] अर्का एक जनाले भने, "मेरो दलाल मैरै गाउँको थियो, त्यसैले मैले उसलाई आँखा चिम्लेर विश्वास गरें । तर जब मेरो समस्याका बारेमा उसलाई बताएँ उसले मलाई सहयोग गर्न अस्वीकर गऱ्यो ।"[६५]



**तस्वीर ५: *आरएस* लाई उनकै गाउँका दलालले ठगी गरेका थिए । (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

## दलालहरूले प्रदान गर्ने सेवाहरू

दलालहरूले वैदेशिक रोजगारमा जान इच्छुक व्यक्तिहरूलाई परिवारका सदस्यसहित व्यक्तिगत सम्पर्कमार्फत्, कसैले खबर गरिदिएको भरमा र ग्रामीण सहर र गाउँहरूमा गएर आफ्नो सेवा प्रदान गर्दछन् । उनीहरू प्रायः राहदानी जारी गर्ने जिल्ला प्रशासन कार्यालय, पसल वा मानिसहरूको जमघट हुने अन्य स्थानहरूमा लगातार जाने गर्छन् । महिलाहरूलाई घरेलु श्रमिक वा हेरचाह कर्मचारीको रूपमा नियुक्त गर्न सामान्यतया महिला दलालहरू ग्रामीण क्षेत्रहरूमा घरदैलोमा पुगेर परिवारहरूलाई भेट्ने गर्छन् । यसो गर्नुको कारण परिवारका सदस्यहरूको विश्वास जित्नु रहेको छ किनभने पुरुषको तुलनामा महिलाहरू विदेशिनु सामाजिक रूपमा कम स्वीकार्य छ ।

दलालहरूले सम्भावित आप्रवासी श्रमिकहरूलाई उपलब्ध रोजगार/कामका बारेमा महत्वपूर्ण जानकारीहरू प्रदान गर्दछन्, देशको बारेमा र कामको सामान्य नियम तथा सर्तहरू । केही सम्भावित आप्रवासीहरूले राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित विज्ञापनमा[६६] देखिएका निश्चित कामका बारेमा पनि

---

काठमाडौंमा १ जुन, २०११ मा भएका बैठकहहरू ।

६४ कैलालीमा *आएसस*ँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, ५ डिसेम्बर २०१०

६५ कैलालीमा *एमके*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, ५ डिसेम्बर २०१०

६६ वैदेशिक रोजगार ऐनको दफा १६ अन्तर्गत वैदेशिक रोजगार विभागले एक पटक रोजगारको विज्ञापन स्वीकृत गरेपछि आवेदन बुझाउने कम्पनीले त्यो विज्ञापनलाई राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा पनि एक हप्ताको म्याद दिई प्रकाशित गर्नुपर्छ ।

सोधखोज गर्न सक्छन् भने अन्यले आफू कुन देशमा जान चाहेको र कस्तो काम खोजेको भन्ने कुरा दलालसमक्ष राख्छन् ।

यस क्रममा दलालहरूले प्रायः पासपोर्ट लिने र कुनै अवस्थामा इच्छुकहरूबाट केही सानो प्रतिशतमा शुल्क पनि उठाउने गर्छन् । र उनीहरूको आवेदन फारम साथै राखेर आफ्ना सेवाग्राहीहरूको आवेदनलाई काठमाडौँका विभिन्न वैदेशिक रोजगार कम्पनी वा जिल्ला सदरमुकाममा रहेका तिनका शाखाहरूमा पुऱ्याउने काम गर्छन् । आवेदन प्रक्रियामा प्रतिबद्ध भएपछि सम्भावित आप्रवासीहरूमध्ये धेरैले आवेदन पूरा भएपछि सेवा शुल्क तिर्नका लागि यही प्रारम्भिक चरणमै ऋण लिने गर्दछन् ।

दलालहरू १० वटा वा त्यसभन्दा बढी वैदेशिक रोजगार कम्पनीहरूका लागि सजिलै काम गर्न सक्छन् । आप्रवासी श्रमिकहरूका तर्फबाट उनीहरूले वैदेशिक रोजगार कम्पनी र सरकारी कार्यालयका लागि आवश्यक कागजपत्र तयार गर्ने काम गर्छन् । केही अवस्थामा दलालहरूले आफ्ना सेवाग्राही विशेषगरी शुल्क तिर्न नसक्ने वा निरक्षरहरूको पासपोर्टको आवेदन पनि भरिदिने गर्दछन् ।

डिसेम्बर २०१० यता मेसिनले पढ्नसक्ने पासपोर्ट (एमआरपी) सुरु भए यता नेपाली नागरिकहरूले पासपोर्टका लागि सोझै काठमाडौंस्थित परराष्ट्र मन्त्रालयमा[६७] आवेदन दिनुपर्ने भएको छ । यसको अर्थ आप्रवासीहरूका लागि थप व्ययभार र लामो आप्रवास प्रक्रिया हो ।

आवेदन प्रक्रियासम्बन्धी अद्यावधिक जानकारी (जस्तैः अन्तर्वार्ता, भिसा र प्रस्थान मिति) प्रदान गरेर दलालहरूले महत्वपूर्ण मध्यस्थकर्ताको भूमिका निर्वाह गर्ने गर्दछन् । वैदेशिक रोजगारका लागि दिइएको आवेदन वैदेशिक रोजगार विभाग (विभाग) ले स्वीकृत गरेपछि कम्पनीले दलालमार्फत सेवाग्राहीलाई अन्तर्वार्ताका लागि बोलाउने गर्छ । यो प्रायः आवेदन प्रक्रियाको अन्त्यतिर अर्थात् प्रस्थानको केही हप्ता वा दिन अघि हुने गर्दछ जसले गर्दा आप्रवासी श्रमिकले काठमाडौँ एक पटक मात्र आउनु परोस् । यद्यपि यसको अर्थ श्रमिकहरूले आफ्नो करारनामाको विवरण आवेदन प्रक्रियाको अन्तिम चरणमा मात्र थाहा पाउँछन् । दलालहरू केही अवस्थामा सम्भावित आप्रवासी श्रमिकसँग उसको अन्तर्वार्ता, स्वास्थ्य परीक्षण वा अन्य प्रशासनिक आवश्यकताहरू पूरा गर्न र विमानस्थलसम्म साथ दिन सक्छन् ।

दलालहरूले सम्भावित आप्रवासी श्रमिकहरूलाई आकर्षक सेवा प्रदान गर्छन् किनभने यी मध्यस्थकर्ताहरू नियुक्ति प्रक्रियाका बारेमा जानिफकार हुन्छन् र वैदेशिक रोजगार कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्पर्क हुने गर्दछ । उनीहरूले प्रशासनिक व्यवस्थामार्फत वैदेशिक रोजगारमा पहुँच सहज बनाउने काम गर्नुका साथै आप्रवासी श्रमिक एवं वैदेशिक रोजगार कम्पनी र काठमाडौँस्थित सरकारी कार्यालयहरूका बीच एउटा 'भरपर्दो' सेतुका रूपमा पनि काम गर्छन् । अर्को शब्दमा भन्नुपर्दा दलालहरूले विदेश जाने कुरालाई गम्भीरतापूर्वक नसोच्ने वा अनिच्छुक वा आफैँ त्यसको व्यवस्था गर्न नसक्नेहरूका लागि वैदेशिक रोजगार सम्भव बनाइदिने काम गर्छन् ।

यसको एउटा उदाहरण कुनै औपचारिक शिक्षा हासिल नगरेकी सुनसरी जिल्लाकी ३० बर्षीया दलित महिला *आरआर* हुन् । यो अनुभव अघि उनले त्यस देशको बारेमा कहिल्यै सुनेकी थिइनन् र वैदेशिक रोजगारका लागि बाहिर कसरी जाने भन्ने कुरा पनि उनलाई थाहा थिएन । दलालले उनलाई कामको अवसरका बारेमा बताएर आप्रवास प्रक्रियाका लागि आवश्यक सबै पक्षहरूको व्यवस्थापन कसरी गरिदिए भन्ने कुरा उनी यसरी सम्झन्छिन् :

---

६७ कोशराज कोइराला, "२६ डिसेम्बरदेखि एमआरपी जारी गरिने", रिपब्लिका, १२ डिसेम्बर २०१०

> *"ती दलालले हाम्रो घरमा आएर साउदी अरेबियामा गएर घरेलु काम गरेमा राम्रो पैसा कमाउन सक्ने र त्यसका लागि ३० हजार शुल्क लाग्ने बताइन् । म त्यसमा सहमत भएपछि उनले मेरो लागि यो रकम ऋणका रूपमा विभिन्न व्यक्तिबाट सपाट लिँदै जुटाउने काम गरिदिइन् । त्यसको ब्याज कति थियो त्यो त मलाई यकिन भएन तर मैले जे कमाए त्यो घर पठाएँ र त्यसैबाट मेरा श्रीमान्ले दलाललाई दिनुपर्ने रकम दिनुभयो । उनले मेरो पासपोर्टका लागि आवेदन दिन पनि सहयोग गरिन् र मलाई भारतको मुम्बइ लगिन् जहाँ अर्को एजेन्टसँग हाम्रो भेट भयो । मुम्बइमा मेरो स्वास्थ्य जाँच भयो र त्यसका लागि पनि दलालले नै रकम तिरिन् । म एक हप्ता बसेको कोठाको भाडा पनि उनैले तिरिन् । प्रस्थान गर्ने दिनमा दलालले मलाई मेरो प्लेनको टिकट, भिसा र पासपोर्ट दिइन् ।"*

तर जब *आरआर* साउदी अरेयिबा पुगिन् त्यहाँ उनले आफ्नो मासिक तलब दलालले बाचा गरे अनुसारको साउदी रियाल ५०० (१३० अमेरिकी डलर) को सट्टा केवल ४०० रियाल (११० अमेरिकी डलर) मात्र रहेको थाहा पाइन् । त्यसैले गर्दा ऋण चुक्ता गर्न उनले सोचेको भन्दा धेरै समय लाग्यो ।[६८]

दलालहरू आफ्नो सेवाका लागि कमिसन लिएर आम्दानी गर्ने गर्दछन् । उनीहरूले प्रति सेवाग्राही ५ देखि १० हजार (७०-१४० अमेरिकी डलर) लिने गर्छन् र ग्राहकले कति दिन सक्छ वा उसले आवेदन दिएको वैदेशिक रोजगारबाट उसले कति कमाउने सम्भावना छ भन्नेमा यो आधारित हुने गर्छ । दलाल र वैदेशिक रोजगार कम्पनीहरूसँग भएको अन्तर्वार्ताहरूअनुसार एउटा ठिकैसँग स्थापित दलालको मासिक आय ३० हजार देखि ५० हजार (४२०-७०० अमेरिकी डलर) सम्म हुने गर्छ । शाखा कार्यालयबाट काम गर्ने अलि बढी स्थापित दलालले एक लाख देखि १५०,००० (१,४००-२,१०० अमेरिकी डलर) कमाउँछ । दलालहरूले यो रकम कमिसनका रूपमा आफू काम गर्ने वैदेशिक रोजगार कम्पनीबाट वा सोझै आप्रवासी श्रमिकबाट प्राप्त गर्न सक्छन् ।

वैदेशिक रोजगार कम्पनीहरू जसरी दर्ता भएर काम गरिरहेका छन्, सबैकासबैजसो दलालहरु भने बिना दर्ता भएका छैनन् । त्यसैले उनीहरूको कार्य सरकारी निकायको अनुगमनअन्तर्गत हुँदैन । यो तथ्य र वैदेशिक रोजगारका लागि आप्रवासी श्रमिकहरूको दलालमाथिको निर्भरताले आप्रवासीहरूलाई शोषणको जोखिममा पुऱ्याउने गर्दछ । दलालहरूको कमिसन र आम्दानी वैदेशिक रोजगार व्यवसाय अन्ततः आप्रवासीहरूलाई विदेशमा गएर काम गर्नु उनीहरुको लागि लाभदायक हुन्छ भनेर विश्वस्त बनाउने कुरामा निर्भर हुन्छ । त्यसैकारण कामको प्रकृति वा उनीहरूले प्राप्त गर्ने तलबका बारेमा गलत कुराहरू बताउनमा अनैतिक दलालहरूका लागि फाइदाको लोभ हुनसक्छ । आप्रवासीले काठमाडौँमा आएपछि वा विदेशमा पुगेपछि सत्य थाहा पाउँदासम्म उनीहरू केही पनि गर्न नसक्ने स्थितिमा हुन्छन् किनभने उनीहरूले ठूलो ऋण लिएका हुन्छन् र त्यसलाई चुक्ता गर्न सुरु गर्नु पर्ने हुन्छ ।

---

६८ सुनसरीमा *आरआर*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, १४ डिसेम्बर २०१०

# ६. आप्रवास प्रक्रिया

"नियुक्ति प्रक्रियाको खर्च न्यून गर्न सरकारहरूले श्रमिकहरूको आवतजावतलाई सङ्गठित गर्न नयाँ माध्यमहरू प्रयोग गरिरहेका छन् । बढ्दो रूपमा उनीहरूले आप्रवास प्रक्रिया र विशेषगरी नियुक्ति प्रक्रियामा जिम्मेवार निजी रोजगार कम्पनी जस्ता गैरराज्य पक्षहरूलाई प्रत्यायोजन गर्दछन् । तथापि उनीहरू नियमन र अनुगमन बाहिर रहेको हुँदा जबरजस्ती श्रमको वृद्धिमा वैदेशिक रोजगार कम्पनीहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्दछन् ।"

अन्तर्राष्ट्रिय ट्रेड युनियन महासङ्घ (आइटीयूसी)[६९]

## ६.१ वैदेशिक रोजगारी कम्पनीहरूसँगको सम्पर्क

नेपालमा सञ्चालनको अनुमति अर्थात् लाइसेन्स पाएका झण्डै ९७६ वैदेशिक रोजगार कम्पनीहरू रहेका छन् । उनीहरू सबै काठमाडौँमा रहेका छन् भने केहीले अन्य जिल्लाहरूमा पनि शाखा खोलेका छन्, जुन थप २७५ वटा कम्पनी[७०] हुन आउँछन् । यी कम्पनीहरू दुईवटा छाता सङ्गठन- नेपाल वैदेशिक रोजगार व्यावसायी संघ र फरेन इम्प्लवायमेन्ट एसोसिएसन नेपाल (फियान) सँग आबद्ध रहेका छन् ।

कुल ७५० सदस्यहरूसहितको नेपाल वैदेशिक रोजगार व्यवसायी संघ देशका वैदेशिक रोजगार कम्पनीहरूलाई प्रतिनिधित्व गर्ने प्रमुख संस्था हो र सरकारले मान्यता प्रदान गरेको एक मात्र संस्था पनि हो ।[७१] सन् २००८ मा गठन भएको फरेन इम्प्लवायमेन्ट एसोसिएसन नेपाल संघकै केही सदस्यहरू अलग भएर गठन भएको हो । यसको सदस्यता १९८ रहेको छ र यसका अध्यक्ष प्रेमबहादुर कट्वालका अनुसार "सदस्यता दिनुअघि उच्च मापदण्ड पूरा गरेको निश्चित गर्न छानविन गरिएको छ ।"[७२]

---

६९ आइटीयूसी, "Migration: A decent work issue", General Council document no. 9GC/E/6(b)(i), १७-१८ अक्टोबर २०११ ।

७० वैदेशिक रोजगार विभागले १८ मे २०११ मा उपलब्ध गराएको जानकारी ।

७१ एनएएफइए अध्यक्ष सोमलाल बाटाजुसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २८ नोभेम्बर २०१० र वैदेशिक रोजगार विभागले १८ मे २०११ म उपलब्ध गराएको सूचना ।

७२ एफइएएन अध्यक्ष प्रेमबहादुर कट्वालसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, ३१ मे २०११

## सेवा शुल्क र दस्तुर

वैदेशिक रोजगार कम्पनीहरूले लिने दस्तुर विभिन्न आधारहरूमा निर्भर हुने हुनाले फरक-फरक रहेको छ। यस्तो शुल्क निर्धारण भिसा शुल्क, गन्तव्य मुलुकको आर्कषण, काममा कठनाइ वा जोखिमको स्तर, सम्भावित कमाइ र कमिसनका आधारमा हुने गर्दछ।

सामान्यतया तालिका ६ मा सूचीकृत देशहरूका लागि कम्पनीहरूले प्रस्ताव गर्ने रोजगारको प्याकेज तीन प्रकारका हुने गरेका छन्। पहिलो निःशुल्क : सबै खर्च रोजगारदाताले नै बेहोर्ने, जसमा जहाजको टिकट, अभिमुखीकरण, स्वास्थ्य परीक्षण, बिमा, सरकारी कर एवं शुल्क र कम्पनीको सेवा शुल्क। यो सामान्यतया कम्पनीको रोजगारदातासँग प्रत्यक्ष सम्बन्ध भएको अवस्थामा र विभिन्न श्रम सम्झौताका लागि आवेदन दिएको अवस्थामा हुन्छ जसमा निर्माण कार्य, सेवा र आतिथ्य, उद्योग र घरेलु काम रहेका छन्। यद्यपि यस प्रतिवेदनका लागि अन्तर्वार्ता दिने मध्ये कम्पनीलाई शुल्क नतिरी विदेश जाने कोही पनि थिएनन्।

दोस्रो प्रकारको रोजगारमा सामान्यतया रोजगारदाताले भीसा निःशुल्क प्रदान गर्छ तर आप्रवासी श्रमिकले केही वा बाँकी सबै शुल्कहरू तिनुपर्ने अपेक्षा गरिन्छ। यसमा लाग्ने खर्च १० हजार देखि ५० हजार (१४०-७०० अमेरिकी डलर) हुने गर्छ जसको निर्धारण गर्न रोजगारदाताले कति खर्च दिन्छ, कामको प्रकृति कस्तो हो र कम्पनीको शुल्क जो ५ हजार देखि २५ हजारसम्म (१४०-७०० अमेरिकी डलर) हुन सक्दछ, यी सबैको आधारमा गरिन्छ।

तेस्रो प्याकेज सबैभन्दा खर्चिलो हुने गर्छ जसमा ६० हजार देखि ८० हजार (८५०-१,११० अमेरिकी डलर) लाग्छ किनभने नेपाली कम्पनीहरूले गन्तव्य मुलकका वैदेशिक रोजगार कम्पनीलाई सामान्तयाः ४०० देखि ७०० अमेरिकी डलर कमिसन दिनु पर्ने हुन्छ। यसमा आप्रवासी श्रमिकहरूले कमिसन शुल्कका अतिरिक्त भिसा सहित अन्य सबै खर्चहरू व्यहोर्नु पर्ने हुन्छ।

| देश[७३] | अधिकतम सेवा शुल्क |
|---|---|
| खाडी मुलुकहरू | रु. ७०,००० (९७० अमेरिकी डलर) |
| इजरायल | ९१५ अमेरिकी डलर+रु. ६०,००० (८३५ अमेरिकी डलर) |
| लिबिया | रु. ९०,००० (१,२५० अमेरिकी डलर) |
| मलेसिया | रु. ८०,००० (१,१०० अमेरिकी डलर) |

**तालिका ६ : वैदेशिक रोजगारका लागि अधिकतम सेवा शुल्क (स्रोतः वैदेशिक रोजगार विभाग)**

वैदेशिक रोजगार कम्पनीहरूले एम्नेस्टी इन्टरनेसनललाई बताए अनुसार “राम्रो तलब पाउने काम” जस्तैः सुरक्षा गार्ड, जस्का लागि ५० हजार (३५० अमेरिकी डलर) वा बढी तलब हुन्छ, त्यसको पहिला महिनाको तलबको २५ प्रतिशतले हुन आउने रकम नै कम्पनीले लिने शुल्कका रुपमा निर्धारण गरिन्छ।

वैदेशिक रोजगार ऐन (२०६४ मा लागु भएको) को दफा ३९ (१) ले विभागलाई कम्पनीहरूले लिने “सेवा शुल्क र प्रबर्द्धनात्मक खर्च” मा सीमा तोक्ने अधिकार छ जुन हाल फरक फरक गन्तव्य मुलुकका लागि ७० हजारदेखि एक लाख २७ हजार (९७०-१,७५० अमेरिकी डलर) सम्म रहेको छ (हेर्नुहोस्

७३ तालिका ६ मा सूचिकृत नभएका देशहरूका लागि सेवा शुल्कको अत्याधिक सीमा छैन।

तालिका ६) । ऐनले दफा ५३ मा यो सीमा भन्दा बढी लिने वैदेशिक रोजगार कम्पनीहरूलाई "बढी रहेको शुल्क वा खर्च सम्बन्धित व्यक्तिलाई फिर्ता गराउने र त्यस्तो कम्पनीलाई एक लाख जरिवाना गराउने (१,४०० अमेरिकी डलर)" जिम्मेवारी वैदेशिक रोजगार विभागलाई दिएको छ ।

यस प्रतिवेदनका लागि अन्तर्वार्ता दिनेहरूले औसतमा १०१,२०८ (१,४२० अमेरिकी डलर) शुल्क तिरे जसमा ५७ मध्ये ४२ जनाले वैदेशिक रोजगार कम्पनीहरूलाई नेपाली कानुनले अनुमति दिएको भन्दा बढी शुल्क बुझाएका थिए । वैदेशिक रोजगार कम्पनीले लिने शुल्कका अतिरिक्त आप्रवासीहरूले सोझै दलालहरूलाई पनि थप कमिसन दिनुपर्ने हुन्छ । जुन २०१० मा कतारको निर्माण क्षेत्रमा तीन बर्ष काम गरेपछि फर्केका धनुषा जिल्लावासी ४१ बर्षीय *सिएस*ले लागत खर्चमा रहेको भिन्नतालाई यसरी प्रस्ट पारे :

> *"मैले अर्कै गाउँको दलालमार्फत काम पाएको हो र उसलाई मैले रु १००,००० (१,४०० अमेरिकी डलर) दिएँ । यो दलालको अर्को दलालमार्फत काठमाडौँको एउटा वैदेशिक रोजगार कम्पनीसँग अप्रत्यक्ष सम्बन्ध थियो । यदि म सोझै त्यही कम्पनी पुगेको भए मैले रु ६० देखि ७० हजार मात्र दिनुपर्थ्यो ।"*[७४]

यो नेपाल वैदेशिक रोजगार व्यावसायी संघ (NAFEA) का उपाध्यक्ष तथा महाकाली ओभरसिजका प्रमुख त्रिलोक चन्द विश्वासले दिएको जानकारीसँग मिल्दो छ । आप्रवासीहरूका लागि अतिरिक्त खर्चलाई उनी यसरी व्याख्या गर्दछन् :

> *"हामी आप्रवासी श्रमिकलाई एजेन्सी शुल्कका रूपमा रु. ५ हजार (७० अमेरिकी डलर) लिने गर्दछौं । यदि उपएजेन्ट (दलाल) प्रयोग भएको छ भने हामी उसलाई ५ देखि १५ हजार (७०-२१० अमेरिकी डलर) दिन्छौं । यदि एक जना ग्राहकका लागि दुई जना दलालहरू प्रयोग भएका छन् भने उनीहरू त्यो रकम आफूमा बाँडेर लिन्छन् । यदि वैदेशिक रोजगार कम्पनीको शाखामार्फत आएको छ भने हामी उनीहरूलाई रु ५ हजार (७० अमेरिकी डलर) दिन्छौँ । हामीले हाम्रा ८० देखि ९० प्रतिशत ग्राहकहरू दलालहरूमार्फत नै प्राप्त गर्ने भएको हुनाले आप्रवासीहरूका लागि अतिरिक्त खर्च रु. १५ देखि ३० हजारसम्म हुन्छ (२१०-४२० अमेरिकी डलर) । उदाहरणका लागि राम्रो तलब पाइने सुरक्षा गार्डको कामका लागि कुल खर्च करिव रु. एक लाख ३५ हजार (१,८०० अमेरिकी डलर) हुन्छ ।"*

सुरक्षा गार्डका लागि तिर्नुपर्ने शुल्क सरकारी निर्देशिका भन्दा बढी भएको औँल्याउँदा श्री विश्वासको उत्तर यस्तो थियो :

> *"हो, तर सरकार यहाँ व्यवहारिक भइरहेको छैन । हामीले थप दस्तुर तिर्नुपर्ने भएको हुनाले हामीसँग त्यसको खर्च आप्रवासी कामादारबाट उठाउनुको विकल्प छैन । अन्यथा, हामीले श्रमिकहरूलाई विदेश पठाउन सक्दैनौँ ।"*[७५]

खाडी मुलुकहरूमा घरेलु कामका लागि सेवा शुल्क सामान्यतया रु. २५ देखि ५० हजार (३५० देखि ७०० अमेरिकी डलर) रहेको छ । यद्यपि, नेपाल सरकारले सेवा शुल्कको अत्यधिक सीमा नतोकेको साइप्रस जस्तो राम्रो तलब र काम गर्ने अवस्था भएको मानिएका देशहरूमा घरेलु कामका लागि शुल्क ५ हजार अमेरिकी डलरसम्म रहेको छ ।

---

७४ धनुषा, नेपालमा *सीएस*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, २३ सेप्टेम्बर २०१०

७५ एनएएफइएका उपाध्यक्ष त्रिलोक चन्द विश्वाससँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २८ नोभेम्बर २०१०

इजरायलमा केयरगिभरका रूपमा रोजगारका अवसरहरूका लागि आवेदन दिने बहुसङ्ख्यक महिला आप्रवासी श्रमिकहरूबाट पनि निकै बढी सेवा शुल्क माग गर्ने गरिन्छ ।

इजरायलमा रहेका लगभग ५४ हजार केयरगिभरहरूमा १५ प्रतिशत नेपाली रहेका छन् र औसतमा आप्रवासीहरूले नियुक्ति वा "मध्यस्थता" शुल्कका रूपमा नेपालमा कम्पनीहरूलाई[७६] ६ देखि १२ हजार अमेरिकी डलर दिने गरेका छन् । ती कम्पनीले फाइदा भएको रकम इजरायलमा रहेका साझेदार रोजगारी व्यवस्थापन एजेन्सीसँग बाँड्ने गर्छन् । सामान्यतयाः आप्रवासी श्रमिकहरूले त्यो रकम ऋण लिएर चुक्ता गर्ने गर्दछन् । यो कुरा सन् २००६ मा इजरायलमा केयरगिभरका रूपमा काम गरिसकेकी बाजुरा जिल्लाकी ३८ बर्षीया महिला *केजी*को भनाइसँग मेल खान्छ । उनले सेवा शुल्क वापत रु. ४ लाख ३० हजार (५,९०० अमेरिकी डलर) र रु. ३० हजार (४२० अमेरिकी डलर) अभिमुखीकरण कक्षाका लागि तिर्नुपरेको थियो ।[७७]

नेपाली आप्रवासी श्रमिकहरूसँग काम गर्ने काभ ला ओभेद (Kav La'Oved) नामक इजराइली गैर सरकारी संस्थाका अनुसार इजरायलमा कुनै आप्रवासी श्रमिकका लागि आफ्नो ऋण पूर्ण रूपमा चुक्ता गर्न औसतमा एक देखि दुई बर्षको नियमित काम गर्नु पर्ने हुन्छ ।[७८] काभ ला ओभेद अनुसार :

> *"श्रमिकहरूलाई ऋण लिन बाध्य बनाउने मध्यस्थता (नियुक्ति) शुल्क केयरगिभरहरूलाई रोजगारदातासँग बाँधिएर बस्नुपर्ने एक प्रमुख कारण हो ।"*[७९]

आफूले लिएको ऋण चुक्ता गर्न सङ्घर्षरत सयौँ नेपाली केयरगिभरहरूलाई हाल इजरायलमा काम गरिरहेको अवस्थामा संस्थाले भेटेको छ ।[८०]

त्यसका अतिरिक्त, काभ ला ओभेदको निष्कर्षमा विशेषगरी "उडान भिसा" (फ्लाइङ् भिसा) जालसाँझीका कारण रोजगार सुरक्षित गर्न प्रायः कठिन छ । यस्तो कार्यलाई काभ ला ओभेदले देहाय बमोजिम व्याख्या गर्दछ :

> *"श्रमिकले कानुनमा व्यवस्था भएअनुसार रोजगार अनुमति (वर्क परमिट) का लागि (वैध रोजगारी अनुमति वापत) रकम बुझाउँछ । तर इजरायलमा आइपुगे पछि श्रमिकलाई काम दिइँदैन । श्रमिकलाई प्राय विमानस्थलमा कोही पनि लिन जाँदैन या कुनै एक रोजगारदाता कहाँ लगिन्छ जसले विभिन्न कारण जनाउँदै कामबाट निकालिदिन्छ । उडान भिसाका साथ इजरायल आएका श्रमिकहरूसँग अब कुनै रोजगारदाता हुँदैन र फलतः उनीहरूले तत्कालै आफैँ कुनै काम नभेटे देश फर्काइन सकिने अवस्थामा पुग्छन् ।"*[८१]

---

७६ काभ ला ओभेद, *Comprehensive Review of the Caregiving Field in Israel*, सन् २०१० पृष्ठ ४ र ३५ र रोहित मालपानी, *Legal Aspects of Trafficking for Forced Labour Purposes in Europe,* बलजफ्त श्रम नियन्त्रण गर्ने विशेष कार्यक्रम, आइएलओ, सन् २००६, पृष्ठ ३८, http://www.ilo.org/wcmsp5/groups/public/---ed_norm/---declaration/documents/publication/wcms_082021.pdf, मा उपलब्ध । हेरिएको ३१ अगस्ट २०११ ।

७७ *केजी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १७ डिसेम्बर २०१० ।

७८ काभ ला ओभेद, इजरायलमा महिला आप्रवासी श्रमिकसम्बन्धी *CEDAW* छायाँ प्रतिवेदन, डिसेम्बर २०१०, पृष्ठ १६, http://www.kavlaoved.org.il/media-view_eng.asp?id=3056, मा उपलब्ध । हेरिएको १९ मे २०११ ।

७९ काभ ला ओभेद, *Comprehensive Review of the Caregiving Field in Israel*, २०१०, पृष्ठ ८५

८० काभ ला ओभेदसँग एम्नेस्टी इन्टरनेसनलको पत्राचार, १३ मे २०११

८१ काभ ला ओभेद, *Comprehensive Review of the Caregiving Field in Israel*, २०१०, पृष्ठ ५१

अप्रिल २००९ मा इजरायली सरकारले नेपालबाट थप केयरगिभरहरू लिन बन्द गऱ्यो ।[८२] "आकाश बन्द गर्ने" यो कार्य बेरोजगार केयरगिभरहरूको बढ्दो सङ्ख्या, नेपाली श्रमिकहरूबाट गैरकानुनी रूपमा मध्यस्थता शुल्क उठाइएको प्रमाण सङ्कलन र "उडान भिसा" ठगीका धेरै उजुरीहरूको फलस्वरूप आएको हो । यो कदमको उद्देश्य इजरायलमा रहेको नेपाली केयरगिभरहरूलाई वैदेशिक रोजगार कम्पनीहरूको थप शोषणबाट संरक्षण गर्नु रहेको थियो । यद्यपि, अप्रिल २००९ देखि यता भारत हुँदै र नियमित भिसा बिना नै नेपालबाट इजरायलमा काम गर्न आप्रवासीहरू आउने क्रम जारी छ । उनीहरूको अनियमित हैसियत भनेको उनीहरू दुर्व्यवहारजन्य व्यवहारको झन् जोखिममा पर्नु हो ।[८३]

नोभेम्बर २०११ मा नेपाल सरकारले इजरायलमा केयरगिभरसहित नेपाली श्रमिकहरू पठाउन २०६ वटा वैदेशिक रोजगार कम्पनीहरूले अनुमति पाएको घोषणा गऱ्यो ।[८४]

दलालहरूलाई भुक्तानी दिने वैदेशिक रोजगार कम्पनीहरूसँग कुनै निश्चित मापदण्ड छैन । केहीले दलालहरूलाई अलग्गै पैसा दिने गर्छन् भने अन्यले त्यसलाई श्रमिकहरूबाट असुल गरिने सेवा शुल्कमै समावेश गरिदिन्छन् । केही अवस्थामा आप्रवासी श्रमिकहरूले कमिसन सोझै दलाललाई दिने गर्छन् ।

## सेवा शुल्कवापत भुक्तानी रसिद

सेवा शुल्क वापत पूर्ण विवरणसहितको भुक्तानी रसिदबाट आप्रवासी श्रमिकहरूले आफूले कुन-कुन सेवाका लागि पैसा तिरेको हो भनेर थाहा पाउन र त्यसको फलस्वरूप वैदेशिक रोगजार कम्पनीको उनीहरूप्रति केकस्तो दायित्व छ भनेर पनि थाहा पाउन सक्ने थिए । त्यसबाट यदि बढी शुल्क लिएको र प्रदान नगरिएको सेवाका लागि रकम असुलेको भए त्यो पनि थाहा हुने थियो ।

एम्नेस्टी इन्टरनेसनलले नेपाल वैदेशिक रोजगार व्यावसायी संघ (एनएएफइए) का पाँच जना सञ्चालक समिति सदस्यसहित छ जना सदस्यहरू र फरेन इम्प्लवायमेन्ट एसोसिएसन नेपाल (एफइएएन) का अध्यक्षको अन्तर्वार्ता लियो । उहाँहरु सबैको आफ्नै व्यवस्थापनमा वैदेशिक रोजगार कम्पनी सञ्चालनमा रहेको छ । उहाहरूका अनुसार प्रत्येक ग्राहकलाई उनीहरूको खर्चबारे एउटा रसिद उपलब्ध गराइन्छ । यद्यपि सात कम्पनीहरूमध्ये दुईले मात्र आप्रवासी श्रमिकलाई लगाइएको सबै शुल्कको शीर्षकगत विवरण खुलाइएको रसिद उपलब्ध गराउने गरेको बताए । यो किन समान रूपमा अभ्यास गरिएन भन्ने बारेमा एनएएफइएका उपाध्यक्ष र महाकाली ओभरसिजका प्रमुख त्रिलोकचन्द विश्वासले देहायको विचार व्यक्त गर्नुभयो :

> *"मैले सबै आप्रवासी श्रमिकहरूका लागि आधिकारिक रसिद दिने गरेको छु तर सम्पूर्ण भिसा खर्चसहितका लागि भने होइन किनभने यदि हामीले त्यसो गरेमा हामीलाई २५ प्रतिशत कर*

---

८२ काभ ला ओभेद, *Comprehensive Review of the Caregiving Field in Israel*, २०१०, पृष्ठ ७

८३ काभ ला ओभेदसँग एम्नेस्टी इन्टरनेसनलको पत्राचार, १३ र १४ मे २०११

८४ "इजरायलमा नेपाली श्रमिक पठाउन २०६ वैदेशिक रोजगार कम्पनीहरूलाई स्वीकृति", कान्तिपुर दैनिक समाचार, १३ नोभेम्बर २०११, http://www.ekantipur.com/the-kathmandu-post/2011/11/13/money/206-manpower-agencies-authorised-to-send-nepali-workers-to-israel/228190.html, मा उपलब्ध छ । हेरिएको २२ नोभेम्बर २०११ ।

*लाग्छ । त्यो सही हुँदैन किनभने हामीले हवाई टिकट, अभिमुखीकरण तालिम, कल्याणकारी कोष[८५], बीमा आदिबाट हामीलाई नाफा हुँदैन ।" त्यसैले रु. ५ हजार (७० अमेरिकी डलर) का लागि मात्र हामीले आधिकारिक रसिद प्रदान गर्नसक्छौं । तर यदि ग्राहकले जोड गरेमा हामीले अन्य रसिदहरूको फोटोकपी दिन सक्छौं ।"[८६]*

एनएएफइएका वर्तमान अध्यक्ष एवं एसओएस म्यानपावर सर्भिसका निर्देशक सोमलाल बटाजुको विचारमा शीर्षकगत पूर्ण विवरणसहितको रसिद आवश्यक छैनः

*"आप्रवासी श्रमिकहरूलाई त्यो किन चाहियो ? उनीहरूलाई आवश्यक भनेको उनीहरूले तिरेको कुल रकमको हो । हामी सरकारी नियमहरू पालना गर्दछौं र त्यो नै काफी छ ।"[८७]*

यसको विपरीत एफइएएनका अध्यक्ष एवं ब्लु स्काइ इन्टरनेसनलका प्रमुख प्रेमबहादुर कटुवालले भने यो नियुक्ति प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्ने एउटा महत्वपूर्ण कदम हुने महसुस गर्नुभयो :

*"मेरो एजेन्सीले हाम्रा ग्राहकहरूलाई कुल खर्चसहितको शीर्षकगत विवरण लेखिएको रसिद सधैँ दिने गर्दछ । शीर्षकगत विवरणसहितको रसिद दिने व्यवस्था महत्वपूर्ण छ किनभने सफल हुन तपाईं पारदर्शी बन्न जरुरी छ ।"[८८]*

यो एफइएएनको आचार संहिता अनुरूप छ, जसअनुसार :

*"वैदेशिक रोजगारमा जाने श्रमिकहरूलाई सेवा शुल्क, हवाइ दस्तुर, प्रवर्द्धनात्मक शुल्क र भिसा शुल्कका बारेमा स्पष्टसँग जानकारी गराउनुपर्छ र उनीहरूबाट तोकिएको भन्दा बढी रकम लिनु हुँदैन ।"[८९]*

एनएएफइएको आचार संहिताले पनि उस्तै गरी उल्लेख गरेका छ कि श्रमिकहरूलाई "सेवा शुल्क, हवाइ दस्तुर, प्रवर्द्धनात्मक शुल्क र अन्य खर्चका बारेमा स्पष्ट जानकारी गराउनुपर्छ ।[९०]

यस प्रतिवेदनका लागि एम्नेस्टी इन्टरनेसनलद्वारा अन्तर्वार्ता लिइएका मध्ये धेरैले कुनै पनि प्रकारको रसिद प्राप्त गरेनन् ।[९१] नोभेम्बर २०१० मा लिबियाबाट फर्केका ४६ जना श्रमिकहरूको समूहका

---

८५ सरकारले सञ्चालन गरेको सामाजिक सुरक्षा र वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले व्यवस्थापन गरेको कल्याणकारी कोषको उद्देश्य आप्रवासी श्रमिक र तीनका परिवारको मद्दत गर्नु हो । उदाहरणका लागि, श्रमिकहरूले विदेशमा कुनै समस्या सामना गर्नु परेमा वा करारनामा पत्रसम्बन्धी केही समस्या आएमा ।

८६ एनएएफइएका उपाध्यक्ष त्रिलोकचन्द विश्वाससँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २८ नोभेम्बर २०१०

८७ एनएएफइएका अध्यक्ष सोमलाल बटाजुसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २८ नोभेम्बर २०१०

८८ एफइएएनका अध्यक्ष प्रेमबहादुर कटुवालसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १३ मे २०११

८९ एफइएएन आचार संहिता, विसं २०६७ (२०१०) ।

९० एनएएफइएको आचार संहिता, २०६२ (२००५), ९ नोभेम्बर २००५ http://www.nafea.org.np/index.php?linkId=35, मा उपलब्ध, १७ नोभेम्बर २०११ मा हेरिएको ।

९१ यो अन्तर्वार्ताका क्रममा सोधिएको पूर्व निर्धारित प्रश्न होइन । त्यसैकारण आप्रवासी श्रमिकहरूले अन्तर्वार्ताका क्रममा यो सवाल उठाएको अवस्थामा मात्र यो तथ्याङ्क उपलब्ध भएको छ ।

प्रतिनिधि सिन्धुली जिल्लाका ३० बर्षीय *बीएले* उनीहरूको अवस्थालाई देहाय बमोजिम चित्रित गरे :

> *"हामीले झापा, मोरङ र सुनसरी जिल्लाहरूमा रहेका शाखा कार्यालयका एजेन्टहरूलाई रु. एक लाख २५ हजार देखि एक लाख ३० हजार (१,७३०-१,८१० अमेरिकी डलर) सम्म दियौँ । हामीले यो रकम स्थानीय साहुहरूसँग ३६ देखि ६० प्रतिशत ब्याजमा सापट लिएका हौँ । यो साँवा रकम नै हामीमध्ये कसैले चुक्ता गरेको छैन । हाम्रो एजेन्टले बताएअनुसार यो रकममा भिसा, हवाई टिकट र बीमा समावेश छ । हामीले स्वास्थ्य परीक्षण, एयरपोर्ट कर र अभिमुखीकरणका लागि अलग्गै तिर्नुपऱ्यो । खर्चहरूको विवरण नखुलाईकन कुल रकमको मात्र रसिद त्यो पनि हामीमध्ये केवल पाँच प्रतिशतले मात्र प्राप्त गरेका थियौँ । केही रसिदहरू सादा कागजमा थिए भने केही कम्पनीको लेटरहेडमा । केहीले रसिद दिन आग्रह गरेको भए तापनि हामीमध्ये बहुमतले कुनै पनि रसिद प्राप्त गरेनौँ । शाखाका एजेन्टहरूले वाचा मात्र गरे तर दिएनन् ।"*[९२]



**तस्वीर ७ : लिबियाबाट फर्केका ४६ जनालाई प्रतिनिधित्व गर्नेहरूको समूह (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

नेपाल इन्स्टिच्युट अफ डेभलपमेन्ट स्टडीज् (निड्स) ले सन् २००९ मा ३,२०० घर परिवारमा गरेको एक सर्वेक्षणमा "आप्रवास प्रक्रियामा लाग्ने (...) शुल्कबारे धेरै आप्रवासीहरू परिचित नभएको पाइएको थियो ।"[९३] यो एम्नेस्टी इन्टरनेसनलको निष्कर्षमा देखिएको छ : सम्बन्धित प्रश्नको उत्तर दिने अन्तर्वार्ता लिइएका ४१ जना मध्ये ३९ जनालाई आफूले सरकारले क्षतिपूर्तिसहितका लागि सञ्चालित कल्याणकारी कोषका लागि अनिवार्य शुल्क रु. १,००० (१४ अमेरिकी डलर) तिरेको जानकारी थिएन । यो कोषको व्यवस्थापन वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड (प्रवर्द्धन बोर्ड) ले गर्छ र यसको उद्देश्य "वैदेशिक रोजगारमा गएका एवं वैदेशिक रोजगारबाट फर्केका र तिनका परिवारहरूको सामाजिक सुरक्षा र कल्याण" (ऐनको

---

९२ ४६ जना आप्रवासी श्रमिकहरूसँग एम्नेस्टी इन्टरनेसनलको सामूहिक अन्तर्वार्ता, काठमाडौं, १२ डिसेम्बर २०१० ।

९३ जगन्नाथ अधिकार र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११, पृष्ठ ३५ ।

दफा ३२.१) र वैदेशिक रोजगार व्यावसायलाई प्रवर्द्धन गरी यसलाई सुरक्षित, व्यवस्थित र स्वच्छ बनाउने र वैदेशिक रोजगारमा जाने श्रमिकहरूको हकहित संरक्षण गर्नु रहेको छ (ऐनको दफा ३८) ।"

मलेसियामा तीन बर्ष श्रमिकका रूपमा काम गरेका झापा जिल्लाका २५ बर्षीय *डीबी* अगस्ट २०१० मा स्वदेश फर्के । उनको अनुभव धेरै आप्रवासी श्रमिकहरूकै जस्तो रहेको छ :

> *"झापा बिर्तामोडमा रहेको शाखा कार्यालयमा मैले रु. ८० हजार बुझाएँ तर त्यहाँको एजेन्टले मलाई आवश्यक छैन भन्दै त्यसको रसिद दिएन । यो शुल्कमा केके पर्छ भन्ने बारे मलाई केही थाहा छैन र मैले कल्याणकारी कोषका बारेमा कहिल्यै सुनेको थिएन ।"*[९४]

आफूलाई कानुन बमोजिम दर्ता नगरी काम गरिरहेका दलालहरूले प्राय: सबैका सबैजसो अवस्थामा आप्रवासी श्रमिकहरूबाट आफूले लिने कमिसनको रसिद दिने गरेका छैनन् । मलेसियाको एक पानीजहाजको कन्टेनर बन्दरगाहमा चार बर्ष काम गरेर नोभेम्बर २०१० मा स्वदेश फर्केका कैलालीका ३१ बर्षीय *जेयू*ले आप्रवासी श्रमिकहरूले सामना गर्ने अवस्थालाई यसरी चित्रित गरे :

> *"मैले मेरो गाउँको एजेन्टलाई रु. एक लाख २० हजार दिएँ र त्यो रकम मैले स्थानीय साहुबाट ३६ प्रतिशतको ब्याजमा सापटी लिएको थिएँ । मैलै अझै पनि एक लाख तिर्न बाँकी छ । उसलाई मैले रसिद माग्दा रसिद दिने चलन छैन भनेर दिन अस्वीकार गर्दै मलाई काम पाउने कुरामा मात्र ध्यान केन्द्रित गर्न सुझाव दियो । उसले मलाई मेरो विश्वास लागेमा हामी फेरिपनि काम गर्न सक्छौं भन्यो तर रसिद भने नदिने बतायो । त्यसमा केके समेटिएको थियो र कल्याणकारी कोष भनेको के हो मलाई थाहा भएन ।"*[९५]

## ६.२ ऋणग्रस्तता

अत्यधिक ब्याज लिने कार्य विरुद्धको विद्यमान घरेलु कानुन र मापदण्डहरूका बावजुद आप्रवासी श्रमिक र उनीहरूको परिवारमा ऋणग्रस्तता सामान्य कुरा हो । नेपालको मुलुकी ऐन अनुसार व्यक्तिहरूबाट लिइने सापटीको ब्याज दर १० प्रतिशत भन्दा बढी हुनुहुँदैन ।[९६] साथै बैंक तथा वित्तीय संस्था ऐन २०६३ को दफा ५१.१ अनुसार "अनुमतिप्राप्त संस्थाहरूले निक्षेप रकममा दिने र ऋणमा लिने ब्याजदर राष्ट्र बैंकले निर्धारण गरे बमोजिम हुनेछ ।" हाल राष्ट्र बैंकले बैंक ऋणका लागि बार्षिक आठ देखि १४ प्रतिशतको ब्याजदर तोकेको छ ।[९७] यद्यपि वैदेशिक रोजगार न्यायाधीकरण (हेर्नुहोस् भाग ८.२) मा रहेका तीन जना न्यायाधीश मध्येको एक जना श्रम अदालतका न्यायधीश अग्निप्रसाद थपलियाका अनुसार बढी ब्याजदर सम्बन्धी मुलुकी ऐनको उल्लङ्घन गरेमा कुनै सजायको व्यवस्था छैन र आजसम्म यो कानुन उल्लङ्घन गरेको भनी कुनै पनि व्यक्ति विरुद्ध मुद्दा परेको छैन ।[९८]

---

९४ *डीबी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, झापा १२ डिसेम्बर २०१०

९५ *जेयू*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, कैलाली ५ डिसेम्बर २०१० ।

९६ मुलुकी ऐन २०१९, अध्याय ७, संख्या ६, पृष्ठ २६८, http://www.lawcommission.gov.np, मा उपलब्ध, हेरिएको २३ जुन २०११ ।

९७ नेपाल राष्ट्र बैंकको मौद्रिक नीति २०६७-६८, मध्यकालीन पूनरावलोकन, तालिका १५ : ब्याज दरको संरचना (बार्षिक प्रतिशत),: http://www.nrb.org.np/index.php मा उपलब्ध । हेरिएको २३ जुन २०११ ।

९८ श्रम अदालत र वैदेशिक रोजगार न्यायाधीकरणका न्यायाधीश अग्निप्रसाद थपलियासँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, ९ सेप्टेम्बर २०११ ।

नियुक्ति प्रक्रियाका क्रममा आप्रवासी श्रमिकमाथि लगाइने बढी र केही अवस्थामा गैरकानुनी शुल्कले शोषण र जबरजस्ती श्रमप्रतिको उनीहरूको जोखिमलाई बढाउनमा प्रमुख भूमिका खेल्ने गर्दछ । धेरै आप्रवासी श्रमिकहरू सम्पत्तिको मालिक नभएको वा ऋण लिन अन्य कुनै धितो नभएको हुँदा उनीहरूले बैंकबाट ऋण लिन सक्दैनन् र बार्षिक ब्याज दरमा कानुनी सीमा भन्दा चार गुणा बढी ब्याज लिने व्यक्तिहरू खोज्नुपर्ने हुन्छ ।

ऋण कानुनी रूपमा लाद्न सकिंदैन भन्ने कुरा आप्रवासीहरूलाई थाहा हुँदैन तर उनीहरू ऋण चुक्ता गर्नु आफ्नो दायित्वका रूपमा लिने गर्छन् किनभने उनीहरूले आफ्ना परिवारका सदस्य वा समुदायका सदस्यहरूबाट नै सापटी लिएका हुन्छन् । वास्तवमा अन्तर्वार्ता दिने धेरैले ऋण चुक्ता गर्ने कुरालाई एउटा बलियो सामाजिक दायित्वका रूपमा महसुस गरे ।

आफ्नो आप्रवासका लागि आवश्यक रकम उठाउन अन्तर्वार्ता दिनेमध्ये बहुमतले धेरै ऋण लिएका थिए र त्यसमा रोजगारीमा जाँदा लाग्ने खर्च सहित परिवारका लागि पहिलो केही महिनाको खर्चका रूपमा केही थप रकम समावेश थियो । अन्तर्वार्ता दिने मध्ये केहीले आफ्नो जमिन विक्री गर्ने वा आफ्ना अभिभावकबाट सापटी लिएका थिए, तर ६० मध्ये ५४ जनाले १५ देखि ६० प्रतिशत बार्षिक ब्याज लिने व्यक्तिहरूबाटै आफूहरूले ऋण लिएको एम्नेस्टी इन्टरनेसनललाई बताए ।

काठमाडौंस्थित इजरायली दूतावासका लागि जुन २००८ देखि फेब्रुअरी २०११ सम्म तीन हजार सम्भावित केयरगिभरहरूको अन्तर्वार्ता लिएको एक स्रोतले आप्रवासीहरूको ऋण र त्यसलाई चुक्ता गर्नुपर्ने दायित्व नै उनीहरूलाई शोषण र जबरजस्ती श्रमको जोखिम बढाउने प्रमुख कारक तत्वहरू भएको सङ्केत गऱ्यो :

> *"अत्यधिक सेवा शुल्क यी केयरगिभरहरूका लागि समस्याको प्रमुख स्रोत हो । नियुक्ति प्रक्रियामा उनीहरूको शोषण गर्न इजरायली वैदेशिक रोजगार कम्पनीहरूले नेपाली कम्पनीसँग हातेमालो गरे । सम्भावित केयरगिभरहरूको अन्तर्वार्ता लिएको मेरो व्यक्तिगत अनुभवमा उनीहरूले औसतमा ७,००० देखि १० हजार अमेरिकी डलर तिरेका छन् । उनीहरूले धेरै ऋण लिने, जमिन विक्री गर्ने आदि गरेका छन् । रकम यति धेरै हुन्छ कि कसैलाई इजरायल पठाउन सम्पूर्ण गाउँको संयुक्त प्रयासमा आफूले गरेको बचत योगदान गर्नुपर्ने हुन्छ । त्यसैकारण केयरगिभरले पैसा फिर्ता गर्ने र बचतसहित फर्कने सम्पूर्ण गाउँकै जिम्मेवारी आफ्नो काँधमा रहेको महसुस गर्दछन् ।"*[९९]

सामान्यतयाः आप्रवासी श्रमिकहरूले आवेदन प्रक्रियाको सुरुमै पैसा सापट लिन्छन् । एफइएएन अध्यक्ष प्रेमबहादुर कटुवालका अनुसार वैदेशिक रोजगारका लागि प्रारम्भिक आवेदन र प्रस्थानबीचको पर्खनु पर्ने समय देशअनुसार फरकफरक हुने भए तापनि सामान्यतयाः एकदेखि तीन महिना लाग्ने गर्दछ ।[१००]

यद्यपि एम्नेस्टी इन्टरनेसनललाई अन्तर्वार्ता दिने दुई जनाले नियुक्ति शुल्क भुक्तानी गरेपछि वैदेशिक रोजगारका लागि प्रस्थान गर्नु पूर्व क्रमशः १६ महिना र डेढ बर्ष[१०१] पर्खनु परेको बताए भने छ जनाले पाँचदेखि १३ महिना प्रस्थानका लागि पर्खनुपरेको जानकारी दिए । ती आठ जनाका कुनै पनि कम्पनीले

९९ एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं २७ नोभेम्बर २०१० ।

१०० एफइएएनका अध्यक्ष प्रेमबहादुर कटुवालबाट प्राप्त प्रत्राचार, २९ जुन २०११ ।

१०१ *पीएससँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा २३ सेप्टेम्बर २०१० र *एनएससँग* ४ अक्टोबर २०१०, काठमाडौं ।

नियुक्ति शुल्क फिर्ता गर्ने प्रस्ताव राखेनन् । लामो पर्खाइले पक्कै पनि आप्रवासी श्रमिकहरूको ऋणको भार बढाउने काम गर्छ र आफ्नो ऋण तिर्न सुरु गर्न आतुर हुने भएकोले शोषणजन्य काम अस्वीकार गर्न उनीहरूलाई झनै कठिन हुँदै जाने गर्छ । अगस्ट २०१० मा फर्केका नुवाकोटका ३० बर्षीय *एनएस* भन्छन् :

*"म पहिला एउटा वैदेशिक रोजगार कम्पनी मार्फत रोजगारीका लागि मकाउ जानुपर्ने थियो तर त्यो सम्भव भएन । सुरुमा मैले कम्पनीलाई रु. २ लाख १३ हजार दिए जुन रकम मैले नातेदारहरूबाट २४ प्रतिशत ब्याजमा लिएको थिएँ । डेढ बर्षको पर्खाइपछि कम्पनीले मलाई लिबिया पठाइदिने प्रस्ताव गऱ्यो । त्यसपछि पुनः नातेदारहरूबाट २४ प्रतिशत ब्याज दरमा सापटी लिएर मैले थप एक लाख दिएँ । हालसम्म रु. एक लाख ५० हजार मात्र फिर्ता गरेँ र त्यसका लागि मलाई दुई बर्ष लागिसक्यो ।"*

*एनएस*का अनुसार उनको वैदेशिक रोजगार कम्पनीले पैसा फिर्ता दिन अस्वीकार गऱ्यो र अर्को वैदेशिक रोजगार उपलब्ध गराइदिने प्रस्ताव राख्यो । उनलाई नयाँ रोजगारी स्वीकार्नु बाहेक आफूसँग अर्को विकल्प नरहेको महसुस भयो ।[१०२]

अन्य घटनाहरूमा नियुक्तिकर्ताले गरेको वाचा विपरीत आप्रवासीहरूलाई गन्तव्य मुलुकमा पुग्नासाथ काम दिइएन र निकै लामो समय पर्खनु पऱ्यो । यसबीच ऋण भने उकालो लाग्न थाल्यो । यो पर्खाइको समयलाई निड्सको सर्वेक्षण २००९ मा अभिलेख गरिएको छ :

*"गन्तव्य मुलुकहरूमा कार्यरत करिव २२ प्रतिशत आप्रवासीहरूले र फर्केका आप्रवासीमध्ये ३६ प्रतिशतले पनि त्यहाँ पुग्नासाथ काम पाएनन् । काम पाउन उनीहरूले औसतमा ४.८२ हप्ता पर्खनुपऱ्यो । केवल ०.८ प्रतिशतले मात्र त्यहाँ पुग्नासाथ काम पाए र बहुमत (५८ प्रतिशत) ले दुई हप्ता भित्र काम पाए ।*[१०३]

ढिलाइको कारण नेपालमा वा गन्तव्य मुलुक जहाँ भए तापनि यसले ऋणको भारमा उल्लेखनीय वृद्धि गर्दछ र धेरै आप्रवासी श्रमिकहरू आफ्नो ऋण चुक्ता गर्न नसकेर किन घर फर्कन्छन् भन्ने कुरालाई पनि स्पष्ट पार्ने काम गर्दछ ।

अत्यधिक ब्याजदरमा लिएको ऋण चुक्ता गर्नुपर्ने भार आफूलाई सुरुमा प्रस्ताव गरेको कामको प्रकृति र तलब, यथार्थमा कम्पनीले ढाँटेको कुरा थाहा पाउँदा पाउँदै पनि आप्रवासी श्रमिकहरूले किन काम गरिरहन्छन् भन्ने एउटा प्रमुख कारण हो । एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानका क्रममा १६ जना आप्रवासीहरूले यो कुरा सही भएको बताए जसमा दुई जनाले प्रस्थान गर्नु पूर्व नै आफू ठगिएको थाहा पाएका थिए ।[१०४] काठमाडौंका २९ बर्षीया *एसएन* त्यसलाई थप व्याख्या गर्छिन् :

*"मैले साइप्रसमा एउटा बेकरीमा काम पाएँ र रोजगारी सेवा शुल्क तिर्न मेरो अभिभावकले ३५ हजार ऋण लिनु भयो । एजेन्सीले मैले महिनामा ५०० यूरो (७२० अमेरिकी डलर) पाउने वाचा*

---

१०२ *एनएस*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं ४ अक्टोबर २०१० ।

१०३ जगन्नाथ अधिकार र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११, पृष्ठ ३५ ।

१०४ यो अन्तर्वार्ताका क्रममा सोधिएको पूर्व निर्धारित प्रश्न होइन । त्यसैकारण आप्रवासी श्रमिकहरूले अन्तर्वार्ताका क्रममा यो सवाल उठाएको अवस्थामा मात्र यो तथ्याङ्क उपलब्ध भएको छ ।

> *गऱ्यो तर मैले एयरपोर्टमा सम्झौतापत्र पाउँदा मैले घरेलु श्रमिकको काम गर्ने र मेरो तलब केवल १५० यूरो (२१५ अमेरिकी डलर) हुने थाहा पाएँ । एजेन्सीले मलाई ढाँटेको भए पनि मैले त्यहाँ गर्न सक्ने केही थिएन । मैले त्यसका बाबजुद जानै पर्दथ्यो किनभने त्यति ठूलो ऋण मैले अन्य कुनै पनि उपायले तिर्न सक्दिन थिएँ ।"*[१०५]

एनएएफइएका पूर्व अध्यक्ष एवं एक वैदेशिक रोजगार कम्पनीका प्रमुख तिलक रानाभाटले पुरुष भन्दा महिला आप्रवासी श्रमिकहरूलाई बैंक वा व्यक्तिहरूबाट ऋण प्राप्त गर्न बढी कठिन रहेको विचार व्यक्त गर्नुभयो ।[१०६] यो विचार महिला आप्रवासीहरूसँग एम्नेस्टी इन्टरनेसनलले गरेको अन्तर्वार्ताहरूसँग मेल खान्छ । यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका २३ जना महिला आप्रवासी श्रमिकहरूमध्ये केवल एक जनाले मात्र व्यक्तिबाट सापटी लिएकी थिइन् भने सात जना महिलाहरू आफ्नो आप्रवासनको खर्च आफ्ना अभिभावक वा नातेदाहरूको आर्थिक सहयोगबाट उठाए । दुई जनाको हकमा भने दलालहरू आफैँले व्यक्तिहरूबाट प्रचलित उच्च ब्याजदरमा ऋण उपलब्ध गराइदिए । यो कुरा सुनसरीकी *एससी*का लागि लागु हुन्थ्यो :

> *"रु ३० हजारको रोजगारी सेवा शुल्क तिर्न मेरो दलालले विभिन्न व्यक्तिहरूबाट सापट लिइदिइन् । तर अन्त्यमा मैले त्यो रकमको दोब्बर चुक्ता गर्नुपऱ्यो ।"*[१०७]

घरेलु कामका लागि नियुक्ति पाएका अन्य सात जना महिलाहरूलाई उनीहरूको दलालले रोजगारी सेवा शुल्क उनीहरूले काम सुरु गरेपछि तिर्न सक्ने बताए ।

यी महिलाहरूले रोजगारी सेवा शुल्क अग्रिममै तिर्नु नपरेको तथ्यले करकापको एउटा माध्यमलाई हटाइदिने काम गर्छ । यद्यपि आप्रवासी घरेलु श्रमिकको हकमा भने हिंसा, धम्की, र हिँडडुलमा पाबन्दीको माध्यबाट जबरजस्ती श्रम प्रदान गर्न बाध्य हुन्छन् । (हेर्नुहोस् भाग ७.४ र ७.५) हिँडडुल गर्ने पाउने स्वतन्त्रतामाथि लगाइएको पाबन्दी (पहिचानसम्बन्धी कागजपत्र कब्जा गर्ने र कार्यस्थलमा थुनेर राखिने) का कारण धेरै घरेलु श्रमिकहरूले आफ्नो कामबाट फिर्ता हुन सक्दैनन् । उनीहरू भागेमा नियमित भिसाको हैसियत समाप्त भई पक्राउ र देश फिर्ती हुनसक्छ ।

विदेशमा रहँदा ऋण चुक्ता गर्न असफल भएको अवस्थाले धेरै आप्रवासी श्रमिकहरूलाई भविष्यमा पनि वैदेशिक रोजगारी खोज्न बाध्य बनाउँछ किनभने ऋण चुक्ता गर्ने यो उनीहरूका लागि एक मात्र सम्भव उपाय हो । उदाहरणका लागि, धनुषा जिल्लाका ४२ बर्षीय *एवाई* जुलाई २०१० मा साउदी अरेबियाबाट फर्कंदा उनको ऋण अझै बाँकी नै थियो :

> *"मैले विभिन्न व्यक्तिहरूबाट ४८ प्रतिशत ब्याजदरमा ऋण लिएँ । मैले अझै पनि रु. ७० हजार तिर्न बाँकी छ किनभने मेरो एजेन्टले वाचा गरेको भन्दा कम तलब सुविधा मैले पाएँ । दुई महिना अघि मैले मेरो दलालसँग भेटेर मेरो लागि नयाँ वैदेशिक रोजगार खोजी दिन आग्रह गरेको छु ।*[१०८]

---

१०५ *एसएन*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं १९ सेप्टेम्बर २०१० ।

१०६ एनएएफइएका पूर्व अध्यक्ष तिलक रानाभाटसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं २६ नोभेम्बर २०१० ।

१०७ *एससी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, सुनसरी १४ डिसेम्बर २०१० ।

१०८ *एवाई*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा २४ सेप्टेम्बर २०१० ।

## ६.३ वैदेशिक रोजगार कम्पनीहरुको दायित्वहरू

वैदेशिक रोजगार ऐन, २०६४ (ऐन) र वैदेशिक रोजगार नियमावली, २०६४ (नियमावली) ले वैदेशिक रोजगार कम्पनीको स्थापना र त्यसको जिम्मेवारीहरूसम्बन्धी निर्दिष्ट निर्देशिका प्रदान गर्दछन् । उदाहरणका लागि नेपालमा सञ्चालित प्रत्येक वैदेशिक रोजगार कम्पनी विभागमा दर्ता हुन र अनुमति (लाइसेन्स) प्राप्त गर्न आवश्यक छ (दफा १०) । लाइसेन्स् प्राप्त गर्न प्रत्येक वैदेशिक रोजगार कम्पनीले अनिवार्य रूपमा रु. ३० लाखको निक्षेप[१०९] राख्न र प्रत्येक बर्ष रु. १० हजार नवीकरण शुल्क भुक्तानी गर्नुपर्छ ।[११०]

विभिन्न गैर सरकारी संस्था र ट्रेड युनियनका प्रतिनिधिहरूले एम्नेस्टी इन्टरनेसनललाई सम्भावित कम्पनीहरूको राम्रोसँग छानविन नहुने गरेको बताए । नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) का आप्रवासी डेस्क प्रमुख समर थापाको भनाइमा :

> *"नेपालमा वैदेशिक रोजगार कम्पनी स्थापना गर्न पूरा गर्नुपर्ने एउटा मात्र आवश्यकता भनेको धरौटी जम्मा गर्नु हो र यो आर्थिक पक्ष बाहेक अन्य कुनै मापदण्ड छैन ।"*[१११]

एक पटक स्थापना भएपछि वैदेशिक रोजगार कम्पनीहरूले ऐनमा उल्लेख गरिएका विभिन्न दायित्वहरू पूरा गर्नुपर्छ, त्यसमा केही देहाय अनुसार रहेका छन् :

### प्रचारप्रसार गर्ने र सम्झौताको विवरण उपलब्ध गराउने

वैदेशिक रोजगारका लागि श्रमिकहरू नियुक्त गर्न ऐनको दफा १५ अनुसार, कम्पनीहरूले "पूर्वस्वीकृतिका लागि" विभागमा विवरण खुलाएर आवेदन बुझाउनुपर्छ, जसमा देहायका जानकारी हुनुपर्नेछ : रोजगारदाता संस्था र देश; कामको प्रकृति र श्रमिकको सङ्ख्या; तलब, बिदा, काम गर्ने दिन र समय, र "त्यस देशको आधिकारिक निकाय वा कूटनैतिक नियोग वा श्रम सहचारी वा उद्योग वाणिज्य संघ वा नोटरी पब्लिकले प्रमाणित गरेको मागपत्र र अधिकारपत्रको मूलप्रति"; रोजगारदाता संस्था र श्रमिकबीचको सम्झौता पत्र र अनुमति प्राप्त कम्पनी र श्रमिकबीचको सम्झौताको प्रति ।

स्वीकृत भएपछि कम्पनीले रोजगारीसम्बन्धी विज्ञापन राष्ट्रिय दैनिक पत्रिकामा कम्तिमा पनि एक हप्ता अगाडिदेखि प्रकाशित गर्नुपर्छ (दफा १६) । स्वीकृति लिने यो प्रक्रिया व्यवहारमा प्रभावकारी छैन किनभने वैदेशिक रोजगार कम्पनीहरूले उपलब्ध गराउने सूचनालाई प्रमाणित गर्ने काम हुँदैन (यस समस्याको उदाहरणका लागि हेर्नुहोस् भाग ७.२) ।

### स्वास्थ्य परीक्षण

ऐनको दफा १९ अनुसार प्रत्येक वैदेशिक रोजगार कम्पनीले आप्रवासी श्रमिक स्वस्थ र तन्दरुस्त छ भनेर प्रमाणित गर्ने स्वास्थ्य प्रमाणपत्र बुझाउनु पर्छ । धेरै गन्तव्य मुलुकहरूले स्वीकृत अस्पताल वा

---

१०९ वा "सात लाख नगद र २३ लाख बराबरको बैंक ग्यारेन्टी" (ऐनको दफा ११ (२)

११० ऐनको दफा १२.३ ले नवीकरण शुल्कको रकमका बारेमा उल्लेख गर्दैन, जुन वैदेशिक रोजगार विभागले १८ मे २०११ म उपलब्ध गराएको हो ।

१११ जिफन्टमा आप्रवासी डेस्कका प्रमुख समर थापासँग एम्नेस्टी इन्टरनेसनलको बैठक, काठमाडौं २ जुन २०११ ।

क्लिनिकमा भएको स्वास्थ्य परीक्षणलाई मात्र मान्यता प्रदान गर्दछन् । राहदानीका लागि आवेदनपूर्व नै सम्भावित आप्रवासी श्रमिकबाट दलालहरूले यस्तो प्रमाणपत्र बुझाउन लगाउँछन् किनभने एक जना दलालले भने जस्तै, "यदि कुनै व्यक्ति (स्वास्थ्य जाँचमा) फेल भएमा राहदानी बनाउने आवश्यकता बाँकी रहँदैन ।"[११२]

आप्रवासी आवेदनकर्ताहरूले आफ्नो स्वास्थ्य परीक्षण प्राय: काठमाडौँमा गराउँछन् किनभने कम्पनीहरूले ग्रामीण क्षेत्रमा गरिएको स्वास्थ्य परीक्षणलाई भरपर्दो मान्दैनन् । त्यस्तो परीक्षणको शुल्क अन्तर्वार्ता दिनेहरूमा फरकफरक थियो, जसमा रु. एक हजारदेखि रु. ३,५०० सम्म रहेको र यो प्राय रोजगार सेवा शुल्कका अतिरिक्त अलग्गै तिनुपर्ने हुन्छ ।

केही आप्रवासी श्रमिकहरूले आफूहरूलाई दुई फरकफरक जाँच गर्न लगाएको एम्नेस्टी इन्टरनेसनललाई बताए, एउटा आफ्नो जिल्लामा र अर्को काठमाडौँ आइपुगेपछि । यसको कारणबारे एनएएफइएका उपाध्यक्ष र महाकाली ओभरसिज एजन्सीका प्रमुख त्रिलोक चन्द विश्वास भन्छन् :

> *"यदि त्यो व्यक्तिको बसोबास टाढा छ र हामीले भिसाको आवेदन तत्कालै पेस गर्नुपर्ने छ भने आवेदनको प्रक्रिया समयमै अगाडि बढाउन सकियोस् भनेर जिल्लामा गरेको स्वास्थ्य परीक्षणलाई पनि मान्यता दिन्छौँ । तर आप्रवासी श्रमिक काठमाडौँ आएपछि उसले अर्को स्वास्थ्य परीक्षण गरेको मैले निश्चित गर्ने गरेको छु । यदि कुनै श्रमिक नेपालमा गरिएको स्वास्थ्य परीक्षणमा पास भएको थियो तर पछि स्वास्थ्यकै कारणले फर्काइएमा सो स्वास्थ्य केन्द्रले त्यस श्रमिकको सम्पूर्ण रोजगारी सेवा शुल्क फिर्ता गर्नेछ ।"*[११३]

धनुषा जिल्लका एक जना दलालका अनुसार "मलेसिया, कतार र यूएइजस्ता केही देशहरूका लागि स्वास्थ्यसम्बन्धी प्रमाणपत्र नक्कली बनाउन सकिन्छ । साउदी अरेबिया जस्ता कडा नियम भएका देशका लागि भने सम्भव छैन ।"[११४] यस्तो अवस्थामा ऐनको दफा ७२.२ र ७२.३ ले यदि कुनै आप्रवासी श्रमिकले ऐन अनुरूप स्वास्थ्य परीक्षण गर्छ र :

> *"(१) स्वास्थ्य परीक्षण गराई वैदेशिक रोजगारमा गएको व्यक्तिलाई जानीजानी वा लापरवाहीपूर्वक वा बदनियतसाथ गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको कारण स्वदेश फिर्ता हुन परेमा वैदेशिक रोजगारमा जाँदा र फिर्ता हुँदा लागेको खर्च त्यसरी गलत स्वास्थ्य परीक्षण गर्ने संस्थाले व्यहोर्नु पर्नेछ ।*
>
> *(३) उपदफा (२) बमोजिम गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको हो होइन भन्ने सम्बन्धमा निर्णय गर्न तोकिए बमोजिमको विशेषज्ञ समिति रहनेछ ।"*

यद्यपि एनएएफइएको सञ्चालक समितिका दुई जना सदस्य एवं वैदेशिक रोजगार कम्पनीका सञ्चालकहरूले एम्नेस्टी इन्टरनेसनललाई बताए अनुसार गन्तव्य मुलुकमा स्वास्थ्य परीक्षणमा असफल भई कुनै श्रमिक फिर्ता आएमा श्रमिकको स्वास्थ्य परीक्षण गर्ने र सुस्वास्थ्यको रिपोर्ट दिने स्वास्थ्य केन्द्रका लागि जिम्मेवार रहेको चिकित्सक संघले रु. ५० हजार देखि ६० हजारसम्म मात्र क्षतिपूर्ति

---

११२ *एचआरसँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, जनकपुर २३ सेप्टेम्बर २०१० ।

११३ एनएफइएका उपाध्यक्ष त्रिलोकचन्द विश्वाससँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं २८ नोभेम्बर २०१० ।

११४ *एचआरसँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा २३ सेप्टेम्बर २०१० ।

प्रदान गर्नेछ ।[११५] यो रकम वैदेशिक रोजगार कम्पनीले लिनसक्ने शुल्क (रु. ७० हजार देखि एक लाख २७ हजार) भन्दा निकै कम हो र त्यसमा खर्च भएको रकम (जस्तै काठमाडौँमा रहँदा यातायात र बसोबास, दलालको कमिसन) समावेश छैन ।

साथै यस ऐनअन्तर्गत गरिएको स्वास्थ्य परीक्षण अनुसार राम्रो स्वास्थ्यको प्रमाणपत्र प्राप्त गर्ने अन्तर्वार्ता दिने विभिन्न व्यक्तिहरूले त्यस परीक्षण भन्दा पहिल्यैदेखि आफूमा रहेको स्वास्थ्य समस्याका कारण आफू नेपाल फर्कनु परेको कुरा वैदेशिक रोजगार कम्पनीलाई जानकारी गराए तापनि कुनै क्षतिपूर्ति प्राप्त नगरेको एम्नेस्टी इन्टरनेसनललाई बताए ।

धनुषा जिल्लाका ३० बर्षीय *एसएम* जुलाई २०१० मा मलेसियाको एउटा कारखानामा काम गर्न गए । डेढ महिनापछि स्वास्थ्य जाँचमा असफल भएपछि उनको कम्पनीले सम्झौता रद्द गरी उनलाई नेपाल फिर्ता पठायो :

> *"मेरो छातीमा दाग देखिएको हुनाले म काठमाडौँ फर्कनु पर्‍यो । मैले यहाँ स्वास्थ्य परीक्षण गराउँदा डाक्टरले त्यो मेरो बाल्यकाल देखिको हो र टिबी होइन भने । मलेसिया जानु अघि मैले काठमाडौँमै स्वास्थ्य परीक्षण गराएको थिएँ र त्यहाँको डक्टरले पनि मेरो छातीमा दाग देखिएको बताएका थिए तर मेरो एजेन्टले केही हुँदैन भन्दै मेरो रोजगारदाताहरूलाई पनि नबताउनु भन्यो ।"*

नेपाल फर्केपछि *एसएम*ले दलालसँग आफ्नो पैसा फिर्ता मागे । हवाई टिकट र भिसा शुल्क कटाएर बाँकी रकम फिर्ता गरिदिन र साउदी अरेबियामा उनका लागि काम खोजिदिन मद्दत गर्न दलाल सहमत भयो । यो प्रतिवेदन तयार हुँदासम्म त्यस दलालले आफूले गरेको कुनै पनि वाचा पूरा गरेको थिएन ।[११६]

त्यसैगरी निर्माण मजदुरका रूपमा कतारमा तीन महिना काम गरेपछि जनवरी २०१० मा धनुषा जिल्लाका २० बर्षीय *आरएम* नेपाल फर्के । राम्रो स्वास्थ्य भएको भनी नेपालमा डाक्टरको प्रमाणपत्र प्राप्त गरेको भए तापनि (जसको संयोजन उनको दलालले गरेको थियो) कतारमा गरिएको स्वास्थ्य जाँचमा उनको छातीमा दाग देखिएको र पछि क्षयरोग भनेर प्रमाणित भएपछि उनी चाँडै नेपाल फर्कनु पर्‍यो :

> "कतार जान मैले एक लाख १० हजार रुपैयाँ ६० प्रतिशत ब्याज दरमा एक जना व्यक्तिबाट सापटी लिनुपर्‍यो । जब कतारमा भएको दोस्रो स्वास्थ्य जाँचमा म असफल भएँ, त्यसका कारण काम गुमाएर म नेपाल फर्कनु पर्‍यो । तर मैले सम्पूर्ण ऋण चुक्ता गर्न बाँकी छ । दैनिक ब्याज थपिइरहेको छ ।"[११७]

*आरएम*ले आफ्नो वैदेशिक रोजगार कम्पनी, दलाल वा निरोगिताको प्रमाणपत्र प्रदान गर्ने स्वास्थ्य केन्द्रबाट कुनै पनि सोधभर्ना वा क्षतिपूर्ति पाएनन् । उनी हाल टिबीको उपचार गराइरहेका छन् ।[११८]

---

११५ एम्नेस्टी इन्टरनेसनलको एनएएफइए महासचिव कुमुद खनालसँग अन्तर्वार्ता, काठमाडौं २६ नोभेम्बर २०१० र एनएएफइए महासचिव कमल तामाङसँग २६ नोभेम्बर २०१० काठमाडौंमा अन्तर्वार्ता ।

११६ *एसएम*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा २३ सेप्टेम्बर २०१० ।

११७ *आरएम*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा २३ सेप्टेम्बर २०१० ।

११८ *आरएम*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा २३ सेप्टेम्बर २०१० ।

## अभिमुखीकरण तालिम

ऐनको दफा २७ अनुसार प्रस्थान गर्नु पूर्व सबै आप्रवासी श्रमिकहरूलाई अभिमुखीकरण तालिम प्रदान गरिनुपर्छ ।[११९] नेपाल वैदेशिक रोजगार व्यवसायी संघ (एनएएफइए) को आचार संहितामा "वैदेशिक रोजगारीमा पठाउनुपूर्व श्रमिकलाई आवश्यक प्रशिक्षण दिइनु पर्दछ"[१२०] भनी उल्लेख गरिएको छ ।

यो तालिमले आप्रवासको प्रक्रियाको सहजीकरण गर्ने र गन्तव्य मुलुकमा आफ्नो अधिकार र दायित्वका बारेमा नेपाली आप्रवासी श्रमिकहरूले बुझेको सुनिश्चित गर्नुपर्छ । सीपमूलक तालिम आवश्यकता पर्ने कामका लागि श्रमिक नियुक्त भएको अवस्थामा ऐनको दफा ३० मा त्यस्तो तालिम पनि स्वीकृत संस्थाबाट लिइनुपर्ने उल्लेख गरिएको छ ।[१२१]



**फोटो ८ : स्काई ओभरसिज नामक वैदेशिक रोजगार एजेन्सी, काठमाडौँमा प्रस्थानपूर्वको अभिमुखीकरण तालिम हुँदै (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

विभागमा दर्ता भएका ५७ वटा कम्पनीहरू रहेका छन्, जसले ऐनको दफा २७ मा व्यवस्था भए अनुसारको श्रमिकहरूका लागि प्रस्थान पूर्व अभिमुखीकरण तालिम प्रदान गर्ने आधिकारिकता प्राप्त गरेका छन् । यद्यपि अन्तर्वार्ताका क्रममा उत्तर दिने ३८ मध्ये ३१ जनाले आफूहरूलाई अभिमुखीकरण तालिम लिन प्रस्ताव नगरिएको एम्नेस्टी इन्टरनेसनललाई बताए ।

---

११९ "आवश्यक तालिम लिनुपर्ने : वैदेशिक रोजगारमा जानु अघि कुनै पनि श्रमिकले प्रस्तावित गरेअनुसार विभागबाट भाग २८ अनुरूप स्वीकृति प्राप्त गरेको संस्थाबाट अभिमुखीकरण तालिम लिनुपर्नेछ ।"

१२० एनएएफइएको आचार संहिता विसं २०६२ (२००५), ९ नोभेम्बर २००५ । http://www.nafea.org.np/index.php?linkId=35, मा उपलब्ध १७ नोभेम्बर २०११ मा हेरिएको ।

१२१ "सीपमूलक तालिम लिनुपर्ने : वैदेशिक रोजगारमा सीपमूलक तालिमको आवश्यकता पर्ने कामका लागि विदेश जानु अघि कुनै पनि श्रमिकले नेपाल सरकारबाट मान्यता प्राप्त गरेको संस्थाबाट त्यस्तो तालिम लिनुपर्नेछ ।"

अनिवार्य रूपमा लिनु पर्ने अभिमुखीकरण तालिम बिना किन यति धेरै आप्रवासी श्रमिकहरू विदेश गइरहेका छन् भनी एम्नेस्टी इन्टरनेसनलले विभागसमक्ष प्रश्न गर्दा, त्यस सम्बन्धी उजुरी विभागमा प्राप्त नभएको उत्तर आयो :

*"तालिम र प्रमाणपत्र विना नै अनुमति प्राप्त गरेका श्रमिकहरूका बारेमा आधिकारिक वा भरपर्दो उजुरी आएको छैन । अभिमुखीकरणमा संलग्न संस्थाहरूको विभाग र वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड सचिवालयका अधिकारीहरूमार्फत् हामीले संयुक्त रूपमा अनुगमन गरिरहेका छौँ ।"*[१२२]

नोभेम्बर २०१० मा लिबियाबाट फर्केका ४६ जना आप्रवासी श्रमिकहरूको पनि एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लियो । यस समूहका एक जना सदस्यको भनाइ अनुसार उनीहरूको वैदेशिक रोजगार कम्पनीले कसरी कानुनी आवश्यकतालाई लगातार रूपमा उपेक्षा गरेको प्रमाण प्रस्तुत गर्दछ र त्यस्तो तालिम प्रदान गरिएको अवस्था पनि विषयवस्तुमा मानव अधिकार र श्रम अधिकार वा अधिकारहरूको हनन् भयो भने कसरी उपचारहरू प्राप्त गर्ने भन्ने बारेमा निकै कम विषयहरू समेटिएको थियो ।

*"हामी केहीले अभिमुखीकरण तालिम लियौँ भने अन्यले लिएनन् । त्यो हामी प्रस्थान गर्नु डेढ महिना अगाडि आयोजना गरिएको थियो । प्रत्येक दुई दिनमा एकएक घण्टाको तालिम हुन्थ्यो । उनीहरूले हामीलाई एचआईभी एड्सका बारेमा, विमानस्थलको अध्यागमनमा केकस्तो हुने गर्छ र हवाइजहाज भित्र कसरी खाने आदि बारेमा हामीलाई जानकारी प्रदान गरे । हामीलाई लिबियाका बारेमा थाहा भएको एउटा मात्र कुरा भनेको यो अफ्रिका महादेशमा पर्छ भन्ने थियो ।"*[१२३]

डिसेम्बर २०१० मा एम्नेस्टी इन्टरनेसनलले नेपालको सुदूरपश्चिमाञ्चल क्षेत्रको कैलाली जिल्लामा वैदेशिक रोजगारबाट फर्केका १६ जनाको अन्तर्वार्ता लियो । त्यसमा १२ जना सन् २००७ मा ऐन लागु भएपछि सन् २००८ र २०१० को बीचमा नेपाल विदेश गएका थिए । यद्यपि यी मध्ये कसैले पनि प्रस्थानपूर्व कुनै पनि प्रकारको तालिम लिएका थिएनन् । धेरैले उनीहरू त्यस्तो तालिम पक्कै पनि लिने र यो महत्वपूर्ण भएको महसुस गरे ।

त्यसैगरी यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका १७ जना घरेलु श्रमिकहरूमध्ये कसैले पनि कुनै पनि प्रकारको अभिमुखीकरण तालिम पाएका थिएनन् । गन्तव्य मुलुकका बारेमा आफूलाई केही पनि थाहा नभएको भन्ने उत्तर सबैको समान थियो तर केहीलाई भने घरेलु कामसम्बन्धी केही जानकारी प्रदान गरिएको थियो । यो सन् २००९ मा निड्सले गरेको सर्वेक्षणको निष्कर्षसँग मेल खाने थियो जसमा फर्कने ७७ प्रतिशत आप्रवासीहरूले कुनै पनि प्रकारको प्रस्थानपूर्व अभिमुखीकरण तालिम नलिएको पाइएको थियो ।[१२४]

यद्यपि इजरायलमा नियुक्त केयरगिभरहरूले भने केही अभिमुखीकरण तालिम प्राप्त गर्ने बढी सम्भावना रहेको अन्तर्वार्ताहरूले सङ्केत गर्‍यो । यससम्बन्धमा बाजुरा जिल्लाकी ३८ बर्षीया *केजी*को देहायको विचार रहेको छ :

---

१२२ वैदेशिक रोजगार विभागले १८ मे २०११ म उपलब्ध गराएको सूचना ।

१२३ ४६ जना आप्रवासी श्रमिकहरूसँग एम्नेस्टी इन्टरनेसनलको सामूहिक अन्तर्वार्ता, काठमाडौँ, २ डिसेम्बर २०१० ।

१२४ जगन्नाथ अधिकार र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११, पृष्ठ ३५ ।

> *"इजरायल जानु अघि, मैले एक महिना लामो अभिमुखीकरण तालिम लिएँ र त्यसका लागि मैले रु. ३० हजार तिर्नु पर्‍यो ।[१२५] यहाँ मैले इजरायली भाषा, संस्कृति र केयरगिभरका रूपमा मेरो कामका विभिन्न पक्षहरूका बारेमा जान्ने मौका पाएँ ।" [१२६]*

## रोजगारी करारनामा

ऐनको दफा २५.१ अनुसार प्रस्थान गर्नु अघि प्रत्येक आप्रवासी श्रमिकले गन्तव्य मुलुकको रोजगारदातासँग भएको रोजगारी करारनामा पत्रका साथै नेपालको वैदेशिक रोजगार कम्पनीसँगको लिखित सम्झौतापत्र प्राप्त गर्नुपर्छ र त्यसमा "रोजगारीका सर्त र दुवै पक्षले पालना गर्नुपर्ने सर्तहरू" उल्लेख भएको हुनुपर्छ । त्यस्ता सर्त र तलबमानका प्रावधानहरूका बारेमा श्रमिकले स्पष्टसँग बुझेपछि मात्र करारनामामा सहमति हुनेछ ।

आप्रवासी श्रमिकहरूले श्रम शोषण वा उनीहरूका अधिकारका अन्य उल्लङ्घनहरूको सामना गर्नु नपरेको सुनिश्चित गर्न यो प्रावधान स्पष्ट रूपमा महत्वपूर्ण छ । यद्यपि वैदेशिक रोजगार कम्पनीहरू आप्रवासी श्रमिकहरूलाई लिखित सम्झौतापत्र प्रदान गर्न लगातार असफल हुने गरेका छन् । वास्तवमा विदेशमा रहँदा समस्याहरूको सामना गर्नु परेको बारेमा एम्नेस्टी इन्टरनेसनललाई बताउने अन्तर्वार्ता दिने ६२ जना मध्ये २७ जनाले आफूले सम्झौतापत्र नपाएको जानकारी दिए । निड्सको सर्वेक्षण २००९ मा पनि अन्तर्वार्ता लिइएका स्वदेश फर्केकाहरूमध्ये आधाले आफूसँग सम्झौता पत्र नभएको बताएका थिए ।[१२७]

एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएको १७ जना घरेलु श्रमिकहरू मध्ये एक जना (साइप्रसमा काम गर्ने) ले मात्र सम्झौतापत्र पाएकी थिइन् । खाडी मुलुकहरूमा काम गरेका १३ जना घरेलु श्रमिकहरूमध्ये कसैले पनि सम्झौतापत्र पाएका थिएनन् । उदाहरणका लागि आठ महिना घरेलु काम गरेर कुवेतबाट स्वदेश फर्केकी सुनसरी जिल्लाकी ३० बर्षीया *केआर*ले प्रस्थान गर्नु अघि दलाले उनलाई केके दिए भन्ने बारेमा यस्तो व्याख्या गरिन् :

> *"दिल्लीको एयरपोर्टमा मेरो दलालले मलाई मेरो पासपोर्ट, हवाई टिकट र भिसा दियो । मलाई उसले सम्झौतापत्र दिएन र मैले काम गर्ने परिवारको नाम एउटा कागजको टुक्रामा लेखेर दियो ।"[१२८]*

प्रस्थान गर्नु अगावै आप्रवासी श्रमिकहरूलाई उनीहरूको काररनामा नदिनु पछाडि खासै कुनै तर्क छैन किनभने "पूर्व स्वीकृति" का लागि वर्क परमिट प्राप्त गर्न त्यसको प्रतिलिपि त्यस प्रक्रियाको सुरुमै विभागमा बुझाउनु पर्छ (ऐनको दफा १५) । त्यसैगरी मुलुक बाहिर कामका लागि जान अध्यागमनबाट आप्रवासी श्रमिकको राहदानीमा आवश्यक पर्ने श्रम स्टिकर प्राप्त गर्न पनि वैदेशिक रोजगार कम्पनीहरूले "रोजगारदाता संस्था र श्रमिकबीच भएको सम्झौतापत्र" बुझाउनुपर्छ (ऐनको दफा १९) । यो कम्तिमा पनि उनीहरू प्रस्थान गर्नु एकदेखि तीन महिना अगाडि हुने गर्छ ।

---

१२५ आप्रवासी श्रमिकहरूले सामान्यतया रु. ७०० तिर्ने गर्छन् । अन्य गन्तव्य मुलुकहरू भन्दा इजरायलमा केयरगिभरहरूले पाउने तलब धेरै हुने हुँदा त्यहाँ जानेहरुको अभिमुखीकरणको शुल्क उच्च हुन्छ ।

१२६ *केजी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं १७ डिसेम्बर २०१० ।

१२७ जगन्नाथ अधिकार र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११, पृष्ठ ३५ ।

१२८ *केआर*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, सुनसरी १४ डिसेम्बर २०१० ।

लिखित सम्झौतापत्र प्राप्त गर्ने आप्रवासी श्रमिकहरूले प्रायः प्रस्थान गर्नु केही दिन वा विमानस्थलमा केही घण्टा अगाडि आफ्नो राहदानी, कामको भिसा र हवाई टिकटका साथ पाउने गर्छन् । यो अवस्थामा आएर त्यस प्रक्रियाबाट बाहिर आउन वा उनीहरूमाथि लादिएको सम्झौता वा वाचा गरिएको भन्दा फरक करारनामका सर्तहरूलाई चुनौती दिन निकै कठिन हुने गर्छ । एनएएफइएका अध्यक्ष सोमलाल बटाजु यस प्रचलनलाई सही ठहऱ्याउनुहुन्छ :

> *"हामी आप्रवासी श्रमिकहरूलाई उनीहरूको पासपोर्ट, कामगर्ने भिसा, हवाई टिकट र रोजगारी सेवा शुल्कको रसिद उनीहरू काठमाडौंबाट प्रस्थान गर्नु २४ घण्टा अगाडि दिने गर्छौं । २४ घण्टाको समय पर्याप्त हुन्छ नत्र भने यी श्रमिकहरूले ती काजगपत्र हराउने बढी समय र अवसर प्राप्त गर्नेछन् । त्यसैले त्यसरी नै सुरक्षित रहन्छ ।"*[१२९]

आप्रवासी श्रमिकहरूलाई रोजगारको सम्झौतापत्रको प्रति उपलब्ध गराउँदा पनि त्यो प्रायः विदेशी भाषामा हुने गर्छ र त्यस श्रम सम्झौताको लिखित अनुवाद उपलब्ध गराउने कम्पनी वा दलालले खासै प्रयास गर्दैनन् ।

श्रमिकले नेपाली भाषामा सम्झौतापत्र प्राप्त गर्नुको महत्वलाई वैदेशिक रोजगार ऐनमा स्वीकार गरिएको छ । वास्तवामा ऐन अनुसार कम्पनीहरूले सम्झौतापत्रको अनुवाद गराउनुपर्छ । दफा २५.२ अन्तर्गत वैदेशिक रोजगार कम्पनीका अतिरिक्त विभाग आफैँले पनि आप्रवासी श्रमिकहरूलाई उनीहरूको सम्झौतापत्र नेपाली भाषामा उपलब्ध गराउनुपर्दछ :

> *"इजाजतपत्रवालाले उपदफा (१) (श्रम सम्झौता) बमोजिमको करार नेपाली भाषामा अनुवाद गरी दुई प्रति विभाग समक्ष पेस गर्नु पर्नेछ र विभागले ती प्रतिहरूलाई प्रमाणित गरी एक प्रति विभागमा राख्नु पर्नेछ र अर्को प्रति श्रमिकलाई उपलब्ध गराउनु पर्नेछ ।"*

यद्यपि विभिन्न वैदेशिक रोजगार कम्पनीहरूसँग भएका अन्तर्वार्ताहरूले यो आवश्यकता हाल पूरा नभइरहेको पुष्टि गर्छन्, जुन कुरा एनएएफइएका पूर्व अध्यक्ष तिलक रानाभाटले पनि यहाँ उल्लेख गर्नुभएको छ :

> *"सबै विदेशी श्रम सम्झौताहरू अङ्ग्रेजीमा हुन्छन् । हामी त्यसलाई आप्रवासी श्रमिकहरूका लागि मौखिक रूपमा अनुवाद गरिदिन्छौं । ऐनले सम्झौतापत्र नेपालीमा अनुवाद गरिनुपर्ने उल्लेख गरे तापनि त्यो लागु भएको छैन त्यसैले वैदेशिक रोजगार कम्पनीहरूले मूल प्रतिमात्र बुझाउनुपर्छ जुन अङ्ग्रेजीमा हुन्छ । यो आवश्यकतालाई लागु गर्ने हो भने यसले विभागका लागि ढिलाइ र समस्याहरू निम्त्याउँछ किनभने उनीहरूले हरेक अनुवादको प्रमाणित गराउनु पर्ने हुन्छ ।"*[१३०]

एम्नेस्टी इन्टरनेसनलको मे २०११ को पत्राचारमा विभागले "हामीले त्यस प्रावधानलाई नियमित रूपमा लागु गरिरहेको" बताएको थियो ।[१३१] त्यसको अर्को दिन विभागले एक सूचना (नं ४०२७) जारी गरी सबै वैदेशिक रोजगार कम्पनीहरूलाई वैदेशिक रोजगारका लागि आफ्ना आवेदनहरू प्रस्तुत गर्दा श्रम सम्झौताको नेपाली अनुवाद पनि साथै प्रस्तुत गर्नुपर्ने जानकारी दियो । त्यसपछि विभागसँग भएको बैठकमा तत्कालीन महानिर्देशक चन्द्रमान श्रेष्ठ[१३२]ले "अघिल्लो महानिर्देशकको कार्यकालमा श्रम

---

१२९ एनएएफइए अध्यक्ष सोमलाल बटाजुसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं २८ नोभेम्बर २०१० ।

१३० एनएएफइएका पूर्व अध्यक्ष तिलक रानाभाटसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं २६ नोभेम्बर २०१० ।

१३१ वैदेशिक रोजगार विभागबाट प्राप्त पत्राचार, १८ मे २०११ ।

१३२ ४ जुन २०११ मा चन्द्रमान श्रेष्ठको ठाउँमा जन्मजय रेग्मी वैदेशिक रोजगार विभागका महानिर्देशक नियुक्त हुनुभयो । त्यसको दुई हप्तापनि नबित्दै जन्मजय रेग्मीको ठाउँमा नरेन्द्रराज शर्माको नियुक्ति भयो । नोभेम्बर २०११ मा शर्मालाई विभागको महानिर्देशका रुपमा पूर्णचन्द्र भट्टराईले प्रतिस्थापन गर्नुभयो ।

सम्भौता नेपाली भाषामा अनुवाद गरिनुपर्ने आवश्यकतालाई कहिल्यै कार्यान्वयन नगरिएको” स्वीकार गर्नुभयो ।[१३३]

सम्भौतापत्र जुनसुकै भाषामा लेखिएको भए तापनि निरक्षर आप्रवासी श्रमिकहरूसँग कुनै विकल्प रहँदैन र त्यो कागजपत्र पनि प्रस्थान गर्नु अघि विमानस्थलमा उपलब्ध गराइने हो भने कम्पनीले दिने मौखिक अनुवादमा नै भर पर्नु पर्ने हुन्छ । धनुषा जिल्लाका २० बर्षीय *आरएम*ले आफू पढ्न नजान्ने भएकोले कतार पुगेर सँगै काम गर्ने साथीहरूलाई सोधेपछि मात्र उनले आफ्नो तलब कति हो भनेर थाहा पाएको एम्नेस्टी इन्टरनेसनललाई बताए ।[१३४]

## एक भन्दा बढी वा नक्कली सम्भौतापत्र

केही अवस्थामा आप्रवासी श्रमिकहरू एक भन्दा बढी सम्भौतापत्रहरूबाट पीडित बन्ने गर्छन् । अन्तर्वार्ता लिइएका सबै वैदेशिक रोजगार कम्पनीहरू यस बारे परिचित छन् र एनएएफइएका उपाध्यक्ष त्रिलोकचन्द विश्वासका अनुसार यो सबैलाई थाहा भएको र नेपाल सरकारले मान्यता प्रदान गरेको कुरा हो :

> *“नेपाली कानुनअन्तर्गत आप्रवासी श्रमिकहरूका लागि न्यूनतम तलबमान भनेको मासिक १२५ अमेरिकी डलर हो र खानाको सुविधा भएको अवस्थामा यो १०० अमेरिकी डलर हुनसक्छ । आधारभूत तलब यो रकम भन्दा कम भएको अवस्थामा दुई वटा सम्भौता पत्रको प्रयोग हुन्छ । सरकारलाई यसबारेमा जानकारी छ र स्वीकृत गरेको छ । उदाहरणका लागि कतारमा आधारभूत तलब कम्तिमा पनि ७०० कतारी रियाल (१९० अमेरिकी डलर)[१३५] हुनुपर्छ तर त्यति रकम कुनै पनि कम्पनीले दिँदैन । यो प्राय ५०० रियाल (१४० अमेरिकी डलर) जति हुने गर्छ । त्यसैकारण विभागमा बुभ्राइएको मागपत्रमा गलत तलबमान उल्लेख भएको हुन्छ र त्यो सही नभएको जानकारी हुँदा हुँदै सरकारले त्यसलाई अनुमोदन गर्दछ । यसरी आप्रवासी श्रमिक कतारमा दुईवटा सम्भौतापत्रका साथ जान्छ । काठमाडौँमा अध्यागमनबाट बाहिर जान गलत तलबमान भएको नेपाली पदाधिकारीलाई देखाइन्छ भने कतार पुगेपछि सही सम्भौतापत्रको प्रयोग हुन्छ ।”*[१३६]

कतारमा दुई बर्ष निर्माण मजदुरका रूपमा काम गरी अक्टोबर २०१० मा नेपाल फर्केका कैलाली जिल्लाका २९ बर्षीय *एमके*को अनुभवले श्री विश्वासको भनाइलाई पुष्टि गर्दछ :

> *“उड्नु दुई घण्टा अघि मैले मेरो सम्भौता पत्र पाएँ जुन अरबिक भाषामा लेखिएको थियो । मेरो एजेन्टले त्यसलाई मौखिक रूपमा अनुवाद गरिदिए । त्यसमा मेरो तलब महिनाको ९०० कतारी रियाल उल्लेख थियो । त्यसपछि उसले मलाई अर्को सम्भौतापत्र दियो र त्यसमा हस्ताक्षर गर्न लगायो । यसमा मेरो तलब ५०० रियाल (१४० अमेरिकी डलर) मात्र थियो र कम्पनीको नाम*

---

१३३ १२६ वैदेशिक रोजगार विभागका तत्कालीन महानिर्देशक चन्द्रमान श्रेष्ठसँग एम्नेस्टी इन्टरनेसनलको बैठक, काठमाडौं २३ मे २०११ ।

१३४ आरएमसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा २३ सेप्टेम्बर २०१० ।

१३५ हाल कतारी रियाल ६००, हेर्नुहोस् तालिका ४ ।

१३६ एनएएफइएका उपाध्यक्ष त्रिलोकचन्द विश्वाससँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं २८ नोभेम्बर २०१० ।

*पनि फरक थियो । त्यस एजेन्टले मलाई नेपालमा अध्यागमन अधिकारीलाई पहिलो सम्झौतापत्र देखाउन र दोस्रो कतारका लागि भएको निर्देशन दियो ।"*

उनले अन्ततः ५०० कतारी रियालनै पाए र त्यो पनि नियिमित रूपमा दिने गरिँदैनथ्यो ।[१३७]

## ६.४. स्वदेशी विमानस्थलको प्रयोग

ऐन अनुसार आप्रवासी श्रमिकहरूले स्वदेशी विमानस्थल अर्थात् त्रिभुवन विमानस्थलबाटै प्रस्थान गर्नुपर्छ (दफा २२) जसले गर्दा अधिकारीहरूले नेपालबाट बाहिर गएको रेकर्ड राख्न सकून् । यद्यपि श्रम तथा यातायात व्यवस्था मन्त्रालय (श्रम मन्त्रालय) र आप्रवासका लागि अन्तर्राष्ट्रिय सङ्गठन (आइओएम) ले सन् २०१० मा गरेको एक अध्ययनले आप्रवासी श्रमिकहरूको कुल सङ्ख्यामा ४० देखि ५० प्रतिशत अवैधानिक मार्गबाट देश बाहिर गएको देखाएको थियो ।[१३८]

काठमाडौँस्थित स्वदेशी विमानस्थलको प्रयोग महिला आप्रवासी श्रमिकहरूका लागि त्यति सहज छैन र यसको कारण धेरै हदसम्म सरकारले घरेलु कामका लागि खाडी मुलुकमा जान महिलाहरूमाथि लगाएको प्रतिबन्ध वा अनाधिकारिक "निरुत्साहन" हो (हेर्नुहोस् तल) । वैदेशिक रोजगारीबाट फर्केकाहरूसँग काम गर्ने नेपाली गैरसरकारी संस्था पौरखीले कानुनको पालना गरी काठमाडौँको विमानस्थल प्रयोग गरेर वैदेशिक रोजगारमा जाने महिला घरेलु श्रमिकहरूले देश बाहिर जान विमानस्थलमा अध्यागमन कर्मचारीहरूलाई रु. १० देखि ६० हजारसम्मको "सेटिङ् फी" वा घुस दिनुपरेको सयौँ घटनाहरूलाई अभिलिखित रहेको छ ।[१३९]

संयुक्त अरब इमिरेट्सको दुवईमा घरेलु श्रमिकका रूपमा काम गरेकी सुनसरी जिल्लाकी ३० बर्षीया *एसके*ले विमानस्थलमा कुनै झमेला नहोस् भनेर अध्यागमनका कर्मचारीलाई घुस दिनुपरेको बताइन् :

*"काठमाडौंको एयरपोर्टबाट मलाई प्रस्थान गराउन मेरो दलालले विमानस्थल कर्मचारीलाई "सेटिङ् फी" दिनुपऱ्यो तर त्यो रकम कति थियो मलाई थाहा भएन । यो काम मैले अध्यागमन अधिकारीलाई मेरो पासपोर्ट दिनु अगावै भएको थियो ।"*[१४०]


---

१३७ *एमके*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, कैलाली ५ डिसेम्बर २०१० ।

१३८ जगन्नाथ अधिकार र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११, पृष्ठ १० ।

१३९ पौरखीसँग एम्नेस्टी इन्टरनेसनलका बैठकहरू, काठमाडौं २८ नोभेम्बर २०१० र २६ मे २०११ ।

१४० *एसके*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं १० डिसेम्बर २०१० ।




**चित्र ९: सुरक्षित आप्रवास सम्बन्धमा जिफन्टको पोस्टर (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

यो कुरा विगत तीन बर्षदेखि अनुगमनका लागि काठमाडौं विमानस्थलको नियमित भ्रमण गरिरहेकी पौरखी संस्थाकी सेफ हाउस संयोजक मुना गौतमको अनुभवसँग मिल्छ। उहाँले आफ्नो अनुभव यसरी बाँड्नुभयो :

> *"एयरपोर्टमा दलाल र एजेन्टहरूबाट अध्यागमनका अधिकारीहरूसम्म घुस पुऱ्याउने निकै सङ्गठित र व्यवस्थित सञ्जाल रहेको छ । ती अधिकारीहरूलाई प्रत्यक्ष रूपमा घुस दिनेमा वैदेशिक रोजगारमा जाने महिलाहरू आफैं भने हुँदैनन् । ती महिलाहरूले अध्यागमनको नियन्त्रण पार गर्दासम्म उनीहरूलाई रोजगारीमा लैजानेहरूले ती अधिकारीहरूलाई रकम दिइसकेका हुन्छन् र त्यसले गर्दा ती महिलाहरूलाई बिना कुनै समस्या पार गर्न दिन्छन् ।"*[१४१]

## ६.५ महिला आप्रवासका हकमा विभेदकारी प्रावधानहरू

सन् २००९-१० मा नियमित महिला आप्रवासी श्रमिकहरूको आधिकारिक संख्या १०,०५६ जना अर्थात् ३ प्रतिशत मात्र थियो । यद्यपि यो तथ्याङ्कमा महिला आप्रवासीहरूको कुल सङ्ख्याको ८० प्रतिशत हुन आउने अभिलिखित नभएको (अनडकुमेन्टेड) श्रमिकहरू समावेश छैनन् ।[१४२]

---

१४१ पौरखीमा सेफ हाउस संयोजक मुना गौतमसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं २६ मे २०११ ।

१४२ जगन्नाथ अधिकारी र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११, पृष्ठ १० ।

गैरसरकारी संस्था र संयुक्त राष्ट्रसङ्घीय निकायहरूबाट प्रकाशित धेरै भरपर्दा प्रतिवेदनहरूले खाडी मुलुक र मलेसिया जस्ता देशहरूमा घरेलु कामका लागि जाने नेपाली महिला श्रमिकहरूले सामना गर्नु परेको शारीरिक तथा यौन दुर्व्यवहार र जबरजस्ती श्रमको बढ्दो जोखिममाथि प्रकाश पारेका छन् ।

यसै चासोलाई सम्बोधन गर्दै महिला विरुद्ध हुने भेदभाव उन्मूलनसम्बन्धी संरासङ्घीय समितिले नेपालसम्बन्धी प्रतिवेदनमा आफ्नो निष्कर्षका भनाइहरू २०११ मा देहाय बमोजिम समावेश थियो :

> *"नेपाली महिला आप्रवासी श्रमिकहरूको अवस्थाबारे चिन्तित हुँदै र विशेषगरी यौन शोषण, जबरजस्ती श्रम र दुर्व्यवहारप्रतिको उनीहरूको जोखिमता बढाउने गरी ठूलो सङ्ख्यामा नेपाली महिलाहरूको आधिकारिक रूपमा अभिलेखीकरण नभइरहेको; अनौपचारिक क्षेत्रमा उनीहरू केन्द्रित हुने ; प्रस्थान पूर्व सूचना र सीपमूलक तालिम लिएको सुनिश्चित गर्ने तर्फ कम प्रयास चालिने र पक्षराष्ट्र र रोजगार पाउने देश दुवैमा नेपाली महिला आप्रवासी श्रमिकहरूका अधिकारहरूको प्रवर्द्धन तथा संरक्षणका लागि संस्थागत सहयोगको अभाव भइरहेको अवस्थाप्रति चासो व्यक्त गरिएको छ ।"*

समितिले नेपाल सरकारलाई निम्नलिखित कार्यहरू गर्न आग्रह गरेको छ :

> *"(क) महिला आप्रवासको कारणबारे अनुसन्धान गर्ने, महिलाहरूका लागि स्वदेशमै रोजगार र स्वरोजगारका अवसरहरू सिर्जना गर्ने र महिलाहरूका लागि ऋण लिने सुविधाको व्यवस्था गर्ने ;*
> *(ख) सुरक्षित आप्रवासन प्रक्रियाहरूको प्रवर्द्धन गर्ने संयन्त्रहरूको स्थापना गर्ने र आप्रवासनको चक्रभर महिलाहरूको अधिकारको संरक्षण तथा परिपूर्ति गर्ने ;*
> *(ग) प्रस्थानपूर्व व्यवस्थित र विस्तृत अभिमुखीकरण र सीपमूलक तालिमको व्यवस्था गरी त्यसको अनुगमन गर्ने ;*
> *(घ) रोजगार प्रदान गर्ने देशसँग महिला श्रमिकहरूको सुरक्षा सुनिश्चित गर्ने पर्याप्त प्रवाधानहरू सहित द्विपक्षीय सम्झौतामा हस्ताक्षर गर्ने र गन्तव्य मुलुकमा रोजगार अवधिभर महिला आप्रवासी श्रमिकहरूका अधिकारहरूको उल्लङ्घनलाई सम्बोधन गर्ने संयन्त्रहरूको स्थापना गर्ने ;*
> *(ङ) हर्जानाको खोजी गर्ने आप्रवासी महिलाहरूलाई सहयोग प्रदान गर्ने ;*
> *(च) वैदेशिक रोजगारीबाट फर्केकाहरूलाई वैकल्पिक जीविकोपार्जनका अवसरहरूको सिर्जना गरी उनीहरूको पुनःस्थापनलाई प्रवर्द्धन गर्ने ; र*
> *(छ) वैदेशिक रोजगारीको नाममा महिला बेचबिखनलाई प्रोत्साहित गर्ने गैरकानुनी नियुक्ति प्रक्रियामा संलग्नहरूविरुद्ध मुद्दा चलाएर सजाय दिने ।"*[१४३]

महिलाहरूले अधनिकृत मार्गबाट वैदेशिक रोजगारमा जाने प्रयास गर्दा विभिन्न व्यवधानहरूको सामना गर्नु पर्ने हुन्छ । यसमा धेरै देशहरू र विशेषगरी खाडी क्षेत्रमा घरेलु काममा जान प्रतिबन्ध लगाइएको विश्वास, "सेटिङ् फि" र नेपाली अध्यागमन अधिकारीहरूसँगका अन्य सम्भावित समस्याहरू पनि रहेका छन् । त्यस्ता वास्ताविकताहरूले महिला आप्रवासी श्रमिकहरूलाई अनधिकृत मार्ग प्रयोग गर्न प्रोत्साहित गर्दछन् । नेपाल र भारतबीच रहेको खुला सीमानाको फाइदा उठाउँदै दलालहरूले महिला आप्रवासी श्रमिकहरूलाई स्थलमार्गबाट भारत लाने र त्यहाँबाट गन्तव्य मुलुकतर्फ हवाइमार्गबाट जाने व्यवस्था मिलाउँछन् ।

त्यस्ता अनियमित मार्गबाट विदेश जानु भनेको गन्तव्य मुलुकबाट वैध वर्क परिमिट साथमा रहेको भए

---

१४३ महिला विरुद्ध भेदभाव उन्मूलन समितिको नेपालसम्बन्धी समापन टिप्पणीहरू, UN Doc. CEDAW/C/NPL/CO/4-5, २९ जुलाई २०११, अनुच्छेद ३३-३४ ।

तापनि महिलाहरूले शोषण र दुव्यर्वहारको बढ्दो जोखिमको सामना गर्नु पर्ने हुन्छ किनभने उनीहरूको हैसियतलाई अभिलिखित गर्ने नेपालबाट प्राप्त वैदेशिक रोजगारको श्रम स्टिकर उनीहरूको साथमा हुँदैन (हेर्नुहोस् तस्वीर १०) । श्रम स्टिकर साथमा नभएमा आप्रवासी श्रमिकहरूले आफ्नो सरकारबाट पाउने सहयोग सीमित हुन जान्छ । उदाहरणका लागि अभिलिखित नभएका घरेलु श्रमिकहरूले कल्याणकारी कोषमा योगदान नगरेको हुनाले उनीहरू प्रबर्द्धन् बोर्डबाट सहयोग पाउन योग्य हुँदैनन् (हेर्नुहोस् भाग ८.२) ।




**तस्वीर १०: श्रम मन्त्रालयको स्वीकृति प्रमाणित गर्ने राहदानीमा लगाइने श्रम स्टिकर (स्रोत : वैदेशिक रोजगार विभाग)**

**घरेलु कामका लागि आप्रवासनमाथि प्रतिबन्ध वा सर्तहरू**

नेपाल सरकारले महिला आप्रवासी श्रमिकहरूले सामना गर्नु परेका समस्याहरूलाई बुझी उनीहरूको शोषण रोक्ने उद्देश्यले केही कदमहरू चालेको छ । सन् १९९७ देखि २००८ सम्म सरकारले घरेलु श्रमिकका रूपमा वैदेशिक रोजगारका लागि महिला आप्रवासी श्रमिकहरूलाई अनुमति लिनबाट प्रतिबन्ध लगाउने वा सर्तहरू पूरा गर्नु पर्ने व्यवस्था गऱ्यो । सरकारले विदेशमा काम गर्ने नेपाली महिलाहरू विशेषगरी खाडी मुलुकहरूमा घरेलु श्रमिकका रूपमा काम गर्नेहरूलाई शोषण र शारीरिक दुर्व्यवहारबाट संरक्षण गर्न यी कदमहरू आवश्यक रहेको तर्क प्रस्तुत गऱ्यो ।[१४४]

यद्यपि विगत र वर्तमानका सरकारी नीतिहरूले वास्तवमा महिलाहरूले सामना गर्ने जोखिमहरू बढाउने काम गरेको छ । महिलाहरूका लागि घरेलु काममाथि पाबन्दी वा वस्तुत: प्रतिबन्ध (डि फ्याक्टो व्यान्ड) को फलस्वरूप यसले महिलाहरूलाई बढी अवैधानिक मार्गबाट विदेशिन प्रोत्साहित गऱ्यो र यहाँ शोषणको झन् बढी जोखिम रहेको र समस्या समाधान हुनु भन्दा थप बल्झिने काम भएको छ ।

सन् २००७ मा यस ऐनको कार्यान्वयसँगै वैदेशिक रोजगारमा लिङ्गमा आधारित भेदभाव कानुनद्वारा

---

१४४ निडस, *Nepal Migration Year Book 2009*, (नेपाल आप्रवास बर्ष पुस्तक, सन् २००९), सेप्टेम्बर २०१०, http://www.nids.org.np/publications.htm मा उपलब्ध, हेरिएको ७ मार्च २०११ ।

प्रतिबन्धित भयो, जसलाई दफा ८ मा देहाय अनुसार उल्लेख गरिएको छ :

> *"यस ऐन बमोजिम वैदेशिक रोजगारमा श्रमिक पठाउँदा लैङ्गिक विभेद गरिने छैन । तर रोजगारदाता संस्थाबाट पुरुष वा महिला श्रमिकमध्ये कुनै एकको मात्र माग भई आएकोमा प्राप्त मागपत्र बमोजिमका श्रमिक वैदेशिक रोजगारमा पठाउन बाधा पर्ने छैन ।"*

यो महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी संरासङ्घीय महासन्धि (सीड) अनुरूप रहेको छ । यसको धारा १ मा देहाय व्यवस्था गरिएको छ :

> "(...) "महिला विरुद्ध भेदभाव" शब्दावलीले लिङ्गको आधारमा गरिने कुनै पनि विभेद, बहिष्करण वा पाबन्दीलाई जनाउँछ जसको प्रभाव वा उद्देश्य उनीहरूको वैवाहिक स्थितिको अवस्थाका बावजुद महिलाहरूलाई राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक वा अन्य कुनै पनि क्षेत्रमा पुरुष र महिलाबीच समानताको आधारमा महिलाहरूबाट हुने मानव अधिकार र आधारभूत स्वतन्त्रताको मान्यता, उपभोग वा अभ्यासलाई कमजोर बनाउने वा निस्तेज तुल्याउनु रहेको छ ।"

सीडको धारा ११ (१) ले निम्नलिखित व्यवस्था गरेको छ :

> *"पुरुष र महिलाबीच समानताको आधारमा समान अधिकारहरू सुनिश्चित गर्न रोजगारको क्षेत्रमा महिलाविरूद्ध हुने भेदभावलाई उन्मूलन गर्न राज्य पक्षहरूले सबै उपयुक्त कदमहरू चाल्नेछन् र जसमा विशेषगरी देहायका अधिकार समावेश छन् :*
> *(क) सबै मानव जातिको अहरणीय अधिकारका रूपमा काम गर्न पाउने अधिकार ;*
> *(ख) रोजगारको सवालमा छनौटको समान मापदण्डको कार्यान्वयनसहित रोजगारका समान अवसरहरूको अधिकार ; (...)"*

घरेलु कामका लागि विदेश जाने कार्यमा महिलाहरूमाथि हाल कुनै प्रतिबन्ध लागु नभए तापनि एम्नेस्टी इन्टरनेसनलले वैदेशिक रोजगार कम्पनी, दलाल, गैर सरकारी संस्था र आप्रवासी श्रमिकहरूसँग गरेको अन्तार्वार्ता र वैठकहरूले खाडी मुलुकहरूमा घरेलु काममाथि अझै पनि सरकारी प्रतिबन्ध कायमै छ भन्ने कुरा धेरैले विश्वास गरेको सङ्केत गरेको छ । यस्तै प्रतिक्रिया एम्नेस्टी इन्टरनेसनलले एफइएएनका अध्यक्ष प्रेमबहादुर कटुवालसँगको अन्तर्वार्तामा प्राप्त भएको थियो :

> *"हो, हाल लेबानन, साउदी अरेबिया आदि जस्ता धेरै खाडी मुलुकहरूमा घरेलु काममा जानबाट सरकारले प्रतिबन्ध लगाएको छ । यो प्रतिबन्ध सन् १९९४ देखि कायम छ । त्यसैकारण महिलाहरूले भारत हुँदै जानुपर्छ । प्रतिबन्धका कारण मैले खाडी क्षेत्रमा घरेलु कामका लागि एक जना पनि महिला श्रमिक पठाएको छैन ।*[१४५]

प्रतिबन्धसम्बन्धी यस्तो धारणाका कारण प्रेमबहादुर कटुवाल जस्ता धेरै व्यावसायीहरू घरेलु कामका लागि महिलाहरूलाई विदेश पठाउन हिच्किचाउँछन् ।

एम्नेस्टी इन्टरनेसनलसँग मे २०११ को पत्राचारमा विभागले प्रतिबन्धसम्बन्धी सरकारी नीतिलाई स्पष्ट पारेको थियो :

---

१४५ एफइएएनका अध्यक्ष प्रेमबहादुर कटुवालसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं ३१ मे २०११ ।

*"प्रचलित नेपाली कानुन अनुसार नेपाली महिलाहरूलाई विश्वको कुनै पनि देशमा काम गर्न प्रतिबन्ध छैन । तथापि, मध्यपूर्व र अन्य केही देशहरूमा हाउसमेड वा घरेलु श्रमिकका रूपमा कार्यरत नेपाली महिलाहरूको संरक्षणका लागि केही मापदण्ड तोक्ने प्रयासमा छौं किनभने उनीहरू शारीरिक, मानसिक र अन्य तरिकाबाट दुर्व्यवहारको बढी जोखिममा हुने गर्छन् ।"*[१४६]

मे २०११ मा विभागसँग भएको बैठकबाट कुवेतका लागि घरेलु श्रमिक नियुक्त गर्ने रोजगारदाताहरूका लागि काम, कर्तव्य र अधिकारको नयाँ कार्य विवरण (टीओआर)[१४७] तयार भएको थाहा भएको थियो र यो पछि गएर सबै खाडी मुलुकहरूका लागि लागु हुनेछ । अब उनीहरूले न्यूनतम तलबमान (नेपाल सरकारले तोकेको), घरेलु श्रमिकका लागि बिमा, वित्तीय स्रोत र रोजगार, सुरक्षित कार्यस्थलको व्यवस्था र श्रमिकलाई नियमित रूपमा आफ्नो घर र दूतावासमा सम्पर्क गर्न दिने व्यवस्था प्रमाणित गर्ने कागजपत्रहरू बुझाउनु पर्नेछ ।[१४८] यी पूर्व सर्तहरूलाई पालना नगर्ने रोजगारदाताहरूको प्रयासले घरेलु श्रमिकहरूको जोखिमतालाई सम्बोधन गर्नुको सट्टा बढ्दो अनियमित आप्रवास निम्त्याउने हो कि भन्ने बारेमा सरकारले अनुगमन गर्न आवश्यक छ । घरेलु श्रमिकहरूले सामना गर्नु परेका समस्याहरूलाई सम्बोधन गर्ने गरी बढी व्यवाहारिक समाधानका लागि सरकारले द्विपक्षीय रूपमा रोजगारदाता परिवर्तन गर्न पाउने वर्क भिसाका लागि वार्ता गर्नु हुनेछ ।

सन् २००७ यता ऐन कार्यान्वयनमा आए पछि विदेशमा घरेलु काम गर्नमाथि कुनै प्रतिबन्ध नलगाइएको विभागले एम्नेस्टी इन्टरनेसनललाई मे २०११ मा बतायो ।[१४९] यद्यपि प्रतिबन्धका सम्बन्धमा रहेको द्विविधा केही हदसम्म विरोधाभासपूर्ण सरकारी वक्तव्य र अभ्यासहरूका कारण पनि हो । उदाहरणका लागि सेप्टेम्बर २०१० मा *Emirates 24/7* ले "नेपाली महिला घरेलु श्रमिकमाथि लगाइएको प्रतिबन्ध कायमै" शीर्षकमा एउटा लेख प्रकाशित गऱ्यो र त्यसमा यूएईस्थित नेपाली दूतावासका एक जना अधिकारीको देहायको भनाइ उद्धृत गरिएको थियो :

*"हाल खाडी क्षेत्रभर नेपाली महिला घरेलु श्रमिक नियुक्त गर्न प्रतिबन्ध लगाइको छ र यो कायमै रहनेछ । प्रतिबन्ध हटाउनेतर्फ कुनै कदम चालिएको हामीलाई जानकारी छैन ।*[१५०]

झापा जिल्लामा एउटा वैदेशिक रोजगार कम्पनीको शाखा कार्यालयमा कार्यरत एजेन्ट बिष्णुमाया खनाल पनि घरेलु कामका लागि महिलाहरूलाई विदेश जान प्रतिबन्ध लगाइएको कुरामा विश्वास गर्ने धैरै

---

१४६ वैदेशिक रोजगार विभागबाट प्राप्त पत्राचार १८ मे २०११ ।

१४७ "कुवेतममा घरेलु कामका लागि जाने आप्रवासी श्रमिकहरूका लागि निर्देशिकाको ४.१, श्रम मन्त्रालय, २०११, वैदेशिक रोजगार विभागले मे २३, २०११ मा एम्नेस्टी इन्टरनेसनललाई उपलब्ध गराएको ।"

१४८ वैदेशिक रोजगार विभागसँग एम्नेस्टी इन्टरनेसनलको वैठक, काठमाडौँ, २३ मे २०११ ।

१४९ वैदेशिक रोजगार विभागसँग एम्नेस्टी इन्टरनेसनलको वैठक, काठमाडौँ, २३ मे २०११ ।

१५० सुचिता कपुर, "Ban on hiring Nepali maids to stay" (नेपाली महिला घरेलु श्रमिकमाथिको प्रतिबन्ध कायमै), *Emirates 24/7*, ३० सेप्टेम्बर २०१० । http://www.emirates247.com/news/emirates/ban-on-hiring-nepali-maids-to-stay-2010-09-30-1.297543, मा उपलब्ध, हेरिएको २९ जुलाई २०११ । हे. रमेश म्याथ्यू, "Nepal bans recruitment of maids to Gulf" (खाडी क्षेत्रमा नेपाली महिला घरेलु श्रमिकमाथि नेपालको प्रतिबन्ध),, *Gulf Times*, २८ सेप्टेम्बर २००८, http://www.gulf-times.com/site/topics/article.asp?cu_no=2&item_no=244558&version=1&template_id=36&parent_id=16 मा उपलब्ध, २९ जुलाई २०११ मा हेरिएको ।

मध्येकी एक हुन् :

> *"निःशुल्क भिसा भएको कारण हामीले धेरै महिलाहरूलाई घरेलु कामका लागि लेबानन पठाउँथ्यौं । स्वास्थ्य जाँच र हवाई टिकटको पैसा रोजगारदाताले नै तिर्दथ्यो । महिलाहरूले गर्नुपर्ने एउटै काम भनेको उनीहरूले हामीलाई पासपोर्ट दिनु थियो । घरेलु कामका सम्बन्धमा हाम्रो शाखा कार्यालयले पाँच दिनको तालिम निःशुल्क प्रदान गऱ्यो । तर नोभेम्बर २०१० बाट सरकारले लेबाननमा घरेलु कामका लागि हाम्रा आवेदनहरूमा स्वीकृति दिन बन्द गऱ्यो र त्यसैकारण हामीले त्यहाँ अब महिलाहरू पठाउन सक्दैनौं ।"*[१५१]

विभागको प्रतिक्रिया सरकारले लेबाननमा घरेलु श्रमिकहरूलाई जानबाट रोक लगाएको छैन तर "महिला श्रमिकहरूको सुरक्षाका लागि पर्याप्त संस्थागत व्यवस्थाहरूको अभावका कारण" त्यहाँ पहिलो पटक जाने "महिला श्रमिकहरूलाई श्रम स्वीकृति प्रदान गर्न सङ्कोच मान्ने गरेको थियो ।"[१५२]

**आप्रवासका लागि परिवारको स्वीकृति**

कामका लागि विदेश जाने महिलाहरूले विभागमा आफ्नो श्रीमान्, अभिभाव वा अन्य नजिक नातेदारको लिखित सहमति बुझाउनुपर्छ । यसका कारणबारे वैदेशिक रोजगार विभागका तत्कालीन महानिर्देशक चन्द्रमान श्रेष्ठले यसरी व्याख्या गर्नुभयो :

> *"यो आवश्यकतालाई ऐनमा उल्लेख गरिएको छैन किनभने यो दफा ८ अन्तर्गतको अविभेदसम्बन्धी दफा विरुद्ध हुन जान्छ । तर व्यवहारमा भने महिलाहरूको सुरक्षाका लागि हामीले परिवारको स्वीकृति लिने गरेका छौं, किनभने केही दलालहरूले परिवारको सहमति बिनै उनीहरूलाई विदेश पठाउन सक्छन् । पुरुष आप्रवासी श्रमिकहरूका लागि परिवारको सहमति खोज्दैनौं किनभने त्यो आवश्यक छैन, विदेश जान उनीहरूका लागि सुरक्षित छ ।"*[१५३]

महिलाहरूको संरक्षणका नाममा यो व्यवस्था लागु गरिएको भए तापनि यो स्पष्ट रूपमा विभेदकारी छ । साथै विवाह र परिवारमा महिलाहरूको भूमिकासम्बन्धी विद्यमान रूढिवादी सोचमा आधारित छ र त्यो भेदभाव र रूढिवादी सोचलाई झन् बल पुऱ्याउने काम गर्छ । यो नीति र महिला आप्रवासी घरेलु श्रमिकमाथिको वास्तविक वा वस्तुतः प्रतिबन्ध महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको अन्त्य सम्बन्धी महासन्धि (सीड) अन्तर्गत नेपालको दायित्वको पूर्ण रूपमा विपरित छ ।

---

१५१ विष्णुमाया खनालसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १५ डिसेम्बर २०१० ।

१५२ वैदेशिक रोजगार विभागबाट प्राप्त पत्राचार, १८ मे २०११ ।

१५३ वैदेशिक रोजगार विभागका तत्कालिन महानिर्देशक चन्द्रमान श्रेष्ठसँग एम्नेस्टी इन्टरनेसनलको भेट, काठमाडौं, २३ मे २०११

# ७. विदेशमा श्रम

**"जबरजस्ती श्रमको विश्वव्यापी रूपमा निन्दा गरिएको भए तापनि आइएलओको अनुमानमा विश्वभरि कम्तिमा पनि एक करोड २३ लाख मानिसहरू जबरजस्ती श्रमबाट पीडित रहेका छन् । यीमध्ये ९८ लाख मानिसहरूलाई निजी एजेन्टहरूले शोषण गरेका छन् जसमा मानव बेचबिखनका कारण २४ लाख भन्दा बढी जबरजस्ती श्रममा रहेका छन् ।"**

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ)[१५४]

## ७.१. वैदेशिक रोजगार कम्पनीका गलत अभ्यासहरू

वैदेशिक रोजगार कम्पनी वा दलालहरूमार्फत नियुक्त हुने धेरै आप्रवासी श्रमिकहरूलाई उनीहरूको कामका बारेमा गलत वा झुठो जानकारी दिने गरिन्छ । स्वाभाविक रूपमा यो उनीहरूले पाउने तलब, उनीहरू गर्नुपर्ने काम र प्रत्येक दिन काम गर्नु पर्ने समय वा घण्टाका बारेमा हुनेगर्छ । यस्ता खालका धोकाहरू प्राय जबरजस्ती श्रमको चक्रको पहिलो खुड्किलो बन्ने गर्छन् (हेर्नुहोस् भाग ७.३) ।

जबरजस्ती श्रम असुल गर्न सकिने अवस्थामा मानिसहरूलाई पुऱ्याउने नियतका साथ (...) श्रमिकका लागि छनौट गर्ने स्वतन्त्रताबाट बञ्चित गराउने नियुक्तिका गलत अभ्यासहरूमा संलग्न मध्यस्थकर्तालाई निश्चित रूपममा जबरजस्ती श्रमको मतियारका रूपमा लिन सकिने आइएलओले बताएको छ ।"[१५५]

## ७.२ करारनामाका सर्तहरूबारे जालसाँझी

### तलबमान

यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका आप्रवासी श्रमिकहरूले सामना गरेको सबैभन्दा समान समस्या भनेको कामको सर्तसम्बन्धी जालसाँझी रहेको थियो । अन्तर्वार्ता लिइएका १२० जना मध्ये ९८

---

१५४ हेर्नुहोस् http://www.ilo.org/global/standards/subjects-covered-by-international-labour-standards/forced-labour/lang--en/index.htm, हेरिएको ११ सेप्टेम्बर २०११ ।

१५५ आइएलओ, *The cost of coercion*, *Global Report under the follow-up to the ILO Declaration on Fundamental Principles and Rights at Work*, 2009, para38, http://www.ilo.org/wcmsp5/groups/public/@ed_norm/@relconf/documents/meetingdocument/wcms_106230.pdf मा उपलब्ध । हेरिएको २२ नोभेम्बर २०११ ।

जनाले तलबसम्बन्धी विवादको सामना गर्नुपरेको र त्यसमा तलब ढिला दिने वा नदिने रहेको बताए । तलबको भुक्तानी रोकिएपछि श्रमिकहरूले प्रायः आफ्नो बचत चलाउनु पर्ने वा आफ्ना साथी वा श्रमिक साथीहरूबाट सापट लिने वा नेपालमा परिवारका सदस्यहरूलाई सम्पर्क गरी पैसा पठाउन आग्रह गर्न बाध्य हुने गर्छन् ।

अन्तर्वार्ता दिनेमध्ये धेरैले आफूलाई पहिला वाचा गरिए अनुरूपको तलब नदिएको एम्नेस्टी इन्टरनेसनललाई बताए । उदाहरणका लागि, साउदी अरेबियामा दुई बर्ष वेटरको काम गरेर जनवरी २०१० मा नेपाल फर्केका धनुषा जिल्लाका ३४ बर्षीय *केसी* आफ्नो अनुभव यसरी सुनाउँछन् :

> *"प्रस्थान गर्नु अघि मलाई कम्पनीले मेरो तलब १,२०० साउदी रियाल (३२० अमेरिकी डलर) हुने बताएको थियो । वास्तवमा मेरो करारनामा पत्रमा पनि मेरो नाम, कम्पनीको नाम र तलब १,२०० साउदी रियाल भनेर लेखिएको थियो । तर जब मैले मेरो पहिलो महिनाको तलब पाएँ त्यो ५०० साउदी रियालमात्र थियो । यसरी तलबमा रहेको भिन्नताका बारेमा मैले साउदी अरेबियाबाट वैदेशिक रोजगार कम्पनीलाई पटकपटक फोन गरेँ । मेरो फोन नउठाएको हो कि भनेर मेरो साथीको फोनबाट पनि गरेँ । तर मेरा सबै प्रयासहरूका बावजुद, मेरो एजेन्टले मैले पाउनु पर्ने सही तलबका बारेमा केही गरेन ।"*[१५६]

दलाल र वैदेशिक रोजगार कम्पनी दुबैले वाचा गरेको र काम गर्ने सिलसिलामा व्यवहारमा रहेको धेरै भिन्नताहरूका कारण कैलाली जिल्लाका ३२ बर्षीय *टीपी*ले मलेसियाको एउटा प्लास्टिक कारखानामा छ महिना मात्र काम गरे :

> *"मेरो करारनामा अनुसार कारखाना भित्रै मैले प्राविधिक रूपमा दिनको आठ घण्टा काम गरेवापत मैले मलेसियन रिङ्गिट १,२५० (४१० अमेरिकी डलर) पाउने, ओभरटाइम र आइतबार बिदा हुने व्यवस्था थियो । तर मलाई महिनाको ४५० मलेसियन रिङ्गिट मात्र दिइयो र दिनको १२ देखि १६ घण्टा फिल्डमा खटाइयो, एक दिन पनि विदा र ओभरटाइम पाइनँ । कम्पनीले हामीलाई हाम्रो तलब पनि नियमित रूपमा दिएन र विरामी हुँदा पनि बिदा लिन दिएन ।"*[१५७]

अन्तर्वार्ता दिने कम्तिमा १५ जना श्रमिकहरूले त्यस देशका लागि नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड (हेर्नुहोस् तालिका ११) भन्दा कम तलब प्राप्त गरेको देखियो । गन्तव्य मुलुकहरूमा नेपाल सरकारले न्यूनतम मासिक तलबमान लागु गराउन नसक्ने कुरा एम्नेस्टी इन्टरनेसनलले बुझे तापनि यसले अन्य देशका वास्ताविकताहरू के छन् भनेर समीक्षा गरी कम तलब दिने त्यस्ता देशहरूमा वैदेशिक रोजगार कम्पनीहरूले श्रमिक नपठाउने सुनिश्चित गर्न सक्छ ।

कतारमा २०१० को जनवरीदेखि मार्चसम्म निर्माण मजदुरका रूपमा काम गरेका धनुषा जिल्लाका २० बर्षीय *आरएम*ले पनि नेपाल सरकारले तोकेको न्यूनतम तलबमान भन्दा कम तलब पाए :

> *"मैले पढेको छैन त्यसैले मेरो करारनामापत्रअनुसार मेरो तलब ६०० कतारी रियाल (१६५ अमेरिकी डलर) हुने मेरा साथीहरूले बताए तर वास्तवमा कम्पनीले मलाई ४०० कतारी रियाल मात्र दियो ।"*

---

१५६ *केसी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा, २२ सेप्टेम्बर २०१०

१५७ *टीपी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, कैलाली, ६ डिसेम्बर २०१०

काठमाडौँमा *आरएम*ले यस बारे एजेन्टलाई गुनासो गर्दा उसले तलबमा फरक परेको रकम दिने वाचा गरे तापनि त्यो पूरा भएन ।[१५८]

सुनसरी जिल्लाकी २८ बर्षीया *आरजी* कुवेतमा घरेलु श्रमिकका रूपमा साढे दुई बर्ष काम गरेर जुन २०१० मा स्वदेश फर्केकी हुन् :

> *"मैले तलब त नियमित रूपमा प्राप्त गरेँ तर त्यो नेपालमा मेरो एजेन्टले वाचा गरेको भन्दा आधा मात्र थियो । मैले महिनाको रु. १४ देखि १५,००० पाउनु पर्नेमा त्यस परिवारले मलाई रु ७००० मात्र दियो ।"*[१५९]

| देश | न्यूनतम मासिक तलब |
|---|---|
| कतार बाहेक खाडी मुलुकहरू | १२५ अमेरिकी डलर |
| इजरायल | न्यूनतम सीमा नरहेको |
| लिबिया | १७५ अमेरिकी डलर (खान र बस्न सुविधा सहित)<br>२५० अमेरिकी डलर (खान र बस्न सुविधा नरहेको) |
| मलेसिया | १२५ अमेरिकी डलर |
| कतार | ६०० कतारी रियाल (१६५ अमेरिकी डलर) |

**तालिका ११: वैदेशिक रोजगारका लागि न्यूनतम तलबमान (स्रोतः वैदेशिक रोजगार विभाग)**[१६०]

अन्तर्वार्ता लिइएका १७ जना आप्रवासी घरेलु श्रमिकहरूमध्ये ११ जनाले तलब ढिला पाएको वा नपाएको बताए । उदाहरणका लागि त्यस समयमा नाबालिग रहेकी *एसभी*ले कुवेतको एउटा परिवारका लागि काम गरेकी थिइन् । दलाले उनलाई मासिक तलब ४० कुवेती दिनार (१५० अमेरिकी डलर) हुने वाचा गरेको थियो :

> *"मैले त्यही रकम पाएँ तर पहिलो दुई महिना मात्र । त्यो पैसाले मैले एउटा मोबाइल फोन किनेको थिएँ (नेपाल लैजान तर स्थानीय फोनमा जोडिएको थिएन) । त्यसैलाई बहाना बनाउँदै रोजगारदाताले मैले त्यसरी नै सबै पैसा सक्ने उसलाई चिन्ता लागेको बताउँदै अब मेरो तलब सोझै नेपालमा मेरो परिवारलाई पठाइदिने बताइन् । उनले पैसा पठाएको बैंकको रसिद पनि देखाइन् तर त्यो सबै नक्कली रहेछ किनभने मेरो परिवारले मेरो कुनै पनि तलब प्राप्त गरेन । मैले १९ महिना काम गर्दा मेरो रोजगारदाताले मलाई दुई महिनाको मात्र तलब दिइन् ।"*[१६१]

यो कुरा *एसभी*ले आफ्नो दलाललाई बताउन सकिनन् किनभने उनलाई काममा राख्ने परिवारले नेपाल फोन गर्न दिएनन् ।

---

१५८ *आरएम*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा, २३ सेप्टेम्बर २०१०

१५९ *आरजी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १० डिसेम्बर २०१०

१६० वैदेशिक रोजगार विभागबाट प्राप्त पत्राचार, १८ मे २०११ ।

१६१ *एसभी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, ३ डिसेम्बर २०१०

सुनसरी जिल्लाकी तीस आसपास उमेरकी *एससी*ले साउदी अरेबियामा घरेलु श्रमिकको रूपमा काम गरिन् र जुन २०१० मा नेपाल फर्किन् । उनको तलब पनि रोक्का गरियो :

> *"मैले मेरो एजेन्टले वाचा गरे अनुसारको ५०० साउदी रियाल (१३० अमेरिकी डलर) पाएँ तर पहिलो बर्ष पछि मैले आठ महिनासम्म तलब पाइनँ । काममा लगाउने साउदी अरेबियाको स्थानीय कम्पनीलाई मैले किन तलब नपाएको भनेर सोध्दा, त्यो रकम मेरो दलालले लिएको बताइयो । यो सत्य हो होइन मलाई थाहा छैन । मेरो पैसा फिर्ता गर्न उनीहरूले सहयोग गरेनन् । उनीहरूले मेरो रोजगादातालाई भनेर नेपाल फर्कने टिकटको पैसा मात्र दिन लगाए ।"*[१६२]

आफूले गरेको काम वापत तलब नपाएको कुरा अन्य आप्रवासी श्रमिकहरूका लागि पनि सामान्य थियो । लिबियाबाट १५ देखि २१ महिना काम गरेर अगस्ट २०१० मा फर्केका १०८ जना नेपाली श्रमिकहरूको घटना[१६३] आप्रवासी श्रमिकहरूले सामना गर्न सक्ने बहुतहगत शोषणको एउटा उदाहरण हो । समूहका एक जना सदस्यको विचार देहायको थियो :

> *"लिबियाबाट हामी फर्कनुपऱ्यो किनभने हामीसँग काम, तलब र खाना केही थिएन । काम पनि सुरु देखि नै नियमित थिएन । विना काम वा तलब हामीले हप्तौं र केहीले महिनौं बस्नुपऱ्यो । यस समयको आफ्नो आधारभूत तलब माग गर्दा नियुक्त गर्ने एजेन्सी (जो हाम्रो रोजगारदाता पनि थियो) ले हामीले काम गरेको समयको मात्र ज्याला पाउने बतायो । एजेन्सीले हामीलाई तीन महिना पछि मासिक ५०० अमेरिकी डलर पाउने वाचा गरेको थियो तर वास्तवमा भने हामीले ३०० देखि ५०० डलर मात्र पायौं । कुल २१ महिनामा हामीले छ देखि ९ महिनाको तलब पाएनौं । हामीले खाना पनि नियमित रूपमा पाएनौं । एक पटक एक जना साथीलाई ९ दिनसम्म खाना दिइएन र खानेपानी लिन पनि हामीले २० मिनेट हिँडेर जानु पर्दथ्यो ।"*[१६४]

## कामका प्रकारहरू

अन्तर्वार्ता दिने मध्ये २६ जनाले सामना गरेको अर्को समस्या भनेको कामका लागि त्यहाँ पुगेपछि नेपालमा कम्पनीहरूले वाचा गरेको भन्दा फरक काम गर्नु पर्ने रहेछ भनेर थाहा पाउनु थियो । अक्टोबर २०१० मा फर्केका कैलाली जिल्लाका २७ वर्षीय *आरएस* कतारमा आफ्नो कामका बारेमा गाउँको दलालले उनलाई कसरी ढाँटे भन्ने कुरा यसरी बताउँछन् :

> *"नेपालमा मेरा दलालले मैले कतारमा तालिम लिएपछि इलेक्ट्रिसियनको काम गर्न पाउने वाचा गरेको थिए तर त्यहाँ त्यसो भएन र मैले मजदुरका रूपमा काम गरेँ । मैले कारखाना भित्रै काम गर्नुपर्ने भनिएको थियो तर मैले भवन निर्माणमा बाहिरै काम गर्नु पऱ्यो । अत्यधिक गर्मीका कारण म बिरामी परेँ । धुलोका कारण कडा खोकीले सताउने, टाउको दुख्ने र चक्कर लाग्ने भयो ।"*[१६५]

यसैगरी, अप्रिल २०१० मा नेपाल फर्केकी सुनसरी जिल्लाकी २६ बर्षीया *एचएल*लाई उनले गर्नु पर्ने कामका बारे मात्र नभई गन्तव्य मुलुकका बारेमा समेत भुठो कुरा बताइएको थियो :

---

१६२ *एससी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, सुनसरी, १४ डिसेम्बर २०१०

१६३ सुरुमा त्यस समूहमा ११८ जना नेपाली श्रमिकहरू थिए तर १० जना केही अगाडि नै नेपाल फर्किसकेका थिए ।

१६४ ती १०८ जना आप्रवासी श्रमिकका ११ जना प्रतिनिधिहरूसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, ४ अक्टोबर २०१० ।

१६५ *आरएस*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, कैलाली, ५ डिसेम्बर २०१०.

> *"मेरो दलालले म लेबाननमा एउटा डिपार्टमेन्टल स्टोरमा कार्यालय सहायकका रूपमा काम गर्ने बताएको थियो । म भारत हुँदै गएँ र प्लेनको टिकट प्रस्थान गर्नु केही समय अघि मात्र पाएँ । अध्यागमनमा पुगेपछि मात्र मेरो टिकट लेबाननका लागि नभई कुवेतका लागि रहेको थाहा पाएँ । त्यहाँ पुगेपछि एउटा स्थानीय एजेन्सी मलाई लिन आयो र अर्को दिन म रोजगारदाताको घर पुगेँ । उनले मलाई घर सफा गर्न सुरु गर भनिन् । मैले मानिनँ र घरेलु कामको लागि मैले आवेदन दिएको होइन भनेँ । नेपालमा रहेको मेरो दलाललाई फोन गर्दा उसले मलाई 'त्यहाँ सम्म पुग्न तिमीले धेरै पैसा खर्च गरेकी छौ, त्यसैले त्यो कमाउन काम सुरु गर, अर्को पटक तिमीलाई राम्रो ठाउँमा पठाइदिउँला' ।"*

त्यहाँको दुर्व्यवहार र नराम्रो काम गर्ने वातावरणका कारण *एचएल* त्यहाँबाट भागेर मसाजको काम गर्न पुगिन् ।[१६६]

अर्को उदाहरण कैलालीका ३१ बर्षीय *एचकेको* छ जसलाई दलालले यूएईको अबु दाबीमा इलेक्ट्रिसियनको काम दिने वाचा गरेका थिए । उनको सम्झौतापत्रमा उनको काम, काम गर्ने ठाउँ, दुई बर्षको अवधि, दिनको आठ घण्टा काम, मासिक तलब एइडी ८०० (२२० अमेरिकी डलर), हप्ताको एक दिन विदा र एक वर्षपछि घर फर्कने टिकट उल्लेख थियो । काठमाडौंमा वैदेशिक रोजगार कम्पनीले पनि मौखिक रूपमा उनले कारखाना भित्रै काम गर्नुपर्ने र ओभरटाइम पनि हुने बताएको थियो । तर त्यहाँ पुगेपछि *एचकेले* वास्तवमा काम, तलब र काम गर्ने अवस्थामा धेरै भिन्नता रहेको पाए :

> *"कम्पनीको ड्राइभरले मसँगै अन्य चारजना नेपाली श्रमिकहरूलाई एयरपोर्टमा लिन आयो र कार्यालय जाने क्रममा बाटोमै हाम्रो पासपोर्ट लियो । त्यसपछि मैले म एउटा निर्माणस्थलमा मजदुरका रूपमा मरुभूमिको बीचमा काम गर्नुपर्ने थाहा पाएँ । मैले बाहिरको अत्यधिक गर्मीमा दिनको ११ घण्टा काम गरेँ र ओभरटाइमको कुनै व्यवस्थाविना केवल एइडी ६०० (१६० अमेरिकी डलर) मात्र पाएँ ।"*[१६७]

केही आप्रवासी श्रमिकहरूले काम गर्ने अवस्था यति कठिन पाए की उनीहरूले त्यसलाई निरन्तरता दिन सकेनन् । साउदी अरेबीयामा जुलाई २०१० सम्म काम गरेका धनुषा जिल्लाका ४२ बर्षीय *एवाईलाई* ओभरटाइमको व्यवस्था बिना दिनको १२ देखि १४ घण्टा काम गर्न बाध्य बनाइयो, त्यो पनि हप्ताको सातै दिन । त्यसका अतिरिक्त उनलाई वाचा गरिएको मासिक तलब ७०० साउदी रियाल (१९० अमेरिकी डलर) को सट्टा केवल ५५० साउदी रियालमात्र उनले पाए :

> *"११ महिनापछि म नेपाल फर्किएँ किनभने काठमाडौंमा मेरो दलाल र कम्पनीले दुवैले मेरो काम एयरपोर्ट वा अस्पतालमा सफाइ कर्मचारीको हुने वाचा गरेका थिए तर मैले निर्माणस्थलमा मजदुरको काम गर्नुपऱ्यो । कुनै घर भित्र सफाइको काम गर्न म स्वीकार गर्ने पनि थिएँ होला तर बाहिरको प्रचण्ड गर्मीमा होइन । मलाई एउटा बाल्टी दिएर मरुभूमिको बीचमा सडक सफा गर्ने काम दिइयो, त्यो पनि कहिले कुचोले भने कहिले त मेरा हातैले ।"*

दलालले गरेको ठगीका साथै *एवाईले* दलाललाई दिएको रु १०५,००० को रोजगारी सेवा शुल्क पनि खाडी मुलुकहरूका लागि सरकारले तोकेको सीमा भन्दा रु ३५,००० बढी हो । *एवाईलाई* दुई फरक-

---

१६६ *एचएलसँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, सुनसरी, ११ डिसेम्बर २०१० ।

१६७ *एचकेसँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, कैलाली, ६ डिसेम्बर २०१०

फरक सम्झौतापत्र प्रदान गरिएको थियो। ड्राइभरको काम गर्ने भनी लेखिएको करारनामापत्र काठमाडौं विमानस्थलमा अध्यागमन कर्मचारीलाई देखाउन र अर्को सफाई कर्मचारीको काम गर्ने भनिएको साउदी अध्यायगम कर्मचारीलाई दिने निर्देशन दिइएको थियो। *एवाइले* धेरै ऋण लिएको र त्यसलाई चुक्ता गर्नका लागि भएपनि उनले नयाँ काम पनि स्वीकार गर्न बाध्य हुन्छन् भनेर थाहा पाउँदा पाउँदै दलालले उनलाई साउदी अरेबियामा उनले गर्नुपर्ने काम र त्यहाँको अवस्थाका बारेमा गलत जानकारी दियो।

*एवाइले* तीन जनासँग ४८ प्रतिशत व्याज दरमा ऋण लिएका थिए। त्यसैकारण ११ महिनासम्म उनी ऋण नतिरे वापत भोग्नु पर्ने दण्डको डरका कारण काम गर्न बाध्य भए :

> *"अझै पनि रु ७०,००० तिर्न बाँकी छ। ११ महिनामा मैले केवल रु ५०,००० मात्र बचाउन सकें। मैले मेरो दलाललाई गुनासो गरे पनि उसले कुनै रकम फिर्ता गरेन। उसले मेरो लागि विदेशमा निःशुल्क कामका लागि काठमाडौंमा वैदेशिक रोजगार कम्पनीसँग कुरा गरिदिने मात्र भन्यो। मेरो पासपोर्ट पनि उसैसँग छ तर मलाई फेरि विदेश पठाउने कुरा कति साँचो छ मलाई थाहा भएन। यसैबीच मैले कम्तिमा पनि ब्याजको केही अंश तिर्नसक्ने गरी एउटा काम पाएको छु।"*[१६८]

सोचे भन्दा अगावै नेपाल फर्कनु भनेको *एवाइले* गम्भीर वित्तीय दण्डको सामना गर्नु परेको छ। उनले चुक्ता गर्न बाँकी रहेको रकम नेपालको औसत बार्षिक तलबको दुई बर्ष बराबरको रकम हुन आउँछ।

कैलाली जिल्लाका २८ बर्षीय *वाइसी* आफूलाई वाचा गरिएको काम नपाएपछि फेब्रुवरी २००९ मा यूएईबाट फर्के :

> *"दुवईमा प्लम्बरको रुपमा मेरो तीन बर्षको करारनामा थियो तर एकै महिना पछि म फर्कें। काम अबुधावीबाट ७०० किलोमिटर टाढा मरुभूमिको बीचमा थियो । कम्पनीको कर्मचारीले मलाई एउटा साभेल दिएर जमीन मुनि पीभीसी पाइपहरू बिछ्याउन खन्न लगायो। तर मैले काम गर्न अस्वीकार गरें किनभने मलाई दलाले वाचा गरेको त्यो काम थिएन र मैले त्यस्तो कामका लागि तालिम पनि लिएको थिइन। तर सबैभन्दा ठूलो कुरो त्यो स्पष्ट रुपमा निकै खतरापूर्ण थियो। त्यस्तो प्रकारको काम गर्दा म सजिलै मर्न सक्थें।"*

यसबारे *वाइसीले* नेपालमा वैदेशिक रोजगार कम्पनीमा उजुरी गरेपछि कम्पनीले उनलाई घर फर्कने टिकट पठाइदियो। कम्पनीले अन्ततः रु ९५,००० मध्ये रु ५५,००० फिर्ता गर्‍यो। वाइसी पूर्ण क्षतिपूर्ति चाहन्थे तर आफूलाई दिइएको लिनु बाहेक उनीसँग अर्को विकल्प नरहेको उनले बुझे। किनभने काठमाडौंमा उनले चिनेको कोही थिएन र बाँकी पैसा फिर्ता हुन्छ भन्ने कुनै ग्यारेन्टी नभएको अवस्थामा त्यस मुद्दाको पछि लाग्न निकै खर्चिलो हुने उनले महसुस गरे।[१६९]

*एवाइले* जस्तै *वाइसीले* प्रस्ताव गरेको काम अस्वीकार गर्दा रु. ४०,००० को क्षति भोग्नु पर्‍यो जुन नेपालको औसत बार्षिक तलबमान हो। फलस्वरुप उनले २४ प्रतिशत ब्याजदरमा लिएको रु ९५,००० ऋणको केही अंशमात्र तिर्न सकेका छन्।

---

१६८ *एवाईसँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, धनुषा, २४ सेप्टेम्बर २०१०

१६९ *वाईसीसँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, कैलाली, ५ डिसेम्बर २०१०



**तस्वीर १२ : मोरङ जिल्लका *एचएम,* जसले साउदी अरेवियामा आफ्नो दायाँ हात गुमाए (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

यद्यपि *वाइसी*को उदाहरण एउटा अपवाद हो, किनभने धेरै आप्रवासी श्रमिकहरू प्रस्ताव गरिएको काम गर्न बाध्य हुन्छन् । केहीका लागि त्यसले गम्भीर परिणामहरू पनि निम्त्याएको छ; गम्भीर औद्योगिक दुर्घटनाको सामना गरेको अन्तर्वार्ता लिइएका चार जना मध्ये दुई जना उनीहरूले तालिम लिएको भन्दा फरक काममा संलग्न थिए । उदाहरणका लागि साउदी अरेबीयामा फेब्रुवरीदेखि अगस्ट २०१० सम्म काम गरेका मोरङ जिल्लाका ३५ बर्षीय *एचएम* :

> *"हाम्रो गाउँमा एक जना दलाल आएर मलाई कार सफा गर्ने काम प्रस्ताव गऱ्यो तर वास्तावममा भने मैले ढुंगा खानीमा काम गर्नुपऱ्यो । मैले क्रसर सफा गर्दै गर्दा एक जना साथी श्रमिकले मेसिन चलाइदिएछ । मेरो पाखुरा मेसिन भित्र अड्कियो, पीडाले म बेहोस भएँ । दुई दिन पछि होस आउँदा म अस्पतालमा थिएँ र मेरो दाहिने हात कुमसम्म काटिएको थियो ।"*[१७०]

## कामको तालिका र समय

आप्रवासी श्रमिकहरू प्रायः ओभरटाइम गरेर आधारभूत तलब भन्दा केही बढी कमाउन सक्ने काम गर्न रुचाउँछन् । यद्यपि धेरै आप्रवासी श्रमिकहरूलाई बिना तलब ओभरटाइम गर्न बाध्य पारियो । उदाहरणका लागि नोभेम्बर २०१० मा लिबियाबाट फर्केका ४६ जना आप्रवासी श्रमिकहरूको समूहले साढे पाँच महिनासम्म हप्तामा सातै दिन काम गरे । समूहका एक जना सदस्य भन्छन् :

१७० *एचएम*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, मोरङ, १३ डिसेम्बर २०१०

> *"शुक्रबार हामीलाई बिदा हुनु पर्ने भएपनि हामीले काम गर्‍यौं र रामादान एवं सार्वजनिक दिनमा पनि काम गर्‍यौं । यी दिनहरूका लागि कम्पनीले हामीलाई ओभरटाइम दिने वाचा गर्‍यो र त्यसका लागि हामी प्रत्येकले रु ३० देखि ४० हजार पाउनु पर्दथ्यो तर त्यो माग गर्दा उनीहरूले दिन अस्वीकार गरे । त्यसैकारण अक्टोबरको सुरुतिर हामीले काम गर्न बन्द गर्‍यौं । त्यसपछि उनीहरूले हामीलाई नियमित रुपमा खाना र पानी दिन बन्द गरे । चार दिनसम्म बन्द गर्थे र फेरि दिन्थे । हामीलाई दिइएको खाना पनि सढेगलेको थियो । खाना किन्न हामीले हाम्रो मोबाइल, सीम कार्ड र घडीहरू विक्री गर्ने र भारतीय श्रमिक साथीहरूबाट सापट लियौं । फुड पोइजनिङबाट हामी मध्ये केही विरामी परेपछि, पैसा उठाएर उनीहरूलाई अस्पताल लग्यौं ।"*[१७१]

विशेषगरी घरेलु श्रमिकहरूका लागि बढी घण्टा र विदा बिना काम गर्नु पर्ने सामान्य कुरा हो । एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएको १७ जना घरेलु श्रमिकमध्ये १३ जनाले दिनमा औसत ९ घण्टा काम गर्नु परेको बताए । दुई जनालाई मात्र साप्ताहिक विदा दिइएको र ती दुवैले हप्ताको सातै दिन काम गर्नुपरेपछि अघिल्लो काम छाडेका थिए ।[१७२]

कुवेतमा चार महिना घरेलु श्रमिकका रुपमा काम गरेपछि सुनसरी जिल्लाकी २८ बर्षीया *एसआर* जुलाई २००९ मा नेपाल फर्किन् । उनले गरेको कामको अनुभव यसरी सुनाउँछिन् :

> *"मैले बिहान ५ बजेदेखि अर्को विहान २ बजेसम्म एक दिन पनि फुर्सद नगरिकन काम गरें । मैले खाना पकाउने, सरसफाइ गर्ने, लुगा धुने, कपडामा आइरन लगाउने र चार जना केटाकेटीको हेरचाह गर्थें । मैले काम यति धेरै गर्नुपर्दथ्यो तर त्यस परिवारले मलाई पर्याप्त खान पनि दिएन, दिनको दुई पटक मात्र दिन्थ्यो । म सधैं भोकै हुन्थें । बाहिर जाँदा भान्छा कोठामा ताला लगाएर जान्थे । त्यसैले उनीहरू बाहिर जान लागेको थाहा पाएको बेला फ्रिजबाट खान चोरेर राख्थें र उनीहरू गएपछि खान्थें ।"*[१७३]

कुवेतमै घरेलु काम गरी मार्च २०१० मा नेपाल फर्केकी सुनसरी जिल्लाकी २२ बर्षीया *एसके*ले पनि *एसआर* जस्तै एक दिन पनि फुर्सद नगरी धेरै काम गर्नुपरेको सुनाउँछिन् :

> *"त्यस परिवारमा आमाबाबु, छ जना छोरा, एक जना छोरी, दुई जना बुहारी र पाँच जना नाति नातिनीहरूसहित १५ जना सदस्यहरू थिए । मेरो काम विहानको ७ बजेबाट सुरु भई मध्यरातको १२ बजे वा बिहानको २ बजेसम्म चल्थ्यो । एक दिन पनि विदा थिएन । मैले घर सफा गर्ने, भाडा माझ्ने, खाना पकाउन सहयोग गर्ने, लुगामा आइरन लगाउने र घरमा अन्य गर्नुपर्ने सबै काम गर्दथें । दिनमा तीन पटक खाना दिइन्थ्यो तर मेरो काम यति धेरै थियो कि कहिलेकाँही खाने समय पनि पाउँदिन थिएँ ।"*[१७४]

मलेसियामा सुरक्षा गार्डको काम गरी अगस्ट २०१० मा फर्केका तीसको दशकमा लागेका ओखलढुंगाका *एमजी*ले पनि धेरै घण्टा र बिना विदा काम गर्नु परेको थियो :

---

१७१ ४६ जना आप्रवासी श्रमिकहरूसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २ डिसेम्बर २०१०

१७२ *एसएन*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं १९ सेप्टेम्बर २०१० र *केएस*सँग सुनसरीमा १४ डिसेम्बर २०१० ।

१७३ *एसआर*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, सुनसरी, १४ डिसेम्बर २०१० ।

१७४ *केएस*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, सुनसरी, १४ डिसेम्बर २०१० ।

*"मेरो दलालले मैले दिनको आठ घण्टा काम, चार घण्टा ओभरटाइम र हप्ताको एक दिन विदासहित मैले मासिक १,५०० मलेसियन रिङ्गटि (४९० अमेरिकी डलर) कमाउन सक्ने भनेको थियो । तर यथार्थमा भने मैले १,२५० मलेसियन रिङ्गटि (४१० अमेरिकी डलर) मात्र पाएँ त्यसमा पनि कर र होस्टल शुल्क बापत १३० मलेसियन रिङगिट काटिन्थ्यो । र ओभरटाइम र विदाको दिनको कुनै व्यवस्था थिएन । मैले विदा लिएमा मेरो रोजगारदाताले मेरो तलबाट ३५ मलेसियन रिङ्गिट (१२ अमेरिकी डलर) काटिदिन्थ्यो ।"*[१७५]

## ७.३ जबरजस्ती श्रम

माथि उल्लेख गरिजस्तै कुनै दण्डको डरमा कुनै व्यक्तिबाट असुल गरिएको सबै काम वा सेवा र त्यसका लागि त्यस व्यक्तिले आफूलाई स्वैच्छिक रुपमा उपलब्ध गराएको छैन भने त्यो जबरजस्ती श्रम हुन आउँछ । केही वैदेशिक रोजगार कम्पनी र दलालहरूका क्रियाकलापले गर्दा आप्रवासी श्रमिकहरूलाई गन्तव्य मुलुकहरूमा श्रम शोषण र जबरजस्ती श्रमको जोखिममा पुऱ्याउने काम गर्छ ।

सम्भावित आप्रवासी श्रमिकहरूलाई प्राय विदेशमा रोजगारीमा लैजाने व्यक्तिहरूले राम्रो तलब पाइने र काम गर्ने अवस्था पनि राम्रो हुने वाचा गर्दछन् । तर यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका ११५ जना मध्ये १०८ जनाले आफू पहिला सहमत भएको कामको प्रकृति र काम गर्ने वातावरण गन्तव्य मुलुकमा आइपुग्दा निकै फरक पाएको बताए ।

वैदेशिक रोजगार कम्पनी र दलालहरूले गन्तव्य मुलुकहरूमा जबरजस्ती श्रमसहित श्रम शोषणका लागि यी श्रमिकहरूलाई त्यस्तो धोका वा ठगीका माध्यमबाट नियुक्त गर्छन् जुन कार्य बेचबिखनसम्बन्धी उपलेखमा परिभाषित गरिए अनुसार बेचबखनजन्य कार्य हुन जान्छ । आइएलओका अनुसार :

*"धोका र ठगीको माध्यमबाट भए तापनि धेरै पीडितहरू जबरजस्ती श्रमको अवस्थामा सुरुमा जाने गर्छन् तर कानुनी, शारीरिक वा मनोवैज्ञानिक बलप्रयोगका कारण आफ्नो श्रम फिर्ता लिननसक्ने कुरा पछि मात्र थाहा पाउँछन् । तर त्यसलाई प्राप्त गर्न धोका र ठगी प्रयोग भएको अवस्थामा सुरुको सहमति असान्दर्भिक हुनसक्छ ।"*[१७६]

पूर्ण सूची नभए तापनि आइएलओले पहिचान गरेको ठगीका प्रमुख उदाहरणहरूमा देहाय बमोजिम रहेका छन् :

- *"भिसा फि वा यात्रासम्बन्धी अन्य कागजपत्रका लागि बढी शुल्क लिने*
- *आप्रवासीलाई उनीहरूको अवैधानिक हैसियतका बारेमा जानकारी नदिइकन नक्कली ट्राभल डकुमेन्टको व्यवस्थापन*
- *हुँदै नभएको कामका लागि नियुक्त गर्ने*

---

१७५ *एमजीसँग* एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १७ डिसेम्बर २०१० ।

१७६ आइएलओ, *The cost of coercion, Global Report under the follow-up to the ILO Declaration on Fundamental Principles and Rights at Work*, 2009, para25 p6, http://www.ilo.org/wcmsp5/groups/public/---ed_norm/---relconf/documents/meetingdocument/wcms_106230.pdf मा उपलब्ध । हेरिएको ११ सेप्टेम्बर २०११ ।

- *काम र काम गर्ने अवस्थाको गलत व्याख्या गरिदिने (जस्तैः विदेशमा घरेलु कामका लागि गइरहेको विश्वास गर्ने महिलाहरू वेश्यावृत्तिमा पुऱ्याइन्छन्)*
- *सम्भावित आप्रवासी श्रमिकलाई यस्तो ऋण उपलब्ध गराउने जसलाई चुक्ता गर्न उसका लागि कठिन छ (किनभने ऋण र ऋणमाथिको ब्याज अस्वभाविक रुपमा बढी हुने गर्छ, र आप्रवासीलाई प्रायः यसको जानकारी हुँदैन ) र त्यसले ऋणको बँधुवा हुने र जबरजस्ती श्रम गर्न बाध्य हुन्छ ।"*[१७७]

यस्ता ठगीका बावजुद अन्तर्वार्ता दिनेहरूले आफूले सहमति नजनाएको काम गर्न बाध्य भएको महसुस गरे । यसका कारणहरूमा जबरजस्ती श्रमका देहायका एक वा बढी पक्षहरू रहेका छन् जसलाई आइएलओले सहमतिको अभाव (वा अस्वेच्छिक) वा "दण्डको डर": ऋणग्रस्तताको सूचकका रुपमा लिन्छ :[१७८] तलब रोक्का गरिदिने वा तलब नदिने; परिचयका कागजपत्र कब्जा गर्ने; शारीरिक र यौन हिंसा र हिंसाको धम्की; भौतिकरुपमा एक्लो पार्ने; वित्तीय जरिवाना (ढिलो काम थालनीको मिति वा विरामी भएको दिनको दण्ड गर्ने); सरकारी पदाधिकारी (प्रहरी, अध्यागन आदि) समक्ष उजुरी गरिदिने र स्वदेश फिर्ता गरिदिने; कामबाट निष्काशन गर्ने ; र खाना, आवास वा अन्य अत्यावश्यक कुराहरूबाट बञ्चित गर्ने ।[१७९] स्थानीय भाषा बोल्न नजानेका अवस्थामा श्रमिकहरू झन बढी जोखिममा हुने गर्छन् ।

आफू पहिला सहमत नभएको कामका सर्तहरू आप्रवासीलाई स्वीकार गर्न बाध्य बनाउन बलप्रयोगको एउटा साधनको रुपमा प्रयोग गरिएको अवस्थाहरुमा ऋण जबरजस्ती श्रमको एउटा महत्वपूर्ण पक्ष हो । धेरै नेपाली आप्रवासीहरूको हकमा आफूले पाएको कामको प्रस्तावको आधारमा भारी ऋण लिने गरिन्छ जुन पछि गएर गलत सावित हुन्छ र कर्जा लिइसकेको अवस्थामा विना कुनै जोखिम त्यहाँ दिइएको काम अस्वीकार गर्न वा छाड्न सक्दैनन् । धेरै आप्रवासी श्रमिकहरूले आफूहरूले सुरुमा सहमति नजाएको काम गर्न राजी हुनुको कारण आफूसँग कर्जा तिर्ने अन्य कुनै उपाय नभएकोले भन्ने कुरा एम्नेस्टी इन्टरनेसनललाई बताए ।

आप्रवासीहरूले बाहिर जान ठूलो ऋण लिनुपर्छ र त्यसलाई चुक्ता गर्नु पर्ने दवाब हुन्छ र करारनामा पत्रमा गरिएका परिवर्तनहरूलाई उनीहरूले अस्वीकार गर्न सक्दैनन् भन्ने कुरा वैदेशिक रोजगार कम्पनी र दलालहरूलाई थाहा हुने कुरा एम्नेस्टी इन्टरनेसनलले लिएका अन्तर्वार्ताहरूले संकेत गर्दछन् । अनुसन्धानका निष्कर्षहरूले केही कम्पनीहरू असल नियतका साथ सञ्चालित नभएको देखाउँछ । उदाहरणका लागि उनीहरूले करारनामापत्र परिवर्तन गरिदिने, अग्रीम मै वा नेपाली भाषामा करारनामा पत्र नदिने र गन्तव्य मुलुकहरूमा रोजगारदाताहरूले श्रमिकका परिचयका कागजपत्र खोसेर राख्ने काममा सहमति जनाउने गरेका छन् ।

---

१७७ आइएलओ ILO, *Trafficking for Forced Labour: How to monitor the recruitment of migrant workers*, Special Action Programme to Combat Forced Labour, January 2006, p21, http://www.ilo.org/sapfl/Informationresources/ILOPublications/lang--en/docName--WCMS_081894/index.htm मा उपलब्ध । हेरिएको ९ सेप्टेम्बर २०११ ।

१७८ यसमा आइएलओ निर्दिष्टताको अर्थ "लादिएको ऋग्रस्तता हो (खातामा चलखेल गराएर, मुल्य अनावश्यक रुपमा बढाएर, उत्पादन गरिएको वस्तु वा सेवाको मुल्य घटाइदिएर, चर्को ब्याजदर आदि ।") । हेर्नुहोस् आइएलो, *A global alliance against forced labour*, 2005, पृष्ठ ६, http://www.ilo.org/public/english/standards/relm/ilc/ilc93/pdf/rep-i-b.pdf मा उपलब्ध । हेरिएको ९ सेप्टेम्बर २०११ ।

१७९ आइएलो, *A global alliance against forced labour*, 2005, p6, available at: http://www.ilo.org/public/english/standards/relm/ilc/ilc93/pdf/rep-i-b.pdf मा उपलब्ध । हेरिएको ९ सेप्टेम्बर २०११ ।

यसका अतिरिक्त अन्तर्वार्ता दिने आप्रवासीहरूले आफूले आफ्नो कामको सर्तमा अनियमितता भेटेर देखाउँदा पनि कम्पनीहरूले सहयोग गर्न अस्वीकार गरेको पनि एम्नेस्टी इन्टरनेसनललाई बताए । एउटा उदाहरणमा एक जना आप्रवासी श्रमिकलाई दलालले उनलाई आफ्नो काममा केन्द्रित भइ नियुक्तीमा लागेको रकम उठाउनेतर्फ लाग्न निर्देशन दियो । (हेर्नुहोस् भाग ७.२ *एचएल*को घटना) । आइएलओ अनुसार "रोजगारदाता वा रोजगार दिलाउने कम्पनी/मानिस कुनैले पनि ऋण र कर्जाको चलखेल जोखिमपूर्ण अवस्थामा रहेका श्रमिकहरूलाई जबरजस्ती श्रमको अवस्थामा पुऱ्याउन सक्ने एउटा प्रमुख कारक तत्व हो ।"[१८०]

जब ऋणको भारीमाथि अन्य बलप्रयोगका पक्षहरू (कागजपत्र खोस्ने, एक्लै पार्ने, हिंसा आदि) थपिन्छन् तब जबरजस्ती श्रममाथि श्रमिकहरूको जोखिमता पनि बढ्न जान्छ । उदाहरणका लागि, कामको सही प्रकृतिका बारेमा बुझेर आप्रवासी श्रमिकहरूले राम्रो सर्तसहितको अर्को कामको खोजी गर्न थाले भने त्यसो उनीहरूले आफ्नो नियमित हैसियत गुमाउने जोखिमका साथ गर्नुपर्छ । किनभने आफ्नो परिचयका कागजपत्र रोजगारदाताबाट फिर्ता लिन सके पनि उनीहरूको काम गर्न पाउने भिसा त्यही रोजगारदातासँग मात्र सम्बन्धित हुन्छ । नियमित हैसियत गुमाउँदा पक्राउ पर्ने र स्वदेश फिर्ता पठाइदिने जोखम हुन्छ र यसबाट उनीहरूको ऋण चुक्ता गर्न सक्ने क्षमतामा पनि नकरात्मक प्रभाव पर्न जान्छ । यही कारणले गर्दा पनि अन्तर्वार्ता लिइएकामध्ये केवल पाँच जनाले मात्र आफ्नो वैधानिक काम छाडेर बढी तलब वा राम्रो काम गर्ने वातावरण भएको अर्को काममा गए ।

### २१ औं शताव्दीमा जबरजस्ती श्रम

**"आकर्षक तलबको झुठा आश्वासन दिएर श्रम दलालहरूले घर छोडेर हिड्न लोभ्याइएका बेचबिखनमा परेका श्रमिकहरूले प्रायः आफूहरूलाई यस्तो ठाउँमा पाउँछन् जहाँको भाषा उनीहरू बोल्न जान्दैनन्, र एकदमै असम्भवप्रायः ऋणमा डुबेका हुन्छन् र घर फर्कन आवश्यक पासपोर्टबाट पनि बञ्चित गरिएका हुन्छन् ।**

'पूरानो शैलीको दासत्व भनेको मालिक वास्तवमै तपाईंको स्वामी हुनेगर्दथ्यो । (...) तर अहिले वैधानिक रुपमै नियुक्त गर्ने रोजगार कम्पनी/व्यक्ति र रोजगारदाताहरू मिलेर श्रमिकहरूलाई ठगी गर्नेगर्छन् र त्यसले गर्दा एउटा बिरानो संस्कृतिमा जोखिमपूर्ण एक्लो अवस्थामा पुग्ने ती श्रमिकहरू त्यहाँको कठीन सर्तहरूलाई स्वीकार्न बाध्य हुन्छन् । यही सन्दर्भमा आज जबरजस्ती श्रम सर्वव्याप्त छ ।'"- रेने ओफ्रेन्को, निर्देशक, सेन्टर फर लेबर जस्टिस, यूनिर्भसिटी अफ फिलिपिन्स्[१८१]

जबरजस्ती श्रम नियन्त्रणगर्ने सम्बन्धी आफ्नो हातेपुस्तिकामा आइएलओले भनेको छ :

> "स्वेच्छिक र स्वतन्त्र रुपमा दण्ड जरिवानाको कुनै डर विना काम स्वीकार गर्ने र त्यसलाई छाड्ने सबै श्रमिकहरूको अधिकार हो र यसमा रोजगारको सम्बन्धमा दुवै पक्षका कानुनी अधिकार र दायित्वहरूलाई ध्यानमा राखिनुपर्दछ । श्रमिकहरूलाई धम्क्याउन वा काम स्वीकार गर्न वा त्यही काममा बसिरहन दवाब दिन बलप्रयोग कहिल्यै गरिनु हुँदैन । कुनै श्रमिकको कमजोरीपनलाई कानुनी मापदण्डभन्दा घटीको काम गराउनमा प्रयोग गरिनु हुँदैन र

१८० आईएलओ, *The cost of coercion, Global Report under the follow-up to the ILO Declaration on Fundamental Principles and Rights at Work*, 2009, para40, http://www.ilo.org/wcmsp5/groups/public/@ed_norm/@relconf/documents/meetingdocument/wcms_106230.pdf मा उपलब्ध । हेरिएको २२ नोभेम्बर २०११ ।

१८१ जर्ज वेहफ्रिट्ज, "Lured into bondage: A growing back channel of global trade tricks millions into forced labor", *Newsweek*, 12 अप्रिल १२, २००८

रोजगारदाताहरूले काम छोडेर जानसक्ने श्रमिकको क्षमतालाई अन्त्य गराउने क्रियाकलापमा लाग्न हुँदन, जस्तै :

- कर्मचारीको पासपोर्टसहित परिचयसम्बन्धी कागजपत्र कब्जा गरेर राख्ने;
- श्रमिकहरूमाथि वित्तीय दण्ड जरिवाना लगाउने;
- तलब ढिला दिने वा रोक्का गरिदिने; वा
- श्रमिकहरूलाई हिंसाको धम्की दिने ।"[१८२]

तल उल्लेख भएजस्तै हिंडडुल गर्न पाउने स्वतन्त्रतामाथि पाबन्दी नेपाली आप्रवासी श्रमिकहरूले सामना गर्नु परेको एउटा प्रमुख समस्या थियो ।

## ७.४ हिंडडुल गर्न पाउने स्वतन्त्रतामाथि व्यवधानहरू : परिचयसम्बन्धी कागजपत्र कब्जा गर्ने

राहदानी र पहिचानसम्बन्धी अन्य कागजपत्रहरू रोजगारदाताले राखिदिंदा त्यसले आप्रवासी श्रमिकहरूको हिंडडुल गर्न पाउने स्वतन्त्रलाई कुण्ठित गर्ने काम गर्छ ।[१८३] यसो गर्नुको उद्देश्य आप्रवासी श्रमिकमाथि नियन्त्रण राख्नु र उनीहरूलाई दिइएको काम वा देश छोडेर जानबाट रोक्नु हो । आइएलओले उल्लेख गरे जस्तै दण्डको डरमा रोजगारदाताहरूले "श्रमिकहरूलाई आफ्नो पहिचानका कागजपत्र बुभाउन लगाउनु" पनि हो किनभने त्यसलाई "जबरजस्ती श्रम असुली गर्न प्रयोग गर्न सकिन्छ ।"[१८४] आइएलओले यो पनि उल्लेख गरेको छ कि, "जहाँ आप्रवासी श्रमिकहरूलाई ठगी, भुठा वाचा र परिचयसम्बन्धी कागजपत्र कब्जा गरेर फसाउने वा कुनै रोजगारदाताको नियन्त्रणमा मात्रै बस्न बाध्य बनाइन्छ भने त्यस्ता क्रियाकलापहरू महासन्धि (जबरजस्ती श्रमसम्बन्धी महासन्धि) को स्पष्ट उल्लङ्घन हो ।"[१८५]

आप्रवासी श्रमिकसँग एम्नेस्टी इन्टरनेसनलले गरेको अन्तर्वार्ताहरूमा यो प्रश्नको जवाफ दिने ६० मध्ये ५८ जनाले गन्तव्य मुलुकमा उनीहरूको रोजगारदाता वा स्थानीय समन्वय एजेन्सीले आफ्नो राहदानी त्यहाँ पुगेको केही समयमै लिएको बताए । अन्तर्वार्ता दिने १८ जनाले आफूले आफ्नो राहदानी फिर्ता मागेको तर रोजगादाता वा स्थानीय एजेन्सीले दिन अस्वीकार गरेको बताए ।

---

१८२ आईएलओ, Combating Forced Labour: A Handbook for Employers & Business, 2008, available at: http://www.ilo.org/sapfl/Informationresources/ILOPublications/lang--en/docName--WCMS_101171/index.htm मा उपलब्ध । हेरिएको १५ अगस्ट २०११ ।

१८३ नेपाल सबै आप्रवासी श्रमिक र तिनका परिवारका अधिकारहरूको संरक्षणसम्बन्धी अन्तरराष्ट्रिय महासन्धि (१ जुलाई २००३ मा लागू भएको) को पक्ष राष्ट्र नभए तापनि, यसले पनि राहदानी खोसेर राख्ने कार्यले आप्रवासी श्रमिकहरूलाई जोखिमपूर्ण अवस्थामा पुर्‍याउँछ भन्ने कुरालाई स्वीकार्दछ, जुन कुरा धारा २१ मा स्पष्ट छ, "कानुनद्वारा अधिकारप्राप्त सरकारी अधिकारी बाहेक अन्य कसैले राष्ट्रिय भूभागभित्र प्रवेश गर्न वा बस्न, बासस्थान स्थापना गर्न स्वीकृति प्रदान गर्ने परिचयसम्बन्धी कागजपत्रहरू वा *वर्क परपटि* खोस्ने, नष्ट गर्ने वा नष्ट गर्न प्रयास गर्नु कानुन विपरित हुनेछ ।"

१८४ आइएलओ, *A global alliance against forced labour*, 2005, pp5-6, available at: http://www.ilo.org/public/english/standards/relm/ilc/ilc93/pdf/rep-i-b.pdf मा उपलब्ध । हेरिएको ९ सेप्टेम्बर २०११ ।

१८५ आइएलओ, *Eradication of Forced Labour,* General Survey 2007, para39, Ilolex no. 252007G04, http://www.ilo.org/ilolex/cgilex/pdconv.pl?host=status01&textbase=iloeng&document=221&chapter=25&query=(%23docno%3D252007G*)+%40ref&hightlight=&querytype=bool&context=0 मा उपलब्ध । हेरिएको २२ नोभेम्बर २०११ मा ।

कैलालीका २७ बर्षीय *केके* साउदी अरेबियाको एउटा होटलमा भान्छको सहायक भएर काम गरे र जुलाई २००९ मा फर्के । वाचा गरेको भन्दा प्रति महिना रु १३ हजार कम पाइरहेको हुनाले उनले त्यस अघि नै घर फर्कने प्रयास गरेका थिए । उनले आफ्नो राहदानी "धेरै पटक" फिर्ता मागे तर रोजगारदाताले दिन अस्वीकार गरे । उनको दुई वर्ष लामो करारनामा समाप्त भएपछि, *केके*ले पुनः प्रयास गरे :

> *"यो समयको अन्त्य पछि म नेपाल फर्कन चाहन्थें तर कम्पनीले मलाई जान दिएन । त्यसैले एक महिनासम्म मैले काम गर्न अस्वीकार गरें र मेरो कोठामै बसिरहें । अन्ततः म त्यहाँबाट भागें र प्रहरीले मलाई पक्राउ गऱ्यो । मसँग पासपोर्ट थिएन त्यसैले मैले उसलाई १००० साउदी रियाल (२७० अमेरिकी डलर) घुस दिएर सहयोग मागें । उसले नेपाली दुतावासमा सम्पर्क गरेर मेरो अस्थायी ट्राभल डकुमेन्ट र नेपाल फर्कने हवाई टिकट लिन सहयोग गरिदियो । अन्ततः घर फर्कनु अघि प्रहरी चौकीमा एक हप्ता म थुनामा बसें ।"*[१८६]

यसैगरी काठमाडौंका २६ बर्षीय *जेएन* साउदी अरेबियाको एउटा होटलका लागि जिम प्रशिक्षकका रुपमा नियुक्त भएका थिए । तर अक्टोबर २००७ मा त्यहाँ पुग्दा होटलको निर्माण कार्य अझै चलिरहेको थियो त्यसैले उनको रोजगारदाताले उनलाई निर्माण मजदुरका रुपमा काम गर्न लगायो जहाँ उनले ईट्टा बोक्ने ट्रली लिएर ९ तलासम्म जाने, बालुवाको बोरा खन्याउने, ड्रिलको काम गर्ने, पाइप मर्मत गर्ने, सिसा जडान गर्ने र फोहोर फाल्ने काम गरे । कम्पनीले उनलाई मासिक १००० साउदी रियाल (२७० अमेरिकी डलर) दिने वाचा गरेको थियो तर *जेएन*ले ४०० साउदी रियाल मात्र पाए । नेपाल फर्कने प्रयास गर्दा उनको रोजगारदाताले जान दिएनन् । त्यसैकारण, *केके*ले जस्तै *जेएन*ले पनि आफ्नो दुई बर्षको करारनामाको समाप्ति पर्खनु पऱ्यो :

> *"म नेपाल फर्कन चाहन्छु भन्ने सूचना सहितको एउटा चिठी मैले मेरो रोजगारदातालाई दिएँ तर उसले मेरो करारनामा तीन बर्षको हो भन्ने उत्तर दियो । यो सही थिएन, र मैले मेरो करारनामा देखाऊ भन्दा उसले अस्वीकार गऱ्यो । तर पनि अझै एक बर्ष काम गरेपछि मात्र घर फर्कन दिने भन्ने कुरा उसले गऱ्यो ।"*

तेस्रो बर्ष पनि पूरा भएपछि रोजगादाताले उनलाई निरन्तरता दिन प्रयास गऱ्यो तर *जेएन*ले नेपाल फर्कने कुरा राखे । केही छलफल पश्चात् कम्पनीले उनको राहदानी फिर्ता दियो र सेप्टेम्बर २०१० मा घर फर्कने हवाइ टिकट प्रदान गऱ्यो ।[१८७]

काम नभएका कारण कैलालीका ३१ बर्षीय *आइएच*ले जुलाई २०१० मा घर फर्कने निधो गरे । मलेसियास्थित कार्यस्थलबाट आफ्नो राहदानी उनले कसरी लिए भन्ने कुरा यसरी प्रस्तुत गर्छन् :

> *"मेरो पासपोर्ट फिर्ता लिन मैले एक जना श्रमिक साथीलाई ५०० मलेसियन रिङ्गिट (१६५ अमेरिकी डलर) दिनु पऱ्यो । कम्पनीमा ऊ करिव १० बर्ष काम गरिसकेको हुनाले व्यवस्थापनसँग उसको राम्रो सम्बन्ध थियो र उनीहरूलाई सम्झाएर मेरो पासपोर्ट फिर्ता ल्याइदियो । त्यसपछि नेपाल फर्कने टिकट मैले आफैं किने ।"*[१८८]

एम्नेस्टी इन्टरनेसनलसँगको अन्तर्वार्ताहरूमा श्रमिकको परिचयसम्बन्धी कागजपत्र खोसेर राख्नु आप्रवासी

---

१८६ *केके*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, कैलाली, ५ डिसेम्बर २०१० ।

१८७ *जेएन*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २६ मे २०११ ।

१८८ *आइएच*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, कैलाली, ५ डिसेम्बर २०१० ।

श्रमिकहरूको अधिकारको उल्लङ्घन हो भन्ने कुरा वैदेशिक रोजगार कम्पनीहरूले नबुझेको देखियो । श्रमिकको रोजगार सम्झौताको सर्त विपरित शोषणजन्य काममा आप्रवासी श्रमिकहरूलाई फसाउन कागजपत्र कब्जा गर्ने कार्यलाई बलप्रयोगको संयन्त्रका रुपमा प्रयोग गरिन्छ भन्ने कुरालाई पनि उनीहरूले स्वीकार गरेनन् । वास्तवमा यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका एनएएफइएका सबै सञ्चालक समितिका सदस्यहरूले रोजगारदताहरूको यो कार्यलाई समर्थन गरे वा सही सावित गर्ने प्रयास गरे ।

सोमलाल बटाजु, अध्यक्ष, एनएएफइए :

> *"गन्तव्य मुलुकका रोजगारदाताहरूले आप्रवासी श्रमिकको पासपोर्ट लिने गर्छन् किनभने उनीहरू राम्रो तलब पाउने कामतिर लाग्छन् । प्रायोजकका रुपमा रोजगारदाताहरूले लगानी गरेका हुन्छन् र लगानी गरेका श्रमिकहरु भागेमा रोजगारदाताले सो लगानी गुमाउँछन् । रोजगारदाताहरूले श्रमिकको पासपोर्ट राख्नु ठिक हो किनभने साउदी अरेबियामा मात्रै विगतका बर्षहरूमा ३० हजार नेपाली आप्रवासी श्रमिकहरू पुरानो कम्पनी छोडेर नयाँ कम्पनीमा गएका छन् ।"*[१८९]

त्रिलोकचन्द विश्वास, उपाध्यक्ष, एनएएफइए :

> *"आप्रवासी श्रमिकहरू धेरै अवस्थामा राम्रो तलब पाउने कामका लागि भाग्ने गर्छन् । अनि भिसा शुल्कका लागि कम्पनीहरूले हामीलाई जरिवाना लगाउँछ, त्यसैले परिचयसम्बन्धी कागजपत्र नियन्त्रणमा लिने राम्रो विचार हो किनभने सबै आप्रवासी श्रमिकहरू इमान्दार हुँदैनन् ।"*[१९०]

कुमुद खनाल, महासचिव, एनएएफइए :

> *"आप्रवासी श्रमिकहरू भागेर नजाउन् भनेर उनीहरूका रोजगादाताले कब्जा गरेर राख्ने गर्छन् । त्यसो किन गर्छन् भन्ने कुरा म बुझ्न सक्छु किनभने कम्पनीहरूका तर्फबाट ठूलो लगानी गरिएको हुन्छ ।"*[१९१]

कमल तामाङ, सचिव एनएएफइए तथा प्रमुख, हिमरब ओभरसिज एजेन्सी :

> *"आप्रवासी श्रमिकहरूको पासपोर्ट राखिने गरिन्छ किनभने राम्रो तलब दिने कामका लागि उनीहरू भाग्ने गर्छन् । यो आइएलओ कानुन विपरित हो भन्ने मलाई थाहा छ तर मेरो विचारमा ती कानुनहरू पश्चिमा मुलुकहरूका लागि हो, यहाँ एसियामा सान्दर्भिक छैन । वर्क भिसा रोजगारदातासँग सम्बन्धित हुने भएकाले उनीहरूले काम परिवर्तन गर्न पाउँदैनन् ।"*[१९२]

नेपालको विभाग र प्रवर्द्धन बोर्डसँगका वैठकहरूमा पनि परिचयसम्बन्धी कागजपत्र नियन्त्रणमा लिने कार्यले श्रमिकहरू सहमत नभएको वातावरणमा कसरी काम गर्न बाध्य पारिन्छ भन्ने बारेमा त्यस्तै बुझाइको अभाव रहेको पाइयो । दुवै सरकारी कार्यालयको बुझाइमा रोजगारदाताहरूले आफ्नो अधिकारको प्रयोग गरेका हुन् र त्यस्तो कार्य किन गरेको हो भनेर "बुझ्नु पर्ने हुन्छ ।"[१९३]

---

१८९ एनएएफइएका अध्यक्ष सोमलाल बटाजुसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २८ नोभेम्बर २०१० ।

१९० एनएएफइएका उपाध्यक्ष त्रिलोकचन्द विश्वाससँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २८ नोभेम्बर २०१० ।

१९१ एनएएफइएका महासचिव कुमुद खनालसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २६ नोभेम्बर २०१० ।

१९२ एनएएफइएका सचिव कमल तामाङसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २६ नोभेम्बर २०१० ।

१९३ वैदेशिक रोजगार विभागसँग काठमाडौंमा १० डिसेम्बर २०१० मा र वैदेशिक रोजगार प्रवर्द्धन् बोर्डसँगसँग २ डिसेम्बर २०१० मा एम्नेस्टी इन्टरनेसनलका बैठकहरू ।

राहदानी नखोसिएको अवस्थामा पनि नेपाली आप्रवासी श्रमिकहरू काम नछोड्न ठूलो दवाबमा हुने गर्छन् । यस अनुसन्धानका लागि अन्तर्वार्ता लिइएका सबै जना आप्रवासी श्रमिकहरूसँग एउटा रोजगारदातासँग सम्बन्धित रहेको वर्क भिसा थियो र कुनै पनि कारणले काम छाडेमा उनीहरू कि त नेपाल फर्कनु पर्दथ्यो वा गैरकानुनी रुपमा काम गरेर कुनै पनि समयमा पक्राउ पर्ने वा स्वदेश फिर्ता पठाइने जोखिम उठाउनु पर्दथ्यो । अनियमित हैसियत भएका आप्रवासी श्रमिकहरू स्पष्ट रुपमा शोषणको बढी जोखिममा हुने गर्छन् । तीन बर्षको करारनामा साथै लिएर मलेसिया गएका ओखलढुंगाका *एमजी*ले त्यहाँ पुगेपछि मात्र सुरक्षा गार्डको उनको वर्क भिसा एक वर्षका लागि मात्र वैधानिक रहेछ भन्ने थाहा पाए :

*"अभिलिखित नरहेको (अन डकुमेन्टेड) श्रमिकका रुपमा मैले पाँच बर्ष काम गरें । यो समयमा मलाई स्थानीय प्रहरीले करिव २० पटक पक्राउ गऱ्यो । हामीबाट पैसा पाउने लोभमा उनीहरूले हामीलाई पक्राउ गर्छन् । प्रत्येक पटक मैले २०० देखि ५०० मलेसियन रिङ्गिट (६५-१६५ अमेरिकी डलर) घुस दिने गर्दथें । जम्मा मैले प्रहरीलाई करिव ५००० मलेसिय रिङगिट (१,६५० अमेरिकी डलर) घुस दिएँ होला ।"*[१९४]

यद्यपि, नियमित हैसियत विना र/अथवा परिचयको कागजपत्र विना नेपाल फर्कनु निकै कठिन छ । झापा जिल्लाका ४१ बर्षीय *वाइडी* साउदी अरेबियास्थित काम गरिरहेको ठाउँबाट भागे किनभने उनको तलब सम्झौतापत्रमा उल्लेख गरिएको भन्दा आधा कम थियो । सन् २००९ मा उनी नेपाल फर्कन चाहे तर अभिलिखित नभएको श्रमिकका रुपमा यो त्यति सजिलो रहेनछ भन्ने कुरा उनले थाहा पाए :

*"मेरो पहिलाको रोजगारदाताको स्वीकृति विना मैले हवाई टिकट पाउन सकिन, मेरो पासपोर्ट पनि ऊ सँगै थियो । लामो प्रक्रिया पूरा नगरिकन नेपाली दुतावासले पनि मलाई घर पठाउन सकेन । त्यसैले घर फर्कन म पक्राउमा पर्नु पर्ने भयो, त्यसैले मलाई पक्रन एक जना प्रहरी अधिकृतलाई घुस दिएँ । दुई महिनासम्म म थुनामा रहें, त्यहाँको अवस्था निकै भयानक थियो । पानी थिएन, त्यसैले मैले शौचालयको पानी पिउनु पऱ्यो । उनीहरूले हामीलाई खाना त दिए तर सबैका लागि एउटा ठूलो भाँडा भएको हुनाले शारीरिक रुपमा बलियोले मात्र खान पाउँथे । म निकै विरामी परें तर थुना केन्द्रमा डाक्टरको व्यवस्था थिएन ।"*

अन्ततः साउदी सरकारले *वाइडी*को हवाइ टिकटको व्यवस्था गरिदियो । थुनामा रहँदा उनी यति कमजोर भए कि हवाइजहाजबाट बाहिर आउन सहयोगी हातहरूको खाँचो भयो ।[१९५]

## ७.५ घरेलु श्रमिकहरू

नेपाली आप्रवासी श्रमिकहरूसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ताहरूले शोषणजन्य कार्यस्थल, हिंडडुलको स्वतन्त्रमाथि पाबन्दी, परिचयसम्बन्धी कागजपत्र खोसिने, काममा लगाइनेहरूलाई चुक्ता गर्नु पर्ने कर्जा, यौन हिंसासहित शारीरिक र मनोवैज्ञानिक दुर्व्यवहार र जबरजस्ती श्रमको उपस्थितिलाई प्रमाणित गर्दछन् ।

सामान्यतया घरेलु श्रमिकका रुपमा नियुक्त गर्ने व्यक्ति/कम्पनीहरू गन्तव्य मुलुकमा रहेको स्थानीय भर्ती एजेन्सीहरूको साझेदारीमा काम गर्दछन् । त्यसरी काममा लैजानेहरु र घरेलु श्रमिकहरूसँग भएका

---

१९४ एमजीसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १७ डिसेम्बर २०१० ।

१९५ वाइडीसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १ अक्टोबर २०१० ।

अन्तर्वार्ताहरूले विदेशमा रहँदा घरेलु श्रमिकहरूको व्यवस्थापन र श्रमिक र नेपालीस्थित एजेन्सीबीच सम्पर्कको काम गन्तव्य मुलुकका स्थानीय भर्ती एजेन्सीहरूले नै गर्छन् ।

मानव अधिकारको उल्लङ्घन रोक्ने र त्यसका जिम्मेवारहरु विरुद्ध कारवाही चलाउने प्राथमिक दायित्व गन्तव्य मुलुकको भएको तथ्यलाई एम्नेस्टी इन्टरनेसनलले बुझ्ने तापनि माथि उल्लेख गरेझैं घरेलु श्रमिकसहित नेपाली आप्रवासी श्रमिकहरूमा जबरजस्ती श्रमका घटनाहरू न्यून तथा उन्मूलन गर्न नेपाल सरकारले आफ्नो क्षेत्राधिकार भित्र पनि पर्याप्त कदम चालेको छैन । विशेषगरी घरेलु श्रमिकले नेपाली दुतावास वा वाणिज्य दुतबाट सहयोगको आग्रह गर्दा त्यो उनीहरूको समस्या समाधान गर्न पर्याप्त हुनसकेको छैन (जस्तैः नेपाली आप्रवासी घरेलु श्रमिकहरूका लागि नियमकारी संयन्त्र र ऐनको अनुगमन तथा कार्यान्वयनका सम्बन्धमा) ।

यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका १७ मध्ये १४ जना नेपाली घरेलु श्रमिकले आफ्नो रोजगारदाताले घर बाहिर नजान भनेको वा उनीहरू बाहिर जाँदा सधैं थुनेर जाने गरेको बताए । आफ्नो कार्यस्थल बाहिर जाने अनुमति पाएका दुई जनामध्ये एक जना कुवेतमा काम गर्थिन् तर "थुनेर राखिएको" कारणले पहिलाको काम छाडेकी थिइन् र दोस्रो साइप्रसमा काम गर्थिन् ।

साउदी अरेबियामा दुई बर्ष काम गरेर नोभम्बर २०१० मा फर्केकी सुनसरीकी ३१ बर्षीया *आरआर*ले त्यस परिवारले "आफूलाई बाहिर जान नदिने र उनीहरू बाहिर जाँदा घर भित्र थुनिदिने" गरेको एम्नेस्टी इन्टरनेसनललाई बताइन् ।"[१९६] अर्की घरेलु श्रमिक कास्कीकी *जीएम* कुवेतमा एउटा परिवारका लागि काम गदर्थिन र उनलाई घर बाहिर जान प्रतिबन्धित थियो र "फोहोर फाल्न जाँदा पनि उनीहरूले म बाहिरको गेट भन्दा बाहिर नगएको निश्चित गर्न ढोकाबाट मलाई हेरिरहन्थे ।"[१९७]

एम्नेस्टी इन्टरनेसनलले अन्तर्वार्ता लिएका बहुसङ्ख्यक घरेलु श्रमिकहरूलाई आफ्ना परिवार वा सहयोगका लागि अन्य कोहीसँग सम्पर्क गर्न नसकुन् भनेर टेलिफोन प्रयोग गर्नमा पनि रोक लगाइएको थियो । *एसभी*ले नाबालिग छँदै कुवेतमा घरेलु श्रमिकका रुपमा काम गरिन् । उनका रोजगारदाताहरूले नेपालमा आफ्ना परिवारलाई सम्पर्क गर्न दिएनन् :

> *"कुवेतमा १९ महिना रहँदा मलाई नेपालमा मेरो परिवारसँग कहिल्यै सम्पर्क गर्न दिइएन । मेरो बारेमा चिन्तित मेरी आमाले गाउँमा बेचबिखनविरुद्ध चेतना फैलाउन आएको एउटा गैर सरकारी संस्थालाई सम्पर्क गर्नु भएछ । त्यही गैससमार्फत मेरो उद्धार भयो र यो प्रयासका कारण मेरो दलालले नेपाल फर्कने मेरो खर्च तिर्नु पर्‍यो र पछि प्रहरीले उसलाई पक्राउ पनि गर्‍यो ।"*[१९८]

केही हदसम्म कामको एकल प्रकृतिका कारण घरेलु श्रमिकहरू हिंसा र दुर्व्यवहारको बढी जोखिममा हुने गर्छन् । यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका १७ मध्ये ११ जना आप्रवासी घरेलु श्रमिकले कुनै न कुनै रुपमा शारीरिक, शाव्दिक वा यौन दुर्व्यवहार र/वा हिंसाको धम्कीको सामना गर्नु पर्‍यो । परिचयसम्बन्धी कागजपत्र खोसिने कार्य, काम लगाइदिनेलाई तिर्नुपर्ने कर्जा र एउटै रोजगारदातासँगको आवद्धताजस्ता बलप्रयोगका अन्य अभ्यासहरूले उनीहरूको अवस्था झनै दयनीय बन्न गयो । आइएलओ अनुसार :

> *"आज मध्यपूर्व र अन्य क्षेत्र जाने बढ्दो सङ्ख्याका आप्रवासी घरेलु श्रमिकहरू जो*

---

१९६ *आरआर*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, सुनसरी, १४ डिसेम्बर २०१० ।

१९७ *जिएम*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १७ र १९ सेप्टेम्बर २०१० ।

१९८ *एसभी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, ३ डिसेम्बर २०१० ।

> *परिचयसम्बन्धी काजगपत्र हस्तान्तरण गर्छन् र हिंडडुलको सीमित स्वतन्त्रतासहित एउटै घरपरिवारमा बाँधिएको पाउँछन्, उनीहरू जबरजस्ती श्रमको उच्च जोखिममा हुने गर्छन् ।"*[१९९]

यसका अलावा, आप्रवासीहरूको मानव अधिकारसम्बन्धी संरासङ्घीय विशेष प्रतिवेदकले "आइपुग्ने बित्तिकै आप्रवासी घरेलु श्रमिकको परिचय र यात्रासम्बन्धी कागजपत्रहरू रोजगारदाताले लैजाने कार्य" लाई "प्रमुख चासोको विषयका रुपमा उल्लेख गर्नुभएको छ (...) किनभने यसले आप्रवासी श्रमिकहरूलाई पूर्ण परनिर्भरको अवस्थामा पुऱ्याउने र हिंडडुल र रोजगारदाताको सहमति विना स्वदेश फर्कनमा व्यवधान सिर्जना गर्दछ ।"[२००]

कुवेतमा रोजगारदाता र स्थानीय एजेन्टबाट शारीरिक तथा मनोवैज्ञानिक रुपमा दुर्व्यवहारको सामना गरेका सुनसरीका तीन जना महिलाहरूको कथा एम्नेस्टी इन्टरनेसनलले अभिलिखित गरेको छ । सबै घटनामा महिलाहरूको राहदानी खोसिएको थियो र नेपालमा आफ्ना दलाललाई मात्र नभई कुवेतको स्थानीय एजेन्सीलाई समेत तिर्नु पर्ने कर्जाका कारण आफ्नो करारनामालाई पूरा गर्न उनीहरू बाध्य भए ।

२८ बर्षीया *एसआर*ले नेपालमा दलाललाई रु २५,००० तिर्नु थियो, जसले एक पटक काम सुरु गरेपछि चुक्ता गरे हुन्छ भनेको थियो । रोजगारदाताले उनीमाथि गरेको दुर्व्यवहारलाई उनी यसरी स्मरण गर्दछिन् :

> *"मालिकी आमाले मलाई मौखिक तथा शारीरिक रुपमा दुर्व्यवहार गरिन् । केही गल्ती गरेको उसलाई लाग्ने वित्तिकै मलाई कराउँथी । एक पटक उसले मेरो दाहिने हातमा चक्कुले प्रहार गरी । तीन चार पटक उसले मेरो कुम र ढाडमा पेटीले हिर्काइ । बाथरुममा लगेर पनि मलाई कुटपिट गरी । त्यहाँ काम गर्दा म धेरै रोएँ ।"*

*एसआर*ले त्यस परिवारलाई आफू रोजगारदाता परिवर्तन गर्न चाहेको जानकारी गराउँदा उनीहरूले तिनलाई स्थानीय एजेन्सीमा लगे, र त्यहाँ उनले थप दुर्व्यवहारको सामना गर्नुपऱ्यो :

> *"जब मैले म नेपाल फर्कन चाहन्छु भने त्यो बङ्लादेशी एजेन्ट र यसको नेपाली श्रीमती मिलेर मलाई पेटी र हातले कुटपिट गरे । एजेन्टले मैले उनीहरूलाई रु १००,००० तिर्न बाँकी रहेको बताए । र मैले नदिए मेरो घाँटी काटेर कुवेतमा फ्याँकी दिने उसले धम्की दियो ।"*

*एसआर*ले आफ्नी आमालाई सम्पर्क गरिन् र आमाले दलालसँग वार्ता गरेर रु ३० हजारमा छोरीलाई घर फर्काउने सम्झौता गरिन् । यो रकम ती आमाले एक व्यक्तिबाट ६० प्रतिशत ब्याजदरमा लिनुपऱ्यो । घर जाने टिकट पाउनु अघि तीन महिनासम्म *एसआर* त्यही एजेन्सीको कार्यालयमै बसिन् र त्यहाँ उनले त्यस एजेन्टको कुटाइ खानुपऱ्यो ।[२०१]

२८ बर्षीया *आरजी*ले घरेलु श्रमिकका रुपमा साढे दुई बर्ष काम गरिन् । सुरुमा रु ३० हजारको रोजगार सेवा शुल्क पनि उनले तिरिनन् किनभने दलालले आफ्नो कमाइबाटै तिरे हुन्छ भनेको थियो । कुवेतमा

---

१९९ आएलओ, *A global alliance against forced labour*, 2005, p9, http://www.ilo.org/public/english/standards/relm/ilc/ilc93/pdf/rep-i-b.pdf मा उपलब्ध । हेरिएको ९ सेप्टेम्बर २०११ ।

२०० आप्रवासीहरूको मानव अधिकारसम्बन्धी संरासङ्घीय विशेष प्रतिवेदकको प्रतिवेदन, UN Doc. E/CN.4/2004/76 (12 January 2004), para34.

२०१ *एसआर*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, सुनसरी, १४ डिसेम्बर २०१० ।

लामो समयको काम, न्यून तलब र रोजगारदाताहरूबाट शारीरिक तथा मनौवैज्ञानिक दुर्व्यवहारका कारण छ महिना पछि काम सारिदिन आग्रह गरिन् :

> *"स्थानीय एजेन्सीको निर्देशकले मलाई भित्र बोलायो र मलाई खुट्टा, हात र लट्ठीले कुट्यो । नेपाल फर्कन मैले आफ्नो पासपोर्ट माग्दा एजेन्सीले दिन मानेन र मेरा रोजगारदाताहरूले कुटपिट गरेपनि मैले दुई बर्ष पूरा गर्नुपर्ने बतायो । उसले म नेपाल चाँडै फर्कने हो भने मैले रु १५०,००० तिर्नुपर्ने बतायो । त्यति रकम मसँग नभएको हुनाले दुर्व्यवहार गर्ने रोजगारदाताहरू समक्ष नै फर्कन बाध्य भएँ ।"*

*एसआर* जस्तै *आरजी*ले पनि नेपालको दलालका साथै स्थानीय एजेन्सीलाई पनि आफूले कर्जा फिर्ता गर्नुपर्ने कुरा थाहा पाइन् । *आरजी* काममा फर्केपछि पनि स्थितिमा केही सुधार आएन :

> *"दुई बर्षसम्म मैले कुटपिट र नराम्रो गाली सहेर बस्नु पर्‍यो किनभने घर फर्कन मैले मेरो करार पूरा गर्नुपर्दथ्यो । तर दुई बर्ष पछि पनि मेरा रोजगारदाताहरूले मलाई फर्कन दिएनन् त्यसैले म त्यहाँबाट भागेँ । सडकमा हिडिरहंदा प्रहरीले सोधखोज गर्‍यो र मसँग परिचयपत्र नभएको हुँदा मलाई थुना केन्द्रमा लगियो । मलाई चार दिनसम्म थुनामा राखियो । मेरो रोजगारदाताहरूले मलाई लिन आए र घर लगे । उनीहरूले मलाई कुटपिट गरे र पाँच महिना पछि मात्र म नेपाल फर्कनसक्ने बताए । हवाई टिकटको पैसा उनीहरूले मेरो तलबबाट काटे ।"*[२०२]

तीस बर्षीया केडीले पनि कुवेतमा आफ्नो रोजगारदाता र स्थानीय एजेन्टको हातबाट यस्तै दुर्व्यवहारको सामना गर्नुपर्‍यो :

> *"बिरामी हुँदा पनि स्थानीय एजेन्सीले मलाई काम गरिरहन दवाब दियो । नेपाल फर्कने हो भने रु १५०,००० तिर्नु पर्ने उनीहरूले बताए । उनीहरूले भनेको नमानेमा मलाई थुन्ने, कुटपिट गर्ने र बिक्री गरिदिने धम्की दिए । प्रहरीमा गएर उजुरी गर्दा पनि वास्ता गरिएन, त्यसैले म फर्केर एजेन्सीमा जानुपर्‍यो किनभने मेरो पासपोर्ट उनीहरूसँग थियो । मलाई दण्डित गर्न ऐजेन्टले मलाई बुटले कुट्ने, थप्पड हान्ने र टाउकोमा मुक्का प्रहार गर्ने काम गर्‍यो; मेरो टाउको अझै पनि दुख्छ र डाक्टरले मेरो अपरेसन गर्नुपर्ने भनेको छ । दुई दिनसम्म त म उठ्न पनि सकिन । जिउभरी सबैतिर  चोटपटक लागेको थियो ।"*

काठमाडौंमा कम्पनीसँग वार्ता गरेर *केडी*का परिवारले कुवेती एजेन्सीलाई रु ५० हजार तिरेर आफ्नो छोरी घर फर्काउन सफल भए ।[२०३]

## यौन हिंसा

केही घरेलु श्रमिकहरूले आफ्नो कार्यस्थलमा वा स्थानीय एजेन्टबाट यौन दुर्व्यवहार र हिंसाको सामना गर्नुपर्‍यो । कुवेतमा घरेलु श्रमिकका रुपमा काम गरेर फेब्रुवरी २०११ मा फर्केकी ललितपुरकी २९ बर्षीया *एसडी*ले आफू स्थानीय एजेन्सीको एजेन्टबाट बलात्कृत हुनपुगेको बताइन् :

> *"उसले केही कागजपत्र बुझाउने बहानामा मलाई उसको कार्यालयमा एक साँझ बोलायो । कागजी*

२०२ *आरजी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, सुनसरी, १० डिसेम्बर २०१० ।

२०३ *केडी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १० डिसेम्बर २०१० ।

> *काम सकिंदा सार्वजनिक यातायात पाउन ढिला भइसकेको थियो, त्यसैले उसले मलाई उसकै घरमा बस्न आग्रह गर्‍यो । घरमा उसको बहिनी पनि रहेकोले केही डर नहुने उसले मलाई आश्वासन दियो । तर उसको अपार्टमेन्टमा पुग्दा त्यहाँ अन्य कोही पनि थिएन । र त्यहाँ उसले मलाई बलात्कार गर्‍यो ।"*

आफ्नो नाम सार्वजनिक हुने डरले *एसडी* कुवेतको सम्बन्धित निकायमा गइनन् । तर जब आफू गर्भवती भएको थाहा पाइन्, उनले त्यस एजेन्टलाई आफूलाई नेपाल फर्कादिन आग्रह गरिन्, तर उसले अस्वीकार गर्‍यो । *एसडीले* आफ्ना रोजगारदाताहरूलाई पनि जानकारी दिइन् तर "देखिएको छैन" भनेर विश्वास गरेनन् । अन्ततः उनले एउटा सार्वजनिक शौचालयमा बच्चलाई जन्म दिइन् :

> *"त्यस परिवारसँग म पिकनिक गएँको थिए जब मैले व्यथा लागेको महसुस गरें । दौडदैं शौचालय गएँ र त्यहाँ मैले मेरो छोरालाई जन्म दिएँ । त्यस परिवारले मलाई अस्पताल लगिदिए । अस्पतालमा १६ दिन बसेपछि मलाई थुना केन्द्रमा लगियो जहाँ मैले २७ दिन बिताएँ । नेपाली दुतावासले घर फर्कने टिकटको व्यवस्था गरिदियो ।"*

*एसडी* हाल काठमाडौंको एउटा आश्रय केन्द्रमा आफ्नो छोराका साथ बस्दै आएकी छिन् । उनी विदेशमा रहँदा बच्चलाई जन्म दिएको कुरा उनका अभिभावकलाई थाहा छैन ।[२०४]



**तस्वीर १३ : नेपाली गैसस पौरखीद्वारा सञ्चालित आश्रय केन्द्र, काठमाडौं (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

चितवन जिल्लाकी ३१ बर्षीया *टीएस*लाई वैदेशिक रोजगार कम्पनीले लेबाननको एउटा अस्पतालमा सफाई कर्मचारीको काम लगाइदिने वाचा गर्‍यो । तर उनले घरेलु श्रमिकको रुपमा काम गर्नुपर्‍यो । छ

---

२०४ *एसडी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २६ मे २०११ ।

महिना पछि सेप्टेम्बर २००९ मा उनी नेपाल फर्किन् :

> *"श्रीमती प्राय घर बाहिर हुन्थिन र श्रीमान् भने घरबाट काम गर्दथे । उनी नहुँदा उसले मलाई आफ्नो कोठामा बोलाएर ऊ नजिकै बस्न भन्थ्यो । मलाई उसले आफू तिर तान्यो । मैले आफूलाई यस्तो मन नपर्ने भन्दा उसले वास्ता गरेन । ऊबाट फुत्किन सधैँ सङ्घर्ष गर्नु पर्दथ्यो । यो श्रीमती बाहिर हुँदा धेरै पटक भयो । एक पटक मैले श्रीमतीलाई भन्न खोज्दा, उनको श्रीमान्ले मलाई गालामा तीन चार थप्पड हान्यो र मेरो शरीरमा लगातार मुक्का प्रहार गऱ्यो । मैले श्रीमतीलाई नेपालमा मेरो भाइलाई फोन गर्ने अनुमति दिन आग्रह गरेँ । उनले मलाई तीन मिनेट कुरा गर्न दिइन् । भाईलाई सबै कुरा सुनाएँ र मलाई लेबानबाट बाहिर निकाल्न भने ।"*[२०५]

*एसभी*ले पनि कुवेतको एक रोजगारदाता परिवारबाट त्यस्तै यौन दुर्व्यवहारको सामना गरिन् :

> *"एक पटक परिवारको माइलो छोराले मलाई प्रेम गर्ने र ऊ मसँग बस्न चाहेको बतायो । मैले हुँदैन भनेपछि ऊ आक्रामक भयो र मलाई जबरजस्ती समात्यो, तर मैले उसलाई धकेलिदिएँ । आमाले यो देखेपछि त्यसको दोष मलाई दिइन् र कुट्न थालिन् । उनले मलाई थप्पड हान्ने, मुक्का प्रहार गर्ने र आफ्नो जुत्ताले हिर्काइन् ।"*[२०६]



**तस्वीर १४ : *जीए* आफ्नी आमासँग, काभ्रेपलाञ्चोक (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

कुवेत र साउदी अरेबियामा कुल छ महिना घरेलु श्रमिकको रुपमा काम गर्दा १९ बर्षीया *जीए* नाबालिग थिइन् । उनी जनवरी २०१० मा नेपाल फर्किन् । आफ्नो अनुभवबारे कुरा गर्न उनलाई अझै पनि कठिनाइ हुने भएकाले अन्तर्वार्ता उनको आमाको सहयोगमा लिइयो । निम्न लिखित बयान *जीए*ले

२०५ *टिएस*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १ डिसेम्बर २०१० ।

२०६ *एसभी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, ३ डिसेम्बर २०१० ।

आफ्नो आमालाई भनेको कुरामा आधारित छ :

> *"स्वास्थ्यको हिसाबले म पूर्ण रुपमा ठिक भइसकेको छैन । अझै पनि पीडाको अनुभव हुन्छ । कुटपिटबाट मेरो ढाड र टाउकोमा चोटपटक लागेको थियो । नेपाल आइपुग्दा मेरो पाखुरामा इन्जेक्सनको दाग स्पष्ट थियो । मेरा पाखुराहरू अझै पनि दुख्छन् तर मलाई के भयो भन्ने कुरा मलाई केही याद छैन ।*

आफ्नो आमा र गैससका कर्मचारीहरूलाई बताएको केही कुराबाट जीएलाई उनका रोजगारदाताहरूले शारीरिक र यौन दुर्व्यवहार गरेको स्पष्ट हुन्छ ।[२०७]

## ७.६ यौन शोषणका लागि बेचबिखन

विदेशमा राम्रो काम र पढ्ने अवसरको वाचा गरेर दलालले युवतीहरूलाई भारतमा यौन शोषणका लागि बेचबिखन गरेको एम्नेस्टी इन्टरनेसनलले तीन वटा घटनाहरू अभिलिखित गरेको छ । पासपोर्ट बनाउनेदेखि वैदेशिक रोजगारको आवेदनलगायत सबै प्रशासनिक कार्यहरू निःशुल्क गरिदिने प्रस्तावले उनीहरू र उनीहरूका परिवार लोभिए । अन्त्यमा कमजोर आर्थिक अवस्था मात्र नभई छोरीहरूको जीवन राम्रो बनाउने यस्ता अवसर उनीहरूले फेरि जुटाउन नसक्ने महसुस गरी अभिभावकहरूले आफ्नो मञ्जुरी दिए । देहायका तीन वटै घटना एउटै दलालको संलग्नता रहेको थियो र सबैमा ती युवतीहरूले आफ्नो "कर्जा" जबरजस्ती वेश्यावृत्तिको माध्यमबाट चुक्ता गर्नुपर्‍यो ।

सन् २००८ मा *एसएस*ले ती दलाललाई उसको श्रीमती काम गर्ने एउटा गलैंचा कारखानामा भेटिन् । उसले उनलाई लेबनानमा घरेलु श्रमिकको राम्रो काम मिलाई दिने वाचा गर्‍यो । श्रीमान् श्रीमती मिलेर उनलाई यो काममा जान विश्वस्त बनाए र एक पैसा नलाग्ने भनेर थप छुटको प्रस्ताव गरे । *एसएस*लाई दलालले भारत लगेपछि मात्र उनले सत्य कुरा थाहा पाइन् :

> *"म लेबनानका लागि उड्नु थियो तर त्यो दलालले मेरो पासपोर्ट खोसेर मलाई वेश्यालयमा भारु १००,००० मा बिक्री गरिदियो । वेश्यालयमा मलाई दिनमा ३५ जना ग्राहकहरूसँग यौन सम्पर्क गर्न बाध्य बनाइयो र आइतबार ४५ जनासँग । दिनरात काम गर्नु पर्दथ्यो, र बेलुका ११ बजेदेखि बिहान ४ बजेसम्म मात्र सुत्न पाइन्थ्यो । तर पनि रातभरका लागि ग्राहक भएमा काम गरिरहनु पर्दथ्यो । अस्वीकार गर्ने धेरै पटक प्रयास गरें तर मेरो मन परिवर्तन नभएसम्म वेश्यालयको सञ्चालिकाले मलाई फलामको डण्डीले कुटिरहन्थिन् ।*
>
> *परिवारलाई सम्पर्क गर्न, बाहिर जान, कसैलाई भेट्न र कोहीसँग बोल्न मलाई छुट थिएन । मेरा सबै कुरालाई वेश्यालयकी सञ्चालिकाले नियन्त्रणमा राखेकी थिई । उसले मलाई तलब पनि दिन्नथी र मसँग हुने पैसा भनेको ग्राहकले दिने टिप्स् मात्र थियो ।*
>
> *छ महिना पछि प्रहरीले वेश्यालयमा छापा मारी सबै महिला र युवतीहरूलाई एक बर्ष पाँच महिना जेलमा थुनिदियो । सञ्चालिका पनि पक्राउ परेकी थिइन् र हामीलाई उनीले आफू वेश्यालयको सञ्चालक भएको कुरा प्रहरीलाई नभन्नु भनेकी थिइन् । प्रहरीलाई सत्य कुरा थाहा थियो तर उसले उनीहरूलाई घुस दिएको कारण उनलाई हामी भन्दा पाँच महिना अगावै रिहा गरियो ।*

---

२०७ *जीए*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काभ्रेपलाञ्चोक, २८ सेप्टेम्बर २०१० ।

*हामी रिहा भएपछि सञ्चालिकाले हामीलाई पुनः वेश्यालयमा फर्कन बाध्य बनाइन् । एक महिना पछि उनले मलाई अर्को वेश्यालयमा रु ३००,००० मा विक्री गरिन् । मैले त्यति ठूलो ऋण कहिल्यै तिर्न नसक्ने महसुस गरें र त्यहाँबाट भाग्ने निर्णय गरे ।"*

अन्ततः *एसएस* नेपाल फर्कन सफल भइन् र हाल उनी काठमाडौंस्थित एक आश्रय केन्द्रमा रहेकी छिन् ।[२०८] उनीसँगै भाग्ने अर्की युवती *एसटी*ले पनि आफ्नो समान अनुभव सुनाइन् :

*"मैले दलालाई मेरो गाउँघरमा २००७-००८ तिर भेटेको हो । मेरो परिवार निकै गरिब छ र उसले हाम्रो घरमा आएर लेबाननमा घरेलु श्रमिकका रुपमा गएमा मैले धेरै पैसा कमाउन सक्ने बतायो । म जान चाहन्नथें तर दलालले मेरो आमालाई यो मेरो लागि राम्रो र सुरक्षित अवसर हो भनेर आश्वस्त बनायो र आमाले उसको कुरा विश्वास गर्नु भयो ।*

*दलाली शुल्क केही थिएन । वास्तवमा दलालले मेरा लागि सबै कागजपत्र तयार गरिदियो । म त्यतिखेर नाबालग थिएँ । मलाई सम्झौतापत्र त दिएन तर मैले कस्तो काम गर्नु पर्ने हो भनेर बतायो । हामी पाँच जनालाई दलालले भारत लग्यो जहाँबाट हामी लेबानन उड्ने थियौं । उसले मेरो पासपोर्ट राखेको थियो ।*

*हामी त्यहाँ दुई दिन बस्यौं । दलालले कसैसँग पैसाको लेनदेन गरेको देखेपछि हामीलाई विक्री गर्न लागेको हामीले थाहा पायौं । उसले हामीलाई नेपाल फर्कने कि विदेश जाने भनेर सोध्यो । हामीले 'नेपाल फर्कने' भन्यौं तर पनि उसले हामीलाई वेश्यालयमा विक्री गरिदियो । मलाई भारु १७०,००० मा विक्री गरियो ।*

*म निकै रोएँ । त्यो वेश्यालयमा नेपाली केटीहरू मात्र थिए, २० देखि २५ जना । हरेक दिन मैले २५ देखि ३० जना ग्राहकहरूसँग यौन सम्पर्क गर्न बाध्य हुन्थे र आइतबार ५० देखि ६० जना । अस्वीकार गर्दा सञ्चालिकाले कुटपिट गर्थी, खाना नदिएर अनिंदो राख्थे । काम गर्दा हामी बिहान चाँडै उठ्नु पर्थ्यो, र हामी सुतेमा सञ्चालिकाले पानी खनाइदिने र आगोमा खोर्सानी बालेर हाम्रो आँखा पोल्ने धुवाँ उटाइदिन्थि ।*

*मैले तलब पाइन । कहिले काहीँ ग्राहकहरूबाट टिप्स् मात्र पाइन्थ्यो । हामीलाई दिनको दुई पटक बिहान र बेलुका खाना दिइन्थ्यो । म बाहिर जान सक्दिनथें । घाम पनि देख्न पाइदैनथ्यो । त्यस घरमा एउटा मात्र झ्याल थियो र त्यहाँ ती सञ्चालिका बस्ने गर्थी । पूरा घर पर्दाले छोपिएको थियो ।"*[२०९]

सन् २००८ मा त्यही दलालले *एसयू*को अभिभावकलाई भेटेर उनीहरूको छोरीले भारतमा राम्रो शिक्षा लिनसक्ने र त्यसबाट राम्रो जागिर पाउन सक्ने भनी विश्वस्त तुल्याउने काम गऱ्यो । उनलाई पढाउन ज्यादै गरिब भएको हुनाले *एसयू*का लागि यो राम्रो अवसर हो भन्ने उनीहरूलाई लाग्यो :

*"दलाले मलाई भारत पुऱ्याएपछि मलाई एउटा वेश्यालयमा लिएर गयो । मलाई त्यहाँ विक्री गरिएन किनभने त्यो वेश्यालयको मालिक ऊ आफै थियो तर एउटा महिलाले त्यसको सञ्चालन गर्दथी । पहिलो हप्ता मैले पाँच देखि छ जना ग्राहकहरूसँग यौन सम्पर्क गर्नुपर्दथ्यो*

२०८ *एसएस*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, ३ डिसेम्बर २०१० ।

२०९ *एसटी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, ३ डिसेम्बर २०१० ।

*तर पछि त्यो बढेर दिनको २५ देखि ४० हुनपुग्यो । आइतबार ३० जना भन्दा बढी हुने गर्दथ्यो । अस्वीकार गर्दा वेश्यालयका व्यवस्थापकले मलाई लठ्ठीले कुट्ने गर्दथी । मलाई वेश्यालय बाहिर जान छुट थिएन र घामको प्रकाश कहिल्यै देख्न पाइँन । म त्यहाँ छ महिनासम्म बसेँ ।"*

वेश्यालयका व्यवस्थापक बाहिर गएको बेला अन्य दुई जनासँग मिलेर *एसयू* भाग्न सफल भइन् । यो उनीहरूको तेस्रो प्रयास थियो - हामी दुई पटक असफल भइसकेका थियौं किनभने बाहिर धेरै मानिस थिए ।"[२१०]

ती युवतीका परिवारहरूले ती दलाल विरुद्ध प्रहरीमा उजुरी दर्ता गरेका छन् र त्यसको मुद्दा हाल अनुसन्धानमा रहेको छ । यी घटनाहरूले नियमावलीको दफा ४८ को आवश्यकता अनुसार दलालहरूको दर्ता गर्नुको महत्व पुष्टी गर्दछ, तर हालसम्म यो प्रावधान कार्यान्वयनमा आउन सकेको छैन (हेर्नुहोस् भाग ९.१) ।

---

२१० *एसयू*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, ३ डिसेम्बर २०१० ।

# ८. हर्जना र क्षतिपूर्ति सुरक्षित गर्ने प्रयास

"म यूएई मै मरेको भए हुन्थ्यो । त्यसरी मैले ऋणका बारेमा चिन्ता गरिरहनु पर्दैनथ्यो । मेरो बीमा नेपाल सरकारमार्फत भएको थियो तर दुःखको कुरा के हो भने उनीहरूले मलाई (औद्योगिक दुर्घटना) क्षतिपूर्ति लिन कुनै पनि सहयोग गरेका छैनन् ।"

सडक मर्मतसम्भारको काम गरेका झापाका *एलके*[२११]

## ८.१ विदेशमा रहँदा समस्या समाधान गर्न सफल नहुने

आप्रवासी श्रमिकहरूले आफ्नो कामसम्बन्धी कुनै समस्याको सामना गर्दा सहयोगका लागि प्रायः पहिला नेपालमा रहेको दलाल र/वा वैदेशिक रोजगार कम्पनीलाई सम्पर्क गर्ने र घरेलु श्रमिकहरूको हकमा स्थानीय रोजगार एजेन्सी र त्यसपछि नेपाली दुतावास वा वाणिज्य दुतलाई सम्पर्क गर्ने गरेको अन्तर्वार्ताहरूले संकेत गर्दछन् । अन्तर्वार्ताहरूबाट यो पनि थाहा हुन्छ कि काम व्यवस्था गरिदिनेहरु, विशेषगरी दलालहरूले असन्तुष्ट ग्राहकहरूको फोन नै उठाउँदैनन् । उठाउनेहरूले पनि श्रमिकहरूलाई सहयोग वा क्षतिपूर्तिको आश्वासन दिन्छन् तर त्यो पूरा हुँदैन । अन्यले श्रमिकहरूलाई आफ्नो अवस्थालाई स्वीकार गरेर काममा केन्द्रित हुन आग्रह गर्दछन् र त्यसवापत अर्को पटक विदेश जाँदा राम्रो कामले पुरस्कृति पनि गरिने बताइन्छ ।

यी समस्याहरू गन्तव्य मुलुकमा आउने भए तापनि नेपाल सरकारको हस्तक्षेप गरी समस्याको समाधान गर्ने प्रयास र मद्दत गर्ने दायित्व रहन्छ । वैदेशिक रोजगार ऐनको दफा ६८ ले "वैदेशिक रोजगारीका लागि पाँच हजार भन्दा बढीलाई पठाइएको सबै देशहरूमा श्रम सहचारीको नियुक्त गरिनुपर्ने" कुरा उल्लेख गरेको छ । उनीहरूको काम र कर्तव्य निम्नानुसार हुनेछन् :

> "(ख) यदि श्रमिक, रोजगारदाता सँस्था वा अनुमति प्राप्त गर्ने सँस्थाबीच कुनै विवाद आएमा त्यसको समाधान गर्न सहयोग गर्ने,
> (ग) वैदेशिक रोजगारका क्रममा असहाय बन्न पुगेको कुनै पनि श्रमिकलाई नेपाल फर्काउन आवश्यक व्यवस्था मिलाउने,
> (ङ) प्राकृतिक प्रकोप वा अन्य कुनै पनि कारणले मृत्यु हुन पुगेको श्रमिकको लास सम्वद्ध देश वा रोजगारदाता संस्थाको सहयोगमा देश फिर्ता पठाउन कदम चाल्ने,
> (च) नेपालबाट श्रमिकहरूको आपूर्तिका लागि सरकारी तहमा द्विपक्षीय सम्झौता गर्न प्रयास गर्ने ।"

---

२११ *एलके*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, झापा, १४ जुलाई २०११ ।

यद्यपि श्रम मन्त्रालयले कुवेत, मलेसिया, कतार, साउदी अरेबिया, दक्षिण कोरिया र संयुक्त अरब इमिरेट्स गरी छ वटा देशहरूमा मात्र श्रम सहचारी पठाएको छ । मन्त्रालयका अनुसार थप चार वटा देशहरू जापान, इजरायल, ओमान र हङकङमा पठाउने योजना रहेको छ ।[२१२]

आप्रवासी श्रमिकहरूलाई उनीहरूले नेपाली कुटनैतिक नियोगलाई सम्पर्क गरे गरेनन् भनेर प्रश्न गर्दा धेरैले नगरेको किनभने भने "त्यसको प्रक्रिया के हो, कसलाई सम्पर्क गर्ने" भन्ने कुरा थाहा नभएको वा आफ्नो गन्तव्य मुलुकमा दुतावास नरहेको वा "धेरै टाढा" रहेको बताए । अन्यले भने त्यसको सहयोग पुऱ्याउनसक्ने क्षमता माथि शंका व्यक्त गरे । तलब नपाएका कारण नोभेम्बर २०१० मा लिबियाबाट फर्कने ४६ जना आप्रवासीहरूको सामूहिक अनुभवलाई एक जना आप्रवासी प्रवक्ताले यसरी राखे :

> *"हामीले कायरोस्थित नेपाली दुतावासलाई सम्पर्क गरेनौं किनभने हाम्रो सहयोगका लागि उनीहरू आउँछन् भन्ने कुरामा हामीलाई विश्वास लागेन । हाम्रा विगतका धेरै अनुभवहरूको आधारमा नेपाली दुतावासले कम्पनीहरूसँग पैसा लिन्छ र श्रमिकको सट्टा उनीहरूको साथ दिन्छ । विदेशमा श्रमिकहरू समस्यामा पर्दा दुतावासले सहयोग गरेको हामीले कहिल्यै सुनेका छैनौं । हामीमध्ये एक जनाको अनुभवमा कतारमा ऊ त्यहाँको दुतावासमा दुई महिना धायो तर अन्तमा त्यहाँका कर्मचारीहरूले सहयोग गरेनन् । श्रीलंकाका नागरिकहरू समस्यामा पर्दा उनीहरूले प्राय: आफ्नो दुतावासबाट सहयोग पाएको हामीले देखेका छौं तर नेपालीहरूका लागि भने आजसम्म देखेका छैनौं ।"*[२१३]

भ्रष्टचारको आरोपको प्रतिक्रियामा इजिप्टका लागि नेपाली राजदुत स्यामलाल ताबदारबाट देहायको विचार व्यक्त भयो :

> *"यो पूर्णरुपमा आधारहीन र काल्पनिक आरोप हो । कसैले पनि पैसा नलिएको र कम्पनीको पक्ष पनि नलिएको भन्ने कुरामा सबैलाई ढुक्क हुन हामी सबैलाई आग्रह गर्दछौं तर यदि कसैले पैसा कहिले र कसले लिएको भनी प्रमाण वा तर्कसङ्गत व्याख्या प्रस्तुत गर्छ भने हामी त्यसको छानविन गरेर त्यस्ता व्यक्ति विरुद्ध कडा कारवाही चाल्नेछौं ।"*[२१४]

अन्तर्वार्ता दिनेमा दुतावासलाई सम्पर्क गर्ने सात जनामध्ये कसैले पनि आफ्नो समस्या समाधान गर्न सहयोग पाएनन् । यी मध्ये आधा आप्रवासी श्रमिकहरूको समस्या भनेको नेपाल फर्कने हवाई टिकट पाउनु थियो । अन्यमा यूएइको दुवईमा काम गर्ने काठमाडौंका ४४ बर्षीय *टिपी* थिए । अगस्ट २००९ मा उनका भाइको गम्भीर औद्योगिक दुर्घटनामा परी शरीरको देब्रे भागमा प्यारालाइसिस हुन गयो । अप्रिल २०१० मा अस्पतालबाट निस्केपछि *टिपी*ले अबुधावीमा रहेको नेपाली दुतावासबाट सहयोग लागि आग्रह गरे :

> *"मैले दुतावासका कर्मचारीलाई मेरो भाइले उसको कम्पनीबाट पाएको क्षतिपूर्ति भनेको २४,००० एइडी (६५०० अमेरिकी डलर) र नेपाल फर्कने हवाइ टिकट हो भन्ने जानकारी दिएँ । यूएईको कानुन अनुसार कम्पनीले कम्तिमा पनि १६०,००० एइडी (४३,५०० अमेरिकी डलर)*

२१२ श्रम मन्त्रालयका तत्कालिन सहसचिव र हाल वैदेशिक रोजगार विभागका महानिर्देशक पूर्णचन्द्र भट्टराईसँग एम्नेस्टी इन्टरनेसनलको कुराकानी, काठमाडौं, ३ जुन २०११ र २० नोभेम्बर २०११ ।

२१३ ४६ जना आप्रवासी श्रमिकहरूको समूहसँग एम्नेस्टी इन्टरनेसनलको सामूहिक अन्तर्वार्ता, काठमाडौं, २ डिसेम्बर २०१० ।

२१४ इजिप्टका लागि नेपाली राजदुत श्यामलाल ताबदारसँगको पत्राचार, १४ सेप्टेम्बर २०११ ।

*दिनुपर्छ भन्ने कुरा दुतावासलाई थाहा थियो । दुतावासले कम्पनीमा एक पटक फोन गऱ्यो तर सहयोग गर्न अस्वीकार गरेपछि दुतावासले त्यसमा थप चासो राखेन र समस्या हामीलाई नै छाडिदियो ।*[२१५]

यस मुद्दालाई हेर्ने अबुधाबीको नेपाली दुतावासका प्रथम सचिव एलबी क्षेत्री त्यति बेलाको स्मरण गर्दै भन्छन् :

*"हामीले मामिला अगाडि बढाउने कोसिस गरेका हौं तर कम्पनीले राम्रोसँग जवाफ दिएन । अन्ततः त्यहाँका एक जना जिम्मेवार व्यक्तिसँग मेरो कुरा भयो, र उसले त्यसमा बीमा कम्पनीको प्रतिक्रिया पर्खिरहेको बतायो । उसले कम्पनीले उनलाई क्षतिपूर्ति दिने र नेपाल फर्काउने हरसम्भव सहयोग गरिरहेको पनि जानकारी दियो ।"*

एलबी क्षेत्रीका अनुसार *टीपी*ले दुतावासमा सम्पर्क गरेर कम्पनीले क्षतिपूर्ति दिएको र "रकम निकै कम भए तापनि आफू त्यसबाट सन्तुष्ट रहेको" जानकारी दिए ।[२१६]

चितवन जिल्लाकी ३१ बर्षीया *टिएस* लेबानानमा घरेलु श्रमिक थिइन् । रोजगारदाताले कुटपिट गरेपछि नेपालमा भाइलाई सम्पर्क गरेर सहयागका लागि आग्रह गरिन् । उसले काठमाडौंमा एउटा सरकारी कार्यालयमा गएर मद्दत माग्यो, जसबाट बेरुतमा रहेको नेपाली वाणिज्य दुतावासबाट फोनसम्पर्क भयो :

*"दुतावासका कर्मचारीले मैले मेरो रोजगारदाताबाट सामना गरिरहेको समस्याका बारेमा सोधपुछ गरे । मैले उनलाई मेरो रोजगारदाताको घरमा आउन आग्रह गर्दा त्यो सम्भव नभएको तर लागेको चोटपटकाको उपचार हुने निश्चित गरिदिने बताए । त्यसपछि मेरो रोजगारदातासँग उनले कुरा गरे । मेरो रोजगारदाताले मेरो लागि गरेको भनेको मलाई प्यारासिटामोल दियो । त्यसपछि वाणिज्य दुतावासबाट मलाई पुनः सम्पर्क गरिएन ।"*

वाणिज्य दुतावासबाट फोन आएपछि पनि *टिएस*लाई उनको रोजगारदाताले शारीरिक दुर्व्यवहार गर्न छाडेन ।[२१७] बेरुतस्थित नेपाली वाणिज्य दुतावासका दीपेन्द्र उप्रेतीले भने, "यो घटनाका बारेमा मलाई कुनै जानकारी भएन ।"[२१८] यसबारे काठमाडौस्थित परराष्ट्र मन्त्रालयले कुनै प्रतिक्रिया जनाएन ।[२१९]

दुतावासबाट पर्याप्त सहयोग प्राप्त नगर्ने वा नेपाली पदाधिकारीसम्म पुग्न नसक्ने आप्रवासी श्रमिकहरूसँग दुई वटा विकल्प रहन्छ; उनीहरू स्थानीय अधिकारीहरूसमक्ष जान सक्छन् वा भाग्न सक्नेछन् । एम्नेस्टी इन्टरनेसनलले लिएको सीमित संख्याका यसमा सान्दर्भिक अन्तर्वार्ताहरूमा आप्रवासी श्रमिकहरूले सुनाएका अनुभवहरूले गन्तव्य मुलुकका स्थानीय अधिकारीहरू प्राय त्यति सहानुभूति राख्दैनन् । आफ्ना समस्याहरूलाई आप्रवासीहरूले स्थनीय निकायसम्म पुऱ्याएको आठवटा उदाहरणहरू मध्ये केवल दुईवटा समस्या समाधान भए (साइप्रस र इजरायल) । अन्यमा दुई जनालाई उनीहरूको कार्यस्थल फिर्ता पठाइयो (कुवेत र यूएई); अर्को दुई वटामा घर फर्कने हवाई टिकट प्राप्त गर्न सहयोग

---

२१५ *टिपी*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, २० सेप्टेम्बर २०१० ।

२१६ यूएईको अबुधावीस्थित नेपाली दुतावासका प्रथम सचिव एलबी क्षेत्रीसँगको पत्राचार, १४ सेप्टेम्बर २०११ ।

२१७ *टीएस*सँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १ डिसेम्बर २०१० ।

२१८ लेबानाको बेरुतस्थित नेपाली बाणिज्य दुतावासका दीपेन्द्र उप्रेतीसँगको पत्राचार, ३ नोभेम्बर २०११ ।

२१९ प्रतिक्रयाका लागि परराष्ट्र मन्त्रालयमा टेलिफोनमार्फत २ नोभेम्बर २०११ मा आग्रह गरिएको ।

उपलब्ध भयो तर नपाएको तलबको मुद्दालाई त्यसै छाड्न पऱ्यो (कुवेत र साउदी अरेबिया); एक जनाले आफ्नो पासपोर्ट र घर फर्कने टिकट लिन प्रहरी अधिकृतलाई घुस खुवाउनु पऱ्यो; र अर्कोलाई प्रहरीले फिर्ता पठाइदियो (कुवेत)।



**तस्वीर १५: परिवारहरुसँग मोरंग जिल्लामा गरिएको अन्तर्वाता (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

## ८.२ नेपालमा क्षतिपूर्ति लिने प्रयास

यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका १०३ जना आप्रवासी श्रमिकहरू आफ्नो वैदेशिक रोजगारलाई लिएर अनिर्णित गुनासाहरूका साथ फर्केका थिए र त्यस कारण नेपाली कानुन अन्तर्गत उनीहरू आर्थिक क्षतिपूर्तिका हकदार छन्। यी मध्ये एक जनाले मात्र आफ्नो वैदेशिक रोजगार कम्पनीबाट क्षतिपूर्ति पाए र त्यो कुनै सरकारी कोषअन्तर्गत थिएन। गुनासाहरू धेरै करारनामामा भएका जालसाँझीहरूसँग सम्बन्धित रहेका छन् (फरक काम, न्यून तलब, क्षतिपूर्ति विना जबरजस्ती ओभरटाइम, तलब ढिला दिने वा नदिने)। यी कुरा ऐनको दफा ५५ को उल्लङ्घन हो, जहाँ वैदेशिक रोजगार कम्पनीको जिम्मेवारी स्पष्ट गरिएको छ :

> *"कुनै इजाजतपत्रवालाले कुनै श्रमिकसँग एउटा कम्पनीमा काम गर्ने भनी करार गरी सोभन्दा कम पारिश्रमिक र सुविधा पाउने गरी वा कामको प्रकृति नै फरक पारी अर्को कम्पनीमा काम लगाएमा वा जुन कामको लागि वैदेशिक रोजगारमा पठाएको हो सो काममा नलगाई अर्को काममा लगाएमा वा जति पारिश्रमिक र सुविधा दिने भनी लगेको हो सोभन्दा कम पारिश्रमिक र सुविधामा काम लगाएमा विभागले इजाजतपत्रवालालाई एकलाख रुपैयाँ जरिवना गर्नेछ र जति पारिश्रमिक र सुविधा कम दिएको हो सो रकम विभागले इजाजपत्रवालाबाट श्रमिकलाई भराइदिनु पर्नेछ।"*

एनएएफइएको आचार संहिता अनुसार “वैदेशिक रोजगारका लागि पठाइएको श्रमिकले कम्पनीमा तोकिएको काम पाएको छ छैन भनेर सूचना सङ्कलन गर्नु वैदेशिक रोजगार कम्पनीको प्रथामिक दायित्व हो ।”[२२०] साथै :

> *“मानव बेचबिखन, ओसारप्रसार, महिला श्रमिक वा बालबालिकालाई प्रयोग गरिएको वा बंधुवा मजदुरका रुपमा कार्यरत व्यक्तिहरूका बारेमा सूचना/जानकारी पाउनसाथ एनएएफइए वा सम्बन्धित सरकारी निकायलाई सूचित गर्नु वैदेशिक रोजगार कम्पनीको दायित्व हो ।”[२२१]*

अन्तर्वार्ता दिने श्रमिकहरूका अन्य गुनासाहरूमा उनीहरूको वर्क भिसा र राहदानीसँगसम्बन्धित समस्याहरू र औद्योगिक दुर्घटनाका लागि क्षतिपूर्तिको अभाव रहेका विषयमा छन् ।

**वैदेशिक रोजगार विभागको उजुरी संयन्त्रमार्फत क्षतिपूर्ति**

ऐनको दफा ३६.१ र २ अन्तर्गत, आप्रवासी श्रमिकहरूले विभागलाई आफ्नो वैदेशिक रोजगार व्यवासायीबाट रकम फिर्ता गरिदिने आदेश दिनका लागि आग्रह गर्न सक्छन् :

> *“(१) रोजगारदाता संस्थाले सम्झौतामा तोकिए बमोजिमको शर्त अनुसार रोजगार उपलब्ध नगराएमा सोको प्रमाण सहित श्रमिक वा निजको प्रतिनिधिले विभाग समक्ष क्षतिपूर्ति पाउनका लागि उजुरी गर्न सक्नेछ ।*
> *(२) उपदफा (१) बमोजिम परेको उजुरीउपर आवश्यक जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा विभागले इजाजतपत्रवालालाई वैदेशिक रोजगारमा जान लागेको सम्पूर्ण खर्चको क्षतिपूर्ति भराई दिने आदेश दिन सक्नेछ ।”*

तथापि दफा ३६.२ अनुसार मुद्दा वैदेशिक रोजगारसँग सम्बन्धित भएसम्म आप्रवासी श्रमिक र तिनका परिवारहरूले वैदेशिक रोजगारमा लगाउने संस्था र व्यक्ति (जस्तै दलाल) का विरुद्ध विभागमा उजुरी दर्ता गर्न सक्छन् ।[२२२] उजुरीमा ऐन उल्लङ्घन गरेकोमा वैदेशिक रोजगारमा लगाउनेहरू विरुद्ध क्षतिपूर्तिको दावी पनि समावेश हुन सक्नेछ ।

एक पटक उजुरी दर्ता भएपछि विभागको अनुसन्धान अधिकृतले छानविन सुरु गर्छ । त्यसका निष्कर्ष र सिफारिहरू जिल्ला सरकारी वकिलको कार्यालयमा पठाइन्छ, जहाँ मुद्दाको प्रकृति हेरी वैदेशिक रोजगार न्यायाधिकरण (न्यायधिकरण) समक्ष जानु पर्छ वा पर्दैन भन्ने अन्तिम सिफारिस गरिन्छ । मुद्दाहरू न्यायधिकरणसम्म यो प्रक्रियाबाट मात्र पुग्न सक्छन् । वैदेशिक रोजगारसम्बन्धी सबै उजुरीहरू विभागमा दर्ता हुनुपर्छ, किनभने वैदेशिक रोजगारसम्बन्धी मुद्दा हेर्ने नेपालको एक मात्र अदालत न्यायधिकरण हो ।

---

२२० एनएएफइए आचार संहिता २०६२, ९ नोभेम्बर २००५ को ३.२३ । http://www.nafea.org.np/index.php?linkId=35, मा उपलब्ध, हेरिएको १७ नोभेम्बर २०११

२२१ एनएएफइए आचार संहिता २०६२, ९ नोभेम्बर २००५ को ३.२८ । एनएएफइएको बेवसाइटमा यो अनुच्छद थोरै फरक छ । यदि कुनै महिला श्रमिक वा बालबालिकाको प्रयोग भएको वा बेचबिखनमा परको वा बुँधुवा मजदुर बनाइएको छ भने तयसको सूचना तत्कालै सम्बन्धित सङ्गठनलाई गर्नुपर्छ । हे. http://www.nafea.org.np/index.php?linkId=35, हेरिएको १७ नोभेम्बर २०११

२२२ वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृत पुष्करराज नेपाल र तत्कालिन महानिर्देशक चन्द्रमान श्रेष्ठसँग एम्नेस्टी इन्टरनेसनलको बैठक, काठमाडौं २७ सेप्टेम्बर २०११ र २३ मे २०११ ।

न्यायधिकरण श्रम मन्त्रालयमार्फत फेब्रुवरी २०१० मा स्थापना भएको एउटा स्वतन्त्र अदालत हो । १ जुन २०११ सम्ममा न्यायधिकरणले २६२ नयाँ मुद्दा प्राप्त गरेको छ जसमा ७३ वटा पूरा भएका छन् । नब्बे प्रतिशत भन्दा बढी मुद्दाहरूमा वैदेशिक रोजगारका लागि नियुक्त गर्ने संस्था/व्यक्तिहरूउनीहरू विरुद्ध दायर गरिएका आरोपहरूमा दोषी पाइका छन् ।[२२३] अत्यधिक दण्ड भनेको रु ३००,००० देखि ५००,००० सम्मको जरिवाना र तीन देखि सात बर्षसम्मको कैद सजाय हो ।[२२४] न्यायधिकरणले क्षतिपूर्ति प्रदान गरेको अवस्थामा त्यो सोझै रोजगार दिलाउने कम्पनी वा व्यक्तिबाट असुल उपर गरिन्छ ।

व्यवहारमा विभागमार्फत क्षतिपूर्ति प्राप्त गर्न सबैभन्दा ठूलो व्यवधान भनेको यस्को उजुरी संयन्त्र छ भनेर निकै कम आप्रवासी श्रमिकहरूलाई जानकारी रहनु हो । वास्तवमा धेरैलाई वैदेशिक रोजगार विभाग अस्तित्वमा छ भन्ने कुरा नै थाहा छैन । अन्तर्वार्ता लिइएका धेरैको एउटै समान जवाफ भनेको, “मैले वैदेशिक रोजगार विभागका बारेमा कहिल्यै सुनेको छैन” वा “त्यसले के काम गर्छ मलाई थाहा भएन” भन्ने थियो । व्यक्तिरुपमा अन्तर्वार्ता लिइएका र समस्या समाधान नभएका ४६ जना मध्ये ६३ प्रतिशतले विभागका बारेमा सुनेका र पाँच जनाले मात्र उजुरी दर्ता गरेका रहेछन् ।

विभाग काठमाडौंमा अवस्थित हुनुको अर्थ ग्रामीण र दुर्गम क्षेत्रहरूमा बसोबास गर्ने बहुसङ्ख्यक आप्रवासी श्रमिकहरूलाई यसको सेवा पाउन कठिन र खर्चिलो छ । आफूलाई दिइएको काम र करारनामाबीच रहेको विभिन्न गम्भीर भिन्नताहरूका कारण सउदी अरेबियाबाट जुलाई २०१० मा फर्केका धनुषाका ४२ बर्षीय *एवाइले* समस्याहरूको व्याख्या गर्छन् :

> *“विभागले के गर्छ मलाई थाहा छैन तर मैले सरकारको सहयोग खोजें भने पनि मैले पाउन सक्दिन किनभने मसँग काठमाडौंसम्म जाने पैसा छैन र सही कार्यालयमा लगेर सम्बन्धित अधिकारसँग कुरा गराइदिने पनि मेरा लागि कोही छैन ।”*[२२५]

यद्यपि क्षतिपूर्तिका लागि आप्रवासी श्रमिकहरूले उपयुक्त प्रक्रिया पुर्‍याएर गएपनि उनीहरू मुद्दा टुंगो लगाउनका लागि थप व्यवधानहरूको सामना गर्नुपर्दछ । उदाहरणका लागि, कैलाली जिल्लाका ३० बर्षीय *बिआर* मलेसियामा केवल तीन महिना बसेर जुलाई २०१० मा फर्के किनभने उनलाई उक्त शाखा कार्यालयले तीन महिनाको पर्यटक भिसा (प्रवेशाज्ञा) मात्र उपलब्ध गराएको थियो :

> *“मैले एजेन्टलाई रु १४७,००० दिएँ जुन मैले व्यक्तिहरूबाट ३६ प्रतिशत ब्याजमा र बैंकबाट १२ प्रतिशत ब्याजमा लिएको थिएँ । मैले मेरो कुनै पनि ऋण तिर्न सकेको छैन ।”*

शाखा कार्यालयमा गएर त्यहाँका कर्मचारीबाट पैसा फिर्ता गरिने आश्वासनका बावजुद बिआरले आफ्नो रकम फिर्ता पाएको छैन । ठूलो ऋण भार (जुन अन्तर्वार्ताका समयमा रु २१०,००० थियो) का कारण

---

२२३ वैदेशिक रोजगार न्यायाधिकरणसँग एम्नेस्टी इन्टरनेसनलको १ जुन २०११ मा भएको वैठक । तालिका १६ अप्रिल २०११ को पहिलो हप्तासम्म सङ्कलन गरिएको तथ्याङ्कमा आधारित छ ।

२२४ ऐनको दफा ४३-५९ मा “लिखत वा प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमा” (दफा ४७); “प्रवेशाज्ञाशुल्क, सेवा शुल्क तथा प्रर्बद्धनखर्च बढी लिएमा (दफा ५३)” र “करार विपरित कार्य गरे गराएमा” (दफा ५५) सहित विभिन्न कसुरहरूका लागि हुने दण्डहरूको सूची समावेश छ ।

२२५ *एवाईसँग* एम्नेस्टी इन्टरनेसनलले २४ सेप्टेम्बर २०१० मा धनुषामा गरेको अन्तर्वार्ता ।

उनको श्रीमतीले आत्महत्या गरिन ।[२२६] त्यसैले एउटा स्थानीय गैर सरकारी संस्थाबाट यस संयन्त्रका बारेमा थाहा भएपछि *बिआर*ले आफूलाई विदेश पठाउने संस्थाका विरुद्ध विभागमा उजुरी दिएका हुन् :

> *"नौ दिन अघि विभागमा उजुरी दिन म काठमाडौं गएको थिएँ । त्यहाँ कर्मचारीहरूले मलाई एक हप्ता भित्र सम्पर्क गर्ने बताए पनि अहिलेसम्म उनीहरूबाट केही जानकारी पाएको छैन ।"*[२२७]

डिसेम्बर २०१० मा एम्नेस्टी इन्टरनेसनलले विभागसँगको बैठकमा बिआरको मुद्दा उठायो तर त्यहाँका कर्मचारीहरूले उनको फाइल भेट्टाउन सकेनन् ।[२२८] डिसेम्बर २०१० मा बिआरको मुद्दाका बारेमा थप चासो देखाउँदै एम्नेस्टी इन्टरनेसनलले गरेको लिखित आग्रह पश्चात् विभागबाट मे २०११ मा "हामीलाई कैलाली (उनको गाउँ) का श्री (उनको नाम) को मुद्दाका बारेमा केही जानकारी भएन" भन्ने उत्तर प्राप्त भएको थियो ।

कैलाली जिल्लाकै ३१ बर्षीय *एचके*लाई उनी पुगेका दुई वटा सरकारी कार्यालयहरूले उनलाई उजुरी हाल्नबाट निरुत्साहित गरेका थिए । *एचके* यूएईमा केवल एक महिना काम गरेर फेब्रुवरी २०१० मा नेपाल फर्केका थिए किनभने उनलाई दिइएको काम र उनको करारनामाबीच प्रमुख भिन्नताहरू रहेको थियो । इलेक्ट्रिसियनको सट्टा उनले मजदुरको रुपमा दिनको ११ घण्टा ओभरटाइम बिना काम गर्नु परेको थियो र तलब पनि उनलाई वाचा गरिएको भन्दा कम थियो । त्यस्तो अवस्थामा *एचके*ले काम गर्न अस्वीकार गरे र नेपाल फिर्ता पठाइदिन आग्रह गरे तर कम्पनीले त्यसमा मञ्जुरी दिएन । अन्ततः दलाल र संस्थाले उनलाई घर फर्कने टिकट पठाइदियो ।

*एचके* नेपाल फर्केपछि श्रम मन्त्रालय र विभागमा सम्पर्क गरे । *एचके*का अनुसार दुवै सरकारी कार्यालयहरूबाट उनलाई आफूलाई विदेश पठाउने संस्थामा सम्पर्क गरेर समस्यालाई पहिला त्यहाँ समाधान गर्ने प्रयास गर्ने निर्देशन प्राप्त भयो ।

> *"उनीहरूले यदि वैदेशिक रोजगारी कम्पनीले क्षतिपूर्ति नदिमा मात्र उनीहरूलाई सम्पर्क गर्नु भने । मेरो कम्पनीले सेवा शुल्क फिर्ता गरिदियो तर हवाई टिकटको पैसा कटायो । यस समयमा म काठमाडौंमा एउटा गेस्टहाउसमा बस्दा रु पाँच हजार खर्च भयो, जसबाट मैले प्राप्त गरेको रकम पनि कम हुन गयो । मैले दुई वटा सरकारी कार्यालयमा सम्पर्क गरी मैले पूर्ण क्षतिपूर्ति पाउनु पर्ने भन्दा दुवै कार्यालयबाट संस्थाले क्षतिपूर्तिबाट हवाई टिकटको पैसा काट्नु स्वाभाविक भएको बताए । मैले कुनै क्षतिपूर्ति नै प्राप्त गरिन भने मात्र उनीहरूको सहयोग माग्न सक्नेछु ।"*[२२९]

*एचके*को भनाइ अनुसार विभाग र श्रम मन्त्रालयले उनलाई दिएको जानकारी दफा ३६.२ विरुद्ध रहेको छ, जसले स्पष्ट रुपमा वैदेशिक रोजगार कम्पनीहरूले "वैदेशिक रोजगारमा जाँदा लागेको सबै खर्च" पूर्ण रुपमा फिर्ता गर्नुपर्छ । दुवै कार्यालयका कर्मचारीले *एचके*लाई कल्याणकारी कोषमार्फत क्षतिपूर्ति

---

२२६ *बिआर*सँग एम्नेस्टी इन्टरनेसनलको कैलालीमा ५ डिसेम्बर २०१० मा भएको अन्तर्वार्ता ।

२२७ *बिआर*सँग एम्नेस्टी इन्टरनेसनलको कैलालीमा ५ डिसेम्बर २०१०मा भएको अन्तर्वार्ता ।

२२८ वैदेशिक रोजगार विभागसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा १० डिसेम्बर २०१० मा भएको बैठक ।

२२९ *एचके*सँग एम्नेस्टी इन्टरनेसनलको कैलालीमा ६ डिसेम्बर २०१०मा भएको अन्तर्वार्ता ।

माग गर्न सक्ने विकल्पका बारे जानकारी नदिएको कुरा चिन्ताजनक छ (तल हेर्नुहोस्) ।

सेप्टेम्बर २०१० मा लिबियाबाट फर्केका १०३ जना आप्रवासी श्रमिकहरूको समूहले एउटा वैदेशिक रोजगार कम्पनीविरूद्ध मुद्दा दायर गर्‍यो । नेपालको एउटा ट्रेड यूनियन महासंघ जिफन्टका अनुसार उनीहरूको सहयोगका बावजुद समूहले मुद्दालाई अगाडि लैजाँदा सुरुमा सरकारका तर्फबाट प्रतिरोधको सामना गर्नुपर्‍यो ।[२३०] सन् २०११ को पहिलो चौमासिकमा अनुसन्धान पूरा भएपछि विभागले त्यो मुद्दा न्यायाधिकरणमा जानुपर्ने सिफारिसका साथ सरकारी वकिलका तर्फ पठाइदियो । फेब्रुवरी २०११ मा विभागले ती श्रमिकहरूलाई रु ३० लाख उपलब्ध गरायो तर श्रमिकहरूले त्यो रकम "पूर्णरुपमा अपुग" भएको बताउँदै सरकारले रोक्का गरिदिएको विदेश पठाउने व्यक्तिको आमाको नाममा रहेको जग्गा विक्री गरेर पूर्ण क्षतिपूति प्रदान गर्नुपर्ने माग गरे । यद्यपि यस प्रतिवेदन लेखिँदासम्म मुद्दा किनारा लागि सकेको थिएन ।[२३१]

सन् २००९-१० मा प्रदान गरिएको क्षतिपूर्ति रकमका बारे विभागले देहाय अनुसार उल्लेख गरेको छ :

> *"सामन्यतयाः कुनै व्यक्ति वैदेशिक रोजगारीका लागि इजाजतपत्रवाला (वैदेशिक रोजगार कम्पनी) मार्फत जान्छन् त्यसैले मुद्दाहरू व्यक्तिगत ठगीको तुलनामा धेरै छन् । व्यक्तिगत रुपमा कसैले पनि कसैलाई विदेश पठाउन पाउँदैन । यो पूर्ण रुपले ठगी वा गैरकानुनी हुन्छ त्यसैकारण यो सङ्ख्या संस्थागत (वैदेशिक रोजगार कम्पनी) भन्दा कम छ ।"*[२३२]

यद्यपि २०१०-११ मा त्यसको विपरित हुन आयो किनभने विभागले आप्रवासी श्रमिकहरूतर्फबाट वैदेशिक रोजगार कम्पनीविरुद्ध २७१ वटा र दलालहरूविरुद्ध ४२१ उजुरीहरू दर्ता गर्‍यो (हेर्नुहोस् तालिका १६) । यसैगरी विभागको भनाइ आफ्नै अनुसन्धान अधिकृत पुष्करराज नेपालको मूल्याङ्कनसँग मेल खाँदैन, जसले एम्नस्टी इन्टरनेसनललाई सेप्टेम्बर २०१० मा भने, "धेरै उजुरीहरू व्यक्तिहरू जस्तै दलालका विरुद्ध दर्ता हुनेगर्छ ।"[२३३] जुन कुरा न्यायाधिकारणका रजिस्ट्रार नारायण पौडेलले पनि पुष्टी गर्नुभयो, जसको अनुमानमा "८० प्रतिशत मुद्दा दलालहरूसहित व्यक्तिका विरुद्ध हुनेगर्छ र बाँकी २० प्रतिशत वैदेशिक रोजगार कम्पनीहरू विरुद्ध हुने गर्छन ।"[२३४]

---

२३० जिफन्टसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा २ जुन २०११ मा भएको बैठक ।

२३१ वैदेशिक रोजगार विभागसँग २३ मे २०११ मा र जिफन्टसँग २६ नोभेम्बर २०११ मा एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा भएको बैठक ।

२३२ वैदेशिक रोजगार विभागसँग २७ जुन २०११ मा भएको पत्राचार ।

२३३ वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृत पुस्करराज नेपालसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा २७ सेप्टेम्बर २०११ मा भएको बैठक ।

२३४ वैदेशिक रोजगार न्यायधिकरणका रजिस्ट्रार नारायण पौडेलसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा १ जुन २०११ मा भएको बैठक ।

| | २००९-१०[२३५] | २००९-१० | मध्य जुलाई २०१०- अप्रिल २०११ को पहिलो हप्ता | मध्य जुलाई २०१०- अप्रिल २०११ को पहिलो हप्ता |
|---|---|---|---|---|
| | व्यक्तिका विरुद्ध उजुरीहरू[२३६] | वैदेशिक रोजगार कम्पनीविरुद्धका उजुरीहरू | व्यक्ति विरुद्धका उजुरीहरू | वैदेशिक रोजगार कम्पनीहरूविरुद्धका उजुरीहरू |
| विभागमा दर्ता भएका उजुरीहरू | ३२३ | ३३२ | ४२१ | २७१ |
| माथि उल्लेखित उजुरीमा दावी गरिएको रकम | रु २५६,१३८,१५१ | रु ९२,०७०,२१५ | रु २८१,१६२,४२२ | रु ४८,२५४,६६० |
| प्रदान गरिएको रकम[२३७] | रु २०,८६२,९०० | रु ९२,२५४,०८६ | रु ५७,१२५,८४० | रु ३१,९५३,१०७ |
| समाधान गरिएका उजुरीहरू | १०५ | १२५ | २१८ | २२१ |
| न्यायधिकरणमा दर्ता भएका मुद्दाहरू | ६५ | १२ | ६९ | ५ |
| न्यायधिकारणमा दावी गरिएको रकम[२३८] | रु १०७,९२६,७०० | रु १२७,९६७,३५५ | रु १०४,२९६,३९० | रु ३०,५९५,४४४ |
| फिर्ता लिइएका उजुरीहरू | १७ | ६५ | ८४ | १८३ |

**तालिका १६ : वैदेशिक रोजगारमा पठाउनेहरूविरुद्ध दर्ता गरिएका व्यक्तिगत उजुरीहरू (स्रोत : वैदेशिक रोजगार विभाग)**[२३९]

श्री पौडेलका अनुसार न्यायधीकरण गठन भएको दोस्रो बर्षमा प्रवेश गरेतापनि त्यहाँ सम्म पुग्ने मुद्दाहरूको सङ्ख्यामा वृद्धि भएको छैन । त्यसैले यसको उपस्थितिका बारेमा अझ धेरै आप्रवासी श्रमिकहरूले थाहा पाउन जरुरी छ । जिफन्टका आप्रवासी डेस्कका प्रमुख समर थापाका अनुसार, समस्या केही हदसम्म देहायको कारणले व्याप्त छ :

> *"आप्रवासी श्रमिकहरूले दिक्क मानेर आफ्नो उजुरी त्यसै छाडेर घर फर्किउन् भन्ने आशामा वैदेशिक रोजगार विभागले उजुरीहरूको प्रक्रियामा ढिलासुस्ती गर्दछ । यही कारणले वास्ताविकताको तुलनामा निकै कम मुद्दाहरू न्यायधिकरणसम्म पुग्ने गर्दछन् । न्यायमा पहुँच प्राप्त गर्नमा रहेको यो धेरै*

२३५ न्यायाधिकरणको फेब्रुवरी २०१० मा स्थापना भएपनि जिल्ला अदालतबाट कुल १०७ वटा मुद्दाहरू स्थानान्तरण गरिएको थियो ।

२३६ वैदेशिक रोजगार विभागले २७ जुन २०११ म बताए अनुसार "गैरकानुनी दलाल, बिचौलिया, सहायहक ऐजेन्ट वा *टउटसहित* ।

२३७ यस क्षतिपूर्तिमा विगत बर्ष जिल्ला अदालतबाट दावी गरिएको रकम पनि समावेश छ ।

२३८ न्यायाधीकरणका वरिष्ठ प्रशासक भीम पाण्डेका अनुसार, कति दावी गर्न सकिन्छ भन्ने कुरा विभागले निर्णय गर्छ र मुद्दाको गाम्भीर्यता हेरी उजुरीकर्ताले ५० प्रतिशत थप क्षतिपूर्ति प्राप्त गर्नसक्छ ।

२३९ वैदेशिक रोजगार विभागबाट २७ जुन २०११ म प्राप्त पत्राचार ।

*महत्वपूर्ण व्यवधानका बारेमा हामीले सरकारलाई धेरै पटक गुनासो गरेका छौं ।"*[२४०]

यसका अतिरिक्त, माथिका अन्तर्वार्ताहरूमा संकेत गरिए जस्तो क्षतिपूर्ति प्राप्त गर्नमा आप्रवासी श्रमिकहरूले विभिन्न व्यवधानहरूको सामना गर्दछन् जसमा विभागको उजुरी संयन्त्रका बारेमा जानकारीको अभाव, सरकार कर्मचारीतन्त्रबाट पार लगाउन कठिनाइ, सरकारी कर्मचारीबाट हुने निरुत्साहन र राजधानीसम्म पुग्ने लाग्ने खर्चको पक्षलगायत रहेका छन् । त्यसैले तालिका १६ मा उजुरीहरूको सङ्ख्या वैदेशिक रोजगार कम्पनी वा दलालहरूसँग आप्रवासी श्रमिकहरूले राखेको गुनासाहरूको मुद्दाको वास्तविक सङ्ख्याको सानो अंशमात्र हुन सक्छ ।

## कल्याणकारी कोष

आधिकारिक मार्ग (रोजगार कम्पनी वा आफ्नै व्यवस्थापन) मार्फत रोजगारीका लागि विदेश जाने प्रत्येक आप्रवासी श्रमिकले कल्याणकारी कोषमा रु एक हजारको योगदान गर्दछ । कोषको सञ्चालन प्रवर्द्धन बोर्डले[२४१] गर्दछ र त्यसलाई आप्रवासी श्रमिकहरूको क्षतिपूर्तिका लागि प्रयोग गर्न सकिन्छ । ऐनको दफा ३३.१ ले कोषको प्रयोग कसरी गर्न सकिन्छ भन्ने बारेमा स्पष्ट व्यवस्था गरेको छ :

> *"(क) वैदेशिक रोजगारमा जाने श्रमिकलाई सीपमूलक तालिम प्रदान गर्न,*
> *(ख) श्रमिकको अङ्गभङ्ग भई वा दफा ७५ को उपदफा (१) को कारणबाट श्रमिकलाई स्वदेश फिर्ता गराउन, क्षतिपूर्ति दिन र त्यसरी फिर्ता आएका श्रमिक वा निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न,*
> *(ग) वैदेशिक रोजगारबाट फर्केका श्रमिकको लागि रोजगारमूलक कार्यक्रम सञ्चालन गर्न,*
> *(घ) वैदेशिक रोजगारका लागि विदेश गएको अवस्थामा श्रमिकको मृत्यु भै लाश अलपत्र परे नेपाल ल्याउन र निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न,*
> *(ङ) वैदेशिक रोजगार प्रवर्द्धनसम्बन्धी कार्य गर्न,*
> *(च) तोकिए बमोजिमको अन्य कार्य गर्न ।"*

ऐनको दफा ७५ मा "श्रमिकलाई स्वदेश फिर्ता गर्ने व्यवस्था" गरिएको छ जसअनुसार :

> *"(१) करार बमोजिमको सुविधा नपाएको कारणबाट श्रमिक अप्ठ्यारोमा परी त्यस्तो श्रमिक स्वदेश फिर्ता हुनुपर्ने स्थिति आएमा सम्बन्धित इजाजतपत्रवालाले त्यस्तो श्रमिकलाई स्वदेश फिर्ता गराउनु पर्नेछ ।*
> *(२) नेपाली श्रमिक रहेको मुलुकमा युद्ध, महामारी, प्राकृतिक विपत्ति परी श्रमिकलाई तत्काल फिर्ता गर्नुपर्ने भएमा नेपाल सरकारले कुटनैतिक नियोग वा श्रम सहचारीमार्फत् श्रमिक फिर्ता गर्ने व्यवस्था मिलाउने छ ।"*

नियमावलीको दफा २८ अनुसार कल्याणकारी कोष अन्तर्गत विदेशमा मृत्यु हुने आप्रवासी श्रमिकका

---

२४० जिफन्टमा आप्रवासी डेस्कका प्रमुख समर थापासँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा २ जुन २०११ मा भएको बैठक ।

२४१ श्रम मन्त्रीको अध्यक्षता रहने प्रवर्द्धन् बोर्डको जिम्मेवारी कल्याणकारी कोषको व्यवस्थापनका साथै "वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्ने र सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने श्रमिक र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्न आवश्यक कार्य गर्ने" रहेको छ । (ऐनको दफा ३८.१)

परिवारहरू रु १००,००० सम्मको क्षतिपूर्तिको हकदार हुन्छन् तर त्यसका लागि आवेदन मृत्यु प्रमाणित भएको छ महिना भित्र बुझाइसकेको हुनुपर्छ । "करार अवधिमा कुनै कारणवश अङ्गभङ्ग" हुने आप्रवासी श्रमिकहरूले पनि नेपाल फर्केको ६० दिन भित्र यो क्षतिपूर्तिमा दावी गर्नसक्छन् तर आवेदनसँगै "करारनामाको प्रति" र "अङ्गभङ्ग भएको प्रमाणित गर्ने अस्पतालको प्रेस्कृपसन" आवश्यक हुन्छ ।

विभाग भन्दा फरक कल्याणकारी कोषले निश्चित अवस्थामा क्षतिपूर्ति प्रदान गर्छ र यसमा उजुरीको संयन्त्र पनि छैन । कल्याणकारी कोष आप्रवासी श्रमिकहरूको प्रत्यक्ष योगदानमा सञ्चालित भए तापनि यसका बारेमा निकै कम श्रमिकहरूलाई जानकारी छ । वास्तवमा यसमा उत्तर दिने अन्तर्वार्ता लिइएका ४३ जनामध्ये दुई जनाले मात्र विदेश जानु अघि कोषका बारेमा जानकारी भएको बताए । यो केही हदसम्म सेवा शुल्कमा समावेश गरिएका शीर्षकहरूका बारेमा जानकारी नहुनुले हुनसक्छ, जुन कुरा कतारमा सन् २००८ अक्टोबर देखि सन् २०१० अक्टोबर घरनिर्माणसम्बन्धी काम गरेर फर्केका कैलालीका २७ बर्षीय *आरएस*को अनुभवमा देख्न सकिन्छ :

> *"मैले मेरो गाउँको एक जना दलाललाई रु ४० हजार र मेरो टिकटको पैसा मैले आफै दिएको हो । त्यो शुल्कमा सबैकुरा समावेश थियो तर के-के भन्ने मलाई थाहा छैन । मैले कल्याणकारी कोषका बारेमा कहिल्यै सुनेको छैन र त्यो के हो भन्ने मलाई थाहा पनि छैन ।"*[२४२]

अन्तर्वार्ता दिने मध्ये बहुसङ्ख्यको प्रतिक्रिया यस्तै थियो । नुवाकोट जिल्लाका ३८ बर्षीय *पिजी*ले नेपाल फर्किनु अघिसम्म कल्याणकारी कोषका बारेमा केही सुनेका थिएनन् । प्रस्थान गर्नुअघि *पिजी*लाई साउदी अरेबियामा मेकानिको काम दिने वाचा गरिएको थियो तर घर निर्माणस्थलमा उनले मजदुरका रुपमा काम गर्नुपऱ्यो । एउटा औद्योगिक दुर्घटनामा उनले आफ्नो वायाँ गोडा गुमाउन पुगे तर रोजगारदाताबाट कुनै क्षतिपूर्ति पाएनन् । वास्तवमा *पिजी*लाई अस्पतालमा बसेको छ महिना मध्ये तीन महिनाको मात्र तलब दिइयो । नेपाल फर्केपछि उनले आफ्नो वैदेशिक रोजगार कम्पनीबाट क्षतिपूर्ति लिने प्रयास गरे :

> *"म फर्केको एक हप्ता भित्र मैले आफूलाई वाचा गरिएको भन्दा फरक काममा लगाइएको र दुर्घटनाको क्षतिपूर्ति पनि नदिइएको भनेर उजुरी गर्न कम्पनी पुगें । तर कम्पनीले भने विदेश जाने मानिस ल्याउन सकेमा उनीहरूले मलाई कमिसन दिने भनेर मेरो अवस्थाबाट उम्कने प्रयास गरे । मैले अस्वीकार गरे र अन्ततः दुई महिना पछि कम्पनीले मलाई रु ४०,००० प्रदान गऱ्यो ।"*

---

२४२ *आरएस*सँग एम्नेस्टी इन्टरनेसनलको कैलालीमा ५ डिसेम्बर २०१० मा भएको अन्तर्वार्ता ।



**तस्वीर १७ : *पिजी*ले साउदी अरेबियामा आफ्नो वायाँ गोडा गुमाउन पुगे । (स्रोतः एम्नेस्टी इन्टरनेसनल)**

*पिजी*ले सेवा शुल्क वापत रु ८५,००० भुक्तानी गरे तापनि र नेपाली कानुन अन्तर्गत पूर्ण क्षतिपूर्तिको हकदार भए पनि आफूलाई भएको क्षति कम गर्न कम्पनीले दिइएको रकम लिने उनले निधो गरे । विदेशमा अर्को काम पाउनमा रहेको कठिनाइ र आफ्नो अपाङ्गताका कारण “नेपालमा पनि सम्भावना नरहेको” बुझेपनि वैदेशिक रोजगार कम्पनीसँग आफ्नो अवस्थाका लागि क्षतिपूर्तिको कुनै प्रावधान छ कि भनेर सोधखोज गरे । यसको जवाफमा कम्पनीले उनलाई कल्याणकारी कोषका बारेमा जानकारी दिएको हो । तर प्राय श्रमिकहरूमा हुने अनुभवको कमी र सरकारी कर्मचारीतन्त्रमाथि अविश्वासका कारण उनले यो जिम्मेवारी त्यही कम्पनीलाई नै दिए :

> *“प्रक्रियाका बारेमा मलाई थाहा नभएको र प्रवर्द्धन बोर्डमा पनि के गर्ने भन्ने बिषयमा कुनै जानकारी नभएका कारण मैले मेरो कागजपत्र कम्पनीमा नै छाडिदिएँ । त्यसपछि मलाई थाहा भएको भनेको मेरो आवेदन अहिलेसम्म बोर्डसम्म पुगेको छैन ।”*[२४३]

नेपाल फर्केको भएपनि अन्तर्वार्ता दिने धेरै आप्रवासी श्रमिकहरूलाई कल्याणकारी कोषका बारेमा जानकारी थिएन । अर्को उदाहरण मलेसियामा दुई बर्ष काम गरेर सन् २०१० मा नेपाल फर्केका धनुषाका ३१ बर्षीय *बिएल* हुन् । मलेसिया जानुअघि *बिएल*का दलाले उनलाई अन्य व्यक्तिको राहदानी ल्याएर दिए र कुनै समस्या नहुने बताए । सुरुमा त उनले अस्वीकार गरे तर “मैले पैसा बुझाइसकेको र दलालबाट पैसा फिर्ता लिन कठिन थियो” भन्ने कारणले मञ्जुर हुन बाध्य भए । त्यसपछि विदेशमा रहँदा *विएल*ले समस्याको सामना गरे :

> *“एक बर्ष पछि मेरो कम्पनीले मेरो भिसा नविकरण गर्न मानेन किनभने मेरो पासपोर्ट नक्कली*

२४३ *पिजी*सँग एम्नेस्टी इन्टरनेसनलको नुवाकोटमा २ अक्टोबर २०१० मा भएको अन्तर्वार्ता ।

*थियो । त्यसैकारण म अवैधानिक श्रमिकका रुपमा रहनुपर्‍यो । तर पक्राउ पर्ने डरका कारण विना कागजपत्र काम गरेको एक बर्ष पछि काठमाडौं फर्कने निर्णय गरें ।"*

फर्केपछि सरकारी निकायमा किन नगएको भनेर प्रश्न गर्दा, उनको जवाफ देहाय थियो :

*"सरकारी सहयोगका बारेमा मलाई जानकारी थिएन । त्यसैकारण कुन अफिसमा जाने, कसलाई भेट्ने केही थाहा थिएन । रोजगार कम्पनी र दलाललाई दुई पटक भेटेर मेरो पासपोर्टबारे बुझ्ने प्रयास गरें तर दुवैले सहयोग गर्न मानेनन् । कल्याणकारी कोषमा मैले पैसा दिएको पनि थाहा भएन । मेरो दलाललाई मैले एकमुष्ट रु ११५,००० दिएको हो, त्यो सबै केका लागि भन्ने मलाई थाहा छैन ।"*[२४४]

*बिएल* र *पिजी* दुवैको प्रतिक्रियाले आफूले बुझाएको सेवा शुल्कका बारेमा आप्रवासी श्रमिकहरूमा हुने सूचनाको अभाव र नेपाली कानुन अनुसार उनीहरुको अधिकार र पाउने सुविधाका बारेमा रहेको अनभिज्ञता देखाउँछ ।

साथै आप्रवासी श्रमिकहरूसँग भएका अन्तर्वार्ताहरूले आफ्नो दलाल र वैदेशिक रोजगार कम्पनीबाट क्षतिपूर्ति प्राप्त गर्ने उनीहरूका व्यक्तिगत प्रयासहरू विफल भएपछि सामान्यतया वैदेशिक रोजगारबाट फर्केकाहरूले थप प्रयास नगर्ने गरेको देखाउँछ । कल्याणकारी कोषका बारेमा जानकारी गराउँदा पनि उनीहरू त्यसलाई व्यवहारिक विकल्पका रुपमा लिंदैनन् किनभने काठमाडौंमा उनीहरूलाई मद्दत गर्ने कोही हुँदैन र धेरैका लागि राजधानीमा रहँदाको यातायात र बसाइ खर्च धान्न नसक्ने किसिमको हुन्छ ।

यही कारणले गर्दा यसमा र अन्य प्रतिवेदनहरू[२४५] मा उल्लेख भएका आप्रवासी श्रमिकहरुको धेरैथरि समस्याहरू समस्या समाधान हुन नसक्दा नसक्दै पनि बर्ष २००९-१० मा कल्याणकारी कोषमा रु १९९,२४९,४३२ बचत भयो ।[२४६] यसको अर्थ श्रमिकहरूको राहत, क्षतिपूर्ति र अन्य आर्थिक सहयोग (हेर्नुहोस् तालिका १८) मा खर्च भएको रु ४४,३८९,५६७ कल्याणकारी कोषमा उपलब्ध कुल रकमको केवल २२ प्रतिशत हो । वर्ष २०१०-११ को प्रारम्भमा वचत वृद्धि भएर रु ५०,२३,२३,३८६ पुगेको छ ।

| खर्च | रकम (रु) |
|---|---|
| चालु खर्च | ६४,७५,९६२.५९ |
| पुँजीगत खर्च | ११,९२,२४८.०० |
| कार्यक्रम भ्रमण खर्च | ४२,५६,७६९.५० |
| वैदेशिक रोजगारतर्फ प्रवर्द्धनात्मक खर्च | १,५५,९०,५९८.६३ |
| राहत, क्षतिपूर्ति र अन्य आर्थिक सहयोग | ४,४३,८९,५६७.०० |
| **कुल खर्च :** | **७,१९,०५,१४५.७२** |
| **आगामी वर्ष २०१०-११ मा जिम्मेवारी सारेको वचत** | **५०,२३,२३,३८६।६०** |

२४४ *बिएल*सँग एम्नेस्टी इन्टरनेसनलको धनुषामा २३ सेप्टेम्बर २०१० मा भएको अन्तर्वार्ता ।

२४५ अमेरिकी विदेश विभाग, *Trafficking in Persons Report*, June 2011, p272, http://www.state.gov/documents/organization/164457.pdf मा उपलब्ध । हेरिएको ११ सेप्टेम्बर २०११

२४६ वचत अर्को आर्थिक बर्षमा जिम्मेवारी सारिन्छ ।

**तालिका १८ : कल्याणकारी कोषबाट खर्च २००९-१० (स्रोत: वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड)**[२४७]

## अनिवार्य वीमा

कामका खातिर विदेश जाने सबै आप्रवासीहरुले बीमा गर्नु जरुरी छ । ऐनको दफा २६.१ मा वैदेशिक रोजगार कम्पनीले अनिवार्य वीमाको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ

> *"यस ऐन बमोजिम वैदेशिक रोजगारमा गएको श्रमिक जुनसुकै समयमा जुनसुकै कारणले मृत्यु भएमा वा अङ्गभङ्ग भएमा त्यसको क्षतिपूर्ति पाउने गरी श्रमिकलाई वैदेशिक रोजगारमा पठाउनुअघि इजाजतपत्रवालाले प्रत्येका श्रमिकको करार अवधिभर कायम रहने गरी कम्तीमा पाँच लाख रुपैयाँको बीमा गराउनु पर्नेछ ।"*

विभागमा गरिने कुनै पनि दावीका साथ बीमा गरिएको प्रमाण पनि पेश गर्नुपर्छ । चोटपटक वा मृत्यु भएको अवस्थामा श्रमिक वा उसको परिवारले लागि बढीमा रु ५००,००० सम्मको वीमा पाउन सक्नेछ ।[२४८]

## औद्योगिक दुर्घटनाहरूबाट हुने चोटपटक

आप्रवासी श्रमिकहरू गम्भीर औद्योगिक दुर्घटनामा परेको चारवटा घटनाहरूलाई एम्नेस्टी इन्टरनेसनलले अभिलिखित गरेको छ र त्यसमध्ये तीन वटा घटनामा श्रमिकहरूलाई उनीहरूको रोजगारदाता, रोजगार कम्पनी, कल्याणकारी कोष वा वीमा पोलिसी कसैबाट पनि क्षतिपूर्ति पाएनन् । क्षतिपूर्ति पाएको एउटै मात्र उदाहरणमा प्राप्त गरेको रकम रोजगार सेवा शुल्कको आधा मात्र थियो । क्षतिपूर्ति प्राप्त गर्नमा रहेको प्रमुख व्यवधानहरूमा फेरिपनि क्षतिपूर्ति पाउने आफ्नो अधिकार र त्यसलाई प्राप्त गर्ने प्रक्रियाका बारेमा जानकारीको अभाव र सरकारी कर्मचारीतन्त्रलाई पार गर्नमा रहेको व्यवधान रहेका छन् ।

साउदी अरेबियामा भएको औद्योगिक दुर्घटनामा बायाँ खुट्टा गुमाउन पुगेका नुवाकोट जिल्लाका ३८ बर्षीय *पिजी* (हेर्नुहोस् भाग ८.२) ले आफ्नो रोजगार कम्पनीमार्फत कल्याणकारी कोषका बारेमा थाहा पाए तर आफ्नो वीमा गरिएको र चोटपटकका लागि क्षतिपूर्ति पाउने आफ्नो हक रहेको भन्ने कुरा भने उनलाई थाहा हुन सकेन । काठमाडौं आफै गएर प्रवर्द्धन बोर्डमा बुझ्नु भन्दा आफ्नो क्षतिपूर्तिको हकदावी हेरिदिने जिम्मा उनले आफ्नो कम्पनीलाई दिए ।[२४९]

---

२४७ वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड, बार्षिक प्रतिवेदन, २०६६-६७ ।

२४८ वैदेशिक रोजगार विभागबाट १८ मे २०११ मा भएको पत्राचार अनुसार ऐनको दफा २६.१ मा उल्लेख भए अनुसारको न्यूनतम रकम नभई अधिकतम रु ५००,००० चोटपटक र मृत्यु भएको अवस्थामा आप्रवासी श्रमिक वा तीनका परिवारलाई प्रदान गरिन्छ ।

२४९ *पिजीसँग* एम्नेस्टी इन्टरनेसनलको नुवाकोटमा २ अक्टोबर २०१० मा भएको अन्तर्वार्ता ।



**तस्वीर १९ : झापा जिल्लाका *एलके*ले यूएईमा निकै घाइते हुन पुगे। (स्रोत : एम्नेस्टी इन्टरनेसनल)**

झापा निवासी ३० बर्षीय *एलके* यूएईको दुवईमा सडक छेउ फूल रोप्ने काम गर्दथे। सन् २००९ मा कामका क्रममा भएको दुर्घटनाका कारण उनको मस्तिष्कघात र अन्य धेरै चोटपटक लाग्यो। आफ्नो बाबुको सहायताले उनी त्यसबारेमा यसो भन्छन् :

> *"त्यति बेला के भयो वा दुर्घटनाको सम्पूर्ण कुरा मलाई याद भएन। म पाँच महिनासम्म अस्पताल बस्नुपर्‍यो। मेरो घाँटीमा प्वाल परेको हुनाले त्यति राम्रोसँग बोल्न सक्दिन। मेरो बाँया हात वा गोडा पनि राम्रोसँग चलाउन सक्दिन र त्यहाँ अझै पनि निकै दुख्छ। म नियमित रुपमा उपचारका लागि भारतको एउटा अस्पतालमा गइरहको छु र त्यसका लागि हरेक महिना भारु १,६०० खर्च हुन्छ।"*

दुवईमा अस्पतालको खर्च *एलके*का रोजगारदाताले व्यहोरे पनि पटक पटकका वाचा बावजुद कुनै क्षतिपूर्ति भने दिएन :

> *"मेरो रोजगारदाताले क्षतिपूर्ति दिन्छु भनेर वाचा गरे पनि कहिल्यै दिएन। उसको मन परिवर्तन भइरहन्थ्यो। त्यसपछि अस्वीकार गर्‍यो र मेरो मुद्दा अदालत लैजाने धम्की दियो।"*

एलकेका तर्फबाट उनका नातेदारहरू सरकारी पदाधिकारी भेट्न गए।[२५०] तर उनीहरूले *एलके*ले वैदेशिक रोजगार कम्पनीमार्फत नगई सोझै दुवईमा सम्पर्क गरेर वर्क भिसा लिएको हुनाले सहयोग गर्न नसक्ने बताए। यद्यपि *एलके*का अनुसार उनीहरूले भनेको कुरा सही थिएन :

> *"मेरो भाइबाट* वर्क भिसा *पाएपछि दुवई चाँडै पुग्न सबै प्रक्रियाका लागि म रोजगार*

२५० *एलके* र उनको बाबुले उनीहरूका नातेदार काठमाडौंमा कुन सरकारी कार्यालय गए भन्ने बारेमा स्पष्ट भन्न सकेनन्।

*कम्पनीमार्फत नै गएको हो । मैले मेरो पासपोर्ट र भिसा कम्पनीलाई दिएर सेवा शुल्क वापत रु ५,००० दिएको हो । मेरो करारनामा, बीमा र भिसाको स्वीकृति यही कम्पनीले उपलब्ध गराएको थियो । तर टाउको चोटपटक लागेका कारण मैले मेरा सबै कागजपत्र दुवई मै बिर्सें, त्यसैले मसँग कुनै प्रमाण छैन ।"*[२५१]

मोरङ जिल्लाका ३५ बर्षीय *एचएम*ले सन् २०१० को फेब्रुवरीदेखि अगस्टसम्म साउदी अरेबियाको एउटा ढुंगा खानीमा काम गरे । औद्योगिक दुर्घटनाका कारण क्रसर सफा गर्ने क्रममा उनले आफ्नो दायाँ हात गुमाउन पुगे । तर त्यसका बावजुद उनले क्षतिपूर्ति पाएका छैनन् :

*"साउदी अरेबियाको कम्पनीले अस्पतालको सबै बिल तिरिदियो तर मलाई क्षतिपूर्ति दिन मानेन किनभने मैले काम गर्ने कम्पनीको नाम मेरो करारनामा रहेको कम्पनीको नाम भन्दा फरक थियो । त्यसैले उनीहरूले मेरो जिम्मेवारी लिन अस्वीकार गरे । उनीहरूले घर फर्कने टिकट मात्र दिए र पासपोर्ट पनि फिर्ता दिए । म सकेसम्म नेपाल चाँडो फर्कियोस् भन्ने उनीहरूको स्पष्ट चाहना रहेको थियो ।"*

*एचएम* नेपाल फर्केपछि उनी प्रवर्द्धन बोर्ड र आफ्नो बीमा कम्पनीमा गए तर दुवैले क्षतिपूर्ति दिन अस्वीकार गरे किनभने उनीसँग अस्पतालको काजगपत्र थिएन । उनको भनाई, "ती कागजपत्र कम्पनीले उनलाई दिन नमानेपछि म त्यसै फर्किन बाध्य भएँ " भन्ने छ ।

प्रस्थान गर्नु अघि नपुगेको आफ्नो रोजगार कम्पनीमा पनि *एचएम* पुगे :

*"म दलालमार्फत गएको थिएँ र श्रम मन्त्रालयको कागजपत्रमा लेखिएको हुँदा मात्र मैले मेरो रोजगार कम्पनीको नाम थाहा पाउन सकें । कम्पनी पुग्दा निर्देशकले मेरो बीमा रकम बराबरको क्षतिपूर्ति दिने आश्वासन दिए । तर गाउँ फर्केपछि उनीबाट कुनै सम्पर्क नभएपछि मैले फोन गरेर उनले गरेको वाचालाई स्मरण गराएँ । मैले १५ देखि २० पटक फोन गरिसकें, कम्पनीमा आज पनि फाने गरें । अक्टोबर २०१० मा क्षतिपूर्ति लिन म काठमाडौं आए तर उनीहरू विभिन्न बहानाहरू बनाउन थाले, 'अहिले हामीसँग पैसा छैन केही समय पर्खनुपर्छ' । कम्पनीले साउदी अरेबियाको मैले काम गरेको रोजगादाताबाट अस्पतालका मेरो कागपत्रहरू पनि झिकाइदिने वाचा गर्‍यो ।"*[२५२]

*एचएम*ले अझै पनि रोजगार कम्पनीबाट क्षतिपूर्ति पाएका छैनन् न त उनको स्वास्थ्य उपचारसम्बन्धी कागजपत्र नै आइपुगेको छ । मे २०११ मा श्रम मन्त्रालयसँगको भेटमा एम्नेस्टी इन्टरनेसनलले यस मुद्दाका बारेमा सोधखोज गर्‍यो । यस भेटको केही घण्टामा नै प्रवर्द्धन बोर्डले *एचएम*लाई रु ७०,००० को क्षतिपूर्ति प्रदान गर्ने निर्णय गर्‍यो, र त्यो रकम उनले जुलाई २०११ मा प्राप्त गरे ।

त्यसपछि भएको पत्राचारमा श्रम मन्त्रालयका तत्कालीन सहसचिव पूर्णचन्द्र भट्टराईबाट त्यससम्बन्धमा यस्तो प्रष्टीकरण प्राप्त भयो :

*"प्रवर्द्धन् बोर्डबाट क्षतिपूर्ति प्राप्त गर्न नियमवाली अनुसार पीडितहरूले करारनामा पत्र र*

२५१ *एलके*सँग एम्नेस्टी इन्टरनेसनलको झापामा १२ डिसेम्बर २०१० मा भएको अन्तर्वार्ता ।

२५२ एम्नेस्टी इन्टरनेसनलसँग *एचएम*को मोरङमा १३ डिसेम्बर २०१० मा भएको अन्तर्वार्ता ।

> *डाक्टरको प्रेस्क्रिपसन जस्ता केही आवश्यक कागजपत्र पेश गर्नुपर्छ । यी कागजपत्रको अभावमा क्षतिपूर्ति प्रदान गर्न बोर्डले सक्दैन । उनलाई क्षतिपूर्ति दिने निर्णय भइसके तापनि उनले आवश्यक कागजपत्र पेश गर्नुपर्ने हुन्छ । वीमा (क्षतिपूर्ति) प्राप्त गर्न पनि त्यही प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ ।"*[२५३]

यी घटनाहरूले आफ्नो रोजगार कम्पनी, कल्याणकारी कोष र वीमा कम्पनीबाट क्षतिपूर्ति प्राप्त गर्न आप्रवासी श्रमिकहरूले सामना गरिरहेका कठिनाइहरूलाई संकेत गर्नुका साथै क्षतिपूर्तिसम्बन्धी दावीलाई अगाडि बढाउन श्रमिकहरूका लागि रहेको सहयोगको अभावमाथि पनि प्रकाश पार्ने काम गर्दछ ।

## मृत्यु

आप्रवासी श्रमिकहरूको मृत्यु भएको सङ्ख्याको आधिकारिक तथ्याङ्क उपलब्ध नभए तापनि श्रम मन्त्रालय र आइओएमबाट २०१० मा भएको अनुसन्धानमा लगभग "प्रत्येक दिन तीन जना नेपाली आप्रवासी श्रमिकको लाश काठमाडौं आइपुग्ने गरेको" पाइएको छ ।[२५४]

साउदी अरेबियामा मोटरसाइकल दुर्घटनामा मृत्यु भएका मोरङ् जिल्लाका (अनाधिकृत रुपमा गएका) आप्रवासी श्रमिक रमेश गिरीको घटना नेपालमा निकै चर्चित भएको थियो किनभने उनको लाश जुन २०१० अर्थात् दुर्घटना भएको भण्डै दुई बर्षसम्म पनि पठाइएको थिएन । उनका नातेदारका अनुसार :

> *"लाश फिर्ता ल्याउन कसैले सहयोग गरेन । उनी काम गर्ने कम्पनी र उनलाई पठाउने रोजगार कम्पनीसहित सबैले जिम्मेवारी अर्कोलाई पन्छाउने मात्र काम गरे ।"*

प्रवर्द्धन बोर्डबाट अन्ततः रु ५८१,००० प्राप्त गरे पछि मात्र रमेशका परिवारले उनको लाश नेपाल ल्याउन सफल भए । रकम स्थानान्तरण गर्नमा भएको ढिलाइका बारेमा प्रवर्द्धन बोर्डका महानिर्देशक स्थानेश्वर देवकोटाले यस्तो विचार व्यक्त गर्नुभयो :

> *"करार अवधिभर मृत्यु भएमा उनीहरूले क्षतिपूर्ति स्वरुप रु १००,००० पाउँछन् । यदि दुर्घटनामा परेर घाइते भएमा उनीहरूले स्वास्थ्य भत्ताका रुपमा रु १००,००० सम्म पाउनसक्छन् ।"*

तर रमेशको अवस्था यी दुवै वर्गमा पर्दैन थियो किनभने उनी करार सकिनु अगावै आफ्नो रोजगारदाताबाट भागेर अवैधानिक श्रमिकका रुपमा अर्को कम्पनीमा काम गर्दथे । त्यसैले साउदी प्रहरीले उनको लाश हस्तान्तरण गर्न अस्वीकार गऱ्यो र काम गैरकानुनी रुपमा परिवर्तन गरेको हुनाले उनका नयाँ र पुराना दुवै रोजगारदाताले जिम्मेवारी लिन अस्वीकार गरे ।[२५५]

---

२५३ श्रम मन्त्रालयका तत्कालीन सहसचिव र हाल वैदेशिक रोजगार विभागका महानिर्देशक, पूर्णचन्द्र भट्टराईसँग १५ जुन २०११ मा भएको पत्राचार ।

२५४ जगन्नाथ अधिकारी र गणेश गुरुङ, *Foreign Employment, Remittance and Its Contribution to Economy of Nepal*, श्रम तथा यातायात व्यवस्था मन्त्रालय र आइओएम, २०११, पृष्ठ ३५ ।

२५५ दिक्षा सिंह, "22 months after death, body back from Saudi", द हिमालयन टाइम्स्, १४ जुन २०१०, http://www.thehimalayantimes.com/fullNews.php?headline=22+months+after+death%2C+body+back+from+Saudi&NewsID=246974, मा उपलब्ध । हेरिएको २३ जुन २०११ ।




**तस्वीर २० : काठमाडौं ऐयरपोर्टमा रमेश गिरीको लाश (स्रोतः नरेश श्रेष्ठ)**

आप्रवासीका मुद्दाहरूमा नियमित रुपमा कलम चलाउने कान्तिपुर दैनिकका पत्रकार होम कार्कीले जुन २०११ मा कुवेतको एउटा अस्पतालको मुर्दाघरमा ९ जना नेपाली श्रमिकहरूको लाश एक बर्षदेखि त्यसै रहिरहेको समाचार लेखेका थिए । कुवेतस्थित नेपाली दुतावासले उनीहरूको मृत्युको कारण पनि थाहा नभएको र लाशलाई नेपाल फिर्ता गर्न पनि नसकिएको किनभने “हामीले उनीहरूका पासपोर्ट र नातेदार पनि भेट्टाउन सकेका छैनौ, त्यसैले लाश हस्तान्तरण गर्न कठिन छ ।”[२५६]

मृतक आप्रवासी श्रमिकहरूका परिवारका लागि अर्को दुःखद अनुभव भनेको उनीहरूका आफन्तको मृत्यु भएको कुराको सूचना तथा जानकारी नै नदिनु रहेको छ । एम्नेस्टी इन्टरनेसनलले मृतक आप्रवासी श्रमिकका पाँच वटा परिवारसँग अन्तर्वार्ता लिएको थियो । पाँचमध्ये कुनै पनि परिवारले नेपाली दुतावास वा काठमाडौं वा जिल्लास्थित सरकारी कार्यालयबाट कुनै पनि प्रकारको सूचना प्राप्त गरेनन् । सबै परिवारले आफ्नो परिवारको सदस्यको मृत्यु भएको कुरा गन्तव्य मुलकुमा रहेको साथी वा सँगै कामगर्ने साथीको फोन आएपछि मात्र थाहा पाएका थिए । यस्तै एउटा उदाहरण कास्कीका ३८ बर्षीय *के.टी.*को छ जसको मृत्यु मेलेसियामा नोभेम्बर २०१० मा भयो । उनका काकाले सरकारबाट खबर नभएको कुरालाई यसरी बताउँछन् :

> *“हाम्रो भतिजको मृत्युको खबर न त मलेसियास्थित नेपाली दुतावासले न नेपाल सरकारले फोन गरेर वा चिठीबाट हामीलाई खबर गरे । त्यसमा पनि मृत्युको कारणबारे पनि कुनै सरकारी*

२५६ होम कार्की, “९ जना महिलाको शव एक बर्षदेखि कुवेतमा अलपत्र”, कान्तिपुर दैनिक, १० जुन २०११ ।

*कर्मचारीले केही पनि बताएनन् । त्यो कुरा पनि थाइ हवाई सेवाका एक जना कर्मचारीबाट उसको मृत्यु सम्भवत हृदयघातबाट भएको हो भन्ने जानकारी हामीले पाएका हौं ।"*[२५७]

मलेसियामा मार्च २०१० मा सुरक्षा गार्डको काम पाएका सुनसरीका ४२ बर्षीय *एनएम*को सेप्टेम्बर २०१० मा मृत्यु भयो । लाशका साथ देहायका कागजपत्रहरू पठाइएको थियो : मृत्युको प्रमाणपत्र, शवलाई सड्नबाट बचाउन प्रयोग भएको औषधिको नाम, शव फिर्ता लैजाने अनुमति र नेपाली दुतावासबाट *एनएम*को मृत्युको सूचना । दुतावासले स्पष्ट रुपमा मलेसियामा रहेका सबै सेवाप्रदायकहरूलाई *एनएम*को मृत्युको सूचना दिएको थियो तर एनएमको पूर्ण ठेगाना भए तापनि उनको परिवारलाई भने दुतावासका कुनै पनि कर्मचारीले जानकारी दिएनन् ।

एम्नेस्टी इन्टरनेसनलसँग मे २०११ मा विभागले गरेको पत्राचारमा देहाय कुरा पुष्टी गरेको थियो :

*"यदि विदेशमा कुनै श्रमिकको मृत्यु भएमा पहिलो सूचना प्राय रोजगारदाता वा विदेशमा रहेका साथीहरूबाट मृतकको नातेदारलाई पुग्ने गर्छ । ऐनमा नातेदारहरूलाई सूचित गर्ने सम्बन्धमा कुनै स्पष्ट व्यवस्था छैन ।"*[२५८]

*एनएम*को हकमा, मृत्युको कारण सबै सरकारी दस्तावेजमा "अनुसन्धान जारी" लेखिएको थियो । आफ्नो श्रीमान्‌को मृत्युका बारेमा धेरै प्रश्नहरू अझै पनि अनिर्णित रहेको उनकी श्रीमती बताउँछिन् :

*"मेरो श्रीमानसँगै काम गर्ने साथीले मलेसियाबाट फोन गरेर उहाँको मृत्यु भएको बताए । ती साथीले* एनएम *दुर्घटनामा परेको मात्र भने, उहाँको मृत्यु कसरी भयो भनेर स्पष्ट रुपमा भनेनन् । उनले हामीलाई दलाल वा कम्पनीबाट क्षतिपूर्ति लिन सुझाव दिए । अर्को दिन मेरो देवरले दलालसँग भेट गर्नुभयो । दलालले मेरो श्रीमान्‌ले विहानको खाजा खाएपछि वान्ता गर्न थालेको र पछि मृत्यु भएको जानकारी दिए ।"*

आफ्नो श्रीमान्‌को मृत्यु के कति कारणले भयो भन्ने बारेमा उनलाई अझै पनि थाहा छैन । अन्तर्वार्ताका क्रममा उनले *एनएम*ले लिएको ऋणमाथि बढीरहेको ब्याजका बारेमा चिन्ता जाहेर गरेकी थिइन्; उनले ३६ प्रतिशत ब्याजदरमा रु ३००,००० कर्जा लिएका थिए, जसको भुक्तानी बाँकी परिवारका सदस्यले अझै पनि गर्नुपर्छ । आफ्नो श्रीमान्‌माथिको वीमाको रकम उनले प्राप्त गर्न सकिनन् किनभने *एनएम*को पासपोर्ट उनको शवसँगै फिर्ता आएको थिएन ।"[२५९]

क्षतिपूर्तिको अधिकारबारे परिवारहरूलाई पनि गलत जानकारी दिइएको छ । पाँच जना मृतक श्रमिकका परिवारहरूमध्ये तीन परिवारलाई क्षतिपूर्ति र त्यसलाई कसरी प्राप्त गर्ने भन्ने बारेमा निकै कम वा कुनै पनि जानकारी नरहेको पाइयो । अन्तर्वार्ता लिइएको समयमा *के.टी.*का परिवारले मात्र दावी गरिएको वीमा वापत क्षतिपूर्ति प्राप्त गरेको थियो ।

*"हामीले रु ४९६,४०३ बराबरको वीमा क्षतिर्पूत प्राप्त गरेका छौं । मूल रकम रु ५००,००० थियो तर उनीहरू रु ३,५९७ कर कट्टा गरे । अब हामी त्यो रकम प्रवर्द्धन बोर्डबाट पाउने पर्खाइमा छौं ।"*[२६०]

---

२५७ एम्नेस्टी इन्टरनेसनलले *के.टी.*का काकासँग काठमाडौंमा ८ डिसेम्बर २०१० मा गरेको अन्तर्वार्ता ।

२५८ वैदेशिक रोजगार विभागबाट प्राप्त पत्राचार १८ मे २०११ ।

२५९ एम्नेस्टी इन्टरनेसनलसँग एनएमकी श्रीमतीसँग सुनसरीमा १४ डिसेम्बर २०१० मा भएको अन्तर्वार्ता ।

२६० एम्नेस्टी इन्टरनेसनलसँग *के.टी.*का काकासँग काठमाडौंमा ८ डिसेम्बर २०१० मा भएको अन्तर्वार्ता ।

एम्नेस्टी इन्टरनेसनलले विभागलाई वीमा क्षतिपूर्तिका सम्बन्धमा सरकारी करका बारेमा जिज्ञासा राख्दा, "वीमामा कर कटाएको हामीले कुनै जानकारी प्राप्त गरेका छैनौं" भन्ने जवाफ आयो ।[२६१]

अर्को परिवारसँगको अन्तर्वार्तामा मलेसियामा अगस्ट २०१० मा मृत्यु भएका २४ बर्षीय *केएम*का दाजुले क्षतिपूर्तिका लागि आवेदन भरेको र "चाँडै पाउने" बताए । यद्यपि उनले पनि त्यस्तो सुविधाका बारेमा मौकाले मात्र थाहा पाएका हुन् :

> *"मैले मेरो भाईको मृत्यु भएकोमा क्षतिपूर्तिका लागि वीमा र कल्याणकारी कोष दुवैमा आवेदन दिएको थिएँ तर वीमा कम्पनी र प्रवर्द्धन् बोर्ड दुवैले हामीले कति क्षतिपूर्ति पाउँछौं भन्ने कुरा बताउन सकेनन् । पत्रिकामा प्रकाशित एउटा लेखबाट मात्र मैले हामीले वीमाबाट रु ५००,००० र कल्याणकारी कोषबाट रु १००,००० पाउने थाहा पाएँ । पैसा नै सबै कुरा नभए तापनि मेरो विचारमा मेरो भाइको रोजगारदाताले उनको मृत्युको क्षतिपूर्ति दिनुपर्दथ्यो ।"*[२६२]

मृत्यु वा गम्भीर औद्योगिक दुर्घटनाको हकमा यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका कुनै पनि परिवारले रोजगारदाताहरूबाट क्षतिपूर्ति प्राप्त गरेनन् ।

---

२६१ वैदेशिक रोजगार विभागबाट प्राप्त पत्राचार, १८ मे २०११ ।

२६२ एम्नेस्टी इन्टरनेसनलसँग *केएम*का भाइसँग काठमाडौंमा ८ डिसेम्बर २०१० मा भएको अन्तर्वार्ता ।

# ९. प्रभावकारी नियमनका चुनौतीहरू

"वैदेशिक रोजगार व्यावसायी कम्पनीहरूले प्रचलित नेपाली कानुन, नियमावली र निर्देशनविरूद्ध कार्य गर्नु हुँदैन ।" न्यायिक प्रक्रियाहरूको दुरुपयोग गरिनु हुँदैन । काममा भ्रष्टाचारलाई प्रोत्साहित गरिनु हुँदैन ।"

एनएएफइए आचार संहिता, दफाहरू ३.२५-३.२७ ।[२६३]

## ९.१. वैदेशिक रोजगार कम्पनी र दलालहरूलाई नियमन गर्ने सरकारको दायित्व

कामका लागि विदेश जान चाहनेहरूलाई बेचबिखन र जबरजस्ती श्रम (भाग ४ मा उल्लेख भए अनुसार) मा पर्नबाट संरक्षण गर्न उपयुक्त कदमहरू चालिएको सुनिश्चित गर्नु नेपाल सरकारको जिम्मेवारी हो ।

वैदेशिक रोजगार कम्पनीहरूको अनुगमन गरिएको र उनीहरूले करारनामा उपलब्ध गराउने, तालिम दिने, स्वास्थ्य परीक्षण गराउने र बीमा र कल्याणकारी कोषमा पैसा जम्मा गरिनेदिनेसहित ऐनमा व्यवस्था गरिएका प्रावधानहरू पालना गरेको सुनिश्चत गर्नु विभागको जिम्मेवारी हो । श्रम सम्झौतामा आप्रवासी श्रमिकहरूलाई प्रस्ताव गरिएको काम र तलबको विवरण सही छ भन्ने कुरा वैदेशिक रोजगार कम्पनीहरूले सुनिश्चित गर्नुपर्छ ।

सरकारले आफ्ना कर्मचारीहरूलाई विदेशका साथै नेपालमा पनि विभिन्न अवस्थाहरूलाई सम्बोधन गर्नमा अग्रसक्रिय भूमिका निर्वाह गर्न सक्षम बनाएको छ । माथि उल्लेख गरिए जस्तै वैदेशिक रोजगार ऐनको दफा ६८ ले श्रमिक, रोजगारदाता संस्था वा इजाजपत्रवालाबीच हुने कुनै विवादको समाधानमा सहयोग गर्नेसहित निश्चित देशहरूमा श्रम सहचारीको काम कर्तव्य तोकिदिएको छ ।[२६४] ऐनको दफा

२६३ एनइएफइएको वेवसाइटमा यसको केही अंश फरक छ : "कुनै पनि तरिकाले देशको नियम कानुनको उल्लङ्घन गर्नु हुँदैन । कानुनी प्रक्रियाहरूको दुरुपयोग गरिनु हुँदैन । काममा भ्रष्टाचारलाई निरुत्साहित गरिनुपर्छ ।" हे. http://www.nafea.org.np/index.php?linkId=35, हेरिएको १७ नोभेम्बर २०११ ।

२६४ दफा ६८ अनुसार, (ख) कामदार, रोजगारदाता संस्था वा इजाजपत्रवालाबीच कुनै विवाद उत्पन्न भएमा समस्या समाधान गर्न सहयोग गर्ने, (ग) वैदेशिक रोजगारको क्रममा अलपत्र अवस्थामा परेका कामदारलाई स्वदेश फिर्ता गर्न गराउन आवश्यक व्यवस्था गर्ने, (ङ) प्राकृतिक विपत्तिमा परेका वा कुनै कारणवश मृत्यु भएका कामदारको मृत शरीर सम्बन्धित मुलुक वा रोजगारदाता संस्थाको सहयोगमा स्वदेश फिर्ता पठाउन पहल गर्ने, (च) नेपालबाट कामदार आपूर्ति गर्नका लागि सरकारीस्तरमा द्विपक्षीय सम्झौता गर्न प्रयास गर्ने ।

५५ ले विभागका पदाधिकारीहरूलाई करारमा उल्लेख भएको भन्दा फरक वा कम तलब तथा सुविधा भएको काममा श्रमिकहरू पठाउने वैदेशिक रोजगार कम्पनीहरूलाई जरिवाना गराउने वा क्षतिपूर्ति असुल उपर गर्ने अधिकार दिएको छ ।[२६५]

जबरजस्ती श्रमसम्बन्धी महासन्धिको पक्ष राष्ट्रका रुपमा जबरजस्ती श्रमको रोकथाम गर्नु र त्यसका कसुरदारलाई कारवाही गर्नु नेपाल सरकारको दायित्व हो । यसका साथै कानुनमा जबरजस्ती श्रमका घटनामा दण्डजरिबानाको यथेष्ट व्यवस्था गरिनु पर्दछ र तिनको कार्यान्वियन पनि गरिनु पर्दछ ।[२६६]

यसका अतिरिक्त वैदेशिक रोजगार कम्पनीहरूले ऐन अन्तर्गतका सबै जिम्मेवारीहरू पूरा गरेको निश्चित गर्नु नेपाल सरकारको दायित्व हो । ऐनको दफा ३४.१ ले सरकारले देहायको कार्य गर्नुपर्ने स्पष्ट गरेको छ :

> *"यो ऐन वा यस ऐन बमोजिम बनेको नियम वा यस ऐन अन्तर्गत दिइएको निर्देशन पालना गरे नगरेको सम्बन्धमा विभागले समय-समयमा इजाजपत्रवालाको कार्यालयमा अनुगमन तथा निरीक्षण गर्नेछ र यस प्रयोजनका लागि इजाजतपत्रवालाले राखेको अभिलेख तथा अन्य सम्बन्धित कागजातहरू निरीक्षण गर्न सक्नेछ ।"*

विभागले वैदेशिक रोजगार कम्पनीहरूको स्थलगत निरक्षणद्वारा नियमित रुपमा अनुगमन भइरहेको एम्नेस्टी इन्टरनेसनललाई मे २०११ मा बताएको थियो :

> *"हामीले विभिन्न इजाजतपत्रवालाहरूका कार्यालय र शाखा कार्यालयहरूको आवश्यकता अनुसार अनुगमन गरिरहेका छौं । निरीक्षणका क्रममा हामी उनीहरूको साइनबोर्ड, सूचना पाटी र त्यसको संरचना, अभिलेखन प्रणाली, कर्मचारी व्यवस्थापन र अन्य आवश्यक कुराहरू हेर्ने गर्दछौं ।"[२६७]*

विभागसँग मे २०११ मा भएको वैठकमा तत्कालीन महानिर्देशक चन्द्रमान श्रेष्ठले विभागले कम्पनीहरू विरुद्ध कारवाही चलाइएको तर कम्पनी दर्ताका लागि आवश्यक आर्थिक भुक्तानी बुझाउन नसकेको कारणका लागि मात्र भन्ने जानकारी दिएका थिए :

> *"२३६ रोजगार कम्पनीहरू बर्खास्त गरिएका छन् किनभने उनीहरूले बैंक ग्यारेण्टी र/वा धरौटी बुझाउन सकेनन् ।[२६८]*

---

२६५ दफा ५५ अनुसार, "कुनै इजाजतपत्रवालाले कुनै कामदारसँग एउटा कम्पनीमा काम गर्ने भनी करार गरी सोभन्दा कम पारिक्षमिक र सुविधा पाउने गरी वा कामको प्रकृति नै फरक पारी अर्को कम्पनीमा काम लगाएमा वा जुन कामको लागि वैदेशिक रोजगारमा पठाएको हो सो काममा नलगाई अर्को काममा लगाएमा वा जति पारिश्रमिक र सुविधा दिने भनी लगेको हो सोभन्दा कम पारिश्रमिक र सुविधामा काम लगाएमा विभाग इजाजतपत्रवालालाई एकलाख रुपैयाँ जरिवान गर्नेछ र जति पारिश्रमिक र सुविधा कम दिएको हो सो रकम विभागले इजाजपत्रवालाबाट कामदारलाई भराइदिनु पर्नेछ ।"

२६६ जर्बजस्ती श्रमसम्बन्धी महासन्धिको धारा २५ ।

२६७ वैदेशिक रोजगार विभागबाट १८ मे २०११ मा प्राप्त पत्र ।

२६८ वैदेशिक रोजगार विभागसँग एम्नेस्टी इन्टरनेसनलको २३ मे २०११ मा काठमाडौंमा भएको बैठक ।

यद्यपि ऐनका प्रावधानहरू पालना गर्न असफल भएकोमा सन् २००७ यता जरिवाना, खारेजी, मुद्दा चलाईएको वा बन्द गराइएको वा इजाजतपत्र खोसिएका वैदेशिक रोजगार कम्पनीहरूको सङ्ख्या कति छ भनेर प्रश्न गर्दा विभागको भनाई यस्तो थियो :

> *"नयाँ वैदेशिक रोजगार ऐन २०६४ जारी भएपछि त्यस्तो प्रकारको कुनै पनि (...) कारवाही चलाइएको छैन ।"*[२६९]

ऐन अन्तर्गतका जिम्मेवारीहरू पूरा नगर्ने कम्पनीहरूको इजाजपत्र रद्द गर्ने वा अन्य सजाय गर्नसक्ने विभागसँग अन्य विभिन्न मापदण्डहरू रहेको अवस्थामा पनि यो देखिएको छ । उदाहरणका लागि दफा १३.२ अन्तर्गत, विभागले विभिन्न कारणका लागि कुनै कम्पनीको इजाजतपत्र खारेज गर्न सक्ने जसमा "यस ऐन वा ऐन अन्तर्गत बनेका नियमहरू विपरित कुनै कार्य गरेमा" पनि रहेको छ ।

यद्यपि २०६४ मा कार्यान्वयनमा आएपछि विभागले यस दफा अन्तर्गत रहेर कुनै पनि कम्पनीको इजाजपत्र रद्द गरेको छैन । साथै विभागले देहायका तीन वटा दफाहरू अन्तर्गत अहिलेसम्म कुनै पनि कम्पनीलाई कारवाही नगरिएको जानकारी दियो तर यस प्रतिवेदनमा ती दफाहरूको पालना नगरेको प्रमाण देख्न सकिन्छ :

> *"४७. लिखत वा प्रतिवेदन लुकाएमा वा हेरफेर गरेमा हुने सजाय (...);*
>
> *५३. प्रवेशाज्ञाशुल्क, सेवाशुल्क तथा प्रवर्द्धनखर्च बढी लिएमा हुने सजाय (...);*
>
> *५५. करार विपरित कार्य गरे गराएमा हुने सजाय ।"*

नियमावलीको नियम ४८ अन्तर्गत वैदेशिक रोजगार कम्पनीहरूले आफूसँग काम गर्ने सबै दलालहरूको दर्ता गराउन आवश्यक छ । मे २०११ सम्ममा केवल तीन जना दलालहरू विभागमा दर्ता भएका छन् ।[२७०] यसमा रहेको व्यवधानहरूका बारेमा विभागका तत्कालीन महानिर्देशक चन्द्रमान श्रेष्ठ भन्नु हुन्छ :

> *"समस्या के हो भने ऐन आफैँमा त्यति व्यवहारिक छैन । यस अनुसार प्रत्येक दलालको दर्ताका लागि रोजगार कम्पनीले रु २००,००० धरौटी राख्नुपर्छ । यसको अर्थ एउटा दलालले एउटा मात्र कम्पनीसँग काम गर्न पाउँछ, यसले उनीहरूको आम्दानीमा धेरै कमी आउँछ । त्यसैले यही आर्थिक प्रभावका कारण कम्पनी र दलाल दुवै दर्ता प्रक्रियाबाट टाढा रहने गर्छन् ।"*[२७१]

दलालहरूको अनुगमनको अभावका कारण नेपालमा यस क्षेत्रमा कार्यरत दलालहरुको सङ्ख्या कति छ भनेर अनुमान गर्न ज्यादै कठिन छ । अझ चिन्ताको कुरा सरकारी अधिकारीहरू आफैले दलालहरूलाई नियमन गर्ने कुनै योजना नरहेको संकेत गर्नु हो । यसले गर्दा सम्बन्धित निकायबाट हुनसक्ने सजायको कुनै पनि डर विना दलालहरु काम गर्न सक्छन् र कुन दलाल भरपर्दो छ भनेर थाहा पाउने सम्भावित आप्रवासी श्रमिकहरूसँग कुनै उपाय हुँदैन ।

---

२६९ वैदेशिक रोजगार विभागबाट १८ मे २०११ मा प्राप्त पत्र ।

२७० वैदेशिक रोजगार विभागले १८ मे २०११ मा उपलब्ध गराएको जानकारी ।

२७१ वैदेशिक रोजगार विभागका तत्कालीन महानिर्देशक चन्द्रमान श्रेष्ठसँग एम्नेस्टी इन्टरनेसनलको २३ मे २०११ मा काठमाडौंमा भएको बैठक ।

नेपालको अन्तर्राष्ट्रिय दायित्व अनुसार वैदेशिक रोजगार कम्पनीहरूको दायित्व र जिम्मेवारीहरू स्पष्ट गर्ने उपयुक्त कानुनको तर्जुमा गर्नुका साथै कम्पनीहरूको सही मूल्याङ्कन गर्न, उनीहरूका क्रियाकलापहरूको अनुगमन गर्न, अनुसन्धान र दण्डित गर्न र त्यस्ता कम्पनी वा उनीहरूका लागि काम गर्ने व्यक्तिहरूबाट भएका कुनै क्षतिको हर्जाना सरकारी पदाधिकारीहरूले सही तथा जिम्मेवार ढंगले काम गरको पनि सुनिश्चित गर्नुपर्छ ।

## ९.२ भ्रष्टाचार[२७२]

विद्यमान नियमनकारी प्रावधानलाई प्रभावकारी रुपमा काम गर्नबाट रोक्ने एउटा प्रमुख व्यवधान भनेको व्याप्त रहेको भ्रष्टाचार हो । भ्रष्ट क्रियाकलापहरूले पनि केही आप्रवासी श्रमिकहरूलाई मानव अधिकार ज्यादतिको जोखममा पुऱ्याउँछ । विश्व बैंकका अनुसार भ्रष्टाचार नियन्त्रणसम्बन्धी असल शासन सूचकमा नेपाल हाल अन्तिम चौथाईमा पर्दछ र त्यसभन्दा पनि कम नियमनकारी गुणस्तर (१९ प्रतिशत तल), सरकारी प्रभावकारिता (२४ प्रतिशत तल) र विधिको शासन (१९ प्रतिशत तल) मात्र छ ।[२७३] यसैगरी २०१० मा ट्रान्स्परेन्सी इन्टरनेसनलले भ्रष्टाचारसम्बन्धी आफ्नो सूचकाङ्क (सिपीआई)[२७४] मा नेपाललाई १७८ देशहरूमध्ये १४६ औं सङ्ख्यामा राखेको थियो जसमा नेपालले उच्च तहको भ्रष्टाचार संकेत गर्ने सिपीआई १० मा केवल २.२ प्राप्त गऱ्यो ।[२७५] आप्रवासी श्रमिकहरूको मानव अधिकारमा भ्रष्ट अभ्यासहरूले कसरी प्रभाव पार्छ भन्ने कुरा देहायका उदाहरणहरूले देखाउँछ ।

स्थानीय गैर सरकारी संस्था पौरखीका अनुसार काठमाडौं विमानस्थलमा घरेलु श्रमिकहरूले अध्यागमन अधिकारीहरूलाई दिनुपर्ने "सेटिङ्ग फि" वा घुस (भाग ६.४ हेर्नुहोस्) व्याप्त छ ।[२७६] यो भ्रष्ट अभ्यासले घुस दिन नसक्नेहरूलाई थप ऋणभार र शोषण तथा दुर्व्यवहारको बढी जोखिममा धकेल्ने काम गर्छ । यस प्रतिवेदनमा अभिलिखित गरिए जस्तै यो अभ्यासको महिला आप्रवासी श्रमिकहरूमाथि विभेदपूर्ण प्रभाव पर्दछ ।

पौरखीकै निष्कर्ष सरह अध्यागमन विभागका महानिर्देशक नारायणप्रसाद सञ्जेलले आफ्नो विभागमाथि लागेको भ्रष्टाचारको आरोप एम्नेस्टी इन्टरनेसनलसमक्ष स्वीकार गर्नुभयो :

---

२७२ नेपालले भ्रष्टाचार विरुद्धको संरासङ्घीय महासन्धिलाई मार्च २०११ मा अनुमोदन गरेको हो ।

२७३ भ्रष्टाचार नियन्त्रणका लागि शासनसम्बन्धी विश्वव्यापी सूचकसम्बन्धी थप जानकारीका लागि हे. विश्व बैंक, "Country Data Report for Nepal, 1996-2009", *Worldwide Governance Indicators*, http://info.worldbank.org/governance/wgi/pdf/c166.pdf, मा उपलब्ध, हेरिएको ११ मार्च २०११ ।

२७४ भ्रष्टाचारसम्बन्धी सूचकाङ्क (सीपीआई) ले सार्वजनिक क्षेत्रमा भ्रष्टाचारप्रतिको आम धारणाको आधारमा देशहरूलाई सूचीवद्ध गर्ने काम गर्छ । थप जानकारी http://www.transparency.org/cpi. मा पाउन सकिन्छ । हे. ट्रान्स्परेन्सी इन्टरनेसनलको बार्षिक प्रतिवेदन, सन् २००९, सन् २०१०, पृष्ठ ४९ :
http://www.transparency.org/publications/publications/annual_reports/ti_ar2009, मा उपलब्ध, हेरिएको ३ मार्च २०११

२७५ ट्रान्स्परेन्सी इन्टरनेसनलसँग एम्नेस्टी इन्टरनेसनलको अन्तर्वार्ता, काठमाडौं, १६ डिसेम्बर २०१० ।

२७६ पौरखी संस्थामा सेफ हाउस संयोजक मुना गौतमसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा २६ मे २०११ मा भएको अन्तर्वार्ता ।

*"हालै मात्र घरेलु श्रमिकहरूबाट घुस लिएको शंकामा दुई तीन जना कर्मचारीलाई निलम्बन गरिएको छ । यी कर्मचारीहरूको रोजगार कम्पनीहरूसँग केही साँठघाँठ रहेको बुझिन्छ । तीन महिनामा आन्तरिक छानविन पूरा हुनेछ र भ्रष्टाचार गरेको दोषी ठहरिएमा, उनीहरूका विरुद्ध बिशेष अदालतमा मुद्दा दायर गरिनेछ ।"*

आफ्नो विभागमा व्याप्त भ्रष्टाचार नियन्त्रण गर्न चुनौतीहरू रहेको पनि श्री सञ्जलले स्वीकार गर्नुभयो :

"हामी हरसम्भव प्रयास गरिरहेका छौं तर सफल हुनसकेका छैनौं । राजनीतिक अस्थिरताका कारण हाम्रो काम जटिल बनेको छ । अन्य सरकारी कार्यालयमा सरुवा भइरहने भएकाले कर्मचारीहरू आउँछन्, जान्छन् । एउटा अधिकृतले उदाहरणका लागि भ्रष्टाचारमाथि अनुगमन गर्ने कार्यक्रमको थालनी गर्छ तर त्यसपछि उसको अर्के सरकारी कार्यालयमा सरुवा हुन्छ ।"[२७७]

यस प्रतिवेदनका लागि अन्तर्वार्ता लिइएका सबै सातवटै वैदेशिक रोजगार कम्पनीका प्रमुखहरूले सरकारी कर्मचारीलाई रोजगार कम्पनीहरूले घुस दिने गरेको स्वीकारे । यसबारे फ्यूजन इन्टरनेसनलका प्रमुख कुमुद खनाल भन्छन् :

*"रोजगार कम्पनीहरूले सरकारी कर्मचारीहरूलाई प्रति (आप्रवासी श्रमिक) आवेदन रु दुई देखि तीन हजार "अण्डरटेवल मनी"(घुस) दिनु पर्छ । घुस दिनुपर्ने अवस्था आउँछ किनभने सरकारी कर्मचारीलाई हामीसँग समयसीमा कम छ भन्ने कुरा थाहा हुन्छ र यसको फाइदा उठाउँदै उनीहरूले आवेदन प्रक्रियालाई जानजान ढिला गरिदिन्छन् ।"*[२७८]

स्काई ओभरसिजका अध्यक्ष बलबहादुर तामाङ यसलाई पुष्टी गर्छन् :

"सरकार र विशेषगरी वैदेशिक रोजगार विभागलाई *"अण्डरटेवल मनी"* नदिई तपाईंले नेपालमा व्यावसाय गर्न सक्नुहुन्न । पहिला सरकारी कर्मचारीहरू घुस खाने अवसरका लागि भन्सार विभागमा काम गर्न चाहन्थे तर अहिले यो विभागमा काम गर्न चाहन्छन् ।"[२७९]

यसमा महाकाली ओभरसिजका कार्याकारी निर्देशक त्रिलोकचन्द विश्वासको विचार यस्तो रहेको छ :

*"हो, सरकारी कर्मचारीहरूलाई हामी कहिलेकाँही "अण्डरटेवल मनी" दिन्छौं । यो विशेषगरी सरकारसँग नयाँ वैदेशिक रोजगादाता कम्पनीले काम गर्न सुरु गरेको अवस्थामा हुन्छ, तर एक पटक सम्बन्ध स्थापित भएपछि घुस दिने कार्य त्यति नियमित हुँदैन, कहिलकाँही भने चलिरहन्छ र रकमका बारेमा भने सहमति गर्न सकिन्छ ।"*[२८०]

---

२७७ अध्यागमन विभागका महानिर्देशक नारायणप्रसाद सञ्जेलसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा ३१ मे २०११ मा भएको अन्तर्वार्ता ।

२७८ एनएएफइए महासचिव कुमुद खनालसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा २६ नोभेम्बर २०१० मा भएको अन्तर्वार्ता ।

२७९ बलबहादुर तामाङसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा १ डिसेम्बर २०११ मा भएको अन्तर्वार्ता ।

२८० एनएएफइएका उपाध्यक्ष त्रिलोकचन्द विश्वाससँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा २८ नोभेम्बर २०१० मा भएको अन्तर्वार्ता ।

श्रम मन्त्रालय, वैदेशिक रोजगार विभाग र प्रवर्द्धन बोर्ड सबैले आफ्नो कार्यलयबाट भ्रष्टाचार भएको कुरा अस्वीकार गरेका छन् ।

घुस दिनेलिने काम भएपछि सरकार र वैदेशिक रोजगार कम्पनीबीचको धरै नजिकको सम्बन्ध स्थापित हुन्छ त्यो व्यावासायिक सीमा भन्दा पनि पर जान्छ । यो स्पष्ट रुपमा एउटा समस्या हो किनभने भने विभाग त्यो सरकारी कार्यालय हो जसले वैदेशिक रोजगार कम्पनीबाट प्राप्त वैदेशिक रोजगारसम्बन्धी आवेदनहरू र तीनै कम्पनीविरुद्ध आप्रवासी श्रमिकहरूले दर्ता गरेका उजुरी दुवैलाई हेर्ने काम गर्दछ ।

यसमा एउटा उदाहरण विभागका अनुसन्धान अधिकृत पुष्करराज नेपालको डिसेम्बर २०१० मा भएको पक्राउ हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोग[२८१]ले अनुसन्धान अधिकृत श्री नेपालमाथि इजाजतपत्र नलिइकन वैदेशिक रोजगार कम्पनी सञ्चालन गरेको भनी एक जना व्यक्ति विरुद्ध दर्ता भएको उजुरी रु ५०,००० घुस दिएर खारेज गरेको आरोपमा छानविन सुरु गऱ्यो ।[२८२] फेब्रुवरी २०११ मा अनुसन्धान पूरा भएपछि आयोगले नेपाल विरुद्ध विशेष अदालतमा मुद्दा दायर गऱ्यो ।[२८३]

फेब्रुवरी २०११ मा नेपाल सरकारले नेपालका लागि साउदी अरेबियाका राजदुत हमिद अन्सारीलाई कम्तीमा पनि तीन जना मृतक श्रमिकहरूका परिवारले पाउनुपर्ने क्षतिपूर्ति वापतको रु २ करोड ५० लाख भन्दा बढी बराबरको वीमा रकम आफ्नो व्यक्तिगत खातामा जम्मा गरेको आरोपका कारण फिर्ता बोलयो ।[२८४] अगस्ट २०११ मा एम्नेस्टी इन्टरनेसनलसँग भएको वैठकमा आयोगले दुई परिवारहरूको उजुरीको आधारमा अन्सारी विरुद्ध लागेको भ्रष्टाचारको आरोपमाथि छानविन गरेको स्वीकार गऱ्यो । जुन २०११ मा अन्सारीले पैसा लिएको स्वीकार्दै प्रत्येक परिवारलाई रु दुई करोड दिने सहमति जनाएपछि आयोगले उनीहरू विरुद्धको मुद्दा खारेज गरिदियो ।[२८५]

---

२८१ अख्तियार दुरुपयोग अनुसन्धान आयोग "भ्रष्टाचार र/वा अनैतिक कार्यको माध्यमबाट अधिकारको दुरुपयोग गर्ने सार्वजनिक पद धारण गर्ने व्यक्ति र तीनका सहयोगीहरू" विरूद्ध अनुसन्धान तथा छानविन गर्न गठित संवैधानिक निकाय हो । थप जानकारीका लागि हे. http://www.ciaa.gov.np.

२८२ योगेश खतिवडा, "वैदेशिक रोजगार विभागका कर्मचारी पक्राउ", कान्तिपुर दैनिक, ३१ डिसेम्बर २०१०, हेः http://www.ekantipur.com/kantipur/news/news-detail.php?news_id=233674, हेरिएको ७ जुलाई २०११ ।

२८३ २८१ अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता तथा सहसचिव ईश्वरीप्रसाद पौडेलसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा ३० मे २०११ मा भएको बैठक ।

२८४ "बीमासम्बन्धी दावी : राजदुत अन्सारीलाई सरकारले फिर्ता बोलाउने" (अङ्ग्रेजीमा), द काठमाडौं पोस्ट, २ फेब्रुवरी २०११ । http://www.ekantipur.com/the-kathmandu-post/2011/02/01/top-story/insurance-claims-government-to-recall-envoy-ansari/217922.html मा उपलब्ध, हेरिएको ६ जुलाई २०११ र "रियादमा पाण्डे नयाँ राजदुत"(अङ्ग्रेजीमा), द हिमालयन टाइम्स, १२ मे २०११, :
http://www.thehimalayantimes.com/fullNews.php?headline=Pandey+new+envoy+at+Riyadh+&NewsID=287734&a=3, मा उपलब्ध, हेरिएको ६ जुलाई २०११ ।

२८५ अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता तथा सहसचिव ईश्वरीप्रसाद पौडेलसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा ९ अगस्ट २०११ मा भएको बैठक । हेः देवेन्द्र भट्टराई, "पीडितका परिवारलाई रु ४० लाख तिरेपछि अन्सारीले सफाई पाए", कान्तिपुर दैनिक, १० अगस्ट २०११, http://www.ekantipur.com/2011/08/10/top-story/ansari-gets-clean-chit-after-paying-rs-4-m-to-victims-kin/338888.html मा उपलब्ध । हेरिएको ९ अक्टोबर २०११ ।

## ९.३ स्रोतहरू

वैदेशिक रोजगारका निम्ति विदेश जाने नेपाली नागरिकहरुका लागि गर्नु पर्ने कामहरु आर्थिक कठिनाइका कारणले सीमित हुने गरेको धेरै सरकारी कर्मचारीहरूले एम्नेस्टी इन्टरनेसनललाई बताए । उदाहरणका लागि विभागले मे २०११ मा आर्थिक रुपमा आफू कमजोर अवस्थामा रहेको र : "बजेट बिनियोजन निकै कमजोर छ । हामीलाई मानवस्रोत सहित अन्य संस्थागत तथा भौतिक व्यवस्थाका साथै विभागलाई सुचारु रुपमा सञ्चालन गर्न पर्याप्त बजेटको आवश्यकता रहेको छ ।"[२८६]

सेप्टेम्बर २०१० मा विभागका अनुसन्धान अधिकृत पुस्करराज नेपालले एम्नेस्टी इन्टरनेसनलसँग भेट गर्न आफ्नो कार्यालय अगाडि उजुरी दर्ता गर्न लामो लाममा पर्खिरहेका २० जना भन्दा व्यक्तिलाई केही समयका लागि रोक्नु परेको थियो । उजुरी दर्ता गर्ने र अनुसन्धान पनि गर्ने जिम्मेवारी बोकेका फरक-फरक समयमा काम गर्ने त्यति बेला दुई जना मात्र अनुसन्धान अधिकृत थिए ।[२८७]

मे २०११ मा तत्कालीन महानिर्देशक चन्द्रमान श्रेष्ठले पुष्करराज नेपालसहित चार जना पूर्णकालीन अनुसन्धान अधिकृतहरू (जो अनुगमनका लागि पनि जिम्मेवार छन्) रहेको एम्नेस्टी इन्टरनेसनललाई बताउनु भयो । तर सबै चारै जना अन्य मन्त्रालयबाट काजमा आएका हुन् । उनका अनुसार विभागले सामना गर्ने अर्को चुनौती भनेको सूचनामा पहुँच र त्यसलाई पुनः प्राप्त गर्ने कार्य हो किनभने हाल सबै सूचना/जानकारी फाइल गरेर राख्ने गरिएको छ । सन् २०११ मा यो प्रणालीलाई कम्प्यूटर डाटाबेसले प्रतिस्थापन गर्न श्री श्रेष्ठले बजेटको माग गर्नु भयो ।[२८८]

यसैगरी सन् २०११ मा श्रम मन्त्रालयले बजेट समितिलाई मन्त्रालयको रु ५० करोडको बजेटलाई नयाँ आर्थिक बर्षमा दोब्बर गर्न आग्रह गरेको छ । वैदेशिक रोजगारको क्षेत्रमा मेसिन रिडएवल श्रम स्टीकर र स्मार्ट कार्डले ठगीका घटनाहरू कम गरी आप्रवासी श्रमिकहरूबीच जनचेतना बढाउने मन्त्रालयले बतायो ।[२८९] यही कुरालाई श्रम मन्त्रालयका तत्कालीन सहसचिव पूर्णचन्द्र भट्टाईले जुन २०११ म यसरी राख्नुभयो : "वैदेशिक रोजगारको क्षेत्रमा अझ राम्रो प्रशासन उपलब्ध गराउन श्रम तथा यातायात व्यवस्था मन्त्रालय र सम्बन्धित निकायलाई पर्याप्त बजेट उपलब्ध गराउन तत्काल आवश्यक छ ।"[२९०]

---

२८६ वैदेशिक रोजगार विभागबाट प्राप्त पत्र, १८ मे २०११ ।

२८७ वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृत पुष्करराज नेपालसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा २७ सेप्टेम्बर २०१० मा भएको बैठक ।

२८८ वैदेशिक रोजगार विभागसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा २३ मे २०११ मा भएको बैठक ।

२८९ श्रम मन्त्रालयका तत्कालीन सहसचिव र हाल वैदेशिक रोजगार विभागका महानिर्देशक पूर्णचन्द्र भट्टराईसँग एम्नेस्टी इन्टरनेसनलको काठमाडौंमा ३ जुन २०११ मा भएको बैठक ।

२९०. श्रम मन्त्रालयका तत्कालीन सहसचिव र हाल वैदेशिक रोजगार विभागका महानिर्देशक पूर्णचन्द्र भट्टराईबाट १५ जुन २०११ मा प्राप्त पत्र ।

# १०. निष्कर्ष र सिफारिसहरू

केही वैदेशिक रोजगार कम्पनी र दलालहरूले आप्रवासी श्रमिकहरूलाई नियमित रुपमा ठगी गर्ने र जबरजस्ती श्रमसहित शोषणका लागि हुने बेचबिखनबाट आप्रवासी श्रमिकहरूलाई संरक्षण गर्ने उद्देश्य राखेको वैदेशिक रोजगार ऐनका प्रावधानहरूको पनि उल्लङ्घन गर्दछन् ।

बेचबिखन र जबरजस्ती श्रमलाई रोक्ने आफ्नो अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न सही ढंगले काम गर्न नेपाल सरकार असफल भएको छ किनभने यी कम्पनीहरूले यसले पर्याप्त मात्रा नियमन तथा अनुगमन गर्न नसकेको वा सन् २००७ मा लागु भएको वैदेशिक रोजगार ऐनको उल्लङ्घन गर्नेहरू विरुद्ध कानुन लगाउने काम नगरेको अवस्था रहेको छ ।

नेपाल सरकारबाट ऐनको पूर्ण तथा प्रभावकारी कार्यान्वयन आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्ने तर्फ एउटा महत्वपूर्ण कदम हुनेछ । सरकारले शोषणमा परेका वा जबरजस्ती श्रम गर्न बाध्य बनाइएका आप्रवासी श्रमिकहरूका लागि उजुरी तथा उपचारसम्बन्धी संयन्त्रहरूमा खुला पहुँच सुनिश्चित गर्नुपर्छ । यसले शोषणको जोखिमलाई बढाउने संरचनागत समस्याहरूलाई पनि सम्बोधन गर्नुपर्छ जस्तैः महिलाहरूको आप्रवासनमा रहेको विभेदकारी अभ्यासहरूको अन्त्य गर्ने । अन्ततः सरकारले आप्रवासनसम्बन्धी सबै प्रक्रियाहरूलाई बढी पारदर्शी र पहुँचयोग्य बनाउनु जरुरी छ जसमा श्रमिकहरूको नियुक्ति प्रक्रिया, विदेशमा रहँदा आप्रवासीहरूका अधिकार र दायित्वहरू र फर्केपछि उजुरी दर्ता गर्ने र क्षतिपूर्ति प्राप्त गर्ने प्रक्रियाहरूलगायत रहेका छन् ।

बेचबिखन र जबरजस्ती श्रमका विरुद्ध आप्रवासी श्रमिकहरूको अझ राम्रो संरक्षणका लागि एम्नेस्टी इन्टरनेसनलले देहायका सिफारिसहरू गर्दछ :

**वैदेशिक रोजगार कम्पनी र दलालहरूको सञ्चालनका सम्बन्धमा :**

१. नेपाल सरकारले वैदेशिक रोजगार ऐनका प्रावधानहरू पूर्ण रुपमा कार्यान्वयन भएको र आफ्नो जिम्मेवारी पूरा गर्न असफल वैदेशिक रोजगार कम्पनीहरूविरूद्ध ऐनको दफा ३४ देखि ३७ अनुरुप पर्याप्त सजाय भएको सुनिश्चित गर्नुपर्छ । विशेषगरी सरकारले ती कम्पनीहरूले निम्नलिखित कार्यहरू सम्पन्न गरेको सुनिश्चित गर्नुपर्छ :

(क) ऐनको दफा २४ र ५३ अनुसार सरकारले तोकेको सेवा शुल्क र प्रवर्द्धनात्मक दस्तुरको अत्यधिक सीमा भन्दा बढी आप्रवासीहरूबाट असुल नगर्ने ;

(ख) ऐनको दफा २५ मा उल्लेख भए अनुसार आप्रवासीहरू काठमाडौं आइपुग्नु अगावै उनीहरूको करारनामा पत्रको लिखित प्रति नेपाली भाषामा उपलब्ध गराउने ;

(ग) ऐनको दफा १३.२, ४७ र ५५ अनुरुप गलत वा परिवर्तन गरिएको करारनामा वा सूचना प्रदान गर्ने, आप्रवासी श्रमिकहरूलाई उनीहरूको करारनामा विपरितको काम दिने वा कागजपत्रहरू लुकाउने वा परिवर्तन गरिदिने काम नगर्ने ;

(घ) ऐनको दफा २७ मा उल्लेख भए अनुसार प्रस्थानपूर्व अभिमुखीकरण तालिम प्रदान गर्ने । यसमा गन्तव्य मुलुकमा उनीहरूको अधिकार र जिम्मेवारीसम्बन्धी सूचना (विशेषगरी व्यक्तिगत पहिचानको कागजपत्र र यात्रासम्बन्धी दस्तावेज आफैँसँग राख्न पाउने अधिकार); कुनै समस्या परेको खण्डमा सम्बन्धित सम्पर्क विवरण (जस्तैः कम्पनी कर्मचारी, त्यस क्षेत्रमा सबैभन्दा नजिकको नेपाली सरकारी पदाधिकारी, स्थानीय गैसस वा ट्रेड युनियन आदि); र नेपालमा उजुरी र क्षतिपूर्ति संयन्त्रहरूमा पहुँच प्राप्त गर्नेसम्बन्धी जानकारी जस्तै कल्याणकारी कोष रहनुपर्दछ ।

(ङ) तालिम प्रक्रियाको स्वतन्त्र अनुगमन वा व्यवस्थापनको विकल्पमाथि विचार गर्ने जसमा त्रिपक्षीय (सरकार, वैदेशिक रोजगार व्यावसायी संघसङ्गठन र ट्रेड युनियन) आधारमा पनि गर्न सकिने ;

२ यसका अतिरिक्त, सरकारले वैदेशिक रोजगार कम्पनी र दलालहरूको दर्ता र अनुगमन प्रक्रिया देहायका उपायहरू अवलम्बन गरी सुदृढ तुल्याउने काम गर्नुपर्छ :

(क) आप्रवासी श्रमिकहरूलाई सेवा शुल्क तिरेको पूर्ण विवरणसहितको भर्पाइ रसिद अनिवार्य रुपमा प्रदान गर्ने व्यवस्था गर्ने ;

(ख) ऐनको धारा ११ संशोधन गरी वैदेशिक रोजगार कम्पनीले अनुमति (लाइसेन्स) प्राप्त गर्ने आधारमा आर्थिक पक्ष मात्र नभई आचारसंहिताको पालना पनि समावेश गर्ने ;

(ग) दलालहरूलाई एक भन्दा धेरै म्यापावर कम्पनीका लागि काम गर्ने स्वीकृति प्रदान गरे, दर्ता शुल्क दलालहरूमा नै स्थानान्तरण गरेर र दलालहरूलाई वैदेशिक रोजगार कम्पनीमार्फत मात्र रकम भुक्तानी दिन सकिने (प्रत्यक्ष सम्भावित आप्रवासीहरूबाट होइन) व्यवस्था गरी दलालहरूलाई प्रोत्साहित गर्न नियमवालीको धारा ४८ संशोधन गर्ने ;

(घ) सेवा शुल्क तिरेको शीर्षकगत विवरणसहितको भुक्तानी रसिद प्राप्त गरेको एक महिना पछि पनि काम सुरु गर्न पर्खिरहेका आप्रवासी श्रमिकहरूलाई उनीहरूले बुझाएको रकमको ब्याज ( प्रचलित राष्ट्रिय बैंक दरमा) उनीहरूलाई वैदेशिक रोजगार कम्पनीहरूले दिने व्यवस्था गर्न कानुनमा संशोधन गर्न विचार गर्ने ।

**वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका सम्बन्धमा :**

३. बोर्डले आफ्नो बैठक नियमित रुपमा र महिनाको कम्तीमा पनि एक पटक बोलाउनु पर्दछ ;

४. बोर्डले कल्याणकारी कोषको रकम कसरी खर्च गर्ने भन्ने बारेमा स्पष्ट र पारदर्शी निर्देशिका स्थापित गर्नुपर्दछ र आफ्ना निर्णयहरू बार्षिक रुपमा प्रतिवेदनमार्फत सार्वजनिक गर्नुपर्छ ;

५. बोर्डले कल्याणकारी कोषको विद्यमान प्रयोजनहरू जस्तै श्रमिकहरूलाई क्षतिपूर्ति दिने कार्य पछि कोषमा मौज्दात रकमलाई कसरी प्रभावकारी रुपमा उपयोग गर्ने भन्ने बारेमा विचार गर्नुपर्छ । मौज्दात रकम वैदेशिक रोजगारमा जान इच्छुक नेपाली श्रमिकहरूलाई न्यून ब्याजदरमा ऋण उपलब्ध गराउन र स्वदेश फर्केकाहरूलाई साना उद्यम सञ्चालन गर्न परामर्श र सहयोग उपलब्ध गराउन प्रयोग गरिनुपर्दछ ।

६. बोर्डले कल्याणकारी कोष तिरेका र वीमा गरेकाहरुको मृत्यु वा औद्योगिक दुर्घटना भएको खण्डमा क्षतिपूर्तिको हकदार हुने कुराबारे आप्रवासी श्रमिक र तिनका परिवारहरूलाई पूर्ण रुपमा सूचित गरिएको सुनिश्चित गर्नुपर्दछ ।

## बेचबिखन र जबरजस्ती श्रम रोक्ने अन्य उपायहरूका बारेमा :

सरकारले :

७. जबरजस्ती श्रमको अवस्थामा योगदान पुऱ्याउने चर्को ब्याजदर लिने कार्यमाथि प्रतिबन्ध लगाउनुपर्छ ;

८. आप्रवासी श्रमिकहरूका लागि न्यून ब्याजदरमा ऋणको उपलब्धता प्रवर्द्धन गर्ने उपायहरूका बारेमा विचार गर्ने र त्यस्तो ऋणमा पहुँच प्राप्त गर्न महिलाहरूले सामना गर्नुपर्ने विशेष चुनौतीहरूलाई ध्यानमा राख्ने ;

९. लिङ्गको आधारमा मात्र लगाइएको प्रतिबन्ध र आप्रवासका लागि सरकारी अनुमति प्राप्त गर्नुअघि परिवारका सदस्यहरूको लिखित सहमति लिनुपर्नेजस्ता महिला आप्रवासी श्रमिकहरूविरुद्धका भेदभावजन्य अभ्यासहरू अन्त्य गर्ने ;

१०. ऐनको दफा ६८ मा व्यवस्था गरिए अनुरुपको नेपाली श्रम सहचारी र अन्य पदाधिकारीहरूले आप्रवासी श्रमिक र तिनका परिवारहरूलाई सहयोग र समर्थन गर्नमा अझ प्रभावकारी भूमिका निर्वाह गरेको, समस्याहरू आएको खण्डमा समाधान गर्ने, र मृत्यु भएको अवस्थामा त्यसबारे परिवारका सदस्यहरूलाई सूचित गरी सबै आवश्यक जानकारी उपलब्ध गराएको सुनिश्चित गर्ने ;

११. वैदेशिक रोजगारका लागि आप्रवासनका सम्बन्धमा (सरकारी कर्मचारीसहितबाट) हुने घुसखोरी र भ्रष्टाचारका सम्बन्धमा तत्काल, विस्तृत र निष्पक्ष छानविन गर्न एउटा स्वतन्त्र निकायको गठन गर्ने र प्रक्रियामा जनविश्वास स्थापित गराउन त्यसका सिफारिसहरूलाई कार्यान्वयन गर्ने ;

१२. सबै आप्रवासी श्रमिकहरू (चाहे उनीहरु "आधिकारिक" मार्ग प्रयोग गरेर गएका हुन् वा नहुन्) को एउटा पारदर्शी र प्रभावकारी उजुरी दर्ता संयन्त्रमा पहुँच भएको सुनिश्चित गर्ने जसको माध्यमबाट उनीहरू विदेशमा रहँदा बेचबिखनमा परेको वा शोषणजन्य अवस्थामा काम गर्न बाध्य भएको; वा दुर्घटना, रोग वा मृत्युका आफूले पाउन पर्ने सुविधाहरूबाट बञ्चित भएको अवस्थामा उनीहरू वा उनीहरूका परिवारले हर्जाना लिन सकुन् ।

१३. उजुरीको विद्यमान प्रक्रियालाई अझ सहज बनाउने तर्फ ध्यान दिनु जसले गर्दा आप्रवासीहरूले एउटा मात्र सरकारी कार्यालयमा उजुरी दर्ता गरे पुग्ने, र त्यस कार्यालयले आप्रवासीहरूले पाउनु पर्ने अन्य उपचारहरूलाई प्राप्त गर्ने आफ्नो अधिकारलाई कुण्ठित नगरिकन त्यस दावीलाई समाधान गर्ने जिम्मेवारी लिने ;

१४. बढी मात्रामा वैदेशिक रोजगारीमा मानिसहरु जाने जिल्लामा वैदेशिक रोजगार विभागका र प्रवर्द्धन बोर्डका क्षेत्रीय शाखाहरू स्थापना गर्ने, जसले गर्दा राजधानी बाहिर बसोबास गर्ने आप्रवासी श्रमिकहरूले पनि आप्रवाससम्बन्धी सूचनामा समान पहुँच प्राप्त गर्न सकुन् र उजुरी तथा क्षतिपूर्तिका संयन्त्रहरूमा सहज पहुँच होस् ।

१५. जबरजस्ती वा अनिवार्य श्रममाथिको प्रतिबन्धलाई जबरजस्ती श्रमसम्बन्धी महासन्धिको धारा २५ अन्तर्गतको दायित्व अनुरुप कानुनमा स्पष्ट परिभाषित गरिएको र दण्डको पर्याप्त व्यवस्था भई कार्यान्वयन गरिएको सुनिश्चित गर्ने ।

१६. मानव र विशेषगरी महिला तथा बालबालिकाको बेचबिखन रोक्ने, नियन्त्रण र दण्डित गर्नेसम्बन्धी संरासङ्घीय प्रोटोकललाई अनुमोदन र पूर्ण रुपमा कार्यान्वयन गर्ने र श्रम शोषणका लागि हुने बेचबिखन समावेश भएको बेचबिखनको परिभाषालाई राष्ट्रिय कानुनमा समावेश गर्ने ;

१७. सबै आप्रवासी श्रमिक र तीनका परिवारहरूको अधिकार संरक्षण गर्नेसम्बन्धी संरासङ्घीय महासन्धिको अनुमोदन गर्ने ;

१८. सम्बन्धित सरकारी निकाय र विभागहरूका लागि पर्याप्त स्रोत सुनिश्चित गर्ने जसले गर्दा उनीहरू आफ्नो जिम्मेवारीहरू समयमै र प्रभावकारी रुपमा गर्न पूरा गर्न सकून् ;


**अन्तर्राष्ट्रिय समुदायको सदस्यहरूका सम्बन्धमा :**

१९. विदेशी सरकार र अन्तरसरकारी संस्थाहरूसहित अन्तर्राष्ट्रिय समुदायका सदस्यहरू र विशेषगरी अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) र अन्तर्राष्ट्रिय आप्रवास सङ्गठन (आइओएम) ले माथि उल्लिखित सिफारिसहरूलाई कार्यान्वयन गर्न नेपाल सरकारलाई सहयोग र समर्थन उपलब्ध गराउनुपर्छ ।

## अनुसूची १ : आप्रवासी श्रमिक (फर्की आएकाहरू) को अर्ध-संरचित अन्तर्वार्ताका प्रश्नावली

१. तपाईंको नाम, उमेर, जात र शिक्षाको स्तर के हो ?
२. तपाईंले कहाँ काम गर्नुभयो ? मिति?
३. तपाईंले कस्तो काम गर्नु भयो ?
४.यो काम तपाईले कसरी पाउनु भयो ?
५. सेवा शुल्कका रुपमा तपाईं कति दिनुपर्‍यो ?
६. यो रकममा के-के समावेश थिए ? कल्याणकारी कोष? स्वास्थ्य जाँच? अभिमुखीकरण? एयरपोर्ट ट्याक्स?
७. त्यो रकम तपाईंले कसरी जुटाउनु भयो? ब्याज दर?
८. त्यो रकम तिर्न कति समय लाग्यो ?
९. तपाईंले आफ्नो पासपोर्ट (राहदानी) आफैं बनाउनु भएको हो?
१०. काठमाडौंमा तपाईं कति दिन बस्नु भयो ? कहाँ बस्नु भयो? कति खर्च लाग्यो ?
११. विदेश जानु अघि तपाईंले प्रस्थानपूर्व अभिमुखीकरण तालिम लिनुभयो ? कस्तो प्रकारको लिनु भयो?
१२. जानु अघि तपाईंलाई गन्तव्य मुलुकका बारेमा केही जानकारी थियो?
१३.तपाईंले आफ्नो कामको करारनामा(सम्झौता पत्र) विदेश जानु अघि प्राप्त गर्नुभयो ? कहाँ/कहिले? कुन भाषा(हरू)मा?
१४. तपाईंलाई कति वटा करारनामा पत्रहरू दिइयो ? त्यसमा तपाईंलाई के गर्ने निर्देशन दिइयो ?
१५.सम्झौतामा के उल्लेख गरिएको थियो? नाम/कम्पनीको नाम/कामको प्रकृति/तलब/काम गर्नु पर्ने समय/विदा/ओभर टाइम?
१६. वास्तविक रुपमा भने काम गर्ने अवस्था र तलब कस्तो थियो ? यो तपाईंले कहिले थाहा पाउनु भयो?
१७. तपाईंले  वैदेशिक रोजगार कम्पनीसँग काठमाडौंमा भेट गर्नुभयो? कहिले?
१८. तपाईंले राहदानी र हवाई टिकट कहिले पाउनु भयो?
१९. गन्तव्य मुलुकमा सामना गर्नु परेका समस्याहरूका बारेमा बताउनुहोस् ।
२०. तपाईं गन्तव्य मुलुकमा रहेको नेपाली दुतावास/वाणिज्य दुतावास पुग्नु भयो? किन वा किन जानु भएन?
२१. नेपाल कहिले फर्किनु भयो? कसरी? तपाईंको हवाई टिकटको पैसा कसले तिर्‍यो ?
२२. फर्केपछि, तपाईंको समस्या(हरू)बारे  वैदेशिक रोजगार कम्पनी वा दलालसँग भेटेर कुराकानी गर्नु भयो ? उनीहरू के भने र/वा गरे?
२३. तपाईं काठमाडौंमा सरकारी निकायसम्म पुग्नु भयो ? किन वा किन जानु भएन?
२४. वैदेशिक रोजगारमा तपाईंले सामना गरेको समस्याका बारे सहयोग गर्ने कुनै सरकारी कार्यालय रहेको तपाईंको जानकारीमा छ ? तपाईंले वैदेशिक रोजगार विभागका बारेमा सुन्नु भएको छ ? यदि छ भने, त्यहाँ जानु भयो? किन वा किन जानु भएन?
२५. तपाईंको अवस्था, लिङ्ग, जात वा अन्य कारणले आफ्नो गृह जिल्लामा काम पाउन तपाईं केही कठिनाइको सामना गर्नु भयो ?
२६. तपाईंको परिवारमा कति जना सदस्य छन् ? तपाईंले कति जनाको हेरचाह गरिरहनु भएको छ ?
२७. तपाईं कामको लागि किन विदेश जानु भयो ? नेपालमै काम खोज्ने प्रयास गर्नु भयो ?
२८. तपाईं फेरि विदेश जान चाहनुहुन्छ ? किन वा किन चाहनुहुन्न?


## अनुसूची २ : नेपालका नक्साहरू




Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

नेपालको नक्सा (स्रोतः संरासङ्घ)




अन्तर्वार्ता लिइएका आप्रवासी श्रमिकहरूका गृहजिल्लाहरू (स्रोतः एम्नेस्टी इन्टरनेसनल)

**Amnesty International**
**International Secretariat**
**Peter Benenson House**
**1 Easton Street**
**London WC1X 0DW**

**www.amnesty.org**

AMNESTY INTERNATIONAL



# I WANT TO HELP

WHETHER IN A HIGH-PROFILE CONFLICT OR A FORGOTTEN CORNER OF THE GLOBE, **AMNESTY INTERNATIONAL** CAMPAIGNS FOR JUSTICE, FREEDOM AND DIGNITY FOR ALL AND SEEKS TO GALVANIZE PUBLIC SUPPORT TO BUILD A BETTER WORLD

## WHAT CAN YOU DO?

Activists around the world have shown that it is possible to resist the dangerous forces that are undermining human rights. Be part of this movement. Combat those who peddle fear and hate.

- Join Amnesty International and become part of a worldwide movement campaigning for an end to human rights violations. Help us make a difference.
- Make a donation to support Amnesty International's work.

**Together we can make our voices heard.**

☐ I am interested in receiving further information on becoming a member of Amnesty International

name

address

country

email

☐ I wish to make a donation to Amnesty International (donations will be taken in UK£, US$ or €)

amount

please debit my Visa ☐ Mastercard ☐

number

expiry date

signature

Please return this form to the Amnesty International office in your country.

For Amnesty International offices worldwide: www.amnesty.org/en/worldwide-sites
If there is not an Amnesty International office in your country, please return this form to:

**Amnesty International**, International Secretariat, Peter Benenson House,
1 Easton Street, London WC1X 0DW, United Kingdom

amnesty.org

## झुठा वाचाहरु

**नेपाली आप्रवासी श्रमिकहरुको शोषण र जबर्जस्ती श्रम**

प्रत्येक महिना कम्तीमा पनि २५ हजार मानिसहरू कामको खोजीमा र देशमा रहको गरिबी र बेरोजगारीबाट पार पाउन नेपाल छाड्ने गर्छन्। धेरै खाडी मुलुकहरू र मलेसिया पुग्ने गर्छन् जहाँ उनीहरू घर निर्माण क्षेत्र, कलकारखानामा वा घरेलु कामदारका रुपमा दुःख गर्ने गर्छन्।

आफ्नो लागि काम खोजिदिन बहुसङ्ख्यक श्रमिकहरु वैदेशिक रोजगार कम्पनी र दलालहरूमाथि निर्भर हुन्छन् । यी विचौलियाहरूले औसत १,४०० अमेरिकी डलर शुल्क लिने गर्छन् जुन रकम नेपालको औसत तलबमानको तीन गुणा बढी हो । यो शुल्क तिर्न आप्रवासी श्रमिकहरूले प्रायः व्यक्तिहरुसँग चर्को ब्याजदरमा ऋण लिने गर्छन्। फलस्वरुप धेरैजना ऋणमा डुब्ने गर्छन् र आफूले सहमति नजनाएको सर्तमा पनि काम गर्न बाध्य हुनपुग्छन्।

महिलाहरूले भेदभावपूर्ण अभ्यासहरूको सामान गर्छन् जसले उनीहरूलाई विदेशमा काम खोज्न कठिन बनाइदिने गरेको छ। केही अवस्थामा आफ्नो परिवारको लिखित स्वीकृति बिना उनीहरूले देश छाड्न पाउँदैनन्। अन्य अवस्थामा पनि उनीहरूले व्यवधानहरू सामना गर्नुपर्ने हुँदा अनधिकृत मार्ग हुँदै विदेशिन बाध्य हुन्छन् र यसमा दुर्व्यवहार र शोषणमा पर्ने उनीहरूमाथिको जोखिम झन बढेर जान्छ।

निकै राम्रो आम्दानी गर्ने वैदेशिक रोजगार कम्पनी र दलालहरू नेपाली आप्रवासी कामदारहरूको बेचबिखनमा कसरी मतियार बनेका छन् भन्ने कुरा यस प्रतिवेदनले उजागर गर्दछ। वैदेशिक रोजगारको व्यवस्था गरिदिने धेरै (कम्पनी र व्यक्ति) ले आप्रवासीहरूलाई तलबमान र कामको प्रकृतिसहित उनीहरूको करारनामको आधारभूत पक्षहरूमा पनि ढाँट्ने गरेका छन्। उनीहरूका क्रियाकलापहरूको प्रभावकारी नियमन नै नेपाली नागरिकहरू जबर्जस्ती श्रमको जोखिमबाट मुक्त भएर काम गर्न सक्ने कुराको प्रत्याभूत गर्नेतर्फको पहिलो कदम हो।

**amnesty.org**

Index: ASA 31/007/2011
डिसेम्बर, २०११ (मंसीर, २०६८)

एम्नेस्टी इन्टरनेसनल